# विभूतिदर्पण महाकाव्यको अध्ययन तथा विश्लेषण

त्रिभुवन विश्वविद्यालय
मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत
स्नातकोत्तर तह (एम ए.), द्वितीय वर्षको
दसौँ पत्रको प्रयोजनका लागि
प्रस्तुत

## शोधपत्र


**शोधार्थी**
**कोपिला वस्ती**
शैक्षिक सत्र २०६६-२०६८
त्रि.वि. दर्ता नं. १४२५-९५
क्याम्पस रोल नं. ३४

**नेपाली विभाग**
वीरेन्द्र बहुमुखी क्याम्पस
भरतपुर, चितवन

२०७०/२०१३

# शोध निर्देशकको मन्तव्य

त्रिभुवन विश्वविद्यालय वीरेन्द्र बहुमुखी क्याम्पस, भरतपुर, चितवन नेपाली विभागअन्तर्गत स्नातकोत्तर तह दोस्रो वर्षकी छात्रा कोपिला वस्तीले **विभूतिदर्पण महाकाव्यको अध्ययन तथा विश्लेषण** शीर्षकको शोधपत्र मेरा निर्देशनमा तयार पार्नुभएको हो । परिश्रम र लगनका साथ तयार पारिएको प्रस्तुत शोधकार्यबाट म सन्तुष्ट छु र यसको आवश्यक मूल्याङ्कनका लागि नेपाली विभागसमक्ष सिफारिस गर्दछु ।

मिति : २०७० कार्तिक ८
२५ अक्टुबर, २०१३

**प्रा.डा. नारायणप्रसाद खनाल**
**नेपाली विभाग**
**वीरेन्द्र बहुमुखी क्याम्पस**
भरतपुर, चितवन

# कृतज्ञता ज्ञापन

प्रस्तुत **विभूतिदर्पण महाकाव्यको अध्ययन तथा विश्लेषण** शीर्षकको शोधपत्र त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिकशास्त्र सङ्कायअन्तर्गत वीरेन्द्र बहुमुखी क्याम्पस, भरतपुर, चितवनको नेपाली विभागको स्नातकोत्तर तह, द्वितीय वर्षको पाठ्यांश परिपूर्तिका निम्ति दसौं पत्रको प्रयोजनार्थ तयार गरिएको हो । यो शोधपत्र मैले मेरा आदरणीय गुरु प्रा.डा. नारायणप्रसाद खनालको निर्देशनमा तयार पारेकी हुँ । यस क्रममा आफ्नो कार्यव्यस्तताबाट पनि यथाशक्य समय निकालेर अत्यन्तै सहज तथा आत्मीयतापूर्वक मलाई राम्रो निर्देशन दिनुभएकोमा म उहाँप्रति हार्दिक आभार प्रकट गर्दछु ।

यस शोधपत्र लेखनको तयारीका क्रममा आवश्यक सामग्री सङ्कलन गर्ने कार्यदेखि लिएर सोधपुछका लागि आफ्नो व्यस्त समय दिएर पूर्ण सहयोग गर्नुहुने विशेषतः शोधनायक होमनाथ पौडेल 'हिमांशु' प्रति कृतज्ञता प्रकट गर्दछु । साथै विभिन्न पुस्तकहरू उपलब्ध गराएर सहयोग गर्नुहुने प्रा.डा.देवीप्रसाद शर्मा कँडेल, नेपाली विभागका सम्पूर्ण गुरुहरू र वीरेन्द्र बहुमुखी क्याम्पसको पुस्तकालय परिवारप्रति आभार प्रकट गर्दछु ।

घरायसी व्यवस्थापनको कुशल प्रबन्ध मार्फत हरतरहरले मद्दत गर्नुहुने श्रीमान् ध्रुवबाबु न्यौपाने, छोरा प्रतीक न्यौपाने र छोरी प्रतिमा न्यौपानेप्रति हार्दिक आभार व्यक्त गर्दछु साथै यस शोधपत्रलाई शुद्धसँग समयमै टङ्कण गरिदिनुहुने कालिका कम्प्युटर सर्भिस, नारायणगढका महेश पौडेल पनि धन्यवादका पात्र हुनुहुन्छ ।

अन्त्यमा **विभूतिदर्पण महाकाव्यको अध्ययन तथा विश्लेषण** शीर्षकको यो शोधपत्र आवश्यक मूल्याङ्कनका लागि नेपाली विभाग, वीरेन्द्र बहुमुखी क्याम्पस, भरतपुरसमक्ष पेस गर्दछु ।

मिति : २०७० कार्तिक ८<br>२५ अक्टुबर २०१३

-----------------

**कोपिला वस्ती**

# सङ्क्षेपीकृत शब्दसूची

यस शोधपत्रमा प्रयोग गरिएका सङ्क्षेपीकृत शब्दहरूको पूरा रूप यसप्रकार छ :

| | |
|---|---|
| अनु. | अनुवाद |
| ऐ. | ऐजन |
| गा.वि.स. | गाउँ विकास समिति |
| टीका. | टीकाकार |
| डा. | डाक्टर |
| त्रि.वि.वि. | त्रिभुवन विश्वविद्यालय |
| दर्ता नं. | दर्ता नम्बर |
| ने.वि.संघ | नेपाल विद्यार्थी संघ |
| पं. | पण्डित |
| पृ. | पृष्ठ |
| प्र. | प्रकाशित |
| प्रा. | प्राध्यापक |
| ब.क्या. | बहुमुखी क्याम्पस |
| मा.वि. | माध्यमिक विद्यालय |
| रोल नं. | रोल नम्बर |
| वि.सं. | विक्रम संवत् |
| वी.ब.क्या. | वीरेन्द्र बहुमुखी क्याम्पस |
| सम्पा. | सम्पादक |
| स्व. | स्वर्गीय |

# विषयसूची

**परिच्छेद : एक**

**शोधपरिचय**


१.१ विषय परिचय १

१.२ शोध समस्या १

१.३ शोधकार्यको उद्देश्य २

१.४ पूर्वकार्यको विवरण र समीक्षा २

१.५ शोधको औचित्य, महत्त्व र उपयोगिता ४

१.६ शोधको क्षेत्र र सीमा ४

१.७ सामग्री सङ्कलन विधि ५

१.८ शोधपत्रको रूपरेखा ५


**परिच्छेद : दुई**

**होमनाथ पौडेल 'हिमांशु' को जीवनी, व्यक्तित्व र कृतित्व**


२.१ विषय प्रवेश ७

२.१.१ होमनाथ पौडेल 'हिमांशु' को जीवनी ७

२.१.२ जन्म र जन्मस्थान ८

२.१.३ बाल्यकाल ८

२.१.४ शिक्षा-दीक्षा ९

२.१.५ व्रतबन्ध/उपनयन संस्कार ९

२.१.६ वैवाहिक जीवन ९

२.१.७ पेसा तथा व्यवसाय १०

२.१.८ लेखन प्रेरणा १०

२.१.९ साहित्यिक मान्यता र जीवन दर्शन ११

२.१.९ निष्कर्ष १३

२.२ होमनाथ पौडेल 'हिमांशु' को व्यक्तित्व १३
२.२.१ सार्वजनिक व्यक्तित्व १४
२.२.२ निष्कर्ष १६
२.३ होमनाथ पौडेल हिमांशुका कृतिहरूको अध्ययन १७
२.३.१ निष्कर्ष २१

## परिच्छेद : तीन

## महाकाव्यको सैद्धान्तिक पृष्ठभूमि

३.१ महाकाव्यको परिचय २३
३.१.१ रस सिद्धान्त र महाकाव्य २५
३.१.२ रीति सिद्धान्त र महाकाव्य २६
३.१.३ अलङ्कार सिद्धान्त र महाकाव्य २८
३.१.४ ध्वनि सिद्धान्त र महाकाव्य २९
३.१.५ निष्कर्ष २९
३.२ नेपाली महाकाव्यको विकासक्रम ३०
३.२.१ निष्कर्ष ४४
३.३ महाकाव्य सम्बन्धी पूर्वीय धारणा/मान्यता ४५
३.३.१ महाकाव्य सम्बन्धी पाश्चात्य धारणाहरू ४५
३.३.२ महाकाव्य सम्बन्धी अन्य धारणाहरू ४७
३.३.३ अरिस्टोटलको विचारमा महाकाव्यको रचनाशैली तथा तत्त्व ४८
३.३.४ महाकाव्यको पूर्वीय र पाश्चात्य मान्यताको तुलनात्मक समीक्षा ४९
३.३.५ अन्य विद्वान्हरूको महाकाव्य सम्बन्धी मत ५०
३.३.६ निष्कर्ष ५१

## परिच्छेद : चार

## विभूतिदर्पण महाकाव्यको विस्तृत विश्लेषण

४.१ महाकाव्यको विश्लेषण ५३

४.२ कविताको हेतु ५५

४.३ निष्कर्ष ५८

४.४ महाकाव्यका तत्त्वहरू ५८

४.५ विभूतिदर्पण महाकाव्यको विस्तृत विश्लेषण ६३

४.५.१ कथावस्तु ६४

४.५.१.१ पहिलो बिसौनी ६४

४.५.१.२ दोस्रो बिसौनी ६७

४.५.१.३ तेस्रो बिसौनी ६८

४.५.१.४ चौथो बिसौनी ७०

४.५.५ पाँचौं बिसौनी ७२

४.५.१.६ छैठौं बिसौनी ७४

४.५.१.७ सातौं बिसौनी ७५

४.५.१.८ आठौं बिसौनी ७७

४.५.१.९ नवौं बिसौनी ७८

४.५.१० दशौं बिसौनी ७८

४.५.११ एघारौं बिसौनी ७९

४.५.१.१२ बाह्रौं बिसौनी ८०

४.५.१.१३ तेह्रौं बिसौनी ८१

४.५.१.१४ चौधौं बिसौनी ८१

४.५.१.१५ पन्ध्रौं बिसौनी ८३

४.५.१.१६ सोह्रौं बिसौनी ८३

४.५.१.१७ सत्रौं बिसौनी ८४

४.५.१.१८ अठारौं बिसौनी ८५

४.५.१.१९ उन्नाइसौं बिसौनी ८६

४.५.२० बिसौं बिसौनी ८७

४.५.१.२१ एक्काइसौँ बिसौनी ८८

४.५.१.२२ बाइसौँ बिसौनी ८८

४.५.१.२३ तेइसौँ बिसौनी ९०

४.५.१.२४ चौबिसौँ बिसौनी ९१

४.५.१.२५ पच्चिसौँ बिसौनी ९२

४.५.१.२६ छब्बिसौँ बिसौनी ९४

४.५.१.२७ सत्ताइसौँ बिसौनी ९५

४.५.१.२८ निष्कर्ष ९६

४.६ उपसंहार खण्ड ९७

४.६.१ शीर्षक ९७

४.६.२ संरचना ९८

४.६.३ चरित्रचित्रण ९८

४.६.४ भावविधान १००

४.६.६ उद्देश्य १०२

४.६.६ भाषाशैली १०२

४.६.७ स्थान, समय र परिवेश १०३

४.६.८ छन्द र लय १०३

४.६.१० रस संयोजन १०६

४.६.११ अलङ्कार, बिम्ब र प्रतीक १०९

४.६.१२ निष्कर्ष ११०

**परिच्छेद : पाँच**

**नेपाली महाकाव्य परम्परामा विभूतिदर्पण महाकाव्यको योगदान र मूल्याङ्कन**

५.१ विभूतिदर्पण महाकाव्य ११२

५.२ विभूतिदर्पण महाकाव्यमा काव्यिक स्तर र कवित्व ११२

५.२.१ काव्यिक स्तर ११३

५.२.२ कवित्व ११४
५.३ विभूतिदर्पण महाकाव्यको उपलब्धि ११६
५.४ विभूतिदर्पण महाकाव्यका कमजोरीहरू ११६
५.५ विभूतिदर्पण महाकाव्यको योगदान ११८
५.६ निष्कर्ष ११९

**परिच्छेद : छ**

**उपसंहार तथा निष्कर्ष**

६.१ परिचय १२०
६.२ पहिलो परिच्छेदको निष्कर्ष १२०
६.३ दोस्रो परिच्छेदको निष्कर्ष १२०
६.४ तेस्रो परिच्छेदको निष्कर्ष १२१
६.५ चौथो परिच्छेदको निष्कर्ष १२२
६.६ पाँचौं परिच्छेदको निष्कर्ष १२२
३.७ समग्र निष्कर्ष १२३

**सन्दर्भसामग्रीसूची**

क) सन्दर्भपुस्तकसूची १२४
ख) सन्दर्भपत्रिकासूची १२५
ग) सन्दर्भशोधपत्रसूची १२५

**परिशिष्ट**

परिशिष्ट-एक : शोधनायक होमनाथ पौडेल ‘हिमांशु’द्वारा लिखित अन्तर्वार्ताको विवरण १२६

# तालिकासूची

तालिका सङ्ख्या - १ : प्रारम्भदेखि हालसम्म लेखिएका महाकाव्यको विवरण ३८

# परिच्छेद : एक

# शोधपरिचय

# परिच्छेद : एक
# शोधपरिचय

## १.१ विषय परिचय

वि.सं. २००६ सालमा कास्की जिल्लाको सल्यान गैह्राथोक 'माथिघर' भन्ने ठाउँमा माता तारा र पिता देवीप्रसाद पौडेलका पुत्ररत्नका रूपमा जन्मेका होमनाथ पौडेल 'हिमांशु' सानैदेखि कविता लेखी विद्यालयका विभिन्न कार्यक्रमहरूमा सुनाउने अत्यन्त उत्साही काव्यसाधक हुन् । उनका प्रकाशित कृतिहरूको विवरण यसप्रकार छ :-

| क्र.सं. | कृतिको विवरण | विधा | प्रकाशन वर्ष |
|---|---|---|---|
| १ | **जन आन्दोलन** | तीजको गीतसङ्ग्रह | २०४६ |
| २ | **तीजको कोसेली** | तीजको गीतसङ्ग्रह | २०४८ |
| ३ | **तीजको कोसेली** | तीजको गीतसङ्ग्रह | २०५१ |
| ४ | **तीजको कोसेली** | तीजको गीतसङ्ग्रह | २०५२ |
| ५ | **विभूति दर्पण** | महाकाव्य | २०६२ |

नेपाली साहित्यको महाकाव्य परम्परामा होमनाथ पौडेल 'हिमांशु' निकै पछि रहे पनि चितवनमा महाकाव्य लेख्ने दोस्रा कवि हुन् । प्रस्तुत **विभूति दर्पण** महाकाव्यका महाकविको यो कृति शोध अध्ययन गर्न योग्य छ तापनि आजसम्म यसको व्यवस्थित अध्ययन विश्लेषण भएको पाइँदैन । त्यसैले यस महाकाव्यको अध्ययन विश्लेषण हुनुपर्ने ठानी होमनाथ पौडेल 'हिमांशु'को **विभूतिदर्पण**लाई शोधको विषयवस्तु बनाइएको छ र प्रस्तुत अध्ययनका लागि **विभूति दर्पण महाकाव्यको अध्ययन तथा विश्लेषण** विषयक शीर्षक चयन गरिएको छ ।

## १.२ शोध समस्या

नेपाली साहित्यमा महाकाव्य विधामा कलम चलाएर आफ्नो अस्तित्व स्थापना गर्न सफल महाकाव्यकार होमनाथ पौडेल 'हिमांशु'को **विभूति दर्पण** महाकाव्यको अध्ययन एवं

विश्लेषण गर्नु नै यस अध्ययनको समस्या हो । यस शोधकार्यका प्रमुख समस्या यसप्रकार रहेका छन् :-

क) महाकाव्यकार होमनाथ पौडेल 'हिमांशु'को परिचय, जीवनी, व्यक्तित्व र कृतित्वको पृष्ठभूमि के-कस्तो रहेको छ ?

ख) नेपाली महाकाव्य परम्परामा **विभूति दर्पण** महाकाव्यको स्थान के रहेको छ ?

ग) **विभूति दर्पण** महाकाव्यको विश्लेषण के-कसरी गर्न सकिन्छ ?

घ) नेपाली महाकाव्य परम्परामा **विभूति दर्पण** महाकाव्यको योगदान के रहेको छ ?

यिनै शोध समस्यामा केन्द्रित रही प्रस्तुत शोधकार्य सम्पन्न गरिएको छ ।

## १.३ शोधकार्यको उद्देश्य

यस शोधकार्यको उद्देश्य महाकाव्यकार होमनाथ पौडेल 'हिमांशु' को काव्यकारितालाई विभिन्न कोणबाट अध्ययन गर्नुका साथै उनको **विभूति दर्पण** महाकाव्यको विश्लेषणात्मक अध्ययन गर्नु रहेको छ । यसका खास उद्देश्यहरू निम्नानुसार रहेका छन् :-

क) महाकाव्यकार होमनाथ पौडेल 'हिमांशु'को परिचय, जीवनी, व्यक्तित्व र कृतित्वको पृष्ठभूमि प्रस्तुत गर्नु ।

ख) नेपाली महाकाव्य परम्परामा **विभूति दर्पण** महाकाव्यको स्थान पत्ता लगाउनु ।

ग) **विभूति दर्पण** महाकाव्यको विधातात्त्विक विश्लेषण गर्नु ।

घ) नेपाली महाकाव्य परम्परामा **विभूति दर्पण** महाकाव्यको स्तर निर्धारण गर्नु र होमनाथ पौडेल 'हिमांशु'को योगदान पत्ता लगाउनु ।

यिनै उद्देश्यहरूको परिपूर्तितर्फ यो शोधकार्य उन्मुख रहेको छ ।

## १.४ पूर्वकार्यको विवरण र समीक्षा

होमनाथ पौडेल 'हिमांशु'द्वारा रचना गरिएको **विभूति दर्पण** महाकाव्यबारे केही पुस्तक र पत्रपत्रिकामा टीका-टिप्पणी र समीक्षा जे-जसरी गरिएको छ, त्यसको कालक्रमिक विवरण निम्नानुसार प्रस्तुत गरिएको छ :

**विभूति दर्पण** महाकाव्य (२०६२) को *प्रकाशकीय*मा केदारनाथ खनालद्वारा सरल र सुललित पद्यात्मक शैलीमा संरचित प्रस्तुत महाकाव्य **विभूति दर्पण** प्रकाशन गर्ने अवसर दिएर होमनाथले चितवन साहित्य परिषद्लाई ठूलो गुन लगाएको उल्लेख गरिएको छ । लेखकप्रति आभार व्यक्त गर्दै नेपाली इतिहास र वाङ्मयको फाँटमा यो कृति महत्त्वपूर्ण उपलब्धि ठहरिने छ भन्दै पाठकवर्गको निम्ति रुचिकर हुने विश्वास लिइएको उल्लेख गरिएको छ ।[१]

**विभूति दर्पण** महाकाव्य (२०६२) को *विभूति दर्पणमाथि एक दृष्टिमा* गोविन्दराज विनोदीले यो कृति काव्यिक रूपमा प्रस्तुत भएको नेपालको इतिहासको जीवन्त दस्तावेज भनेका छन् । उनको यो काव्यकृति सम्पूर्ण नेपाली पाठक भावकहरूका निमित्त रुचिकर बन्ने कुरामा विश्वास प्रकट गर्दै कविको यस सत्प्रयासको हृदयैदेखि प्रशंसा गरेका छन् र उनको लेखनी अझ तिखारिँदै नेपाली वाङ्मयको सेवामा प्रवृत्त भइरहोस् भन्ने शुभाशंसा प्रकट गरेका छन् ।[२]

**विभूति दर्पण** महाकाव्य (२०६२) को *विभूति दर्पणमा अर्पित शब्दतर्पणमा* मणि काफ्लेले शास्त्रीय अनुशासन पालना गरेर छन्दमा काव्य रचना गर्नु, त्यो पनि आजको गद्य कविताको युगमा कठिन कुरा हो भन्दै सत्यनिष्ठ साहसीहरू यस्तै कार्य गरेर उदाहरण बन्ने गर्छन् भनेका छन् ।[३]

नारायणप्रसाद खनालले **चितवन महोत्सव स्मारिका** (२०६७) मा *चितवनका महाकाव्यहरू* नामक शीर्षकमा महाकाव्यमा कतिपय सद्गुणहरूले भरिएको वीररस प्रधान नवीन प्राचीन केही बिम्ब-प्रतीक समेत रहेको देखिने होमनाथ पौडेल 'हिमांशु'द्वारा रचित **विभूतिदर्पण** महाकाव्यले चितवनबाट लेखिएका मध्येको दोस्रो हुने सौभाग्य पाएको छ भने यो क्रम अझै अगाडि बढाउन थुप्रै कविताहरूलाई प्रेरणाको स्रोत पनि बनेको ठहर गर्दै यो महान् प्रयास निकै प्रशंसनीय रहेको मान्न सकिन्छ भन्ने उल्लेख गरेका छन् ।[४]

---

[१] केदारनाथ खनाल, *प्रकाशकीय,* **विभूति दर्पण** (महाकाव्य), होमनाथ पौडेल 'हिमांशु', चितवन : चितवन साहित्य परिषद्, २०६२, पृ. घ ।

[२] गोविन्दराज विनोदी, *विभूति दर्पण माथि एक दृष्टि,* **विभूति दर्पण** (महाकाव्य), होमनाथ पौडेल 'हिमांशु', चितवन : चितवन साहित्य परिषद्, २०६२, पृ. ङ-द ।

[३] मणि काफ्ले, *विभूति दर्पणमा अर्पित शब्दतर्पण,* **विभूति दर्पण** (महाकाव्य), होमनाथ पौडेल 'हिमांशु', चितवन : चितवन साहित्य परिषद्, २०६२, पृ. ध-न ।

[४] नारायणप्रसाद खनाल, *चितवनका महाकाव्य,* **चितवन महोत्सव स्मारिका**, चितवन : उद्योग वाणिज्य सङ्घ, २०६७, पृ. ८५-८७ ।

नारायणप्रसाद खनालले **हाम्रो सिर्जना** (वर्ष ८, अङ्क १३) मा *गण्डकी अञ्चलका महाकविहरू* नामक शीर्षकमा भरतपुर, चितवनमा बसोबास गरिरहेका होमनाथ पौडेल 'हिमांशु' ले शास्त्रीय छन्दमा आबद्ध सत्ताइस सर्गात्मक **विभूति दर्पण** नामक ऐतिहासिक महाकाव्य (२०६२) प्रकाशित गरेको कुरा उल्लेख गरेका छन् ।[५]

यसप्रकार विभिन्न लेखकहरूले होमनाथ पौडेल तथा **विभूति दर्पण** महाकाव्यका बारेमा जे-जस्ता टीका-टिप्पणी प्रस्तुत गरेका छन् ती सबै अपूरा, अधुरा र एकाङ्की छन् । त्यसैले **विभूति दर्पण** महाकाव्यको महाकाव्य सम्बन्धी सैद्धान्तिक तत्त्वका आधारमा समग्र अध्ययन तथा विश्लेषण गर्न **विभूति दर्पण महाकाव्यको अध्ययन तथा विश्लेषण** शीर्षकको यो शोधकार्य गर्न लागिएको हो ।

## १.५ शोधको औचित्य, महत्त्व र उपयोगिता

प्रस्तुत शोधपत्रमा **विभूति दर्पण** महाकाव्यलाई चिनाउने प्रयास गरिने छ, साथै उनको महाकाव्यले के-कस्तो योगदान नेपाली साहित्यमा पुऱ्याएको छ भन्ने कुराको खोजी गरिएको छ । नेपाली महाकाव्य परम्पराको सैद्धान्तिक अध्ययन गरी तयार गरिएको यस शोधपत्रले नेपाली महाकाव्य परम्परालाई चिनाउनुका साथै सर्जकहरूका रचनाहरूमा अझ जागरुकता ल्याउन सहयोग गर्ने छ । **विभूति दर्पण** महाकाव्यका बारेमा हालसम्म अनुसन्धान नभएकाले यथार्थमा नेपाली महाकाव्यका फाँटमा **विभूति दर्पण** महाकाव्यको कुन स्थानमा राखेर विश्लेषण गर्न सकिन्छ भन्ने विशेष महत्त्वका साथै यसको उपयोगिता नेपाली महाकाव्य परम्परामा कति छ, महाकाव्यका विभिन्न सिद्धान्तका आधारमा यसलाई कसरी मूल्याङ्कन गर्न सकिन्छ भन्ने यथार्थ जानकारीका लागि यसको विश्लेषण गर्न गरिएको हो । यसैले यो शोधकार्य आफैँमा महत्त्वपूर्ण छ भने यसको अध्ययन-विश्लेषण हुनु पनि औचित्यपूर्ण विषय हो । अतः यस शोधकार्यको उपयोगिता रहने पनि स्पष्टै छ ।

## १.६ शोधको क्षेत्र र सीमा

होमनाथ पौडेल 'हिमांशु'ले **तीजको कोसेली**का साथै थुप्रै फुटकर कविताहरू प्रकाशित गरेका छन् तर पनि यस सन्दर्भमा यहाँ लेखकको जीवनी, व्यक्तित्व र कृतित्वका

---

[५] नारायणप्रसाद खनाल, *गण्डकी अञ्चलका महाकविहरू*, **हाम्रो सृजना**, वर्ष ८, अङ्क १३, २०६९, पृ. ८-१४ ।

साथै **विभूति दर्पण** महाकाव्यको मात्र अध्ययन-विश्लेषण गरिएको छ । यस महाकाव्यको अन्य महाकाव्यहरूसँग कुनै किसिमको तुलना नगरिने नभएकोले यही शोधकार्यको सीमा रहेको छ ।

## १.७ सामग्री सङ्कलन विधि

यस शोधकार्यको सामग्री सङ्कलन विधिका लागि पुस्तकालयीय अध्ययन विधिलाई मूल आधार बनाइएको छ । शोधनायकसँग आवश्यकतानुसार अन्तर्वार्ता, जानकारी सङ्कलन, छलफल तथा लिखित प्रश्नावलीका माध्यमबाट अध्ययन सामग्री सङ्कलन गरिएकाले क्षेत्रीय विधि पनि अवलम्बन गरिएको छ ।

## १.८ शोधपत्रको रूपरेखा

प्रस्तुत शोधपत्रलाई सङ्गठित र व्यवस्थित रूपमा प्रस्तुत गर्न निम्नलिखित परिच्छेदहरूमा विभाजन गरिएको छ :-

**परिच्छेद एक - शोध परिचय**

यस परिच्छेदअन्तर्गत शोधपरिचय, शोधसमस्या, शोधको उद्देश्य, पूर्वकार्यको विवरण र समीक्षा, शोधकार्यको औचित्य, महत्त्व र उपयोगिता, शोधकार्यको सीमाङ्कन, सामग्री सङ्कलन विधि, शोधविधि, र शोधपत्रको रूपरेखा रहेका छन् ।

**परिच्छेद दुई - होमनाथ पौडेल 'हिमांशु'को जीवनी, व्यक्तित्व र कृतित्व**

यस परिच्छेदमा होमनाथ पौडेल 'हिमांशु'को जीवनी, व्यक्तित्व र कृतित्व, लेखनको पृष्ठभूमिको सामान्य परिचय, लेखन प्रेरणा, साहित्यिक मान्यता र जीवनदर्शनको बारेमा विश्लेषण गरिएको छ ।

**परिच्छेद तीन - नेपाली महाकाव्यको सैद्धान्तिक पृष्ठभूमि, विकासक्रम र विभूति दर्पण महाकाव्य**

यस परिच्छेदमा महाकाव्यको सैद्धान्तिक पृष्ठभूमि, विकासक्रम, पूर्वीय मान्यता, पाश्चात्य मान्यता अन्य धारणाहरू, महाकाव्यको पूर्वीय र पाश्चात्य मान्यताको तुलनात्मक समीक्षा, होमनाथ पौडेल 'हिमांशु'को काव्ययात्रा, आधुनिक नेपाली महाकाव्यको इतिहासमा **विभूति दर्पण** महाकाव्यको विश्लेषण गरिएको छ ।

**परिच्छेद चार - विभूति दर्पण महाकाव्यको विस्तृत विश्लेषण**

यसमा **विभूति दर्पण** महाकाव्यको प्रत्येक सर्गगत कथावस्तु, चरित्र चित्रण, संरचना, परिवेश, उद्देश्य, भाषाशैली, छन्द प्रयोग र रस, संयोजन आदिको विश्लेषण प्रस्तुत गरिएको छ ।

**परिच्छेद पाँच - नेपाली महाकाव्य परम्परामा विभूति दर्पण महाकाव्यको मूल्याङ्कन र योगदान**

यस परिच्छेदमा **विभूति दर्पण** महाकाव्यको काव्यिक स्तर र कवित्व, महाकाव्यका उपलब्धि र कमजोरीहरूलाई अलग-अलग रूपमा प्रस्तुत गरी तिनका योगदानको विश्लेषण समेत गरिएको छ ।

**परिच्छेद छ - उपसंहार तथा निष्कर्ष**

यस परिच्छेदमा प्रत्येक परिच्छेदको निष्कर्ष प्रस्तुत गरी अन्त्यमा समग्र शोधको निष्कर्ष प्रस्तुत गरिएको छ ।

यसप्रकार शोधपत्रको आदि भागमा मुखपृष्ठ, स्वीकृतिपत्र, निर्देशकको मन्तव्य, कृतज्ञता ज्ञापन, सङ्क्षेपीकृत शब्दसूची र विषयसूचीका साथै अन्त्य भागमा सन्दर्भ सामग्रीलाई परिशिष्ट र सन्दर्भग्रन्थ सूचीका रूपमा समावेश गरी शोध प्रतिवेदनका रूपमा साङ्गोपाङ्ग शोधपत्र प्रस्तुत गरिएको छ ।

# परिच्छेद : दुई

# होमनाथ पौडेल 'हिमांशु' को जीवनी, व्यक्तित्व र कृतित्व

# परिच्छेद : दुई

# होमनाथ पौडेल 'हिमांशु' को जीवनी, व्यक्तित्व र कृतित्व

## २.१ विषय प्रवेश

यर परिच्छेदमा होमनाथ पौडेल 'हिमांशु' को जीवनी व्यक्तित्व र कृतित्वको अध्ययन गरी यिनको छुट्टाछुट्टै अध्ययन-विश्लेषण गरिएको छ ।

## २.१.१ होमनाथ पौडेल 'हिमांशु' को जीवनी

कुनै पनि व्यक्तिको जीवनयात्राका क्रममा घटित घटनाहरूको शृङ्खलित रूप नै जीवनी हो ।[१] बाँचुन्जेल गरेका कामको बयान वा जीवनक चरित्रका रूपमा पनि जीवनीको परिभाषा रहेको हुन्छ ।[२] जीवन यापनका क्रममा आइपर्ने विभिन्न उतारचढाव, विभिन्न स्थिति, मोड, घटनाहरू नै व्यक्तिको व्यक्तित्व विकासमा जोडिन आउँछन् । कस्ता-कस्ता क्षणहरू घटनाहरूसँग मुकाबिला गर्दै आफ्ना साहित्यिक पाइलाहरू अगाडि बढाएर सफलताको शिखर चुम्न अग्रसर छ भन्ने कुरा अनुसन्धान गर्दै त्यसको परिणति नै व्यक्तित्वको जीवनीको आधारशिला तयार हुन जान्छ । जीवनका विभिन्न आरोह-अवरोहहरू र घटना सन्दर्भहरू व्यक्तित्वको निर्माण, उत्थान र पतनमा व्यक्तिको जीवनका परिपूरक हुन्छन् । मनुष्यको जस्तो उत्कृष्ट चोला लिएर यस धर्तीमा आँखा खोलेपछि जीवन जिउने क्रममा अनेक शृङ्खलाहरू पार गर्नुपर्दछ । जीवनयात्राका क्रममा आइपर्ने सुख-दुःख, आँसु-हाँसो जस्ता कुराहरूलाई आत्मसात् गर्नै पर्दछ, यो सत्य र शाश्वत कुरा पनि हो । ईश्वरको अनुकम्पाबाट प्राप्त यो मानव चोला सबैको सार्थक हुँदैन, कसैको जिन्दगी पाइला-पाइलामा सफलता प्राप्त गर्दै अग्रतातर्फ लम्किएको हुन्छ भने कसैको जीवनी हर मोड, हर क्षण घात-प्रतिघातको सिकार बनेर रुग्णताभित्र रुमलिरहेको हुन्छ । जीवनजगत्का विविध क्षेत्रमा

---

[१] सीतादेवी पौडेल, **हरिहर सविताको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन**, अप्रकाशित स्नातकोत्तर शोधपत्र, चितवन : त्रि.वि., नेपाली विभाग, वीरेन्द्र बहुमुखी क्याम्पस, २०६६, पृ. ८० ।

[२] ऐजन ।

रचनात्मक, लोकोपकारी कार्य गरी मनुष्य जीवन सफल र उद्देश्यमूलक बनाउन सकिन्छ । सार्थक जीवन नै इहलोक र परलोकमा समेत फलदायी हुन्छ भन्ने हाम्रो सनातन मान्यता रहिआएको छ । साहित्य सृजनामा लागेका स्रष्टाहरूको भौतिक शरीरले यस संसारबाट उनीहरू पञ्चत्त्व अन्त्येष्टि प्राप्त गरे पनि आफ्ना कृतिक माध्यमबाट युगौंयुगसम्म बाँचिरहन सक्दछन् । आफूभन्दा उत्तरवर्ती साहित्यिक स्रष्टाका लागि प्रेरणाको अथाह स्रोत बन्दै कृतिकै माध्यमबाट नेपाली साहित्य आकाशमा जीवन्त रहिरहन्छन् । यस्तै विविध क्षेत्रमध्ये विषयवस्तुको सन्दर्भानुसार साहित्य क्षेत्रलाई अँगाली सार्थक जीवनको अस्तित्वलाई संवरण गर्ने अनेक व्यक्तिहरूमध्ये होमनाथ पौडेल 'हिमांशु' पनि एक सार्थक साहित्य साधक हुन् । प्रस्तुत शोधकार्यमा होमनाथ पौडेल 'हिमांशु' को जीवनी खण्डमा उनको जन्म र जन्मस्थान, बाल्यकाल, शिक्षादीक्षा, व्रतबन्ध, वैवाहिक जीवन, पेसा तथा व्यवसाय, लेखन प्रेरणा, साहित्यिक मान्यता, जीवन दर्शनको चर्चा गरिएको छ ।

### २.१.२ जन्म र जन्मस्थान

वि.सं. २००६ सालमा कास्की जिल्लाको सल्यान गैह्राथोक 'माथिघर' भन्ने ठाउँमा पिता देवीप्रसाद र माता ताराका ज्येष्ठ पुत्ररत्नका रूपमा जन्मेका होमनाथ पौडेल 'हिमांशु' ले वि.सं. २०२२ मा *हामी विद्यार्थी* शीर्षकको कविता लेखन र वाचन गरी हालसम्म **तीजको कोसेली** नामक ४ वटा पुस्तिकाहरू र महाकाव्य लेखन कार्यमा निपुणता देखाएका छन् । आध्यात्मिक चेतनाका धनी कवि पौडेल शैवमार्गी व्यक्तित्व हुन् । उनको हाल घर शान्तिमार्ग, भरतपुर-१० मा रहेको छ । उनका पिता माता सामान्य कृषिकार्य गरेर जीविका चलाउने भएकाले उनको जन्म सामान्य कृषक परिवारमा भएको हो ।[३]

### २.१.३ बाल्यकाल

होमनाथ पौडेल 'हिमांशु' को बाल्यकाल त्यति सुखमय देखिँदैन । उनका पिता उनी दशकक्षामा पढ्दै गर्दादेखि नै घरपरिवार छोडेर प्युठान जिल्लामा पर्ने श्री स्वर्गद्वारीमा सन्न्यासी बन्न गएकाले उनमा विशेष पारिवारिक दायित्व आफैँले निर्वाह गर्नुपर्ने बाध्यता आएको देखिन्छ । सामान्य कृषि पेसाबाट हुने भन्दा अर्को आयस्रोत नभएका व्यक्तिका लागि घर चलाउन आवश्यक स्रोत पर्याप्त नभए पनि आफ्ना एक दिदी, एक बहिनी र एक

[३] होमनाथ पौडेल 'हिमांशु' सँगको अन्तर्वार्ता अनुसार ।

भाइको पठनपाठनमा समेत कुनै कमी आएको देखिँदैन । पौडेलले सबैलाई बराबर माया र आदर दिएको पाइन्छ ।[४] यसरी बाल्यकालमा नै जिम्मेवारी सम्हालेका पौडेल सानै उमेरदेखि बौद्धिक र सामाजिक बिचारबाट परिपक्व देखिन्छन् ।

### २.१.४ शिक्षा-दीक्षा

पौडेलको अक्षरारम्भ ५-६ वर्षको उमेरमा घरमै गुरुसँग भएको पाइन्छ । त्यसपछि उनले आफ्नै गाउँ कास्की सल्यानमा २०१६ सालमा दशवर्षको उमेरमा कक्षा एक पढेर कक्षा दुईमा पटिहानी मा.वि. धनौजीमा, कक्षा तीन र चार अरूणोदय मा.वि. गीतानगरमा र काक्षा पाँच, छ र सात पटिहानी मा.वि. गीतानगरमा तथा कक्षा आठ, नौ र दश नारायणी उच्च मा.वि., शिवनगरमा अध्ययन गरेको पाइन्छ । उनले दश कक्षा पढेको दश वर्षपछि मौका परीक्षा दिएर एस.एल.सी. उत्तीर्ण गरी २०३५ सालमा वीरेन्द्र बहुमुखी क्याम्पस भरतपुरबाट मानविकी तथा सामाजिक शास्त्र सङ्काय अन्तर्गत प्रमाणपत्र तह र २०४५ सालमा स्नातक तह उत्तीर्ण गरेपछि उनको शिक्षाको क्रम यहीँनेर टुङ्गो लागेको पाइन्छ ।[५]

### २.१.५ व्रतबन्ध/उपनयन संस्कार

होमनाथ पौडेल 'हिमांशु' को उपनयन संस्कार २०१२ सालमा ७ वर्षको उमेरमा नितान्त वैदिक विधि अनुसार भएको थियो । ८ वर्षको उमेरमा उपनयन संस्कार गर्नुपर्ने शास्त्रीय मान्यता रहे पनि उनीभन्दा अगाडिका दाजुहरूको जन्मनासाथ मृत्यु हुने गरेकोले सानै उमेरमा उनको व्रतबन्ध गरिएको पाइन्छ ।[६]

### २.१.६ वैवाहिक जीवन

होमनाथ पौडेल 'हिमांशु' को विवाह चितवन जिल्लाको पटिहानी गा.वि.स. निवासी काश्यप गोत्रीय ब्राह्मण नरनाथ अधिकारी र श्रीमती सरस्वती अधिकारीकी सुपुत्री लक्ष्मी अधिकारीसँग २०२५ सालमा परम्परागत वैदिक विधि अनुसार सम्पन्न भएको पाइन्छ । उनको विवाह पढ्दा पढ्दै घरायसी अवस्थाका कारण भएको थियो । उनले वैवाहिक जीवनपछि कक्षा दशदेखि माथिको पढाइ पूरा गरेको देखिन्छ । घरको सबै कामको

[४] ऐजन ।
[५] ऐजन ।
[६] ऐजन ।

जिम्मेवारी आफैँले सम्हाल्नुपरेकोले पढाइमा बिच-बिचमा अवरोध भएको उनले बताएका छन् । त्यतिबेला छोरीले पनि पढ्नुपर्छ भन्ने धारणाको विकास भइनसकेको हुँदा पनि उनकी श्रीमती लक्ष्मी पौडेलले साधारण लेखपढ गरी गीता पाठ गर्ने गरेको बुझिन्छ । यसपछि छोरी अञ्जू, छोरा अजय, मञ्जू र विजयको जन्म भएको पाइन्छ ।[७]

## २.१.७ पेसा तथा व्यवसाय

मध्यम वर्गीय परिवारमा जन्मिएका पौडेलका मातापिताको मुख्य पेसा खेतीपाती र पशुपालन नै थियो । मातापिताले अन्नपात उपार्जनका साथै गाईपालन गरी त्यसको बिक्री वितरणबाट प्राप्त हुने रकमलाई आम्दानीको स्रोत बनाएका थिए । पौडेल १३/१४ वर्षको हुँदा नै पिताजी घरपरिवार त्यागेर श्री स्वर्गद्वारी गुरु महाराजकहाँ सन्न्यासी भई बाँकी जीवन बिताउन गएकाले यिनको आर्थिक स्थितिमा कठिनाइ आएको बुझिन्छ । वि.सं. २०२२ सालमा भरतपुरको घरेलु कार्यालयमा सिकर्मी शाखामा मासिक चालिस रूपैयामा सात महिना काम गरेर पढाइ खर्च जुटाएको देखिन्छ । त्यसपछि उज्ज्वल नगर वडा नं. १ गीतानगरमा रहेको जग्गा बेचेर आफ्नो घर खर्च, पढाइ र छोराछोरीको पढाइमा खर्च गर्नुका साथै विभिन्न सङ्घसंस्थामा आबद्ध रही सामाजिक सेवामा संलग्न रहेको पाइन्छ ।

यसरी २०४६ सालदेखि वर्तमानसम्म नेपाल बाल सङ्गठन भरतपुर चितवनमा सदस्यका रूपमा निःशुल्क सेवा, चितवन साहित्य परिषद्को आजीवन सदस्य, नेपाल रेडक्रस सोसाइटीको आजीवन सदस्य, नेपाल क्षयरोग निवारण सङ्घको आजीवन सदस्य लगायत अन्य विभिन्न सङ्घसंस्थामा आबद्ध रही पौडेल सामाजिक सेवाको कार्यमा जुटिरहेका देखिन्छन् भने 'हिरावती सती' अपूर्ण महाकाव्य पूरा गर्ने कार्यमा पनि व्यस्त भएको पाइन्छ ।[८]

## २.१.८ लेखन प्रेरणा

कवि होमनाथ पौडेल 'हिमांशु' सानै उमेरदेखि सृजनशील र अध्ययनशील स्वभावका रहेको बुझिन्छ । उनलाई सानैदेखि छन्द र लयतर्फ अनुराग भएको पाइन्छ । यिनी सानै छँदा आमाले भनेका कविताहरू सुनेर र बुबाले लेखनाथ पौड्याल र भानुभक्तका कविताहरू

---

[७] ऐजन ।
[८] ऐजन ।

पढेको सुनेर लयतर्फको झुकाव बढ्दै गएको पाइन्छ । उनले ६-७ वर्षको उमेरमा नै घरमै बसेर गुरुसँग दुर्गाकवच र चण्डीपाठ गर्ने गरेका थिए ।[९] बाल्यकालको यात्रा प्रसङ्गले गर्दा उनी लयप्रति बढी प्रभावित भएका हुन् ।

पौडेल ५-६ वर्षको हुँदादेखि नै उनकी आमाले मौखिक रूपमा गाएका कविताहरू ध्यान दिएर सुन्ने गर्थे त्यस्तै बाबुले भानुभक्त र लेखनाथ पौडेलद्वारा रचित कविताहरू भाका हालेर गाउने गरेकाले उनलाई पनि त्यस्तै कविताहरू गाउन मन लाग्थ्यो । यसरी लेख्ने र गाउने क्रममा २०२२ सालमा कक्षा सातमा पढ्दा *हामी विद्यार्थी* नामक पहिलो कविता लेखेका थिए । विद्यालयमा प्रत्येक शुक्रबार साहित्यिक कार्यक्रम हुने गर्थ्यो । उक्त कार्यक्रममा पौडेल सहभागी भएर आफ्ना कविता विद्यालयका सम्पूर्ण शिक्षक शिक्षिका र विद्यार्थीलाई सुनाउने गर्थे । गुरुहरूको हौसलाले र आफ्नो पारिवारिक वातावरणले गर्दा उनलाई कविता लेख्ने प्रेरणा प्राप्त हुँदै गएको देखिन्छ ।[१०]

वि.सं. २०२२ सालदेखि कवितायात्रा सुरु गरेका पौडेलले यो यात्रालाई हालसम्म निरन्तरता दिई नै रहेका छन् । कवितायात्रा गर्दै जाँदा पौडेलले नेपाली काव्यसम्राट् लक्ष्मीप्रसाद देवकोटा, माधव घिमिरे, लेखनाथ पौड्याल र संस्कृतका महाकवि बाल्मीकि, कालिदास, वाणभट्ट, भारवि र श्रीहर्ष जस्ता धेरै कविहरूबाट उनले कुनै न कुनै रूपमा प्रभाव ग्रहण गरेका छन् ।

## २.१.९ साहित्यिक मान्यता र जीवन दर्शन

कवि होमनाथ पौडेल 'हिमांशु' मूलतः अध्यात्मवादी जीवनदर्शन र विश्वमानवतावादी जीवनदर्शनबाट प्रभावित देखिन्छन् । कवि पौडेल ईश्वरप्रति पूर्णरूपमा आस्था राख्छन् । सम्पूर्ण देहधारी प्राणीहरू ईश्वरका अंश हुन्, एककोशीय जीवदेखि भीमकाय शरीर भएका विशाल प्राणीहरू ईश्वरीय जीव तत्त्वका दृष्टिले सबै समान छन् भन्ने उनमा अध्यात्मिक जीवनदर्शनको प्रभाव रहेको छ । कुनै पनि देशलाई त्यस देशका प्रशासनिक निकायले चलाएको हुन्छ र त्यसैको निर्देशनमा नीति र नियमको आधारमा सिङ्गो राष्ट्र चलेको हुन्छ । राष्ट्र प्रमुखको आदर्शको प्रभाव देशको कुना-कुनामा पुगेको हुन्छ ।

[९] ऐजन ।
[१०] ऐजन ।

त्यसैगरी यो विश्व ब्रह्माण्डमा तथा चराचर जगत्लाई चलाउन पनि अदृश्य नियामक तत्त्वले यो सांसारिक गतिविधि आदिलाई सञ्चालन गरेको छ । आध्यात्मिक दृष्टिले हेर्दा यहाँ कसैले गरेर केही हुँदैन । यो गर्ने सबै ईश्वरीय प्रेरणा हो । सामान्य दृष्टिले हेर्दा कुनै पनि काम कसैले गरेको भन्ठानिन्छ र मैले गरेको भनेर मख्ख परिन्छ, यो वाहियात कुरा हो । कुनै पनि काम कसैले गरेको भए तापनि त्यो काम गर्न लगाउने अन्तःप्रेरणा दिने उनै ईश्वरबाहेक अरू कोही हुन सक्दैन । ईश्वर वा नियतिले जसलाई जे दिएको छ, उसको सम्झनामा जे सङ्गृहीत छ त्यो भन्दा बाहेक अरू केही पनि पाइँदैन । आफूले गरेको जे पनि हुन्छ भन्ने केही हदसम्म सत्य होला तर सोह्रै आना सत्य होइन किनभने कुनैलाई कुनै ठाउँमा बस्न मन छैन तर उसले बस्न पाउँदैन । परिस्थिति नै त्यस्तो अनुकूल बनिदिन्छ । संयोग, वियोग, जन्म, मरण, सुख, दुःख, लोभ, हानि सबै उही परमेश्वरका अधीन र खटनमा रहेका छन् । यसैले त्यसलाई चाहेर पनि परिवर्तन गर्न सकिँदैन । अरूको त के कुरा ढुङ्गा देवताको मूर्ति बन्दछ, मन्दिरको काममा प्रयोग हुन्छ, गजुरमा चढ्छ र नियति नभएको ढुङ्गामाटो शौचालय निर्माणमा प्रयोग हुन्छ । त्यसैले यो विश्व ब्रह्माण्डको सञ्चालन गर्ने नियामक तत्त्व परमेश्वर नै हो भन्ने आध्यात्मिकतावादी जीवनदर्शन पौडेलको मान्यताभित्र पर्दछ । मानव धर्म नै ठूलो धर्म हो । मानवले मानवको पूजा गर्नुपर्छ किनकि सच्चा मानव नै ईश्वरीय स्वरूप हो । उसमा ईश्वरीय संस्कार भेटिन्छ । त्यसैले मानव जुनसुकै देशको भाषा, धर्म, संस्कृति, वर्ण, लिङ्ग, जातजाति जे भएपनि मानव चाहिँ मानव नै हो; मानवको कल्याण गर्नु नै मानव धर्म हो भन्ने मानवतावादी जीवनदर्शन पौडेलमा रहेको पाइन्छ । **बसुधैव कुटुम्बकम्** भन्ने पूर्वीय मानवतावादी आदर्श हो, तर हिजो आज मानवताका नाममा, समाज सेवाका नाममा, धर्मका नाममा र ईश्वरका नाममा धेरै विकृतिहरू आइरहेका छन् । यस्ता विकृति भित्त्याउनेहरूप्रति सावधानी अपनाउनु पर्दछ । वर्तमानमा यस्तै मानवतावाद, अध्यात्मवादी र समाजका नाममा धन कमाउने, डलरको खेती गर्ने र आफ्नो नाम कमाउने आडम्बरी प्रवृत्ति हावी भएको छ । यस्ता विकृति बढ्दै गएको प्रति पौडेलमा वितृष्णा बढ्दै गएको अनुभव हुन्छ । यसरी धर्मका नाममा मानवताका नाममा धेरै विकृति बढ्दै गएको आजको कटु यथार्थ हो । समाजमा धर्म नाश हुँदै अधर्म

बढ्दै गयो भने अधर्मको नाश गरी धर्मको स्थापना गर्न भगवान्ले साकार रूपमा अवतार लिन्छन् भन्ने उनको मान्यता रहेको छ ।

### २.१.९ निष्कर्ष

वि.सं. २००६ सालमा कास्की जिल्लाको सल्यान गैह्राथोक 'माथिघर' भन्ने ठाउँमा जन्मेका पौडेलको बाल्यकाल त्यति सुखद देखिदैन । सात वर्षमा वैदिक विधि अनुसार व्रतबन्ध गरी औपचारिक शिक्षा सुरु गरेका दश कक्षा पढ्दासम्म एउटै विद्यालयमा नभई विभिन्न विद्यालयमा अध्ययन गरेको देखिन्छ । दशकक्षा पढेको दशवर्षपछि मौका परीक्षा दिएर एस.एल.सी. उत्तीर्ण गरी वि.सं. २०३५ सालमा वीरेन्द्र बहुमुखी क्याम्पस भरतपुरमा प्रमाणपत्र तहमा भर्ना भई उच्च शिक्षा अध्ययनतर्फ लागेका पौडेलले जीवनमा आइपरेका अनेकौं बाधा-व्यवधानहरूसँग सङ्घर्ष गर्दै वि.सं. २०४५ सालमा मुख्य विषय नेपाली विषय लिएर स्नातक तह उत्तीर्ण गरेको पाइन्छ । सानै उमेरदेखि घर व्यवहार सम्हाल्दै आएका पौडेलको विवाह पनि घरायसी अवस्थाका कारण दशकक्षामा पढ्दा पढ्दै भएपछि हाल चार सन्तानका पिता बनेका छन् । २०२२ सालमा भरतपुरको घरेलु कार्यालयमा सात महिना जागिर गरेका पौडेल पिताले घरपरिवार त्यागेर सन्न्यासी जीवन बिताउन थालेपछि थप पारिवारिक जिम्मेवारी र शारीरिक अस्वस्थताले गर्दा कुनै पेसा, व्यवसायमा संलग्न रहेका देखिदैनन् । सानै उमेरदेखि सृजनशील र अध्ययनशील स्वभावका पौडेलले आमाको प्रेरणाले सात कक्षामा पढ्दा *हामी विद्यार्थी* शीर्षकको कविता लेखेका थिए । ईश्वरप्रति विश्वास राख्ने पौडेलले सम्पूर्ण वस्तुहरूमा ईश्वरको बास हुन्छ भन्दै सबैले ईश्वरप्रति आस्था र भक्तिभाव प्रकट गर्नुपर्दछ भन्ने दार्शनिक चिन्तन प्रकट गरेको पाइन्छ ।

## २.२ होमनाथ पौडेल 'हिमांशु' को व्यक्तित्व

कुनै पनि मानिसको जीवन भोगाइमा आउने विविध घटना, जीवनका चाप-प्रतिचाप, आरोह-अवरोह, घात-प्रतिघात तथा क्रिया-प्रतिक्रियाले व्यक्तित्वमा महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ । यसको अतिरिक्त व्यक्तिको व्यक्तित्व निर्माणमा ऊ बाँचेको परिवेश, पारिवारिक पृष्ठभूमि, सामाजिक, सांस्कृतिक रुचि, पेसा, शिक्षा-दीक्षा आदिले पनि

उल्लेखनीय सहयोग पुऱ्याएको हुन्छ ।[११] यी परिवेशबाट निर्माण भएको व्यक्तिको व्यक्तित्वलाई निजी र सार्वजनिक गरी दुई भागमा विभक्त गरेर हेर्न सकिन्छ । व्यक्तिका निजी व्यवहारसँग सम्बद्ध कुराहरूलाई निजी व्यक्तित्व भनिन्छ । समाज अनुरूप चलेर समाजका लागि विभिन्न कार्य गर्नु सार्वजनिक व्यक्तित्वलाई साहित्य र साहित्यकार गरी दुई भागमा विभाजन गरी हेर्न सकिन्छ । सहित्यका कविता, कथा, निबन्ध, उपन्यास, नाटक आदि विधामा जुन भूमिका रहन्छ, त्यो साहित्यिक व्यक्तित्व हो भने साहित्यसँग सम्बद्ध नरहेर समाजमा जुन सामाजिक कार्य गरिन्छ, त्यसलाई साहित्येतर व्यक्तित्वभित्र राखेर हेर्न सकिन्छ ।

होमनाथ पौडेल 'हिमांशु' नेपाली साहित्यका साथै नेपाली समाजका एक सृजनशील व्यक्तित्व हुन् । उनले २०४७ सालदेखि नै विभिन्न सङ्घ-संस्थामा आबद्ध रहेर आफ्नो व्यक्तित्व निर्माण गरेको पाइन्छ ।

## २.२.१ सार्वजनिक व्यक्तित्व

समाज अनुरूप चलेर समाजले थाहापाई वा नपाईकन एक नयाँ रूप दिने असाधारण व्यक्तित्व नै सार्वजनिक व्यक्तित्व हो । मानिस समाजबाट अलग्गिएर बस्न सक्दैन । मानिस सामाजिक प्राणी भएकोले उसको व्यवहार पनि समाजमा नै हुन्छ । होमनाथ पौडेल 'हिमांशु' ले साढे दुई दशकको समय सामाजिक सङ्घ-संस्थामा खर्चेको पाइन्छ । आफ्नो शारीरिक अवस्था कमजोर हुँदाहुँदै पनि साहित्यप्रतिको मोहलाई त्याग्न नसकी जे जसरी चलाउँदै आएका छन् त्यसमा उनका सार्वजनिक व्यक्तित्वका महत्त्वपूर्ण पक्षलाई साहित्य र साहित्येतर गरी दुई भागमा बाँडेर चर्चा गरिएको छ ।

क) साहित्यिक व्यक्तित्व

अ) कवि व्यक्तित्व

आ) गीतकार व्यक्तित्व

ख) साहित्येतर व्यक्तित्व

अ) समाजसेवी व्यक्तित्व

आ) राजनैतिक व्यक्तित्व

---

[११] अरूण विलास अधिकारी, **मुकुन्द आचार्यको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन**, स्नातकोत्तर शोधपत्र, त्रि.वि. नेपाली विभाग, चितवन : वीरेन्द्र बहुमुखी क्याम्पस, २०५७, पृष्ठ २१ ।

**क) साहित्यिक व्यक्तित्व**

साहित्यकारको साहित्यका अध्ययनबाट प्राप्त हुने व्यक्तित्व नै साहित्यिक व्यक्तित्व हो । होमनाथ पौडेल 'हिमांशु' को साहित्यिक व्यक्तित्वलाई विभिन्न शीर्षकमा अध्ययन गर्न सकिन्छ ।

**अ) कवि व्यक्तित्व**

होमनाथ पौडेल 'हिमांशु' हो साहित्यिक यात्रा वि.सं. २०२२ सालदेखि भएको पाइए तापनि औपचारिक रूपमा यिनको लेखन यात्रा भने ढिलो प्रारम्भ भएको पाइन्छ । विद्यालय तहमा अध्ययन गर्दा देखि नै छिटफुट कलम चलाएका पौडेलले वि.सं. २०२२ सालमा कक्षा चारमा अध्ययन गर्दा *हामी विद्यार्थी* नामक कविता लेखी विद्यालयमा सुनाएको पाइन्छ ।[१२] उनको प्रकाशित काव्यचाँहि वि.सं. २०६२ सालमा लेखिएको **विभूति दर्पण** महाकाव्य नै हो ।

**आ) गीतकार व्यक्तित्व**

होमनाथ पौडेल 'हिमांशु' सानैदेखि जिज्ञासु स्वभावको भएकाले कविता बाहेक उनी विभिन्न किसिमका तीजका गीतहरू सुन्न र गाउन रुचि राख्दथे । उनले वि.सं. २०४६ सालको जनआन्दोलनलाई लक्षित गरेर **जन आन्दोलन २०४६** नामक गीतसङ्ग्रह प्रकाशित गरेको पाइन्छ । यसका साथै अन्य **तीजको कोसेली** नामक गीतसङ्ग्रह २०४८, २०५१, र २०५२ मा प्रकाशित गरेका छन् । उनले २०४६ मा लेखिएको गीतसङ्ग्रहमा २०४६ साल फागुन ७ गते चितवनमा भएको जन आन्दोलनको बयान गरेका छन् भने अन्य सङ्ग्रहहरूमा नारीका वेदनाहरू प्रस्तुत गरेका छन् ।

**ख) साहित्येतर व्यक्तित्व**

साहित्यबाहेक अन्य सामाजिक सङ्घसंस्थामा गरिने सामाजिक कार्य साहित्येतर व्यक्तित्व हो ।

---

[१२] होमनाथ पौडेल 'हिमांशु' सँगको अन्तर्वार्ता अनुसार ।

### अ) समाजसेवी व्यक्तित्व

होमनाथ पौडेल 'हिमांशु' को सामाजिक व्यक्तित्व मूलतः शिक्षाबाट नै प्रकट भएको पाइन्छ । व्यक्ति, समाज र राष्ट्रकै विकासमा शिक्षाको विशेष भूमिका रहन्छ । पौडेलले प्रवीणता प्रमाणपत्रतह उत्तीर्ण गरेपश्चात् विभिन्न सामाजिक सेवाको कार्यमा हात हाली आफ्नो समाजसेवी व्यक्तित्वलाई चिनाएका हुन् । सामाजिक सङ्घ संस्थाहरूमा निरन्तर सहभागी हुँदै आएका पौडेलले शान्तिमार्ग स्थित भरतपुर १० मा कालिका मन्दिर बनाउनको लागि आफैँले निःशुल्क जग्गा दिएर सहयोग गरेको पाइन्छ । यसका अतिरिक्त नेपाल बालसङ्गठनमा सदस्य सचिव भएर सत्र वर्षसम्म निःशुल्क सेवा, नेपाल रेडक्रस सोसाइटीको आजीवन सदस्य, चितवन साहित्य परिषद्को आजीवन सदस्य, नेपाल क्षयरोग निवारण सङ्घ जस्ता विभिन्न सङ्घ संस्थामा आफ्नो सहभागितालाई निरन्तरता दिदै आएको पाइन्छ ।

### आ) राजनैतिक व्यक्तित्व

होमनाथ पौडेल 'हिमांशु' २०२८ सालदेखि नै राजनैतिक क्षेत्रमा प्रवेश गरी ने.वि.सङ्घको सक्रिय सदस्य भएको पाइन्छ । नेपाली काङ्ग्रेसका शीर्षस्थ नेता वि.पी. कोइराला, जगन्नाथ पौडेल, हरीशचन्द्र अधिकारीसँग मिली बहुदलीय व्यवस्था प्राप्तिको लागि २०४६ सालमा गरिएको आन्दोलनमा उनी १५ दिनसम्म जेल परेको पाइन्छ । २०६२/२०६३ सम्म उनी राजनैतिक क्षेत्रमा सक्रिय रहे पनि २०६३ पछि शारीरिक अवस्थाले गर्दा सक्रिय भूमिका निर्वाह गर्न नसकेपनि झुकाव भने नेपाली काङ्ग्रेसप्रति नै रहेको देखिन्छ ।[१३] राजनीतिको गहन चिन्तन भएका पौडेल राजनीतिलाई मानिसको हित र उद्धारको निम्ति प्रयोग गर्नुपर्ने कुरामा जोड दिन्छन् । यस्तै समय-समयमा हुने जातीय भेदभाव र साम्प्रदायिक घटनाको उनी विरोध गर्छन् । ठूलाले सानामाथिको थिचोमिचो, धनीले गरिबमाथि गरेको शोषणको विरोध गर्दै त्यसको निर्मूल पार्नुपर्छ भन्ने मान्यता उनको रहेको छ ।

---

[१३] ऐजन ।

### २.२.२ निष्कर्ष

मानिसको जीवन भोगाइको क्रममा आउने विविध घटना, आरोह-अवरोह, घात-प्रतिघात आदिले व्यक्तित्वमा महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ । व्यक्तित्व सार्वजनिक र निजी गरी दुई किसिमका हुन्छन् । व्यक्तिका निजी व्यवहारसँग सम्बद्ध कुराहरू निजी व्यक्तित्व अन्तर्गत पर्छन् भने समाज अनुरूप चलेर समाजका लागि विभिन्न कार्य गर्नु सार्वजनिक व्यक्तित्व अन्तर्गत पर्दछ । कवि होमनाथ पौडेल 'हिमांशु' मा यी दुवै व्यक्तित्व रहेको देखिन्छ । वि.सं. २०४७ सालदेखि नै विभिन्न सङ्घ-संस्थामा आबद्ध रहेका पौडेलका सार्वजनिक व्यक्तित्व अन्तर्गतको साहित्येतर व्यक्तित्वमा समाजसेवी र राजनैतिक व्यक्तित्व पर्छन् भने साहित्यिक व्यक्तित्वमा कवि र गीतकार व्यक्तित्व पर्दछ ।

## २.३ होमनाथ पौडेल हिमांशुका कृतिहरूको अध्ययन

होमनाथ पौडेल 'हिमांशु' कवि मात्रै नभएर गीतकार पनि हुन् । उनका प्रकाशित कृतिहरूमा **जनआन्दोलन २०४६** (तीजको लयमा), **तीजको कोसेली २०४८**, **तीजको कोसेली २०५१**, **तीजको कोसेली २०५२** र **विभूतिदर्पण** महाकाव्य (२०६२) रहेका छन् । यी मध्ये **विभूतिदर्पण** महाकाव्यको अध्ययन-विश्लेषण परिच्छेद तीन, चार र पाँचमा गरिएकाले यहाँ अरू कृतिहरूको मात्र अध्ययन गरिएको छ -

**क) जनआन्दोलन २०४६ (तीजको लयमा)**

पञ्चायती व्यवस्थाको अन्त्य र बहुदलीय व्यवस्थाको प्राप्तिको लागि गरिएको आन्दोलन नै जन आन्दोलन २०४६ हो । होमनाथ पौडेल 'हिमांशु' ले **जन आन्दोलन २०४६** अन्तर्गत २०४६ सालमा चितवनमा भएको गतिविधिलाई तीजको लयमा व्यक्त गरेको पाइन्छ । वि.सं. २०४६ सालमा निर्दलीय पञ्चायती व्यवस्थाको समाप्ति र बहुदलीय व्यवस्थाको प्राप्तिको लागि नेपाल अधिराज्यभरि विभिन्न प्रदर्शनहरू गरिएका र हजारौँ जनता सहिद भएका थिए । त्यसै क्रममा २०४६ साल फागुन ७ गते नारायणगढको क्याम्पाचौरमा भएको आन्दोलन प्रहरीले दमन गरेर अन्य ठाउँमा सार्नुपरेको, चारैतिरबाट आ-आफ्ना पार्टीको झन्डा बोकेर नेपाली जनता सडकमा उत्रेको अवस्था, प्रहरीले त्यसमाथि दमन गरेको, भीमबहादुर श्रेष्ठ,

जागृतप्रसाद भेटवाल, ध्रुव थपलिया जस्ता हजारौँ मानिसलाई प्रक्रेर जेल हालेको, गणेश पौडेल र नारायण दहाल जस्ता व्यक्तिहरूलाई गोली हानेर सहिद बनाएको, पुलिसले टियर ग्याँस प्रयोग गर्दा जनता आत्तिएका, चारैतिर पुलिसले घेरेको, अमर नेवाङ्ग सुब्बाले डि.एस.पीको पावर लगाएर सम्पूर्ण कुराहरू गोप्य राखेका जस्ता विविध घटनाहरू हुँदाहुँदै पनि सबै जनता एकजुट भएर पुलिसलाई खेदी आफ्नो ज्यानको बलिदान दिएर आन्दोलन जारी राखिएकोमा वि.सं. २०४६ साल चैत्र २६ गते राती बहुदलको घोषणा भएपछि २७ गते टाँडीमा जुलुस सहित विजयोत्सव मनाएको कुराको वर्णन सरल र सहज शैलीमा तीजको गीतको भाकामा प्रस्तुत गरिएको पाइन्छ ।

यसरी पौडेलको **जन आन्दोलन २०४६** सरल, मार्मिक र गाउन मिल्ने शैलीमा रचिएको एक उत्कृष्ट तीज गीतसङ्ग्रहको रूपमा देखिन्छ ।

### ख) तीजको कोसेली (२०४८)

होमनाथ पौडेल 'हिमांशु' ले **तीजको कोसेली २०४८** मा नारीका दुःख र वेदनाहरूलाई गीतको माध्यमबाट व्यक्त गरेका छन् । उनले नारी सृष्टि हुन्, जननी हुन् र धर्ती हुन् भनेका छन् । जसरी धर्तीले आफूमाथि जे-जस्ता प्राकृतिक प्रकोप र मानवीय असरहरू परे तापनि चूपचाप सहेर बसेकी हुन्छिन्, त्यसरी नै नारी आमाले पनि आफ्ना सन्तानबाट जेजति कमजोरी भएपनि काखमा राखेर आफ्ना दशधारा दूध चुसाएर दिसापिसाब सफा गरेर, नौ महिनासम्म गर्भमा राखेर आफ्ना व्यथा र पीडाहरू बिर्सेर हाँसी-हाँसी स्वीकार गरेका हुन्छन् । कसैले नारीको अपमान गर्नु हुँदैन, जसरी आफू बस्ने घरको हिफाजत गरिन्छ त्यसरी नै आमाको संरक्षण गर्नुपर्छ र बाँचुन्जेल आमाको सम्मान र सत्कार गरी दुःखमा साथ दिनुपर्छ भनेका छन् । यदि तिरस्कार गरियो भने आमाले सबैलाई धिक्कार्ने छिन् र कसैको भलो हुनेछैन, त्यसैले आमा सरहका सम्पूर्ण नारीलाई सम्मान गर्नुपर्छ र नारीमाथि पुरुषहरूले गरेका अन्याय, अत्याचार शोषण, बलात्कार जस्ता घटनाहरूको विरुद्धमा आवाज उठाउनु पर्छ भन्ने कुरा यस तीजगीतसङ्ग्रहमा व्यक्त गरिएको छ ।

## ग) तीजको कोसेली (२०५१)

होमनाथ पौडेल 'हिमांशु' ले **तीजको कोसेली २०५१** मा *कथा हरितालिका* र *चुनावमा उठ्नुहोस्* जस्ता दुई शीर्षकमा आफ्नो गीत प्रस्तुत गरेका छन् ।

### अ) कथा हरितालिका

आइमाईहरूले निराहार बसी बेलुका शिवपार्वतीको पूजा गर्ने पर्वलाई हरितालिका भनिन्छ ।[१४] यस दिनलाई भगवान् श्रीकृष्णको न्वारानको दिनका रूपमा पनि लिने गरिन्छ । तसर्थ भाद्र शुक्ल अष्टमीका दिनमा पर्ने श्रीकृष्ण जन्माष्टमीका दिनदेखि नै तीज पर्व सुरु भएको मानिन्छ । 'हरितालिका' का बारेमा विभिन्न किसिमका भनाइहरू पाइन्छन् । पार्वती नाच्दा विष्णुले ताली बजाएकोले यस पर्वलाई 'हरितालिका' भनिएको हो भन्ने पाइन्छ भने अर्को भनाइ अनुसार सतीदेवीको लास काँधमा बोकेर शिवजीले कामरूप कामाख्यालाई उत्पन्न गरी नेपाल भ्रमण गरेपछि पर्वतराज हिमालयकी पुत्री पार्वतीले शिवजी स्वामी पाउनका लागि रातभर जाग्राम बसी बेलुकी रुखमुनि दुईकोसा केरा मात्र खाई व्रत बसेकाले सोही परम्परा अनुसार यस दिन व्रत बसेर शिवजीको आराधना गरी पूजाआजा गरेको पाइन्छ भन्ने भनाइ रहेको छ । त्यस्तै पार्वतीलाई विष्णुसँग विवाह गर्न खोजेको सुनेपछि पार्वतीका सँगिनीहरूले लुकाई शिवजीको तपस्या गरेको, शिवजी खुसी भई पार्वतीलाई पत्नीको रूपमा स्वीकार गरेपछि पार्वतीले आफ्नो इच्छा पूरा भएको उपलक्ष्यमा सँगिनीहरूलाई डाकेर भोज गरी नाचगान गरेको भन्ने धार्मिक विश्वास अनुसार हिन्दू धर्मावलम्बी महिलाहरूले तीजमा नाचगान गरी दरखाने, आफ्नो योग्य वर प्राप्त गर्नको लागि व्रत बस्ने प्रचलन रही आएको र त्यसलाई हरितालिका भनिने बूढापाकाहरूको कथन पाइन्छ ।

होमनाथ पौडेल 'हिमांशु' ले *हरितालिका तीज* शीर्षकमा शिवजी र पार्वती बिचको वार्तालाप प्रस्तुत गरेर आजका नारीहरूलाई पार्वती जस्तै पतिव्रत बन्न आग्रह गरेका छन् । यस गीतमा शिवजी र पार्वती कैलासमा रहेको बेलामा पार्वतीले शिवजीलाई फलदायक गोपनीय व्रतहरू के-के हुन् भनी सोधेको, त्यसको उत्तरमा

[१४] नरेन्द्र चापागाईं, **नेपाली शब्द भण्डार**, विराटनगर : श्याम पुस्तक भण्डार, २०६६, पृ. १२७९ ।

शिवजीले भाद्र शुक्लपक्षको तृतीया तिथि भनी जवाफ दिएको, पार्वतीको बाल्यकालको वर्णन, हिमालय पर्वतले पार्वतीलाई विष्णुसँग विवाह गर्न लागेको कुरा सुनेर उनका सँगिनीहरूले लुकाएपछि शिवजी स्वामी नपाए आत्महत्या गर्ने जानकारी दिएको, शिवजी स्वामी पाउनको लागि पार्वतीले कठोर व्रत गरेको, भाद्र शुक्लपक्षको तृतीया तिथिमा बालुवाका शिवलिङ्ग बनाएर पूजा गरेको, शिवजीले उनको व्रत पुरा गरिदिएको प्रसङ्गलाई जोडेर आजका नारीले पनि पार्वतीले जस्तै शुद्ध र चोखो बसेर फूलमाला राखेर पूजा, आरती गरेर आफ्नो मनोकाङ्क्षा पूरा गर्नुपर्छ भन्ने मार्मिक भाव व्यक्त गरिएको छ ।

**आ) चुनावमा उठ्नुहोस्**

होमनाथ पौडेल 'हिमांशु' *चुनावमा उठ्नुहोस्* भन्ने तीज गीतको माध्यमबाट देशका ठूला नेता लगायत नेताका सम्पूर्ण नातेदारहरूप्रति तिखो व्यङ्ग्य प्रहार गरेका छन् । नेताहरूले कुनै पद सम्हाल्नुभन्दा पहिला नै देश र जनताको समस्या कसरी सुल्झाउने भनी सोच्नुको सट्टा आफू र आफ्ना नातेदारहरूलाई कसरी माथिल्ला पदहरूमा नियुक्त गर्ने, कसरी उनका इच्छा र आवश्यकताहरू पूरा गरी देशको ढुकुटी रित्याएर अकुत सम्पत्ति कमाउने भन्ने जस्ता गलत धारणाहरू भएका र नातेदारहरूमा पनि देश र जनताको हितका लागि काम गर्नु पर्छ भन्ने सोचाइ नभएर नयाँ-नयाँ चाहना मात्र राखी विलासिताका साथ जीवन बिताउने सपना देखेका हुन्छन् । यस्ता भ्रष्टाचार गर्नका लागि नेताहरूलाई आफ्ना परिवारले कसरी उक्साउने गर्छन् भन्नेकुरा यस गीत मार्फत देखाइएको छ । यसै प्रसङ्गमा छोरा बुबालाई चुनावमा उठ्न आग्रह गर्ने, श्रीमती जनताको दिमाग भुटेर अकुत सम्पत्ति कमाउनुपर्छ भन्ने, सालो विदेश पठाइदिन भन्ने, छोरी काठमाडौंमा घर किन्नुपर्छ भन्ने, आमाबुबा गाडीको माग गर्ने, जेठान ठेक्का पट्टाको काम मिलाउन भन्ने, ज्वाइँ बसाइ सर्ने कुरा गर्ने, दिदी हिराको हार माग गर्ने भने बहिनी मारुती कारको माग गर्ने जस्ता आर्थिक हिनामिना र अनैतिक कार्यतर्फ उक्साउने गरेको देखिन्छ । तर भोट माग्न जाँदा सबै जनता दिक्क भएर तिमीलाई भोट दिनु भन्दा आफैं मर्नु बेस भन्ने जबाफ दिएको पाइन्छ ।

यसरी पौडेलले तत्कालीन नेपालका ठूला पदमा रहेका नेताहरूले नियम विपरीत कार्य गरेर देशलाई झन्-झन् गरिबीको खाल्डोमा धकेलेर सङ्कटग्रस्त अवस्थामा पुऱ्याएको स्थितिको चित्रण यथार्थ परक ढङ्गले गरेका छन् ।

**घ) तीजको कोसेली (२०५२)**

होमनाथ पौडेल 'हिमांशु' ले **तीजको कोसेली** २०५२ मा नारीलाई पुरुष सरह अगाडि बढ्नुपर्छ भनेका छन् । आफ्ना घरका जुठा भाँडादेखि लिएर सम्पूर्ण कामका साथै कलम चलाएर देश चलाउन सक्ने, प्रधानमन्त्री बन्नसक्नुपर्छ, सधैँ चुलो चौको, छोराछोरी, घरपरिवार भनेर आफ्नो जीवन समाप्त गर्नु हुँदैन । नारी खाली चुलो चौकोमा मात्रै सीमित रहेकोले नै पुरुषहरूले हेपेका हुन् । जति पुरुषमा बुद्धि विवेक छ त्यो भन्दा बढी नारीमा पनि बुद्धि र विवेक हुनुपर्छ, सबै नारी एकजुट भएमा राष्ट्र हाँक्न सकिन्छ, आधा आकाश ढाकेर बसेका नारीलाई तेत्तिस प्रतिशत हक दिँदा दिदै पनि किन पछि पर्ने, अगाडि बढेर आफ्नो हक आफैँले लिनुपर्छ । पहिलाको जमानामा जस्तो नभएर नारी आफैँ जागरुक हुनुपर्छ, सङ्घर्ष गर्नुपर्छ, पहिलाको तीज र अहिलेका तीजमा पनि धेरै भिन्नता पाइन्छ । पहिलेका तीजमा भगवान्का र नारीका दुःखका गीतहरू गाइन्थे भने आजकलका गीतमा देशमा भइरहेका विसङ्गति, विकृतिका साथै सम्पूर्ण गतिविधिहरूलाई स्वतन्त्र रूपमा भन्ने गरेको पाइन्छ । आजका नारी पहिलेका भन्दा बढी शिक्षित छन् भन्ने उल्लेख गर्दै पौडेलले तीजगीतको माध्यमबाट नेपाली नारीलाई डटेर अगाडि बढ्न प्रेरित गरेका छन् ।

## २.३.१ निष्कर्ष

होमनाथ पौडेल 'हिमांशु' नेपाली साहित्यका महाकाव्यकार मात्रै नभई गीतकार पनि हुन् । उनले **जनआन्दोलन २०४६** (तीजको लयमा), **तीजको कोसेली २०४८**, **तीजको कोसेली २०५१** र **तीजको कोसेली २०५२** गरी चारवटा गीतसङ्ग्रह प्रकाशित गरेका छन् । पौडेलले पञ्चायती व्यवस्थाको अन्त्य र बहुदलीय व्यवस्थाको प्राप्तिका लागि २०४६ सालमा चितवनमा भएका सम्पूर्ण गतिविधि र त्यसमा आफूले खेलेका भूमिकाको बारेमा **जन आन्दोलन २०४६** मा उल्लेख गरेका छन् भने **तीजको कोसेली २०४८** मा नारीका दुःख

र वेदनाका बारेमा, **तीजको कोसेली २०५१** मा *कथा हरितालिका* शीर्षक राखी तीजको व्रत कहिलेदेखि बस्ने, किन बस्ने, कस्को नाममा बस्ने, कसरी बस्ने भन्ने बारेमा र *चुनावमा उठ्नुहोस्* शीर्षकमा चुनावमा उठ्नुभन्दा अगाडि नै नेताका घरपरिवारका नातागोताद्वारा रचिने विकृति र विसङ्गतिको बारेमा चर्चा गरेका छन् भने **तीजको कोसेली २०५२** मा नारीलाई कसरी पुरुष सरह अधिकार दिलाउने भनी नारी जागरणका कुराहरूको चर्चा गरेका छन् ।

# परिच्छेद : तीन

# महाकाव्यको सैद्धान्तिक पृष्ठभूमि

## परिच्छेद : तीन

# महाकाव्यको सैद्धान्तिक पृष्ठभूमि

### ३.१ महाकाव्यको परिचय

महाकाव्य सर्गबद्ध हुन्छ ।[1] यसमा कुनै एक देवता वा उत्तम वंशज नायक धीरोदात्त क्षेत्रीय वा उदात्त कुलका राजाहरूको चरित्रवर्णन गरिएको हुन्छ । शृङ्गार शान्त र वीररसमध्ये एक रस मुख्य र अन्य रस सहायक रसका रूपमा प्रयोग भएको, महाभारत वा इतिहासको कुनै सज्जनको चरित्र वर्णन भएको हुनुपर्छ । धर्म, अर्थ, काम, मोक्ष पुरुषार्थ चतुष्टयमध्ये एक पुरुषार्थको लक्ष्य प्राप्ति भएको हुनुपर्छ । साथै ग्रन्थारम्भमा नमस्कारात्मक, वस्तुनिर्देशात्मक र आशीर्वादात्मकमध्ये कुनै एकबाट मङ्गलाचरण भएको हुनुपर्छ । मङ्गलाचरण भएको कुनै काव्यमा सज्जनको प्रशंसा र दुर्जनको निन्दा हुन्छ । पूरै सर्गमा एकै प्रकारको छन्द र अन्त्यमा भिन्न भिन्न तथा कुनै सर्गमा विभिन्न छन्दहरूको प्रयोग भएको हुन्छ । न धेरै ठूलो न त धेरै सानो कम्तीमा आठसर्ग भएको वा त्यसभन्दा माथि आगामी सर्गको कथा सङ्केत, पूर्वसर्गमा दिइएको सन्ध्या, सूर्य, रात्रि, चन्द्र, प्रदोषकाल, अन्धकार, दिन, प्रातःकाल, मध्यान्ह, खोला, नदी, पर्वत, ऋतु, सम्भोग तथा विप्रलम्भ शृङ्गार रसका साथै स्वर्ग, नगर, यज्ञ, युद्ध, यात्रा, विवाह, मन्त्रणा, पुत्रोत्पादन, जलक्रीडा, वनविहार आदिको साङ्गोपाङ्ग वर्णन गरिएको हुनुपर्छ । कविवृत्त (कथा) नायक वा कुनै अन्य मुख्य पात्रको नाममा महाकाव्यको नामाकरण गरिएको हुनुपर्छ र सर्गमा वर्णित कथाका आधारमा प्रत्येक सर्गको नाम रहन्छ । यसै गरी पाश्चात्य काव्यशास्त्रीय मान्यता अनुसार वीरयोद्धा वा वीरहरूको वर्णनमा आधारित कथावस्तु, पात्र, परिवेश आदिको बृहत प्रस्तुतियुक्त आख्यानात्मक काव्यलाई महाकाव्य मानिएको पाइन्छ ।

कविताको बृहत् रूपलाई नै महाकाव्य भनिन्छ । संस्कृतको 'महत्' र 'काव्य' शब्दका बिच सम्पन्न कर्मधाराय समासद्वारा महाकाव्य शब्दको व्युत्पादन गरिन्छ । यसको शाब्दिक

---

[1] केशवप्रसाद उपाध्याय, **साहित्य प्रकाश**, ललितपुर : साझा प्रकाशन, २०६७ ।

अर्थ ठूलो वा महान् काव्य भन्ने हुन्छ ।[२] महाकाव्य सम्बन्धी कलम चलाउने पहिलो आचार्य भामह हुन् । उनले महाकाव्यको परिभाषा यसरी दिएका छन् :- "लामो कथानक नभएको, महान् चरित्रमा आधारत नाटकीय पञ्चसन्धि समन्वित, उत्कृष्ट एवम् अलङ्कृत शैलीमा रचित जीवनका विविध रूप र कार्यहरूको वर्णन गर्ने, सर्गबन्ध र सुखान्त काव्य नै महाकाव्य हो ।"[३] त्यस्तै गरी सातौँ शताब्दीका दण्डीका अनुसार- "महाकाव्य आशीर्वाद, नमस्कार वा वस्तुनिर्देशमध्ये कुनै एक मङ्गलाचरणबाट थालिएको हुनुपर्छ । सर्गबन्ध र इतिहास प्रसिद्ध कथानक भएको, सदाश्रयी, चतुवर्ग फल प्राप्ति चतुर एवम् उदात्त किसिमको कथानक हुनुपर्छ । नगर, शैल, सागर आदिको वर्णन गरिएको हुनुपर्छ । यस्तै मन्त्र, दूत, प्रयाणयुद्ध र नायकको उदयको वर्णन भएको अलङ्कृत, सङ्क्षिप्त, सन्तुलित, सर्गयुक्त, पञ्चसन्धि एवम् लोक रञ्जक हुनुपर्छ ।"[४] त्यसै गरी रुद्रटले आफ्नो ग्रन्थ **काव्यालङ्कार**मा महाकाव्यको परिभाषा यसरी दिएको पाइन्छ- "महाकाव्यमा कथानक कल्पित वा अकल्पित जुनसुकै भए पनि हुन्छ । यो कथानकभित्र अवान्तर कथाहरू पनि समाविष्ट हुन सक्छन् । यसले युग र जीवनको विविध चित्रण गर्दछ । नायक सर्वगुण सम्पन्न द्विजकुलोत्पन्न र शक्तिमान् हुनुका साथै युद्धमा विजय समेत हासिल गर्नसक्ने खालको हुनुपर्छ ।"[५] चौधौँ शताब्दीका विश्वनाथले महाकाव्य सम्बन्धी यस्ता धारणाहरू व्यक्त गरेका छन्-"महाकाव्य सर्गबन्ध हुनुपर्छ र त्यसको नायक शूर, सद्वंशी, क्षत्रीय, एकै वंशको वा एकै वंशको धेरै नामक पनि हुन सक्दछन् । शृङ्गार, वीर र शान्तमध्ये कुनै एक अङ्गी र अन्य अङ्गरस हुनुपर्छ । कथानक नाटकीय पञ्चसन्धि समन्वित हुनुपर्छ । इतिहासप्रसिद्ध र सज्जनाश्रित हुनुपर्छ । सुरुको मङ्गलाचरणमा वस्तु निर्देशन, नमस्क्रिया वा आशीर्वाद रहनुपर्छ । सज्जनको गुणगान र दुर्जनको निन्दा गरिएको हुनुपर्छ । न धरै लामा न धेरै छोटा र कम्तीमा आठवटा सर्गहरू हुनुपर्छ । सर्गान्तमा भावी सर्गको सूचना हुनुपर्छ । सम्पूर्ण कालचक्र (सन्ध्या, प्रभात, इन्दु, रजनी, ध्वान्त, मध्यान्ह आदि) सम्पूर्ण वास्तुचक्र, स्वर्गदेखि धरतीसम्मको र धरतीदेखि स्वर्गसम्मको सम्पूर्ण परिवेशको वर्णन गरिनुपर्छ । सम्भोग र

---

[२] गोविन्दराज विनोदी, *विभूतिदर्पण माथि एक दृष्टि,* **विभूतिदर्पण**, होमनाथ पौडेल 'हिमांशु', चितवन : चितवन साहित्य परिषद्, पृ. ङ-द ।

[३] कृष्णकान्त काफ्ले, **गौरी बल्लभ महाकाव्यको अध्ययन तथा विश्लेषण**, स्नातकोत्तर शेधपत्र, चितवन : त्रि.वि. नेपाली विभाग, वीरेन्द्र बहुमुखी क्याम्पस, २०६८ ।

[४] कृष्णप्रसाद आचार्य, *महाकाव्य सम्बन्धी पूर्वीय मान्यता,* **आधुनिक महाकाव्य खण्डकाव्य**, कीर्तिपुर : क्षितिज प्रकाशन, २०६४,पृ. १७-२४ ।

[५] ऐजन ।

विप्रलम्भ शृङ्गार, पुत्रोत्पत्ति आदिको वर्णन हुनुपर्छ । रणप्रयास एवम् सत् विजय देखाइनुपर्छ । नायक, कथानक वा कविका नामबट काव्यको नामाकरण गरिनुपर्दछ । विविध छन्दको प्रयोग गरिनाका साथै सर्गान्तमा छन्द बदल्नुपर्दछ ।"[६] **अग्निपुराण**ले महाकाव्यको परिभाषा यसरी व्यक्त गरेको पाइन्छ-"अनेक सर्गमा रचिएको संस्कृत भाषामा निर्माण गरिएको वा परिशिष्ट परिष्कृत भाषामा रचिएको काव्य नै महाकाव्य हुन्छ । महाकाव्यको स्वरूपलाई नत्यागीकन उस्तै अर्को कुनै काव्य रचना गरियो भने पनि त्यस्तोलाई दोषी मान्नु हुँदैन भन्दो महाकाव्य इतिहासको कथालाई लिएर निर्माण गरिएको हुनुपर्छ । तथा त्यस बाहेक कुनै आम आधार लिएर पनि बनाउन सकिन्छ । त्यस्तो स्थानमा सुहाउँदोसँग योग्य रूपमा मन्त्रणा, दूतप्रेषण, काम अभियान र युद्धका बारेमा वर्णनहरूको समावेश गर्दै सूक्ष्म वर्णनद्वारा अभिव्यक्त वा अति विस्तृत, अति सङ्क्षिप्त पनि हुनुहुँदैन भन्ने रहेको छ । यसका साथै शक्वरी, अतिशक्वरी, त्रिष्टुप, पुष्पिताग्रा र वक्त्रा जस्ता मनोहर समवृत्त छन्दमा महाकाव्यको रचना गर्नुपर्छ । प्रत्येक सर्गान्तमा छन्द परिवर्तन गर्दै सर्गलाई अति छोटो नबनाई आर्या र अतिशक्वरी यी दुई छन्दमध्ये कुनै एकको प्रयोगबाट एक सर्ग निर्माण भएको हुनु राम्रो हुन्छ । सर्गान्तमा मात्रिक छन्दको प्रयोग गर्दै उत्तरोत्तर सर्गमा छन्दादिका साथै सुन्दर वर्णन गर्दै जानुपर्दछ । नगर, समुद्र, पर्वत, चन्द्रमा, ऋतु, सूर्य, आश्रम, बृक्ष, जलक्रीडा, मधुपान, उद्यान, यौनक्रीडा, दूतकार्य, कलहंसको चरित्र आदि अद्‌भुत वर्णनहरूले जन्मिएको महाकाव्य हुन्छ । यसका साथै अन्धकार, हुरी, रात्रीहरूको वर्णनका साथै उद्दीपन विभावहरूले यसलाई सजाउने गर्नुपर्छ ।"[७]

यसरी भामहदेखि अग्निपुराणसम्मको महाकाव्यको परिभाषालाई हेर्दा महाकाव्यको परिभाषा मिल्दोजुल्दो भएपनि आ-आफ्नै ढङ्गले प्रस्तुत गरेको पाइन्छ ।

## ३.१.१ रस सिद्धान्त र महाकाव्य

श्रव्य र दृश्य काव्यको प्राणतत्त्व अथवा काव्यात्म रस हो ।[८] काव्याध्ययन जन्य प्रमुख प्राप्ति पनि त्यही हो भने सिद्धान्तको अनुगमन गर्ने आचार्यहरू रस सम्प्रदायभित्र पर्दछन् । तीमध्ये नन्दिकेश्वर, भरत, रुद्रट, धनञ्जय, धनिक, भट्टलोल्लट, शङ्कुक, भट्टनायक,

---

[६] पूर्ववत्, पृ. २४ ।
[७] तिलकप्रसाइ लुइटेल (अनु), **अग्निपुराण**, काठमाडौं : विद्यार्थी पुस्तक भण्डार, २०६८, पृ. ५५० ।
[८] पूर्ववत्, पृ. ५५१ ।

अभिनवगुप्त, शारदातनय, विश्वनाथ, शिङ्गभूपाल, भानुदत्त, मधुसूदन सरस्वती र रूपगोस्वामी आदि आचार्य प्रमुख हुन् । यी सबैको मतमा महाकाव्यमा रसको समुचित समावेश हुनु जरुरी छ ।

## ३.१.२ रीति सिद्धान्त र महाकाव्य

पदहरूको मेल वा सङ्गठन नै रीति हो ।[९] यसलाई अङ्ग संस्थान जस्तो मानिन्छ । जसरी मानिसको शरीरको सङ्गठन हुन्छ त्यस्तै प्रकारले काव्यहरूको देहरूप शब्दहरूको र अर्थहरूको पनि सङ्गठन हुन्छ यसै सङ्गठनलाई नै रीति भनिन्छ । जसरी व्यक्ति वा स्त्रीको हाउभाउ, सञ्चार, विचार, मधुर मुस्कानबाट व्यक्तिभित्रको क्रूरता, दया, ममता जस्ता गुणहरूको आँकडा निस्कन्छ, त्यस्तै काव्यहरूको गुण, अलङ्कार आदिको संयोगबाट रसको उत्कर्षताको ज्ञान हुन्छ ।

काव्यकारहरूले रीतिलाई चार प्रकारको भनी व्याख्या गरेका छन् । तर यसमा पनि सबै आचार्यहरू सहमत छैनन् । सङ्ख्याको बारेमा नै पूर्वीय आचार्यहरूमा विवाद पाइन्छन् । सबै आचार्यहरूले रीतिका बारेमा कुनै न कुनै नाम दिएर भए पनि काव्यको सिद्धान्त वा कसैले त आत्माको संज्ञा पनि दिएका छन् । जस्तै : वामनले काव्यको आत्मा रीति भनी बताएका छन् । रीतिबारे विभिन्न विद्वान्हरूका विभिन्न तर्क यसप्रकार छन् :-

क) भरतमुनि रीतिलाई प्रकृति भनी व्याख्या गर्ने आचार्य हुन् । उनले रीतिलाई प्रादेशिकताका आधारमा आवन्ती, दक्षिणात्या, औड्रमागधी र पाञ्चाली गरी चार भेदमा विभाजन गरेका छन् ।[१०]

ख) आचार्य वाणभट्टले पनि रीतिलाई शैली भनी चिनाएका छन् । उनले प्रादेशिकताका आधारमा उद्दीच्य, प्रतीच्य, दाक्षिणात्य र गौडी गरी चार भेदमा वर्णन गरेका छन् ।[११]

ग) आचार्य भामहले वैदर्भी र गौडी दुई भेद मात्र गरेका छन्, जसलाई अलङ्कार गुणका आधारमा व्याख्या गरेका छन् ।[१२]

---

[९] विश्वनाथ, **साहित्य दर्पण**, सत्यव्रत सिंह, वाराणसी : चौखम्बा विद्याभवन, पृ. ६५६ ।

[१०] मधुसूदन गिरी र रामनाथ ओझा, **शोध, सृजना तथा काव्यशास्त्र,** काठमाडौं : न्यू हीरा बुक्स इन्टरप्राइजेज, २०६०, पृ. ३३४ ।

[११] ऐजन ।

[१२] ऐजन ।

घ) दण्डीले पनि रीतिलाई दुई भेदमा चिनाएका छन्  उनको विचार भामहसँग मिल्दोजुल्दो भएपनि गुणको आधारमा मात्र रीतिको पहिचान गराएका छन् ।[१३]

ङ) वामन यस्ता आचार्य हुन्, जसले रीतिलाई रीतिकै नाममा ३ भेदबाट व्याख्या गरेका छन् । वैदर्भी, गौडी र पाञ्चालीलाई गुणका आधारमा काव्यको आत्मा नै रीति हो भनी बताएका छन् । दण्डीले दश गुणलाई रीतिको प्राणतत्त्व मानेका छन् ।[१४]

च) आचार्य उद्भटले अनुप्रासका आधारमा रीतिलाई वृत्ति शब्दबाट स्पष्टीकरण गर्दै परुषा र ग्राम्या तथा कोमला गरी वृत्तिका तीन भेद गरेका छन् ।[१५]

छ) त्यस्तै आचार्य आनन्दवर्धनले रीतिलाई सङ्घटनाका नामबाट चिनाएका छन् र समासका आधारमा असमासा, मध्यमसमासा र दीर्घसमासा गरी तीन भेद गरेका छन् ।[१६]

ज) आचार्य राजशेखरले रीतिलाई रीतिकै नामबाट वर्णन गर्दै यसका ४ प्रकारका भेद रहेको स्वीकार गरेका छन्, जुन समासका आधारमा नै बच्छोभी, मागधी, पाञ्चाली र मैथिली रहेका छन् ।[१७]

झ) आचार्य कुन्तकले रीतिलाई मार्ग भन्ने मानेका छन् । सुकुमार, विचित्रा र मध्यमा गरी जम्मा तीन भेद गर्दै गुण र समासका आधारमा रीतिको व्याख्या गरेका छन् ।[१८]

ञ) भोजले रीतिलाई ६ प्रकारमा बाँडेका छन्, जसलाई वैदर्भी, गौडी, पाञ्चाली, लाटी, आवन्तिका र मागधी भनिएको छ । यसलाई समासका आधारमा विभाजन गरिएको छ ।[१९]

---

[१३] ऐजन ।
[१४] मधुसूदन गिरी र रामनाथ ओझा, **शोध, सृजना तथा काव्यशास्त्र,** पूर्ववत्, पृ. ३३४ ।
[१५] ऐजन ।
[१६] ऐजन ।
[१७] ऐजन ।
[१८] हेमाङ्गराज अधिकारी, **पूर्वीय समालचोचना सिद्धान्त,** ललितपुर : साझा प्रकाशन, २०४३, पृ. ७७ ।
[१९] मधुसूदन गिरी र रामनाथ ओझा, **शोध, सृजना तथा काव्यशास्त्र,** पूर्ववत्, पृ. ३३४ ।

ट)	आचार्य मम्मट रीतिलाई धेरै महत्त्व दिँदैनन् । उनले गुणका आधारमा रीतिलाई वृत्ति भन्ने शब्दले पहिचान गराउँदै उपनागरिका, परुषा र कोमला गरी वृत्ति (रीति) तीन प्रकारमा व्याख्या गरेका छन् । यही तीन वृत्तिलाई कायम गरी आचार्यहरूले वैदर्भी, गौडी र पाञ्चाली भनी तीन रीतिहरू मानेका छन् ।[२०]

ठ)	**अग्निपुराण**मा प्रस्ट भनिएको छ-

**वाग्विद्यासम्प्रतिज्ञाने रीतिः सापि चतुर्विधा ।**

**पाञ्चाली, गौडदेशीया वैदर्भी लाटजा तथा ॥**

समासका आधारमा रीतिलाई चार प्रकारमा विभाजन गरी वैदर्भी, गौडी, पाञ्चाली र लाटी गरी चार भेद गरिएको छ ।[२१]

ड)	विश्वनाथले पनि **अग्निपुराण**मा झैँ चार भेद गरी गुणाभिव्यञ्जक वर्ण र समासका आधारमा वैदर्भी, गौडी र पाञ्चाली तथा लाटी भनी विभाजन गरेका छन् ।[२२]

यसरी सङ्ख्यामा विविधता भए तापनि रीतिका सम्बन्धमा वामन नै मुख्य आचार्य हुन्, जसले रीतिका बारेमा विशद व्याख्या र विश्लेषण गरेका छन् । भेदमा कसैको ६ र कसैको २ भेद रहेकोमा वामनले मुख्य ३ भेद नै रीतिको मुख्य भेद मानेका छन् । रीति महाकाव्यको भाषिक तत्त्वसँग प्रत्यक्ष सम्बन्ध रहने हुनाले सैद्धान्तिक पक्षका आधारमा पनि रीति महाकाव्यका लागि महत्त्वपूर्ण तत्त्वका रूपमा रहेको छ ।

## ३.१.३ अलङ्कार सिद्धान्त र महाकाव्य

अलङ्कार काव्यको गहना हो । यसले काव्यलाई सुन्दर र सुरम्य बनाउने गर्दछ । जसरी राजा महाराजाहरू केयूर, मुकुट आदि लगाएर शोभित हुन्छन् त्यसैगरी अलङ्कारबाट काव्य शोभित हुन्छ । अलङ्कारका विशेषतः शब्दालङ्कार र अर्थालङ्कार गरी दुई भेद मुख्य छन् ।

---

[२०] ऐजन ।

[२१] वेदव्यास, **अग्निपुराण,** पूर्ववत्, पृ. ४९४ ।

[२२] मोहनराज शर्मा र खगेन्द्रप्रसाद लुइटेल, **पूर्वीय र पाश्चात्य साहित्य सिद्धान्त,** काठमाडौं : विद्यार्थी पुस्तक भण्डार, २०६३, पृ. ७४ ।

शब्दालङ्कार अन्तर्गत छेकानुप्रास, वृत्त्यनुप्रास, श्रुत्यनुप्रास, अन्त्यानुप्रास र लाटानुप्रास तथा यमक गरी पाँच प्रकारका अलङ्कार छन् ।[२३]

यसरी शब्दालङ्कार र अर्थालङ्कार एक अर्काका पूरक हुन् । जसरी हार वा गहनाले स्त्रीको स्तन वा घाँटी, वक्षस्थलमा शोभित हुन्छ त्यसरी नै शब्द र अर्थालङ्कारले काव्य शोभित हुन्छ । यसरी शब्द र अर्थमा निहित जो अलङ्कार हुन्छ, त्यसले शब्द र अर्थ दुवैलाई विभूषित तुल्याउँछ । यसैले महाकाव्यलाई सुन्दर बनाउने तत्त्वका रुपमा अलङ्कारको महत्त्व रहेको छ ।

### ३.१.४ ध्वनि सिद्धान्त र महाकाव्य

काव्यको आत्मा ध्वनि हो भन्ने ध्वनिसम्प्रदाय काव्यको प्रमुख सिद्धान्त हो । यस ध्वनिभित्र व्यञ्जक शब्द, व्यङ्ग्य अर्थ, व्यञ्जक अर्थ, व्यञ्जनावृत्ति, व्यङ्ग्यप्रधान काव्य पर्दछन् । यो सम्प्रदाय सबै सम्प्रदाय भन्दा माथि उठेको र अनुगामी धेरै भएको सम्प्रदाय हो । यस सम्प्रदाय अन्तर्गत आनन्दवर्धन, मम्मट आदि विद्वान्हरू रहेका छन् ।[२४] महाकाव्यमा रहनुपर्ने ध्वनितत्त्वको व्यञ्जनाव्यापारद्वारा अभिव्यक्त हुने ध्वनित भएकाले महाकाव्यलाई पुष्ट बनाउने सन्दर्भमा महत्त्वपूर्ण भूमिका रहन्छ ।

### ३.१.५ निष्कर्ष

महाकव्य सर्गबन्ध भएको, देवता वा उत्तमवंशज धीरोदात्त, क्षेत्रीय वा उदात्त कुलको, शृङ्गार, शान्त र वीर रसमध्ये कुनै एक मुख्य र अन्य रस सहायक हुनुपर्ने, महाभारत वा इतिहासको कुनै सज्जनको चरित्रको वर्णन भएको हुनुपर्छ । धर्म, अर्थ, काम र मोक्षमध्ये कुनै एकको प्राप्ति हुनुपर्ने, ग्रन्थको आरम्भमा नमस्कारात्मक, वस्तुनिर्देशात्मक र आशीर्वादात्मकमध्ये कुनै एकबाट मङ्गलाचरण हुनुपर्ने, आठसर्ग भन्दा बढी, न धेरै लामो न धेरै छाटो, आगामी सर्गका कथा सङ्केत, चन्द्र सूर्य, पर्वत, स्वर्ग, वनविहार, पुत्रोत्पादन,

---

[२३] पूर्ववत्, पृ. ६२-६४ ।

[२४] वेणीमाधव ढकाल (टीका.), **काव्यदीपिका,** प्रस्तावना खण्ड, दोस्रो संस्करण : काठमाडौं : विद्यार्थी पुस्तक भण्डार, २०६७, पृ. ग ।

जलक्रीडा आदिको वर्णन हुनुपर्ने मान्यता रहेको पाइन्छ । महाकाव्यमा रस, रीति, अलङ्कार र ध्वनिले आ-आफ्नै किसिमले महत्त्वपूर्ण भूमिका खेलेका हुन्छन् । कुनै पनि कृतिमा रस भएन भने त्यो कृति रोचक बन्न सक्दैन । महाकाव्यमा काव्यको प्राणतत्त्वका रूपमा रसलाई लिइएको हुन्छ । त्यस्तै पदहरूको मेल गर्ने कार्य रीतिले गरेको हुन्छ भने अलङ्कारले काव्यलाई सु-शोभित बनाउने र महाकाव्यमा व्यङ्ग्य अर्थ दिने काम ध्वनिले गरेको हुन्छ ।

## ३.२ नेपाली महाकाव्यको विकासक्रम

नेपाली साहित्यमा महाकव्यको कालक्रमिक स्थिति के रहेको छ, त्यसको अध्ययनका लागि प्राथमिक, माध्यमिक र आधुनिक गरी तीन कालखण्डमा विभजित गरी अध्ययन गरिएको छ-

क) प्राथमिक काल (वि.सं. १८२५-१९४०)

ख) माध्यमिक काल (वि.सं. १९४१-१९७४)

ग) आधुनिक काल (वि.सं. १९७५ देखि हालसम्म)

### क) प्राथमिक काल (वि.सं. १८२५-१९४०)

प्राथमिक कालीन यस समयावधिलाई पनि सुगौली सन्धिलाई मध्यबिन्दु बनाएर त्यसपूर्वको समयावधिलाई पूवार्द्ध चरण र त्यस पछाडिको (१८७२-१९४०) सम्मको समयावधिलाई उत्तरार्द्ध चरणको रूपमा प्रस्तुत गरिन्छ ।

### अ) पूवार्द्ध चरण (१८२५-१८७२)

नेपाली कविताको प्राथमिक कालीन पूवार्द्ध चरणलाई धारागत रूपमा वीरधाराको काल भने चिनिन्छ । यस धारामा वीर, हास्य, शृङ्गार, नैतिक, सामाजिक, देशप्रेम, व्यङ्ग्य, आध्यात्मिक, चेतनामूलक प्रवृत्तिहरू झल्किए पनि प्रबलहरूपमा वीर वन्दना, प्रशस्ती गान, वीर प्रवृत्तिको उच्च घोष सामूहिक स्वरको उन्मेष फेला पर्छ, त्यसकारण पूवार्द्ध चरणलाई वीरधाराका रूपमा चिनिन्छ । तत्कालीन कविहरूमा नव नेपालको निर्माण र विस्तार जस्तो युगिन उच्च लक्ष्यपूर्ण वीरताका युक्तियुक्त सौर्य र वीरप्रकरण प्रसङ्गले कवित्वका वीरतापूर्ण प्रवाह प्रकटित

हुन पुगेको छ । नेपाली कविताको प्राथमिक कालीन वीरधाराका प्रवर्तक कवि सुवानन्द दास हुन् । यिनले पृथ्वीनारायण सम्बन्धी वीरगाथा पृथ्वीनारायणकै पालामा लेखेको अनुमान गर्न सकिन्छ । त्यस्तै शक्तिवल्लभ अर्यालका **जयरत्नाकर** नाटक, **सुधातरङ्गिणी, दानप्रकाश, हास्यकदम्ब** र **महाभारत विराटपर्व** तथा उदयानन्द अर्यालका रचनाहरूमध्ये **दुःस्वप्नदोषहरस्तोत्र, बेतालपच्चीसी, सोमेश्वरवर्णन, कुलवर्णन** आदि र ज्ञानमणि नेपालको पछिल्लो सूचना अनुसार प्राथमिक कालीन वीरधारामा उदयानन्दको महाकाव्यात्मक ग्रन्थका रूपमा **पृथ्वीन्द्रोदय** काव्य भेटिन्छ । यो **पृथ्वीन्द्रोदय** पृथ्वीनारायण सम्बन्धी वीरकाव्यले महाकाव्यात्मक अल्पप्राप्ति प्राप्त गरेको छ । यही महाकाव्यात्मक अल्पप्राप्ति नै वीरधाराको प्राथमिककालीन एक उत्कृष्ट प्राप्ति हुन पुगेको छ । यसले नेपाली महाकाव्य कस्तो हुन्थ्यो त्यसको बान्की प्रस्टै रूपमा खुलाएको भेट्न सकिन्छ ।

### आ) उत्तरार्द्ध चरण (१८७२-१९४०)

नेपाली कविताको प्राथमिक कालीन उत्तरार्द्ध चरणलाई भक्तिधाराको कालको रूपमा हेर्न सकिन्छ । नेपाली कवितामा भक्तिधाराको जन्म हुनुमा १८७२ को सुगौली सन्धिले आहत भएको जनमानसलाई मन बहलाउन कविहरू भक्ति मार्गतिर लागेका हुन् । त्यस्तै तत्कालीन राजनैतिक घटनाक्रम पनि यसको कारक तत्त्व हो । यस उत्तरार्द्ध चरणलाई पनि कृष्णभक्तिधारा, रामभक्तिधारा र सन्तधारामा छुट्टाइन्छ ।

#### क) कृष्णभक्ति धारा र महाकाव्य

यस कृष्णभक्ति धारामा यदुनाथ पोखरेलको *कृष्ण चरित्र* १२ श्लोक, वसन्त शर्माको *कृष्णचरित्र* र *समुद्र लहरी,* पतञ्जलि गजुरेलको *बालगोपाल वाणी, हरिभक्तमाला र जैमिनी भारत,* त्यस्तै इन्दिरसको *गोपिका स्तुति* र *गोपि रक्षा,* विद्याख्य केशरीको *युगलगीत, द्रौपदी विलाप* र *वंशी चरित्र,* हीनव्याकरर्णी विद्यापतिको *राघ बाह्रमासा, गीतवाणी, सात राग, सतनायिका, गीतगोविन्द,* छविलाल नेपालको *गोपिका स्तुति,* आदि कविताहरू फुटकर एवम् खण्डकाव्यका रूपमा प्राप्त गर्न सकिन्छ तर कृष्णभक्ति धारामा महाकाव्योन्मुख कृति फेला पर्दैन ।

## ख) रामभक्ति धारा र महाकाव्य

नेपाली कविताको प्राथमिक कालीन भक्तिधाराको दोस्रो धारा रामभक्तिधारा हो । यस समयका मुख्य कविहरूमा रघुनाथ पोखर्‍याल रामक्ति धाराका प्रथम कवि हुन् । यिनले फुटकर कविताका साथै **रामायण**को **सुन्दरकाण्ड** लेखेका छन् । यो **सुन्दरकाण्ड** खण्डकाव्यात्मक रूपमा प्राप्त छ । त्यसपछि भानुभक्त आचार्य देखापर्छन् । यिनका थुप्रै फुटकर कविता र सिङ्गा कृतिहरूका साथै महाकाव्यको रूपमा **रामायण** फेला पर्छ । यिनको **रामायण**लाई हेर्दा भानुभक्त पूर्वको रचनाहरूले काव्यात्मकताको खाँचो र भक्ति वा धर्मग्रन्थको आस्था पूरा गर्न सकेका थिएनन् । यी सबै खाँचो एवम् कमी कमजोरीलाई पूरा गर्दै **अध्यात्मरामायण**को भावानुवादका रुपमा **रामायण** देखा परेको हो । उनको यो प्रयास भाषा र संस्कृतिलाई उठाएर जातीय एकता जुटाउने महनीय सार्थक कार्य हो । त्यसैले **रामायण** युगव्यापी रूपमा महाकाव्यको दर्जामा उभिएको छ । यस धाराका अन्य कविहरूमा पतञ्जलि गजुरेल र रामदास पनि हुन् ।

## ग) सन्तधारा र महाकाव्य

प्राथमिक कालीन कविताको उत्तरार्द्ध चरणको तेस्रो धाराको रूपमा सन्तधारा रहेको छ । यस धाराका कविहरू ईश्वरीय सत्तालाई ब्रह्मको रूपमा मान्छन् । ईश्वरीय सत्ताको ब्रह्म रूपलाई साकारभन्दा निराकार रूपमा सगुणभन्दा निर्गुण रूपमा उपासना एवम् आराधना गर्नुपर्छ भन्ने निर्णयमा पुगेका छन् । ज्ञान-वैराग्यसहित ब्रह्मप्राप्ति नै जीवनको लक्ष्य हो भन्ने मान्यता राख्ने कविहरूमध्ये शशिधर, अगम दिलदास, अखण्ड दिलदास, धिर्जे दिलदास, ज्ञान दिलदास आदि प्रमुख छन् । सन्तधाराका सन्त शशिधरको **अमरभाषा** अध्यात्म विषयक महाकाव्यको रूपमा चर्चा आए पनि हालसम्म **अमरभाषा** जस्तो महाकाव्योन्मुख कृति फेला पार्न सकिएको छैन तर पनि सर्व प्राचीन पूर्णांश नेपाली महाकाव्य भने भानुभक्तको **रामायण** नै मानिन्छ ।

## ख) माध्यमिक काल (वि.सं. १९४१-१९७४)

माध्यमिक कालीन नेपाली कविताको मूल धारा शृङ्गार धारा हो । मोतीराम भट्टको आगमनसँगै आगमन भएको यस शृङ्गार धाराका कविता रचनामा सौन्दर्यचेतना रहेको छ तर पनि यस धारामा महाकाव्य सिर्जना हुन सकेको छैन । यस कालका कविताका मुख्य तीन धाराका रूपमा महाकाव्यको विकासक्रमिक स्थितिलाई हेर्न सकिन्छ ।

### अ) शृङ्गार धारा र महाकाव्य

यस शृङ्गारिक धारामा संस्कृत, अरबी, फारसी शृङ्गारिक कविताधाराबाट प्रभावित भएर विभिन्न गजलहरू, सबाई, बाह्रमासा, लहरी जस्ता मझौलास्तरका रचनाहरू भएका छन् तर यस शृङ्गार धारामा महाकाव्य रचना हुन सकेको छैन । **आनन्द लहरी**मा महाकाव्यको संरचना भए पनि अभिव्यक्ति केन्द्रित बृहत् पद्धति नभएको कारण खण्डकाव्यको स्तरमा रहेको छ ।

### आ) भक्तिधारा र महाकाव्य

भक्तिधाराको परम्परा प्राथमिक कालीन कवितामा देखिए पनि माध्यमिक कालमा गौण रूपमा देखापरेको छ । माध्यमिक कालमा यसका मुख्यतया दुई उपधारा देखिन्छन्-रामभक्तिधारा र कृष्णभक्तिधारा ।

माध्यमिक कालीन भक्तिधारामा देखापर्ने कविहरूमा कविताको चाख रहेको थिएन । दर्शनको चाख पनि भानुभक्तलाई जति थियो त्यति थिएन तर धेरैलाई श्लोकमा कथारस प्रस्तुत गरेर नाम र धन आर्जन गर्ने चाख रहेको थियो । यस दृष्टिले यस समयमा अनेक पैराणिक कथालाई श्लोकमा बाँध्ने बृहत् पद्याख्यानको महत्त्व रहेको छ । माध्यमिक कालमा यस्ता पद्याख्यानहरू निम्नानुसार चार प्रकारका पाइन्छन् :-

अ) राम कथामा आधारित बृहत् पद्याख्यान

आ) कृष्ण कथामा आधारित बृहत् पद्याख्यान

इ) महाभारतमा आधारित बृहत् पद्याख्यान

ई) श्रीमद्भागवत स्रोतमा आधारित बृहत् पद्याख्यान

माध्यमिक कालमा भक्तिधारा अन्तर्गत मुख्यतः **रामायण, महाभारत, श्रीमद्भागवत र देवी भागवत, कृष्णकथा** आदि स्रोतबाट विविध बृहत् पद्याख्यानका प्रयासहरू भएको पाइए पनि गुणात्मक बृद्धिमा भानुभक्तभन्दा कम हुँदै सङ्ख्यात्मकतालाई अगाडि बढाएका छन् । यस समयमा खास गरी महाकाव्य लेखनका लागि निरन्तरता थपिन गए तापनि खासै स्तरीयता भने थपिन सकेको पाइँदैन ।

### इ) शासकस्तुति धारा र महाकाव्य

माध्यमिक कालको अन्तिम धारा शासकस्तुति धारा हो । यस धारामा चिरञ्जीवी पौड्यालद्वारा लिखित डिल्लीशमशेरको नामबाट प्रकाशित **युरोपयात्रा**ले नेपाली महाकाव्यको विकासमा एउटा नौलो दिशा थपेको मान्न सकिन्छ । माध्यमिक कालले बृहत् पद्याख्यान मार्फत महाकाव्यसम्म पुग्ने चेष्टा गरे पनि आख्यान रसले जितेको छ । विधागत सचेतताको अभाव, सैद्धान्तिक ज्ञानको कमी र महाकाव्य रचनाको पृष्ठभूमिको अभाव जस्ता कारण माध्यमिक काल कवित्वका दृष्टिले त्यति उत्कृष्ट नभए पनि सङ्ख्यात्मक वृद्धिका दृष्टिले प्राथमिक कालभन्दा आसलाग्दो उर्वर पृष्ठभूमिसहित अगाडि बढेको प्रतीत हुन्छ ।

## ग) आधुनिक काल (वि.सं. १९७५ देखि हालसम्म)

नेपाली महाकाव्यको आधुनिक काल वि.सं. १९७५ बाट प्रारम्भ भएर हालसम्म रहन्छ । यो समय महाकाव्य लेखनका लागि उर्वर नभएपनि लेखनको प्रारम्भ र विकासको काल हो । यस समयमा लेख्य व्याकरणको अनुशासनमा कविता लेखिनु, सौन्दर्य सचेतना ख्याल गर्नु जस्ता कार्य भएका छन् भने **सूक्तिसिन्धु**को प्रकाशन पछि कवितामा आधुनिकता पनि आएको हो । यही सौन्दर्य सचेतताबाट महाकाव्य लेखनको विधागत सचेतता अर्थात् स्तरीकरणको प्रयास देखिएपछि लेख्य व्याकरणको मानक प्रयोगपछि नेपाली कविताको बृहत् रूप महाकाव्यमा आधुनिकता आएको हो । नेपाली महाकाव्यको आधुनिक काललाई विभिन्न चरणमा विभाजन गर्न सकिन्छ ।

### अ) प्रथम चरण (वि.सं. १९७६-१९९०)

नेपाली महाकाव्य लेखनको आधुनिक कालको प्रथम चरण परिष्कारवादी धाराको समय हो । यस समयमा पनि महाकाव्य लेखनमा भगीरथ प्रयास भएको पाइन्छ । यस समयमा लेखनाथ पौड्यालले फुटकर र खण्डकाव्यसम्मको रचना गरेका छन् । सोमनाथ सिग्द्यालले पनि फुटकर कवितामा ऋतुकाव्य रचना गरिसकेका थिए । यस समयमा धरणीधर कोइराला, महानन्द सापकोटा र भवानी खतिवडा जस्ता कविहरू जातीय जागरणका स्वर अलाप्न सक्रिय भए पनि कविताको उच्चतम, स्तरीय र बृहत्तर रूपको सिर्जनातर्फ लागेका थिएनन् । यस समयमा परिष्कारवादी धाराका उच्चतम प्राप्ति बालकृष्णसम महाकाव्य लेखनतर्फ अग्रसर भएका थिए । उनको वि.सं. १९७६/७७ को एक **प्रभात स्मरण**मा महाकाव्यात्मकताको आभास पाइन्छ । त्यस्तै १९७७/७८ सालमा समले नै **आर्यघाट** महाकाव्य लेख्ने महत्त्वाकाङ्क्षी प्रयास गरेका हुन् र यो अन्त्यानुप्रास विहीन अनुष्टुप छन्द, अन्तुकान्त पद्य व्याल्ङ्कभर्स शैलीमा लेखिएको थियो तर चार सर्गमा अधुरो हुन पुगेको छ । यसले समको **चिसो चुल्हो** महाकाव्यको बीज विन्यास चाहिँ गरेकै छ ।

यसरी हेर्दा नेपाली महाकाव्यको विकासमा **आर्यघाट** एउटा लोभलाग्दो प्रयास हो र यसमा जोन मिल्टनको प्रभाव रहनु महत्त्वपूर्ण तथ्य हुन पुगेको छ । परिष्कारवादी धारामा लेख्ने प्रयास सोमनाथ सिग्द्यालको **चन्द्रचरित** (१९७८-८५) हो । चन्द्रशमशेरको स्तुतिमा लेखिएको यो महाकाव्य चन्द्रशशेरको मृत्युपश्चात् तयार भएकोले र भीमशमशेर चन्द्रशमशेरको अत्यन्तै विरोधी हुनाले यो छापिएर बाहिर आउन सकेन । यसैका आवश्यक अंशलाई समेटेर सिग्द्यालले २००५ सालमा **आदर्शराघव** महाकाव्य रचना गरेका हुन् । यस्तै समयमा देखापरेको अर्को रचना देवीदत्त पराजुलीको **कविता गुच्छहार** (१९८६) हो । उनले यसलाई पहिलो मौलिक महाकाव्यको दाबी गरेको छन् । त्यस्तै दिव्यदेव पन्तको **शाहवंश** महाकाव्य अर्को प्रयास हो । यो पनि अपूर्ण प्राप्त छ । पूर्ण प्राप्त नहुन्जेल पनि अधुरै प्रयास मानिन्छ ।

### आ) द्वितीय चरण (१९९१-२०१६)

नेपाली साहित्यमा **शारदा** पत्रिकाको प्रकाशन वि.सं. १९९१ सँगै नेपाली कवितामा स्वच्छन्दतावाद भित्रिएको हो । यस युगका प्रमुख र प्रतिभाशाली कवि लक्ष्मीप्रसाद देवकोटा हुन् । नेपाली महाकाव्यको उत्कर्षकालीन केन्द्रीय व्यक्तित्व नै देवकोटा हुन् । वि.सं. २००० सालमा नेपाली साहित्यमा महाकाव्य लेखन चेष्टाका दृष्टिले महत्त्वपूर्ण हुन पुगेको देखिन्छ । मुख्य रूपमा देवकोटाले यसै वर्ष महाकाव्य लेख्ने प्रयास गरे । त्यो हो **सुषमालोचन** तर त्यो पुरा हुने सकेन । यसमा बङ्गलाभाषाका विश्वप्रसिद्ध कवि रवीन्द्रनाथको प्रभाव परेको भए पनि **सुषमालोचन** महाकाव्य पूर्ण हुन सकेन । त्यस्तै २००१-२००९ सालतिर गुणराज उपाध्यायले **कृष्ण सन्देश** महाकाव्य लेख्ने प्रयास गरे । आशु लेखन, भावको प्रचुरता र स्वतःस्फूर्ततामा रहेको देखाउने यो महाकाव्य पुराणको कृष्णकथामा आधारित छ । जे होस् नेपाली भाषामा कृष्णकथालाई लिएर लेखिएको पहिलो र प्रभावशाली तथा कृष्णभक्ति परम्पराको यो पहिलो मौलिक महाकाव्य हो ।

त्यस्तै वि.सं. २००२ सालमा महाकवि लक्ष्मीप्रसाद देवकोटा महाकाव्य लेखनमा अगाडि बढेका देखिन्छन् । यिनले तीनमहिनाको छोटो अवधिमा नै **शाकुन्तल** महाकाव्य लेखेर पुरा गरेका हुन् । नेपाली भाषालाई समृद्ध पार्ने र कवितालाई गरिमा प्रदान गर्ने नेपालीमा महाकाव्य लेखिनुपर्ने आवश्यकता रहेको थियो । त्यो देवकोटाले पुरा गरेका हुन् । **शाकुन्तल** नेपाली भषाको प्रथम मौलिक र प्रकाशित महाकाव्य भएको छ । त्यसपछि २००३ सालमा **सुलोचना, महाराणा प्रताप, वन कुसुम, पृथ्वीराज चौहान** जस्ता महाकाव्य लेखिएका हुन् । त्यस्तै **प्रमिथस** (२००७) सालमा लेखिएको हो । यसरी देवकोटाले थोरै समयमा उच्चस्तरीय महाकाव्य नेपाली साहित्यलाई दिएका छन् । त्यसपछि सोमनाथ सिग्द्यालको **आदर्श राघव** (२००५), लेखनाथ पौड्यालको **तरुण तपसी** (२०१०), बालकृष्ण समको **चिसो चुल्हो** (२०१५) महाकाव्यहरू नेपाली साहित्यले प्राप्त गरेको छ ।

महाकाव्य लेखनमा देवकोटा स्वच्छन्दतावादी धाराका सर्वोच्च प्रतिभा हुन् । यसै समयमा  सोमनाथले परिष्कारपूर्ण महाकाव्य **आदर्शराघव**, लेखनाथ पौड्यालले महाकाव्यधर्मी भनिएको **तरुण तपसी** र समले **चिसो चुल्हो** महाकाव्य रचना गरेका छन् । यसरी भानुभक्तपछि नेपाली महाकाव्यको उत्कर्ष कालमा परिष्कारवादी

कविहरूले तीनवटा महाकाव्य दिएका छन् भने देवकोटा एक्लैले ६ वटा महाकाव्य दिएर **शाकुन्तल**को गतिलाई अगाडि बढाएका छन् । यिनै नौ महाकाव्यको माध्यमबाट परिष्कारवाद र स्वच्छन्दतावादले नेपाली महाकाव्यलाई माथि उचालेको हो जुन महाकाव्यहरू नेपाली महाकाव्यको इतिहासमा शीर्षस्थ उपलब्धि हुन् ।

### इ) तृतीय चरण (२०१७ देखि हालसम्म)

नेपाली साहित्यमा २०१७ सालदेखि प्रयोगवादको थालनी भएको हो । **रूपरेखा**को माध्यमबाट २०१५ सालदेखि एकातिर प्रयोगवादी कविता थालिए भने अर्कोतिर तेस्रो आयाम थालियो तर यस युगमा कविको परिपक्वताबिना महाकाव्य लेखन असम्भव हुँदा यस युगका महाकाव्यकारहरूको महाकाव्यहरू विशुद्ध महाकाव्य हुन सकेनन् । यस प्रयोगवादी कवितामा विधागत चेतना भेटिँदैन । अबका कविता अवचेतन मनका अतिवैयक्तिक र विसङ्गत अनुभूतिलाई भाषा र शैलीका नवीनताका साथ अभिव्यक्त दुई प्रचलित भाषा र व्याकरणका क्रमलाई अतिक्रमण गर्दै आएको यो धारा पाठकका लागि दुर्बोध्य क्लिष्ट र पाठकबाट अलि टाढा हुन पुगेको देखिन्छ । २०१७ सालपछि पनि केही महाकाव्यकारहरूले महाकाव्य लेखेका छन् ।

आधुनिक काल (१९७५ देखि हालसम्म) मा आएर महाकवि लक्ष्मीप्रसाद देवकोटाद्वारा **शाकुन्तल** (२००२) महाकाव्यको रचना गरिएबाट विशेषरूपमा नेपाली महाकाव्य फाँटमा स्वच्छन्दतावादी महाकाव्य धाराको थालनी भएको हो । देवकोटाको **शाकुन्तल** महाकाव्य पहिलो मौलिक प्रकाशित र गुणात्मक नेपाली महाकाव्य हो । यसपछि नेपाली साहित्यमा महाकाव्यको लेखन परम्परा अगाडि बढ्दै आएको पाइन्छ । देवकोटा युग (२००२-२०१६) मा नेपाली साहित्यमा गुणात्मक महाकाव्यहरू देखा परेका छन् । यस अवधिलाई नेपाली महाकाव्यको उत्कर्षकाल भनिन्छ । देवकोटा उत्तरयुगमा पनि सङ्ख्यात्मक रूपमा धेरै महाकाव्यहरू देखापरेका छन् । महाकाव्यका पाठक कम हुँदै गएपनि महाकाव्य लेखन परम्परा तीव्ररूपमा अगाडि बढ्दै आएको छ । देवकोटाको समयदेखि २०५०/२०६० को दशकसम्म नेपाली साहित्यमा धेरै महाकाव्यहरू लेखिए । त्यसैले आधुनिक काललाई नेपाली महाकाव्यको स्वर्णयुग मान्न सकिन्छ । हालसम्म लेखिएका महाकाव्यको विवरण तालिका सङ्ख्या-१ मा दिइएको छ ।

## प्रारम्भदेखि हालसम्म लेखिएका महाकाव्यको विवरण

तालिका सङ्ख्या - १

| क.सं. | महाकविको नाम | क.सं | महाकाव्य | प्रकाशन मिति |
|---|---|---|---|---|
| १. | उदयानन्द अर्याल (१८३१-१८९३) | १. | पृथ्वीन्द्रोदय | २०६८ |
| २. | भानुभक्त आचार्य (१८७१-१९२५) | २. | रामायण | १९४४ |
| ३. | देवीदत्त पराजुली (१९३०-२०१०) | ३. | कविता गुच्छहार | २००५ |
| ४. | रेवतीरमण न्यौपाने (१९३३-१९९८) | ४. | विश्वजित लीला | १९६६ |
| ५. | वैजनाथ जगन्नाथ सेढाईं (१९४६-२००९) | ५. | चन्द्रमयूख, भूचन्द्रचन्द्रिका | १९७० |
| ६. | लक्ष्मीप्रसाद देवकोटा (१९६६-२०१६) | ६. | शाकुन्तल | २००२ |
| | ,, ,, | ७. | सुलोचना | २००३ |
| | ,, ,, | ८. | महाराणा प्रताप | २००३ |
| | ,, ,, | ९. | वनकुसुम | २००३ |
| | ,, ,, | १०. | पृथ्वीराज चौहान | २०४९ |
| | ,, ,, | ११. | प्रमिथस | २०२८ |
| ७. | सोमनाथ सिग्द्याल (१९४१-२०२९) | १२. | आदर्शराघव | २००५ |
| ८. | हरि अरविन्द (२००८) | १३. | वैवश्वरा विजय | – |
| ९. | आर.डी. प्रभास चटौत (१९९६) | १४. | प्रभास गीता | – |
| १०. | लेखनाथ पौड्याल (१९४१-२०२२) | १५. | तरुणतपसी (महाकाव्यधर्मी) | २०१० |
| | ,, ,, | १६. | गङ्गागौरी (अपूर्ण) | २०६३ |
| ११. | बालकृष्ण सम (१९५८-२०६८) | १७. | चिसोचुल्हो | २०१५ |
| १२. | कृष्णप्रसाद घिमिरे (१९७६-२०४९) | १८. | देश नरेश | २०१७ |
| | ,, ,, | १९. | राष्ट्रिय चरित्र | २०१७ |
| | ,, ,, | २०. | कादम्बरी | २०४३ |
| १३. | गोविन्दप्रसाद भट्टराई (१९६७-२०४३) | २१. | पृथ्वीमहेन्द्र | २०१९ |
| | ,, ,, | २२. | भावना | २०२० |

| | | | | |
|---|---|---|---|---|
| १४. | हरिहर शास्त्री (१९८०-२०३४) | २३. | उषा विनोद | २०२४ |
| | ,, ,, | २४. | रम्भा | २०२५ |
| १५. | भरतराज मन्थलीय (१९८२-२०५८) | २५. | देवयानी | २०३९ |
| | ,, ,, | २६. | श्रुतिसौरभ | २०५८ |
| १६. | पीताम्बर भोला (१९८९) | २७. | मङ्गल सुषमा | २०२२ |
| | ,, ,, | २८. | शिवासन्तति | २०४२ |
| | ,, ,, | २९. | सारस्वतेय | २०४२ |
| १७. | मोदनाथ प्रश्रित (१९९९) | ३०. | मानव | २०२३ |
| | ,, ,, | ३१. | देवासुर सङ्ग्राम | २०३० |
| १८. | मोदनाथ शास्त्री (२००२) | ३२. | भानु | २०२४ |
| | ,, ,, | ३३. | गुरुदक्षिणा | २०६२ |
| | ,, ,, | ३४. | ज्वलन्त नक्षत्र | २०६० |
| | ,, ,, | ३५. | गणेशमान | २०५८ |
| १९. | नीरविक्रम प्यासी (१९९९-२०४९) | ३६. | दबला | २०२४ |
| २०. | गुणराज उपाध्याय खनाल (१९७२-२०३१) | ३९ | श्रीकृष्ण सन्देश | २०२९ |
| २१. | ,, ,, | ४० | भरत मिलन | २०२९ |
| २२. | ,, ,, | ४१ | शाहवंश | २०२० |
| २३. | जयदेव पौडेल (१९७४-२०४४) | ४२ | गोरखाख्यायिका | २०३३ |
| २४. | उमानाथ शास्त्री 'सिन्धुलीय' (१९७८-२०३५) | ४३ | मकवानीवाला | २०३५ |
| २५. | जगदीश शमशेर राणा (१९८६) | ४४ | नरसिंह अवतार | २०३७ |
| २६. | गणेशबहादुर खत्री (१९९२) | ४५ | चमेली चन्द्र | २०३७ |
| २७. | श्रीहरि फुँयाल (२०१५) | ४६ | आँसुको सङ्ग्राम | २०३६ |
| | ,, ,, | ४७ | कर्मयोगी देवकोटा | २०६४ |
| २८. | रामचन्द्र गिरी (सन् १९०५) | ४८ | समाज दर्पण | २०३९ |
| २९. | भरतराज पन्त (१९८६-२०६३) | ४९ | दोभान | २०४१ |

| | | | | |
|---|---|---|---|---|
| ३०. | मोहन दुखुन (सन् १९४९) | ५० | मन्दाकिनी | २०४१ |
| ३१. | तुलसीराम कश्यप (१९९५-२०५४) | ५१ | जन्मभूमि | २०४३ (सिक्किम) |
| | ,, ,, | ५२ | आमा | २०४५ (सिक्किम) |
| | ,, ,, | ५३ | मन्थन | २०५० ,, |
| ३२. | भोग्यप्रसाद भण्डारी (१९८६-२०५३) | ५४ | षडानन्द चरित | २०४३ |
| ३३. | पूर्णप्रसाद शर्मा (१९८०-२०४३) | ५५ | त्रिवेणी | २०४३ |
| ३४. | वसन्तकुमार शर्मा नेपाल (१९८४) | ५६ | विप्रलम्भ | २०४४ |
| ३५. | गौरीशङ्कर उपाध्याय (सन् १९५१) | ५७ | शङ्कर | २०४४ (भुटान) |
| ३६. | पवनकुमार खनाल (२०१६) | ५८ | रामदास | २०४५ |
| | ,, ,, | ५९ | मा | २०४५ |
| | ,, ,, | ६० | विश्वप्रतिबिम्ब | २०४५ |
| | ,, ,, | ६१ | स्वदेशी सुमन | २०४८ |
| ३७. | भानुभक्त पोखरेल (१९९३) | ६२ | मृत्युञ्जय | २०४७ |
| | ,, ,, | ६३ | जागृतिराग | २०५६ |
| | ,, ,, | ६४ | हिमवत्खण्ड | २०६४ |
| ३८. | चन्द्रप्रसाद ढुङ्गाना (१९७७-२०४९) | ६५ | भीमयात्रा | २०४७ |
| ३९. | शैलेन्दुप्रकाश नेपाल (२०१८) | ६६ | जुनु | २०४८ |
| | ,, ,, | ६७ | अनामिका | २०५६ |
| | ,, ,, | ६८ | डायना | २०६२ |
| ४०. | रामनाथ शर्मा खनाल (१९६६-२०५३) | ६९ | पाण्डु | २०४९ |
| | ,, ,, | ७० | प्रजातन्त्रोदय | २०४९ |
| ४१. | रमेश खकुरेल (१९९९) | ७१ | सरिता रानी | २०४९ |
| | ,, ,, | ७२ | स्रग्धरा | २०५९ |
| ४२. | लक्ष्मीप्रसाद पोखरेल (१९७२) | ७३ | वेनवैन्यवर्णन | २०४९ |

| | | | | |
|---|---|---|---|---|
| ४३. | रामप्रसाद ज्ञवाली (२०२४) | ७४ | आँसीका फूलहरू | २०५३ |
| ४४. | ऋषिप्रसाद खनाल (२०२०) | ७५ | आर्यावर्त | २०५१ |
| ४५. | गोपीकृष्ण अधिकारी ( ? ) | ७६ | गङ्गा | २०५५ |
| | ,, ,, | ७७ | भावना | २०५७ |
| ४६. | मदनदेव भट्टराई (१९९५) | ७८ | जीवनस्मृति | २०५२ |
| ४७. | पूर्णानन्द भट्ट (१९९०) | ७९ | शान्तिविज्ञान | २०५३ |
| ४८. | चन्द्रप्रसाद न्यौपाने (२०२४) | ८० | सोल्मू | २०५३ |
| | ,, ,, | ८१ | प्रत्याघात | २०५५ |
| | ,, ,, | ८२ | सिमाना | २०५८ |
| | ,, ,, | ८३ | गौतमबुद्ध | २०५९ |
| | ,, ,, | ८४ | सिपाही | २०६१ |
| | ,, ,, | ८५ | मान्छेको यात्रा | २०६१ |
| | ,, ,, | ८६ | म | २०६२ |
| | ,, ,, | ८७ | आकस्मिक | २०६५ |
| | ,, ,, | ८८ | चन्द्रयुग | २०६५ |
| ४९. | ठाकुरप्रसाद आचार्य (२००५) | ८९ | यात्रा | २०६२ |
| ५०. | इन्दु पन्त (२०१४) | ९० | यातना (सचित्र) | ? |
| ५१. | ओमवीरसिंह बस्न्यात (१९९५) | ९१ | पासाङ ल्हामु | २०५४ |
| | ,, ,, | ९२ | सेवासैनिक झपट | २०५६ |
| | ,, ,, | ९३ | पृथ्वी | २०५८ |
| | ,, ,, | ९४ | भानुभक्त | २०६१ |
| | ,, ,, | ९५ | चक्रपाणी | २०६३ |
| ५२. | कृष्णप्रसाद आचार्य (१९९१) | ९६ | निजानन्द दिग्दर्शन | २०५५ |
| ५३. | भीष्मराज प्रसाईं (१९९८) | ९७ | आत्मसमर्पण | २०५५ |
| ५४. | भुवनहरि सिग्देल (२०१०) | ९८ | धरणीधर | २०५५ |
| | ,, ,, | ९९ | मेनुका | २०५७ |
| | ,, ,, | १०० | विभूधरा | २०६१ |
| ५५. | सावित्री सङ्गम थापा ( ? ) | १०१ | जीवनधारा | २०५५ |

| | | | | |
|---|---|---|---|---|
| ५६. | पूर्णप्रकाश नेपाल 'यात्री' (१९९१-२०६९) | १०२ | वसन्तपल्लव | २०५५ |
| | ,, ,, | १०३ | सिंजापतिवाला | २०५७ पश्चात् |
| | ,, ,, | १०४ | सिद्धिचरण सञ्चरण | २०६० |
| | ,, ,, | १०५ | उलूपी | २०६५ |
| ५७. | तारणीप्रसाद कोइराला (१९७९-२०३१) | १०६ | नैनी | २०५६ |
| ५८. | नारायणप्रसाद शर्मा अर्याल (१९९३) | १०७ | त्रिजन्मा | २०५६ |
| ५९. | दुर्गाप्रसाद अधिकारी (२०००) | १०८ | बालागुरु | २०५६ |
| ६०. | ऋषिराम न्यौपाने (१९९५) | १०९ | पुष्पाञ्जली | २०५७ |
| ६१. | पोषराज पौडेल (२००१) | ११० | शहीदगाथा | २०५७ |
| ६२. | प्रा. शिवगोपाल रिसाल (२००१) | १११ | पद्मकन्या | २०५७ |
| ६३. | नरेन्द्र पराशर (२०२७) | ११२ | गौरीशङ्कर | २०५८ |
| ६४. | जीवराज पोखरेल ( ? ) | ११३ | शिक्षक शिष्य संवाद | २०५८ |
| | ,, ,, | ११४ | बुद्धचरित | २०५९ |
| ६५. | नारायणप्रसाद पौडेल ( ? ) | ११५ | गौरीश्वर | २०५८ |
| ६६. | कुलचन्द्र कोइराला (१९८६-२०५०) | ११६ | भीमसेन थापा | २०५९ |
| ६७. | गोविन्दप्रसाद घिमिरे (२००७) | ११७ | प्रेरणा | २०५७ |
| | ,, ,, | ११८ | युगनायक | २०५९ |
| | ,, ,, | ११९ | मृत्युचक्र | २०६० |
| | ,, ,, | १२० | परिचय | सन् १९९८ |
| ६८. | डिल्लीजङ्ग गुरुङ (१९६१-२०२१) | १२१ | नेपाली तुलसी रामायण | २०५७ |
| ६९. | प्रा.डा. रमेशचन्द्र अधिकारी (२०११) | १२२ | पद्मदुर्गा | २०५३ |
| | ,, ,, | १२३ | सीतायन (खण्ड १-११) | २०५५-२०६७ |
| ७०. | भीम विराग (१९९१-२०६८) | १२४ | मोहभङ्ग | २०५९ |
| ७१. | डा. कृष्णप्रसाद आचार्य ( ? ) | १२५ | केवलमान | २०६० |
| | ,, ,, | १२६ | अन्त्यारम्भ | २०६१ |

| | | | | |
|---|---|---|---|---|
| ७२. | बुनु लामिछाने (२०३१) | १२७ | याचना | २०६० |
| | ,, ,, | १२८ | विद्रोही इन्द्रकुमारी | २०६४ |
| ७३. | माधव वियोगी (२०१८) | १२९ | छन्दशिरोमणि | २०६० |
| | ,, ,, | १३० | धर्मराज | २०६१ |
| | ,, ,, | १३१ | जगदम्बा | २०६२ |
| | ,, ,, | १३२ | जुरेली | २०६३ |
| | ,, ,, | १३३ | पुष्पलता | २०६४ |
| | ,, ,, | १३४ | नाट्यसम्राट् | २०६७ |
| ७४. | सोमराज अभय (कट्टेल) ( ? ) | १३५ | विद्रोही काले | २०६५ |
| | ,, ,, | १३६ | महार्चन | ? |
| ७५. | खेमनाथ दाहाल (२००९) | १३७ | योद्धा | २०६० |
| | ,, ,, | १३८ | श्वेतपत्र | २०६७ |
| ७६. | सदानन्द अभागी (सन् १९४७) | १३९ | तीन युग : एक कथा | २०६० |
| | ,, ,, | १४० | अग्निज्वाला | २०६१ |
| ७७. | भूषण हुमागाई | १४१ | तथागत | २०६१ |
| ७८. | प्रलाद प्रधान (?) | १४२ | खोटाङको डायरी | २०६१ |
| ७९. | काशीनाथ न्यौपाने (२००८) | १४३ | विरजा | २०६२ |
| ८०. | गुञ्जमान विश्वकर्मा (२०१९) | १४४ | विष्णु भगवान्को महावाणी | २०६२ |
| ८१. | गोपाल अश्क (२०१८) | १४५ | प्रेमान्तर (गजलमहाकाव्य) | २०६२ |
| ८२. | होमनाथ पौडेल 'हिमांशु' (२००६) | १४६ | विभूति दर्पण | २०६२ |
| ८३. | नारायणप्रसाद गौतम (२०१७) | १४७ | कुमारगौरव | २०६२ |
| | ,, ,, | १४८ | गौरीवल्लभ | २०६३ |
| | ,, ,, | १४९ | रमेशचन्द्र | २०६४ |
| | ,, ,, | १५० | भवानीवैभव | ? |
| ८४. | खेमराज केशवशरण (१९९४) | १५१ | मानवता | २०६३ |
| ८५. | डा. गार्गी शर्मा (२००५) | १५२ | गोमा | २०६३ |

| | | | | |
|---|---|---|---|---|
| ८६. | होमनाथ सुवेदी ( ? ) | १५३ | यो समाज | ? |
| ८७. | नीलकण्ठ भट्टराई (२०१४) | १५४ | महामानव | २०६३ |
| ८८. | रामनाथ अधिकारी 'सँगी' (२००६) | १५५ | श्रीस्वस्थानी | २०६४ |
| | ,, ,, | १५६ | मनिराज | २०६५ |
| | ,, ,, | १५७ | बलराम | २०६६ |
| ८९. | डा. गणेशकुमार पौडेल (२०१०) | १५८ | सुङ्गुरको महिमा | २०६७ |
| ९०. | छन्दिका घिमिरे (२०४२) | १५९ | आदर्शपुष्पा | २०६४ |
| ९१. | जनार्दनशरण त्रिपाठी (२००४) | १६० | नेपालश्री | २०६४ |
| ९२. | हरिहर सविता (२०१०) | १६१ | पुष्पपत्र | २०६५ |
| ९३. | कलानिधि दाहाल | १६२ | विभाजित विश्व | २०६५ |
| ९४. | डा. विष्णुराज आत्रेय (?) | १७६ | वैदेही | २०६५ |
| ९५. | छन्दमणि त्रिपाठी (२०४४) | १६३ | नयाँ नेपाल | २०६७ |
| ९६. | नारायणप्रसाद पोखरेल (२०२०) | १६४ | अमर गाथा | २०६७ |
| ९७. | भूपेन्द्र सुवेदी (१९९५) | १६५ | मङ्गला | २०६७ |
| ९८. | विष्णु भण्डारी (?) | १६६ | उत्सर्ग (गद्य) | २०६७ |
| ९९. | मनिराज जोशी ( ? ) | १६७ | शैलेश्वरी | २०६७ |
| १००. | मोहनप्रसाद खनाल ( ? ) | १६८ | यात्रा | २०६७ |
| १०१. | ईश्वरी ओझा (१९९६) | १६९ | अभिभारा | २०६८ |
| १०२. | नवराज लम्साल (२०२६) | १७० | कर्ण | २०६६ |
| १०३. | वसन्त वराकोटी (२००४) | १७१ | मुक्ति सङ्ग्राम | २०६८ |
| १०४. | भीमकुमार श्रेष्ठ ( ? ) | १७२ | बन्दीपुर | २०६९ |
| १०५. | प्रा.डा. वेणीमाधव ढकाल (२००५) | १७३ | रश्मिप्रभास | २०६९ |
| १०६. | कृष्णादेवी शर्मा (श्रेष्ठ) (२००९) | १७४ | क्रान्तिकारी विश्वेश्वर | २०६९ |
| १०७. | माधव भट्टराई (?) | १७५ | मनकामना | ? |

## ३.२.१ निष्कर्ष

नेपाली सहित्यमा महाकाव्यको विकासक्रमलाई प्राथमिक माध्यमिक र आधुनिक काल गरी तीन मुख्य भागमा विभाजन गरी तिनलाई पनि विभिन्न उपभागमा विभाजन गरिएको छ । प्राचीनकालमा महाकाव्य लेख्ने प्रयास गरिएपनि पूर्णांश नेपाली महाकाव्य भने

भानुभक्तको **रामायण**लाई मानिन्छ । माध्यमिक कालमा **महाभारत, श्रीमद्भागवत, देवीभागवत, कृष्णचरित्र** आदि स्रोतबाट विविध बृहत् पद्याख्यानका प्रयासहरू भएपनि गुणात्मक बृद्धि हुन सकेको देखिँदैन । त्यसै गरी महाकाव्य लेख्ने प्रयाश १९७६/७७ देखि नै भएपनि पूरा हुन नसके पछि सोमनाथ सिग्द्यालद्वारा २००५ सालमा लेखिएको **आदर्शराघव** महाकाव्य नै पहिलो पूर्ण महाकाव्यको रूपमा देखा परेको छ । त्यस्तै २००२ सालमा देवकोटाको **शाकुन्तल, सुलोचना** (२००३), **महाराणाप्रताप** आदि र समको **चिसो चुल्हो** (२०१५), हुँदै होमनाथ पौडेल 'हिमांशु' को **विभूति दर्पण** महाकाव्यसम्म आइपुग्दा नेपाली साहित्यमा झन्डै १७५ भन्दा बढी महाकाव्य लेखिएकाले आधुनिक काललाई नेपाली महाकाव्यको स्वर्णयुग मान्न सकिन्छ ।

## ३.३ महाकाव्य सम्बन्धी पूर्वीय धारणा/मान्यता

पूर्वीय साहित्यमा **रामायण** र **महाभारत** जस्ता बृहत्तर महाकाव्य र आर्षयुगदेखि प्रचलित गाथाचक्र र इतिहासहरूलाई अनुगमन गरेर विभिन्न चिन्तकहरूले महाकाव्य सम्बन्धी आ-आफ्ना अवधारणाहरू प्रस्तुत गरेका छन् । पूर्वीय साहित्य चिन्तन परम्परामा प्रथम आचार्यका रूपमा भरतमुनि सम्मानित छन् तर उनको काव्य चिन्तन नाट्यकेन्द्री पाइन्छ । छैटौँ शताब्दीका आचार्य भामह नै महाकाव्य सम्बन्धी आवाज उठाउने पहिला आचार्य हुन् ।

"लामो कथानक भएको महान् चरित्रहरूमा आधारित नाटकीय पञ्चसन्धिद्वारा युक्त उत्कृष्ट एवम् अलङ्कृत शैलीमा रचित जीवनका विविध रूप र कार्यहरूको वर्णन गर्ने सर्गबन्ध सुखान्त काव्य नै महाकाव्य हो ।"[२५] प्रस्तुत परिभाषाको अध्ययन गर्दा उनको लक्षित ग्रन्थ **रामायण** र **महाभारत** नै रहेको स्पष्ट हुन्छ ।

## ३.३.१ महाकाव्य सम्बन्धी पाश्चात्य धारणाहरू

पाश्चात्य काव्य चिन्तनको ऐतिहासिक परम्परा खोज्दै जाँदा प्लेटोसम्म पुग्नुपर्ने हुन्छ । काव्य चिन्तनका पहिला ठोस तर्कहरू निकाले पनि महाकाव्यका सन्दर्भमा उनको चिन्तन पाइँदैन । महाकाव्य सम्बन्धी चिन्तनका दृष्टिले अरिस्टोटल नै प्रथम व्यक्ति हुन् तर

[२५] भामह, **काव्यालङ्कार,** देवेन्द्रनाथ शर्मा (भाष्यकार), पटना : विहार राष्ट्रभाषा परिषद्, २०२२, पृ. ११ ।

पनि उनले महाकाव्य सम्बन्धी छुट्टै चिन्तन गरेका छैनन् । दुःखान्तको चर्चा गर्ने क्रममा महाकाव्य सम्बन्धी आफ्ना धारणाहरू भने अभिव्यक्त गरेको पाइन्छ । आफ्नो काव्यशास्त्रको अध्याय २२,२३ र २४ मा महाकाव्य र दुःखान्तका बिच तुलना गरेका छन् । महाकाव्यका सन्दर्भमा उनको अभिमत यसप्रकार रहेको छ :-

> "महाकाव्यमा आफ्ना सीमासित विस्तार गर्ने विशिष्ट क्षमता हुन्छ । जहाँसम्म यस्तो काव्यानुकृतिको प्रश्न छ जसको रूप आख्यानात्मक तथा छन्द एउटा मात्र प्रयुक्त हुन्छ । कथानकको विकास आदि, मध्य र अन्त्य अन्वितिमा यो काव्यको रूप एक जीवन्त प्राणीजस्तो हुन्छ । यसले विशिष्ट आनन्द प्रदान गर्दछ ।"[२६]

अरिस्टोटलको उक्त कथन अनुसार महाकाव्य लचिलो प्रबन्धयुक्त, आख्यानात्मक, एक छन्दमा आबद्ध, कथानकीय विकासमा आदि, मध्य र अन्त्यको उचित परिपालन भएको पञ्चसन्धियुक्त एउटा सिङ्गो र पूर्ण कथानक भएको सु-सङ्गठीत एवम् आलङ्कारिक पदयुक्त काव्यकृति हो ।

बीसौं शताब्दीमा सी.एम. कावराले आफ्ना महाकाव्य सम्बन्धी धारणा यसरी व्यक्त गरेका छन् :-

> "त्यो बृहदाकार कथात्मक काव्य महाकाव्य हो, जसमा महत्त्वपूर्ण र गरिमायुक्त घटनाहरूको वर्णन हुन्छ, तथा जसमा केही पात्रहरूको क्रियाशील एवम् भयङ्कर कार्यले भरिएको जीवनकथा हुन्छ । त्यो पढ्दा हामीलाई एक किसिमको आनन्द प्राप्त हुन्छ किनभने यसका घटना र पात्रहरूले हाम्रा हृदयमा मानवीय उपलब्धीहरू तथा गौरव र महत्त्वप्रति दृढ आस्था उत्पन्न गरिदिन्छन् ।"[२७]

त्यसैगरी पछिल्ला समीक्षक राल्फफक्सको बिचारमा कलात्मक अभिरुचिहरूको पूर्ति महाकाव्यले गर्दछ र महाकाव्यमा नै समाजको पूर्ण अभिव्यक्ति हुन सक्छ भन्ने भाव पाइन्छ ।

महाकाव्य सम्बन्धी वाल्टेयरको मत यसप्रकार छ :- "त्यो काव्य ग्रन्थ नै महाकाव्य हो जसमा महत्त्वपूर्ण घटनाको वर्णन हुन्छ र जसलाई समाजले व्यवहारत

[२६] वेणीमाधव ढकाल (अनु.), **काव्यदीपिका,** पूर्ववत्, पृ. ग ।
[२७] ऐजन ।

महाकाव्य मान्न थाल्दछ । यसको घटना सरल होस् वा जटिल एक स्थान घटित होस् या संसारका अनेक स्थानमा, नायक पनि एक होस् वा अनेक, अभागी होस वा भाग्यशाली, भयङ्कर क्रोधी होस् वा अतीव धर्मात्मा, राजा होस् वा धर्तीको स्वर्गको होस् वा नरकको त्यसमा केही छैन । यी सब कुराहरूका अतिरिक्त कुनै मान्य महाकाव्यलाई तबसम्म महाकाव्य नै भन्दै गइन्छ जबसम्म हामी यसका गुणहरूको अनुरूप यसलाई अरू-अरू कुनै नामाकरण गरिदिन्नौं ।"[२८]

महाकाव्य सम्बन्धी माथिका मान्यताहरूको अध्ययन गर्दा पश्चिममा अरस्तुले महाकाव्य सम्बन्धमा जे जति भने त्यसभन्दा बढी पछिका विद्वान्हरूले खास थप कुरा केही भन्न सकेका देखिँदैन । यसरी महाकाव्य सम्बन्धी पाश्चात्य मान्यतालाई अवलोकन गर्दा महाकाव्यको सन्दर्भमा यस्तो निष्कर्ष निस्कन्छ :-

"महाकाव्य छन्दोबद्ध, आलङ्कारिक पदहरूले युक्त, समाख्यानात्मक, सिङ्गो युग, समाज, जीवन वा सभ्यता र संस्कृतिलाई प्रतिबिम्बित गर्ने सर्गबन्ध महासंरचना हो ।"

## ३.३.२ महाकाव्य सम्बन्धी अन्य धारणाहरू

महाकाव्यका सन्दर्भमा व्यक्त भएका पूर्व पश्चिमका धारणा बाहेक केही भारतीय एवम् नेपाली विद्वान्हरूका धारणा पनि यहाँ सान्दर्भिक हुने हुनाले अन्य विद्वान्का महाकाव्य सम्बन्धी धारणाहरूको चर्चा गरिन्छ ।

भारतीय समालोचक एवम् पूर्वीय र पाश्चात्य साहित्य शास्त्रका व्याख्या नगेन्द्रले उदात्त कथानक उदात्त नायक, उदात्त उद्देश्य भाव एवम् शैली भएको छन्दोबद्ध काव्य ग्रन्थका रूपमा लिइएको पाइन्छ । यसरी नगेन्द्रले महाकाव्यलाई एक महान् ग्रन्थका रूपमा सम्मान गर्न चाहेको बुझिन्छ । भगीरथ मिश्रका अनुसार "महाकविको कल्पना संयम तर प्रबल हुन्छ, उसभित्र नव-नव निर्माणको चेतना साथै हरेक वस्तुहरूमा विशेषताहरू अत्यन्तै शुक्ष्म रूपमा निरीक्षण गर्न सक्ने क्षमता रहन्छ । महाकवि भित्र रहेको शब्दावलीका जादुले गर्दा महाकवि र अन्य कविका बिचमा भिन्नता पाइन्छ । अतः महाकाव्य आफ्नो महतामा

[२८] ऐजन ।

अक्षुण्ण रहन्छ"[२९] महाकाव्य सम्बन्धी मिश्रको उपर्युक्त कथन महाकाव्यलाई विपुलाकार कृतिका रूपमा सम्मानित गर्नेतर्फ झुकेको देखिन्छ ।

नेपाली साहित्यकार समालोचकहरूको महाकाव्य सम्बन्धी धारणा यसप्रकार छ :-

> वासुदेव त्रिपाठी र अन्यका अनुसार "महाकाव्य कविता विधाको सबभन्दा विशाल त्यस्तो बृहत् तथा बृहत्तर उपविधागत भेद हो । जसमा साङ्गीतिक भाव प्रवाहको रूपमा कविताको प्राधान्य रहने गरी आख्यानका माध्यमबाट समग्र जीवनजगत्को विस्तृत कथन प्रायः सर्गबन्ध बृहत् भाषिक सूचनाद्वारा गरिन्छ । महाकाव्यका रचनामा विपुल, जयप्रवाद र विशाल भावराशी तथा समग्र जीवन जगत्को आख्यानीकरण बृहत् भाषिक संरचना मुख्य चार पक्षका रूपमा रही यिनले कवित्वको विस्तृति र व्याप्तिका साथै घनत्वलाई अभिव्यक्त गर्दछ ।"[३०]

उक्त भनाई अनुसार महाकाव्य विपुल, प्रवाहयुक्त, व्यापक आख्यान समेटेको बृहत् भाषिक संरचना भएको विशाल भावराशि समेटेको ग्रन्थका रूपमा परिभाषित गरेको देखिन्छ । यसबाट महाकाव्यमा लय प्रवाह कथानक भाषिक संरचना एवम् भावराशि महान् एवम् उदात्त रहने कुराको पुष्टि हुन्छ । वासुदेव त्रिपाठीले **मेघनादबध**को भूमिकामा महाकाव्यलाई यसरी प्रस्तुत गरेका छन् :-

नेपाली महाकाव्य परम्परामा नयाँ आयाम ल्याउने कवि बालकृष्ण समले महाकाव्यलाई यसरी परिभाषित गरेका छन् :-

"संलग्न रूपले लेखिएका धेरै कविताहरूको सङ्ग्रह नै महाकाव्य हो ।"[३१]

यसरी उपर्युक्त धारणाहरूबाट महाकाव्यलाई जीवनजगत्को विस्तृत एवम् विराट् अभिव्यञ्जना गर्ने दरिलो आख्यान भएको र त्यसलाई वहन गर्न सक्ने नायक भएको शाश्वत काव्यकृतिका रूपमा परिभाषित गरिन्छ ।

### ३.३.३ अरिस्टोटलको विचारमा महाकाव्यको रचनाशैली तथा तत्त्व

महाकाव्यको रचनाशैली समाख्यानात्मक हुन्छ तर समर्थ कविले नाट्यशैलीको पनि प्रयोग गर्दछ । होमर जस्ता कुशल कवि प्रस्तावनाको रूपमा केही शब्द भनी चाँडै नै कुनै स्त्री वा पुरुष पात्रलाई मञ्चमा ल्याउँछन् भन्दै यसरी परोक्ष वर्णनात्मक शैली र प्रत्यक्ष

[२९] भागीरथ मिश्र, **काव्यशास्त्र,** वाराणसी : विश्वविद्यालय प्रकाशन, २०४७, पृ. ४५ ।
[३०] वासुदेव त्रिपाठी र अन्य (सम्पा.), **नेपाली कविता** भाग-४, ललितपुर : साझा प्रकाशन, २०४८ ।
[३१] बालकृष्ण सम, **चिसोचूल्हो,** पूर्ववत्, पृ. भूमिका खण्ड ।

नाटकीय शैली दुवैको प्रयोग महाकाव्यमा हुन्छ, तर अरिस्टोटल नाटकीय शैलीलाई बढी रुचाउँछन् भनिएको छ ।

यस्तै उनको विचारमा भाषाशैली प्रसन्न हुनुपर्छ, क्षुद्र होइन । असामान्य अर्थात् अप्रचलित शब्दहरूको विन्यासद्वारा उदात्त भाषाको उपयोगका उनी पक्षपाती छन् भनिएको छ ।

यसरी नै अरिस्टोटलले महाकाव्यमा छन्दलाई अनिवार्य मानेका छन् र एकमात्र षट्पदी वीर छन्दको विधान गर्दै वस्तु, चरित्र, विचार र पदावली जस्ता मुख्य चार तत्त्वहरूको स्थिति रहन्छ भनेका छन् । अरिस्टोटलका मतमा नायक वैभवशाली, यशस्वी र कुलीन हुनुपर्दछ भन्दै मानवीय दोष पनि देखिनु पर्दछ भनेको छन् । साथै महाकाव्यको प्रयोजन र प्रभाव दुःखान्तको मनोवेगको विरेचन र आनन्द दिनु हो भन्ने उनको विचार रहेको छ ।"[३२] यसप्रकार महाकाव्य सम्बन्धी अरिस्टोटलको विचार पाश्चात्य प्रतिनिधि एवम् चिन्तनमूलक रहको देखिन्छ ।

## ३.३.४ महाकाव्यको पूर्वीय र पाश्चात्य मान्यताको तुलनात्मक समीक्षा

अरिस्टोटलले महाकाव्यको वस्तुको आधार जातीय दन्त्यकथा, इतिहास र कवि कल्पनालाई मानेका छन् भने संस्कृतका आचार्यहरूले इतिहास, पुराण र कविकल्पनालाई मानेका छन् तर दुवैथरी महाकाव्यमा महान् विषय र भव्यतर जीवनको चित्रणको आग्रह पाइन्छ ।[३३] दुवैथरीका विचारमा नायक कुलीन भद्र, यशस्वी, वैभवशाली र पराक्रमी हुनुपर्छ । परन्तु अरिस्टोटलले सहज मानवीय दुर्बलताको प्रकाशनको समर्थन गरेका छन् भने पूर्वीय विद्वान्हरूले आदर्श चरित्र माथि नै जोड दिएका छन् र दोष प्रदर्शन वर्जित मानेका छन् ।[३४] रचनाशैली दुवैको दृष्टिमा समाज रहेको र पूर्वीय महाकाव्यहरू पनि समाख्यानात्मक र नाटकीय दुवै शैलीमा आबद्ध छन् भन्ने उपाध्यायको कथन रहेको छ ।[३५] भाषाको विषयमा पनि दुवैथरीले अलङ्कृत, लाक्षणिक र अभिव्यञ्जनात्मक शब्दहरूको प्रयोगको विधान गरेका छन् । महाकाव्य छन्दोबद्ध हुनुपर्छ भन्ने दुवैथरीको विचार छ चर फरक के छ भने पाश्चात्यका अनुसार केवल एक वीर छन्दको प्रयोग गर्नुपर्छ भने पूर्वीय

[३२] केशवप्रसाद उपाध्याय, **साहित्यप्रकाश,** सातौँ संस्करण, ललितपुर : साझा प्रकाशन, २०६७, पृ. ९६ ।
[३३] पूर्ववत्, पृ. ९७
[३४] ऐजन ।
[३५] कृष्णकान्त काफ्ले, पूर्ववत्, पृ. २६ ।

आचार्यहरूका अनुसार विविध छन्दहरूको प्रयोग आवश्यक ठानिन्छ ।[३६] पाश्चात्यहरूले महाकाव्यका चार तत्त्वहरूको अवस्थिति मानेका छन् । संस्कृतका मनीषीहरूले तत्त्वहरूको अलग विवेचना नगरे पनि वस्तु, नेता र रस तीन तत्त्वहरूलाई विशेष महत्त्व प्रदान गरेका छन् ।[३७] अरिस्टोटलले महाकाव्यको प्रयोजन दुःखान्तककै झैँ मनोविकारको विरेचन र तज्जन्य मन शान्ति हो भनेका छन् भने प्रभाव चाँहि आह्लाद हो भन्ने मानेका छन् । संस्कृत आचार्यहरूले यसको प्रयोग पुरुषार्थ चतुष्ट्य धर्म, अर्थ, काम, मोक्षमध्ये कुनै एक वा सबैको प्राप्ति मानेका छन् र प्रभाव, मनोविनोद र परमानन्द लाभको अपेक्षा गर्दै आफ्नो-आफ्नो किसिमबाट दुवैथरी उल्लेख गरिएको छ ।[३८] पाश्चात्यका अनुसार महाकाव्यलाई सरल, जटिल, नैतिक र करुण गरी चार प्रकारका मानेका छन् । संस्कृत साहित्यमा यसको विभाजन रीतिमुक्त, रीतियुक्त, श्लिष्ट (अनेकार्थी), रीतिनियमोपेक्षक गरी चारै रूपमा गरिएको छ । तर दुवैका शब्दावली भिन्न छन्, रूप पनि भिन्न छन् ।[३९] यसरी पूर्वीय र पाश्चात्य दुवैथरी विद्वान्हरूले महाकाव्य रचनाशैलीका बारेमा महत्त्वपूर्ण विचार अभिव्यक्त गरेका छन् ।

### ३.३.५ अन्य विद्वान्हरूको महाकाव्य सम्बन्धी मत

अङ्ग्रेजी विद्वान् हड्सनले महाकाव्यलाई विकासशील र कलात्मक गरी दुई रूपमा विभाजन गर्दै विकासशील महाकाव्य कुनै एक व्यक्तिको कृति नभई विविध प्रतिभाहरूद्वारा विरचित हुन्छ भन्ने कलात्मक महाकाव्य नियमानुकूल, प्रभावान्वितिले युक्त, नाटकीय नियन्त्रित कथानकले सम्पन्न, व्यक्ति विशेषद्वारा रचिएको हुन्छ भनेका छन् ।

पाश्चात्य साहित्यमा उत्तरवर्ती आलोचकहरूले पनि महाकाव्यलाई परिभाषित गर्ने क्रममा परिवर्तन र परिवर्द्धन गरे पनि अरिस्टोटलको काव्य मान्यतालाई हृदयङ्गम गरेका छन्, मात्र फरक कति छ भने पहिले प्रचीन घटना र प्रख्यात् चरित्रलाई महत्त्व दिइन्थ्यो भने पछि नवीन घटना र आख्यान चरित्रलाई स्थान दिइएको पाइन्छ । टेसोले भने महाकाव्यमा पुराना र नया दुवै किसिमका घटनाहरूको वर्णन गर्न सकिन्छ भनेका छन्, साथै अर्को

---

[३६] पूर्ववत्, पृ. २७ ।
[३७] ऐजन ।
[३८] सीतादेवी पौडेल, **हरिहर सबिताको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन,** अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रि.वि., नेपाली विभाग, वीरेन्द्र बहुमुखी क्याम्पस, भरतपुर, २०६६, पृ. ४० ।
[३९] कृष्णकान्त काफ्ले, पूर्ववत्, पृ. २७ ।

पश्चिमेली साहित्य शास्त्री टिसियर्डले महाकाव्यको कथावस्तु जीवनको अधिकतम सुविस्तृत पक्षसहित साधारण विषयदेखि लिएर अति महान् विषयको वर्णन गर्न सकिन्छ भनेका छन् ।[४०]

नेपाली साहित्यमा **चिसोचुल्हो**का रचयिता बालकृष्ण समले आफ्नो महाकाव्य विषयक मान्यता प्रस्तुत गर्दै संलग्न रूपले लेखिएका धेरै कविताहरूका सङ्ग्रह नै महाकाव्य हो भनेका छन्, साथै त्यसमा कविले विभिन्न छन्द, रस, अलङ्कार, शैली तथा विषयमा आफ्नो कविता प्रदर्शित गरेको हुनुपर्छ भन्ने अभिमत प्रकट गरेका छन् ।"[४१] महाकाव्य काव्यको सबैभन्दा प्रचीन विधा हो तर यसको रूप, शैली तथा प्रतिपद्य विषयमा त्यति सारो प्ररिवर्तन त आएन जनि नाटक तथा अन्य विधाहरूमा आयो भन्दै महाकाव्य कवितामा निबद्ध यस्तो बृहत् परन्तु शृङ्खलित र सुगठित आख्यानमूलक प्रबन्धात्मक रचना हो, जसमा प्राचीन र नवीन कुनै पनि विषयवस्तुलाई आधार तुल्याई मानवजीवनको यथार्थ र आदर्शलाई प्रकृतिको विराट् रूप र सौन्दर्यले समन्वित पारी प्रस्तुत गरिएको हुन्छ भनिएको छ ।[४२] महाकाव्यमा विषयवस्तु, चरित्र, संवाद, रस, अलङ्कार, प्रकृतिचित्रण, जीवनदर्शन, शैली र छन्द आदि पर्छन् भन्दै महाकाव्यले शास्त्रीय वा लोकलय अथवा स्वतन्त्र छन्दको प्रयोग गरेर वा गद्यात्मक शैलीमा पनि रचना गरिएको हुनसक्छ भन्ने मन रहेको छ ।[४३]

यसरी महाकाव्यका सम्बन्धमा विभिन्न पाश्चात्य र नेपाली विद्वान्हरूले रूप, संरचना र सङ्गठन बारे विविध विचार अभिव्यक्त गरेका छन् ।

## ३.३.६ निष्कर्ष

महाकाव्यका सन्दर्भमा पूर्वीय एवम् पाश्चात्य अवधारणाहरूलाई तुलनात्मक रूपले अध्ययन गर्दा केही समानता एवम् असमानता पाइन्छन् । महाकाव्यमा महान् व्यक्तिको महान् अर्थलाई पूर्वीय विद्वान् भामहदेखि विश्वनाथ एवम् पाश्चात्य जगत्का अरस्तुले पनि समर्थन गरेका छन् । त्यस्तै इतिहास प्रसिद्ध कथानकका सन्दर्भमा पनि दुवैतिरका विचारहरू मिलेका छन् । अरस्तुले त्रासदीमा हुने वस्तुसङ्गठन महाकाव्यमा पनि अनिवार्य ठानेका छन् भने पूर्वीय चिन्तक विश्वनाथले सबै नाट्य सन्धि आवश्यक छन् भनेर समर्थन जनाएका

[४०] पूर्ववत्, पृ. २८ ।
[४१] केशवप्रसाद उपाध्याय, **साहित्यप्रकाशन,** पूर्ववत्, पृ. ९८ ।
[४२] ऐजन ।
[४३] ऐजन ।

छन् । त्यसैगरी विपुलाकार आलङ्कारिक शैली, सुन्दर भावगुम्फन जस्ता पक्षमा पनि पूर्व पश्चिम दुवैतिरका विचारकहरूमा समानता पाइन्छ । यसरी महाकाव्यका सन्दर्भमा व्यक्त भएका पूर्व र पश्चिमका अवधारणाहरूले एक आपसमा समानता राखेको पाइन्छ । पूर्वीय महाकाव्य चिन्तन परम्परामा बहुछन्द प्रवाहलाई मान्यता दिएको पाइन्छ भने पाश्चात्य चिन्तन परम्परामा वीर नामक एक छन्दलाई मात्र मान्यता दिएको पाइन्छ । पूर्वीय चिन्तकहरूले रसयुक्त पदावलीलाई बढी जोड दिएका छन् भने पश्चिममा रसको प्रसङ्ग नै भेटिँदैन । पूर्वीय धारणाको झुकाव यथार्थमा भौतिकतातर्फ बढी देखिन्छ । यसरी पूर्वीय एवं पाश्चात्य  महाकाव्य सम्बन्धी अवधारणाहरूमा असमानता पाइन्छ । पूर्वीय आचार्य भामह र पाश्चात्य मनीषि अरस्तु विश्व साहित्यकै इतिहासमा देखापर्ने महाकाव्यका आद्य चिन्तकका रूपमा सम्मानित छन् । यसरी महाकाव्य मानव जीवन एवं समाजमा विभिन्न विषयवस्तुको उतारचढावलाई प्रस्तुत गर्ने, उच्च बृहत् कथानक भएको, सर्वगुण सम्पन्न नायक, पञ्चसन्धियुक्त, नवैरसको प्रयोग गरिएको, आलङ्कारिक, सर्गबद्ध एवम् छन्दोबद्ध बृहत् आकारको काव्यकृति हो, जसमा युग, जीवन, समाज र संस्कृतिका विविध पक्षहरू समेत प्रतिबिम्बित हुनुपर्छ र यसले शाश्वत मूल्य र मान्यता बोकेको हुनुपर्छ ।

# परिच्छेद : चार

# विभूतिदर्पण महाकाव्यको विस्तृत विश्लेषण

# परिच्छेद : चार

# विभूतिदर्पण महाकाव्यको विस्तृत विश्लेषण

## ४.१ महाकाव्यको विश्लेषण

कवि शब्दमा 'व्यत्' (य) प्रत्यय लागेर काव्य शब्द बन्दछ, त्यसैले कवि काव्यको कर्ता हो । **कवेभार्वः कर्म वा काव्यम्** भनिएको छ । यो काव्यको शब्दार्थ हो । भावार्थका दृष्टिले युग प्रवृत्ति अनुसार काव्यको परिभाषा भिन्न-भिन्न हुन गएको छ । जस्तै- अभीष्ट भावलाई सङ्क्षेपमा व्यक्त गर्ने पदावली काव्य हो । "सङ्क्षेपात् काव्यमिष्टार्थव्यवच्छिन्ना पदावली काव्यम् ।"[1] वक्तव्य विषयलाई सुन्दर ढङ्गले प्रतिपादित गर्ने छरितो पदसमूहात्मक वाक्य काव्यपदले अभिहित हुन्छ । सङ्क्षेपको अर्थ, व्यर्थ र अनावश्यक शब्द वा आडम्बरहरूको परित्याग हो । विभिन्न विद्वान्हरूले दिएका काव्यका परिभाषाहरू निम्नलिखित छन् -

भामहका अनुसार **शब्दार्थौ सहितौ काव्यम्** अर्थात् शब्द र अर्थको सहभाव नै काव्य हो भनेका छन् ।[2] यिनले काव्यमा शब्द र अर्थ दुवैलाई बराबर महत्त्व दिएको पाइन्छ ।

**अग्निपुराण**का अनुसार कथन शब्दलाई मात्र काव्य भनेका छन् ।

दण्डीका अनुसार **शरीरं तावदिष्टार्थव्यवच्छिन्ना पदावली** अर्थात् अर्थले युक्त पदावली नै काव्यको शरीर हो ।[3] छैटौं र सातौं शताब्दी बिचको समयका काव्यशास्त्री आचार्य दण्डीले पदावलीलाई काव्य ठानेका छन् तर शब्द र अर्थको स्थान भने यिनले दिएका छैनन् ।

---

[1] वेदव्यास, **अग्निपुराण,** कृष्णद्वैपायनव्यासप्रणीतम् (अ. ३३७, श्लोक ६), वाराणसी : चौखम्बा सं.सं., २०५५, पृ. ४८९ ।

[2] मधुसूदन गिरी र रामनाथ ओझा, **शोध, सिर्जना र संस्कृत काव्यशास्त्र,** पूर्ववत्, पृ. २७४ ।

[3] पूर्ववत्, पृ. २०५ ।

वामनका अनुसार **रीतिरात्माकाव्यस्य** आठौं शताब्दीका काव्यशास्त्री आचार्य वामनले रीतिलाई काव्यको आत्मा ठानेका छन् । उनले रीतिलाई काव्यसौन्दर्यको आधार मानेका छन् । रीति पदरचना (शैली) भएकाले यो काव्यको शरीर हुन सक्छ आत्मा होइन । यिनले काव्यको सम्बन्धमा रीतिको विवेचनाको सन्दर्भमा केही अन्य महत्त्वपूर्ण कुराहरू पनि भनेका छन् । अलङ्कार रहनाको कारणले काव्यग्रह्य हुन्छ । सौन्दर्य नै अलङ्कार हो । दोषहरूको त्याग र गुण तथा अलङ्कारको ग्रहण गर्नाले काव्यमा त्यो सौन्दर्य उत्पन्न हुन्छ । यस विवरण पछि वामनले काव्यको लक्षण यसरी गरेका छन्-"यो काव्य शब्द गुण र अलङ्कारद्वारा सुसंस्कृत शब्दार्थयुगलमा निहित हुन्छ ।"[४] अर्थात् उनको मतानुसार काव्यत्व शब्द र अर्थ दुवैमा रहन्छ तर त्यसमा गुण र अलङ्कारहरूको योग रहन्छ । यसरी वामनले स्पष्ट रूपमा काव्य लक्षणमा नवीन तत्त्वहरूको प्रवेश गराएको देखिन्छ ।

रुद्रटका अनुसार :-

रुद्रटले निश्चित रूपले शब्द र अर्थ नै काव्य हो भनेका छन् ।[५] रुद्रट वामन भन्दा केही पछिका थिए । यिनले कुनै नयाँ कुरा भनेका छैनन् । भामहको कथनलाई नै दोहोऱ्याएको पाइन्छ ।

आनन्दवर्धनका अनुसार :-

नवौं शताब्दीका आनन्दवर्धनले ध्वनिवादको स्थापना गरेका हुन् । काव्यको विषयमा यिनले शब्द र अर्थ काव्यका शरीर हुन्, काव्यको आत्मचाहिँ ध्वनि हो भनेका छन् । यिनले शब्दार्थलाई काव्यको शरीरस्थानीय र ध्वनिलाई आत्मस्थानीय घोषित गरी काव्य लक्षणको क्षेत्रलाई नयाँ दृष्टि दिएका छन् र यिनको कथनमा औचित्य पनि देखिन्छ ।[६]

कुन्तकका अनुसार :-

एघारौं शताब्दीका कुन्तकले ध्वनिवादको विरोध गरी वक्रोक्तिवादको स्थापना गरेका हुन् । वक्रोक्तिको परिचय प्रकरणमा काव्यको परिचय दिँदा यिनले चार कुराको उल्लेख गरेका छन्[७] :-

---

[४] मधुसूदन गिरी र रामनाथ ओभा, **शोध, सिर्जना र संस्कृत काव्यशास्त्र,** पूर्ववत्, पृ. २७६ ।
[५] मोहनराज शर्मा र खगेन्द्रप्रसाद लुइटेल, पूर्ववत्, पृ. ४ ।
[६] मधुसूदन गिरी र रामनाथ ओभा, **शोध, सिर्जना र संस्कृत काव्यशास्त्र,** पूर्ववत् ।
[७] ऐजन ।

क)	कविकर्म काव्य हो ।

ख)	अलङ्कार काव्यका आवश्यक गुण हुन् ।

ग)	काव्यवेत्तालाई आनन्द दिने, कविले चमत्कारपूर्ण अभिव्यक्ति कौशलले सुष्ठु रूपले निबद्ध रचनामा रहने सु-व्यवस्थित शब्द र अर्थ संयुक्त रूपले काव्य कहिन्छ ।

घ)	वक्रोक्ति काव्यको आत्मा हो ।

यसरी काव्यको परिभाषा दिने क्रममा विभिन्न विद्वान्हरूले आ-आफ्नै किसिमले परिभाषा दिए पनि सबैको परिभाषाले शब्द र अर्थको मेलबाट निस्कने चमत्कारपूर्ण अभिव्यक्तिलाई जोड दिएको पाइन्छ ।

## ४.२ कविताको हेतु

जुन कुराले काव्य निर्माण गराउँछ, त्यसैलाई काव्यको हेतु भनिन्छ । काव्य हेतुबारे पूर्व र पश्चिम दुवैतिरका विद्वान्हरूले व्यापक चर्चा परिचर्चा गरेका छन् । **काव्यं तु जायते जातु कस्यचित् प्रतिभावतः । शब्दाभिधेये विज्ञाय कृत्वा तद्विदुपासनम् । विलोक्यान्यनिबन्धांश्च कार्यः काव्यक्रियादर : ॥**[८]

यस्ता व्यक्तिहरू कमै छन् जसको रचना काव्य भैसकेका छन्, किनभने काव्य यस्तो वस्तु हो, जो सधैँ निर्माण हुँदैन । अर्थात् कहिलकाही कुनै प्रतिभावान् व्यक्तिबाट निर्माण हुन्छ, काव्य यस्तो वस्तु हो जुन कवित्व शक्ति, कवि प्रतिभाबाट प्रकट हुन्छ । कवित्वप्रतिभा सर्वदा पाइँदैन ।

**नैर्सर्गिकी च प्रतिभा श्रुतं च बहु निर्मलम् ।**
**अमन्दश्चाभियोगडऽस्याः कारणं काव्यसम्पदाम् ॥**[९]

काव्यको श्री सम्बृद्धि, कविको स्वाभाविक कवि प्रतिभामा निर्भर रहनुका साथै कविको व्युत्पत्ति र निरन्तर अभ्यास पनि उत्तिकै आवश्यक हुन्छ :-

**सरस्वती स्वादु तदर्थवस्तु निस्यन्दमाना महतां कवीनाम् ।**
**अलोकसामान्यमभिव्यनक्ति परिस्फुरन्तं प्रतिभाविशेषम् ॥**[१०]

---

[८] आनन्दवर्द्धनाचार्य, **ध्वन्यालोक,** वाराणसी : चौखम्बा विद्याभवन, सन् १९६७, पृ. १०६ ।
[९] ऐजन ।

आनन्दवर्द्धनका अनुसार अभ्यासबाट कविप्रतिभा प्रसार हुँदैन अपितु कविप्रतिभा एक आलोक हो र असाधारण प्रतिभाविशेष हो । उनका अनुसार काव्य स्वयम् अभिव्यक्त हुने गर्दछ, जुन भामहको दृष्टिमा पनि यही तथ्य छ । अभ्यासभन्दा प्रतिभा धेरै माथि र शक्ति सम्पन्न छ भन्ने मत आनन्दवर्द्धनको रहेको छ ।

कविविना काव्यको परिकल्पना हुन सक्दैन । यसैलाई कसैले साहित्यहेतु, कसैले काव्य हेतु भनी व्याख्या गरेको पाइन्छ । यसैमा कविको अन्तस्करणको भावनात्मक स्फुरणको कारण वा साहित्यको हेतु हो । अतः काव्य रचनाको क्षमता उत्पन्न गर्ने साधन विशेषलाई काव्यहेतु भनिन्छ । काव्य हेतुका बारेमा पूर्वीय र पाश्चात्य साहित्य शास्त्रीहरूका बिचमा विशद व्याख्या भएको छ । मूलतः साहित्यका सिर्जनाका कारक तत्त्व, प्रतिभा, व्युत्पत्ति र अभ्यासलाई नै प्रमुख मानिएको छ[११] :-

काव्य लेखकको अन्तस्करणमा प्रस्फुटित भावराशि अवश्य हुन्छ । काव्योत्पत्तिको हेतुको सम्बन्धमा मनोवैज्ञानिक तथा साहित्यमनिषी दुवै थरीले विचार प्रकट गरेका छन् ।

क) मनोविज्ञानका प्रणेता फ्रायडको विचारमा काम मानव जीवनको मूल प्रेरक हो । कामेच्छा सम्भोगको इच्छा र सन्तानप्रति स्नेह एवम् तिनको संरक्षणको कामनाको रूपमा व्यक्त हुन्छ । सामाजिक व्यवस्था र आफ्नो सचेत बौद्धिकतावश यी कामनाहरूमध्ये कतिपयको दमन गर्न मानिस बाध्य हुन्छ । कला र साहित्य उत्पत्ति यिनै दमित कामना वा वासनाको क्षतिपूर्तिको रूपमा हुन्छ ।[१२]

ख) एडलरले शासनशक्तिलाई मानव जीवनको मुख्य प्रेरक मानेका छन् र हीन भावनाको पूर्तिको रूपमा कला र काव्यको उद्भव हुन्छ भन्ने मान्यता राखेका छन् ।[१३]

ग) अर्का मनोवैज्ञानिक जुङले भने अवचेतन मनको कार्य व्यापारलाई काव्य र कलाको कारण मानेका छन् ।[१४]

---

[१०] ऐजन ।
[११] मोहनराज शर्मा र खगेन्द्रप्रसाद लुइटेल, पूर्ववत्, पृ. ७-८ ।
[१२] केशवप्रसाद उपाध्याय, **साहित्य प्रकाश**, ललितपुर : साझा प्रकाशन, २०६७, पृ. १७ ।
[१३] ऐजन ।

यो मनोवैज्ञानिकहरूको मत हो तर संस्कृत साहित्यका स्रष्टाहरूका मतमा दुई थरीका मत पाइन्छन् :- रुद्रट, वामन र जगन्नाथ केवल प्रतिभालाई प्रेरक हेतु मान्छन् भने दण्डी, मम्मट, वाग्भट्ट आदिले प्रतिभा, व्युत्पत्ति र अभ्यासको समूहलाई काव्यहेतु मानेका छन् ।

दण्डीपश्चात् महाकव्य सम्बन्धी चिन्तन गर्ने अर्का आचार्यका रूपमा रुद्रट रहेका छन् । उनको **काव्यालङ्कार** ग्रन्थमा महाकाव्यका सन्दर्भमा यस्ता धारणा व्यक्त भएका पाइन्छन् :-

महाकाव्यमा कथानक कल्पित वा अकल्पित जुनसुकै भए पनि महान् हुन्छ ।[१५] यस कथानकभित्र अवान्तर कथाहरू पनि समाविष्ट हुन सक्छन् । यसले युग जीवनका विवध पक्षलाई चित्रण गर्दछ । नायक सर्वगुण सम्पन्न द्विजकुलोत्पन्न, शक्तिमान् हुनुका साथै युद्धमा विजय हासिल गर्न सक्ने खालको हुनुपर्छ ।[१६] रुद्रट पछाडि महाकाव्य चिन्तन परम्परामा हेमचन्द्र देखापर्दछन् । उनले आफ्नो ग्रन्थ **काव्यानुशासन**मा महाकाव्यलाई यसरी चिनाएका छन् :-

> "पद्यबद्ध रूपमा प्रायः संस्कृत अप्रभ्रंश आदि भाषामा लेखिएको र विभिन्न कथनलाई लिएर शब्दवैचित्त्य, अर्थवैचित्त्य, रसयुक्त, छन्दोबद्ध एवम् लोक रञ्जक गुणभएको काव्य नै महाकाव्य हो ।[१७]

यसरी आचार्य हेमचन्द्रले महाकाव्यका सन्दर्भमा संस्कृत भाषालाई समेत स्थान दिनुका साथै शब्दवैचित्त्यका सन्दर्भमा पनि नवीन अवधारणाहरू प्रस्तुत गरेका छन् । पूर्वीय साहित्य चिन्तन परम्परामा अर्का आचार्य विश्वनाथ पनि विशिष्ट साहित्य चिन्तकका रूपमा परिचित छन् । उनले महाकाव्य सम्बन्धी लामो परिभाषा र विवरण यसरी प्रस्तुत गरेका छन् :

> "महाकाव्य सर्गबन्ध हुन्छ र यसमा उच्च कुलको नायक वा क्षत्रिय वंशको धीरोदात्त गुणयुक्त नायक हुनुपर्छ । त्यसैगरी एकै वंशका अनेक राजाहरू पनि नायकका रूपमा प्रयोग हुन सक्छन् । शृङ्गार, वीर र शान्तरसमध्ये कुनै एक रस अङ्गी र अन्य रसहरू अङ्ग रसका रूपमा रहनुपर्छ । इतिहास प्रसिद्ध महापुरुषको

---

[१४] ऐजन ।
[१५] ऐजन ।
[१६] केशवप्रसाद उपाध्याय, **साहित्यप्रकाश**, पूर्ववत्, पृ. ४५० ।
[१७] कृष्णकान्त काफ्ले, पूर्ववत्, पृ. ८७ ।

जीवनीसँग सम्बन्धित लोक प्रसिद्ध कथानक र चारवटै पुरुषार्थ महाकाव्यमा हुनुपर्छ । यसको प्रारम्भ मङ्गलाचरणबाट हुने र त्यहाँ अभिवादनका साथै सज्जनको प्रशंसा र दुर्जनको घृणा हुन्छ । प्रत्येक सर्गमा एउटै छन्द भए तापनि सर्गान्तमा छन्द परिवर्तन हुनुपर्छ । यसमा साँझ, सूर्य, चन्द्र, रात, प्रदोष, अन्धकार, दिन, बिहान, मध्याह्न, सिकार, पर्वत, वस्तु, वन, उपवन, समुद्र, संयोग, वियोग, भूमि, स्वर्ग, यज्ञ, युद्ध, यात्रा, दण्ड आदिको यथासम्भव वर्णन गरिएको हुन्छ । महाकाव्यको नामाकरणमा कवि, नायक र जुनसुकै वर्णित कथालाई पनि आधार लिन सकिन्छ । सर्गको नाम भने सर्गभित्र वर्णन गरिएको विषय वस्तुको आधारमा गरिन्छ ।"[१८]

## ४.३ निष्कर्ष

कविताको बृहत्‌रूपलाई नै महाकाव्य भनिन्छ । श्रुतिरम्य, आलङ्कारिक, छन्दोबद्ध, सर्गबद्ध, महान् व्यक्तिका महन् कार्यको वर्णन, पञ्चसन्धियुक्त, समन्वित र व्यापक परिवेश समेटेको शाश्वत काव्यकृति नै महाकाव्य हो । महाकाव्यको परिभाषा दिने क्रममा भामहदेखि विश्वनाथसम्मका परिभाषाहरूको तुलनात्मक अध्ययन गर्दा केही भिन्नता पाउन सकिन्छ । भामहले महान् व्यक्तिको महत् अर्थमा जोडदिएका छन् भने दण्डीले इतिहास प्रसिद्ध कथानकमा जोड दिएका छन् । विश्वनाथ र रुद्रटले ख्यात, उत्पाद्य र मिश्रित कथावस्तुमध्ये कुनै एकतर्फ सङ्केत गरेको देखिन्छ । भामहले अलङ्कृत पदावलीमा जोड दिएका छन् । यसरी पूर्वीय महाकाव्य चिन्तकहरूको अवधारणालाई गहिरिएर अवलोकन गर्दा भामह र दण्डी आर्ष महाकाव्यतर्फ बढी झुकेका देखिन्छन् भने रुद्रट, हेमचन्द्र तथा विश्वनाथ ललित महाकाव्यतर्फ ढल्केको पाइन्छ ।

## ४.४ महाकाव्यका तत्त्वहरू

कुनै पनि साहित्यिक विधाले पूर्णता पाउन धेरै तत्त्वहरूको आवश्यकता पर्दछ । तिनै तत्त्वहरूलाई शब्दान्तरमा कारक तत्त्व पनि भनिन्छ । पूर्वीय साहित्यमा वस्तु, नेता, रस,

[१८] ऐजन ।

उद्देश्य र शैलीलाई महाकाव्यका आवश्यक तत्त्व मानिएको पाइन्छ । नेपाली कविता परम्परामा शीर्षक, संरचना, लय विधान, भाषाशैली, कथनपद्धति, भावविधान, बिम्ब-प्रतीक, अलङ्कार, व्यञ्जना र विधागत आयाम जस्ता तत्त्वहरूलाई कवितामा तत्त्वका रूपमा हेरिएको छ । त्यस्तै नरेन्द्र चापागाईंले शीर्षक, सर्गविधान, छन्दोबद्धता वा लयबद्धता, मङ्गलाचरण, कथावस्तु, चरित्र, उद्देश्य, जीवन दर्शन, पदावली र रसभावलाई देखाएका छन् । आधुनिक सन्दर्भमा महाकाव्यमा कथा, पात्र, भाषाशैली, वातावरण र जीवनदर्शनलाई अनावश्यक तत्त्व मानेका छन् । उपर्युक्त विभिन्न मान्यताका आधारमा निम्नलिखित तत्त्वलाई महाकाव्यका आवश्यक तत्त्वका रूपमा लिन सकिन्छ ।

**क) शीर्षक**

महाकाव्यभित्र अनेकौं संरचना हुन्छन् । कविले ती संरचनाहरूको प्रतिनिधित्व हुने गरी एउटा युक्तियुक्त, सारपूर्ण र औचित्यपूर्ण सम्पूर्ण कथावस्तुलाई समेट्न सक्ने प्रतिनिधिमूलक कलात्मक शीर्षकको छनौट गर्नुपर्दछ । त्यो शीर्षक विषयवस्तुको समग्रता झल्कने खालको हुनुपर्छ जसले गर्दा पाठकको ध्यान सम्बन्धित महाकाव्यतर्फ आकर्षित होओस् ।

**ख) संरचना**

संरचनाको अर्थ बनावट हुन्छ । महाकाव्यमा कवि कथन वा अनुभूतिको क्रमशः संक्षिप्तबाट विस्तारतर्फ लाग्छ । पूर्वीय महाकाव्य सिद्धान्तमा सर्गबन्धलाई नै संरचनाका रूपमा देखाउन खोजेको पाइन्छ । संरचनाले आख्यानीकरणलाई बलियो र वस्तुनिष्ठ बनाएको हुन्छ । संरचना आन्तरिक र बाह्य गरी दुई किसिमको हुन्छ ।

**अ) आन्तरिक संरचना**

महाकाव्यको आन्तरिक अनुभूतिलाई साधारणीकरण गरी बाह्य अभिव्यक्ति दिनु आन्तरिक संरचना हो । यसमा छन्द, रस र अलङ्कारको पनि महत्त्वपूर्ण भूमिका रहेको हुन्छ । केन्द्रीय भाव, भाव वा विचारको उठान, विकास र अन्तिम

रागात्मक परिणतिमा पुग्ने यात्रापथको निर्माण गर्ने काम अन्त्यमा बाह्य स्वरूप ग्रहण गरी जीवनको अभिव्यक्ति दिनु नै आन्तरिक संरचना हो ।

### आ) बाह्य संरचना

आख्यानहरूलाई विभिन्न भावहरूमा प्रस्तुत गर्न र आख्यानलाई शृङ्खला प्रदान गर्न बाह्य संरचना आवश्यक पर्छ । महाकाव्यम सर्गलाई नै बाह्य संरचनाको रूपमा हेरिन्छ । वस्तु सङ्गठनलाई पनि संरचनाको अर्को तत्त्वका रूपमा लिन सकिन्छ । बाह्य संरचना काव्यको शरीर हो ।

## ग) कथावस्तु

महाकाव्यभित्र विभिन्न पात्रहरूद्वारा गरिने क्रियाकलापलाई नै कथानक भनिन्छ । कथानकभित्र धेरै विषयवस्तुहरू रहेका हुन्छन् । कथानकले महाकाव्यभित्रको घटनाको क्रमिकतालाई देखाउँछ । पूर्वीय चिन्तन अनुसार महाकाव्यको कथावस्तु ऐतिहासिक, पौराणिक तथा कविकल्पितमध्ये जुनसुकै पनि हुनसक्छ र त्यो महान् हुनुपर्छ । महाकाव्यको प्रारम्भमा आशीर्वादात्मक, नमस्कारात्मक वा वस्तुनिर्देशात्मक मध्ये कुनै एक मङ्गलाचरण हुनुपर्छ तर पाश्चात्य सन्दर्भमा भने यसको बारेमा कुनै ठोस चिन्तन पाइँदैन । कथावस्तुको सङ्गठनका सन्दर्भमा भने पूर्वीय मान्यताले **सर्वे नाटकसन्धयः** मा विश्वास राखेको छ भने पाश्चात्य अरस्तुले त्रासदीका सम्पूर्ण आन्तरिक गुण एवम् प्रमुख अङ्गहरू पनि महाकाव्यमा यथावत् हुनुपर्छ भन्ने मान्यता प्रस्तुत गरेका छन् । कथानकको परिवेशका सन्दर्भमा पश्चिममा भन्दा व्यापक परिवेश पूर्वीय चिन्तनमा पाइन्छ ।

## घ) चरित्र

महाकाव्यको अर्को महत्त्वपूर्ण तत्त्व चरित्र हो । महाकाव्यमा प्रमुख चरित्रका साथै अन्य चरित्रहरू पनि समावेश हुन्छन् । महाकाव्यमा प्रमुख चरित्रको अनिवार्यता सन्दर्भमा पूर्व र पश्चिम दुवैतिर सामञ्जस्य पाइन्छ । पश्चिममा कथानकलाई वहन गर्न सक्ने खालको उच्च गुणवान् नायकको अपेक्षा गरिएको छ भने पूर्वीय मान्यता अनुसार महाकाव्यको नायक धीरोदात्त गुणयुक्त हुनुपर्छ जो पराक्रमी, क्षमावान्,

गम्भीर, दृढप्रतिज्ञ होस् र आत्मप्रशंसा नगरोस् । महाकाव्यको नायक प्रतिद्वन्द्वी प्रति विजय हासिल गर्न सक्षम, नीतिज्ञ, मर्यादापालक र शक्तिशाली व्यक्तित्व भएको हुनुपर्छ, साथै त्याग, पुरुषार्थ, रूप, यौवन र उत्साह आदिको लक्षणले युक्त हुनुपर्छ । पूर्वीय महाकाव्य चिन्तनले यसभन्दा पनि अगाडि बढेर बहुनायकको समेत सम्भावनालाई औँल्याई एकै कुलका प्रशंसनीय उच्च कुलीन नायकहरू रहन सक्ने कुरा उल्लेख गरेको छ । महाकाव्यको विस्तारको सन्दर्भमा नायकमात्र हुँदैन आवश्यकता अनुसार अन्य सहायक चरित्रहरू पनि समावेश गर्नुपर्छ । महाकाव्य बृहत् विधा भएको हुँदा यसमा चरित्रको सङ्ख्या पनि धेरै हुन्छ ।

**ङ) भावविधान**

महाकाव्यमा भावविधानलाई मेरुदण्डको रूपमा लिइन्छ । महाकाव्यमा भावको उचित संयोजक हुन सक्नुपर्छ अनि मात्र महाकाव्य उत्कृष्ट हुन्छ । महाकाव्य एक आस्वाद्य विधा भएकाले यसमा अनुभूतिहरूबाट मानव मनमा स्थायी रूपले विद्यमान प्रेम, करुणा, शान्ति वा वैराग्य जस्ता मनोभावहरू उद्घाटित हुनुपर्छ । महाकाव्यको पूर्वीय परम्परामा रसभाव तथा पश्चिमी परम्परामा त्रास र करुणाको विरेचन भाव विधानभित्र पर्दछन् । यसर्थ भाव विधानलाई महाकाव्यको प्रमुख तत्त्व मानिन्छ । काव्यमा व्यक्त अनुभूतिले निश्चित संरचनाभित्र जीवनजगत्को समग्रतालाई व्यक्त गर्छ । जीवन जगत्लाई प्रस्तुत गर्दा वस्तुता र विचारलाई जति अँगाले पनि भाव पक्षलाई मुख्य रूपमा लिनुपर्ने हुन्छ । जीवनको सिङ्गो अनुभूतिलाई संवेद्य रूपमा र जीवन्त रूपमा महाकाव्यले प्रस्तुत गरेको हुनुपर्छ । त्यसैले भावविधान पनि महाकाव्यको अनिवार्य घटक हो ।

**च) उद्देश्य**

महाकाव्यले प्रदान गर्ने सन्देशलाई पनि यसको एउटा आवश्यक तत्त्वका रूपमा लिन सकिन्छ, यसलाई महाकाव्यकारको जीवनदृष्टि पनि भन्न सकिन्छ । दण्डीले धर्म, अर्थ, काम र मोक्षको प्राप्तिलाई उद्देश्य मानेका छन् भने विश्वनाथले उक्त चतुवर्गमध्ये कुनै एकको प्राप्तिलाई मानेका छन् । यही धर्म, अर्थ, काम र

मोक्षलाई आजका सन्दर्भमा धर्मको अर्थ कर्तव्यको पालना, अर्थको तात्पर्य अस्तित्व प्रतिस्थापन, कामको अर्थ प्रेमसिद्धि र मोक्षको अर्थ दासत्वमुक्ति वा वर्गीय मुक्ति प्राप्त गर्नुलाई प्रयोग गरिएको पाइन्छ । रसानुभूतिद्वारा विशेष प्रकारको आनन्द प्राप्त हुने हुनाले विद्वान्हरूले लोकरञ्जनालाई पनि महाकाव्यको उद्देश्यका रूपम लिएका छन् ।

### छ) भाषाशैली

कुनै पनि साहित्यिक कृतिलाई जीवन्त राख्ने प्रमुख माध्यम भाषाशैली हो । महाकाव्यको भाषाशैली उदात्त, ओजस्वी र गरिमामय हुनुपर्छ । महाकाव्यका सम्पूर्ण तत्त्वहरूलाई यथोचित रूपमा सुदृढ र सङ्गठित बनाउने काम शैलीले गर्दछ । विविध छन्द, रस, अलङ्कार र शब्दशक्तिले युक्त भाषा महाकाव्यका निम्ति प्रभावकारी हुन्छ । महाकाव्यको शैलीमा क्षुद्र शब्दावलीको प्रयोग नगरी उच्चस्तरीय प्रसाद गुणयुक्त शब्दहरूको प्रयोग हुनुपर्दछ । महाकाव्यको स्वरूप समाख्यानात्मक वा वर्णनात्मक र नाटकीय शैलीको हुनुपर्दछ ।

### ज) बिम्ब, प्रतीक, रस र अलङ्कार

काव्यलाई रोचक र स्पष्ट तुल्याउनको लागि प्रतीक, बिम्ब तथा अलङ्कारको आवश्यकता पर्दछ । अलङ्कारले काव्यको भाव गम्भीर बनाउनुका साथै काव्यको शोभा बढाउँछ । बिम्ब भनेकै छाया, दर्पण, प्रतिबिम्ब र प्रतिच्छवि हो । सर्जकका मानसपटलमा रहेको मानसिक तस्वीरलाई सम्मूर्तित बनाउने चित्रात्मक भाषा नै बिम्ब हो ।[१९] बिम्बवादी कवि आलोचक एवम् प्रतिस्थापक एज्रा पाउण्डका अनुसार "छोटो समयमा कुनै बौद्धिकता र भावात्मकताको सम्मिश्रण नै बिम्ब हो अथवा बिम्ब सर्जकका मानसपटलमा रहेको मानसिक तस्वीरलाई सम्पूर्तित बनाउने चित्रात्मक भाषा हो ।[२०]

---

[१९] लक्ष्मणप्रसाद गौतम, **समकालीन नेपाली कविताको बिम्बपरक विश्लेषण**, ललितपुर : साझा प्रकाशन, २०६०, पृ. १ ।

[२०] ऐजन ।

बिम्ब र प्रतीक प्रायः उस्तै उस्तै लागे पनि यी दुई भिन्न तत्त्व हुन् अर्थात् बिम्ब र प्रतीक केही हदसम्म समान हुन् तापनि धेरै हदसम्म असमान पनि छन् । बिम्बको सबैभन्दा नजिकको शब्द  नै प्रतीक हो । गौणता र प्रधानताका दृष्टिले हेर्ने हो भने बिम्ब मूल रूप भएको हुँदा प्रधान हो र प्रतीक विकसित रूप भएको हुँदा गौण हो । अझ अर्को स्पष्टता के छ भने अर्थ प्रतिध्वनित गरेपछि प्रतीकको कार्य त्यहीँ पूरा हुन्छ र त्यसको प्रभाव पनि क्षणिक हुन्छ तर बिम्बमा अर्थ प्रतिध्वनित भइसकेपछि पनि धेरै समयसम्म त्यसको प्रभाव रहिरन्छ ।

सुरुमा अलङ्कार सामान्य आभूषण वा काव्य सौन्दर्यको सामान्य साधन थियो भने पछि भामह, दण्डी, उद्भट, रुद्रट आदि अलङ्कारवादी आचार्यहरूले यसको अर्थ विकास गरी समग्र काव्य सौन्दर्यका रूपमा स्थापित र विकसित गरेका हुन् ।[२१] रस ध्वनिवादी आचार्यहरूले अलङ्कारको अर्थ सङ्कोच गरेर रसलाई काव्यको अतिरिक्त सौन्दर्यका रूपमा चिनाएका छन् ।

सामान्यतया रस भन्नाले कुनै पदार्थमा रहने तरल गुण भन्ने बुझिन्छ । काव्यमा यसको प्रयोग आनन्दात्मक अनुभूतिका रूपमा गरिएको हुन्छ । साहित्यिक रसको वैदिक वाङ्मयमा सामान्य चर्चा पाइए पनि काव्यशास्त्रीय दृष्टिले त्यो त्यति उल्लेखनीय देखिन्न । ब्राह्मण ग्रन्थहरूमा रसलाई आत्मतत्त्वका रूपमा प्रस्तुत गर्ने काम पनि भएको छ । केही आचार्यहरूले रसलाई ब्रह्मास्वादसहोदरका रूपमा चिनाउने काम समेत गरेका छन् ।[२२]

यसरी साहित्यलाई रोचक र प्रभावकारी बनाउने काम रसले गर्ने हुँदा रस बिनाको साहित्य सृजना असम्भव देखिन्छ ।

## ४.५ विभूतिदर्पण महाकाव्यको विस्तृत विश्लेषण

नेपाली साहित्यमा प्राथमिक कालका वीर धाराका कवि उदयानन्द अर्यालले १८७० तिर लेख्ने प्रयास गरेका थिए तर पूर्णता प्राप्त नभएबाट प्रारम्भ भएतापनि प्रथम नेपाली पूर्णभाषी महाकाव्य आदिकवि भानुभक्तद्वारा लेखिएको **रामायण** नै प्रथम प्राप्य महाकाव्य

---

[२१] विष्णुप्रसाद पौडेल, **संस्कृत काव्यशास्त्र**, काठमाडौं : भुँडीपुराण प्रकाशन, २०५७, पृ. ७० ।
[२२] पूर्ववत्, पृ. ११०-१११ ।

हो । त्यसै सन्दर्भमा महाकाव्य नेपाली साहित्यमा आइसल्याण्डको सर्प जस्तो भएको अवस्थामा महाकवि लक्ष्मीप्रसाद देवकोटाले **शाकुन्तल** महाकाव्य लेखी नेपाली साहित्यमा महाकाव्यको जग बसालेका हुन् । आजसम्मका करिब सोह्र दर्जनभन्दा बढी महाकाव्यका रचना विभिन्न काव्यकारबाट भइसकेका छन् । यसै परिवेशमा ऐतिहासिक विभूतिहरूबाट प्रेरित भएर **विभूतिदर्पण** महाकाव्यको प्रकाशन गरी एउटा उत्कृष्ट ऐतिहासिक महाकाव्यको रचना गर्न सफल सहृदयी कवि होमनाथ पौडेल 'हिमांशु' ले नेपाली साहित्यको महाकाव्य जगत्मा महत्त्वपूर्ण योगदान पुऱ्याएका छन् ।

प्रस्तुत **विभूतिदर्पण** महाकाव्य वर्तमान समयमा नयाँ पुस्ताका लागि महत्त्वपूर्ण चर्चाको महाकाव्य बन्न पुगेको छ । यसमा राष्ट्रिय विभूतिहरूको चर्चा गर्नुका साथै नायक दशरथचन्द र नायिका रुद्रशमशेरकी छोरी जुलिया बिचको प्रेमगाथा, युद्धवर्णन, वीरपुरुषहरूको साहसिक कार्यको वर्णन, ऐतिहासिक तथ्यको उद्घाटन, हिमाल, पहाड, नदी, खोला, पर्वत जस्ता विषयवस्तुलाई सर्गहरूमा समावेश गर्दै शास्त्रीय देखि गीतिलय भ्याउरे छन्द पनि समावेश गरी कवि प्रतिभालाई प्रस्तुत गर्न सफल कवि होमनाथ पौडेल 'हिमांशु' देखिएका छन् । आध्यात्मवादबाट प्रेरित कवि होमनाथ पौडेल 'हिमांशु' को यो महाकाव्य भौतिकवादी र अध्यात्मवादी दुवैका लागि उत्तिकै महत्त्वपूर्ण महाकाव्य हो ।

## ४.५.१ कथावस्तु

**विभूतिदर्पण** महाकाव्य पूर्वीय महाकाव्य सिद्धान्तमा आधारित भएर पनि यसमा शाहवंशीय इतिहास र राणाकालीन इतिहासको सत्याश्रित पद्यमय वर्णन गरिएको पाइन्छ । साथै १०४ वर्षे क्रूर जहानियाँ राणाशासनको यथार्थ रूप देखाउँदै प्रजातन्त्र प्राप्तिका लागि सहादत हुने वीर योद्धाहरूको प्रशंसा र उनीहरूप्रति हार्दिक सम्मानभाव व्यक्त गरिएको छ । यस महाकाव्यका सत्ताइस बिसौनीमा कुल १०६० श्लोकहरू रहेका छन् ।

### ४.५.१.१ पहिलो बिसौनी

प्रथम बिसौनीमा जम्मा ५५ श्लोक छन्, जसमा मङ्गलाचरण ७ श्लोक, विभूतिवर्णन २० श्लोक र २८ श्लोकमा शाहवंश वर्णन गरिएको छ । त्यस्तै ६ श्लोक शिखरिणी छन्द,

१९ श्लोक शार्दूलविक्रीडित छन्द र अन्त्यमा २ श्लोक अनुष्टुप छन्दमा रचिएका छन् ।

### क) मङ्गलाचरण

प्रस्तुत काव्यको मङ्गलाचरणमा शिवको आराधनाबाट काव्यारम्भ गरिएको छ । जसरी व्यासजीले **'नारायणं नमस्कृत्य'** बाट पुराण वा इतिहासको रचना प्रारम्भ गरेका छन् त्यसरी नै यसमा पनि शिव, उमा र पशुपतिनाथको प्रार्थना गरेर काव्यारम्भ गरिएको छ ।

यहाँ शम्भोशिव भन्नाले शिवजी, उमा भन्नाले पार्वती, ठूला द्यौता पशुपति भन्नाले पशुपतिनाथ र पशुपतिनाथ सबै नेपालीका शुभका सङ्केत भन्ने बुझ्नुपर्ने हुन्छ । क्रान्तिकारी विचारका साथै राष्ट्रप्रेमी कवि भएकाले मङ्कलाचरण खण्डमा उनले सहिदप्रति श्रद्धा व्यक्त गर्दै आफूलाई उनीहरूको राष्ट्रप्रतिको उत्सर्गले प्रेरित गरेको भाव व्यक्त गरेका छन् ।

महाकाव्यकारले विशेषतः मङ्गलाचरणमा शिव स्तुतिपछि वस्तुनिर्देशात्मक मङ्गलाचरणबाट देशमा भइरहेको अन्याय, अत्याचारको वर्णन गरेका छन् । त्यस्तै गरी आफ्नो देशलाई विद्रोहीहरूबाट बचाउन शिव, पार्वती र पशुपतिनाथसँग प्रार्थना गरेका छन् ।

### ख) विभूति वर्णन

महाकाव्यकारले २० श्लोकमा विभूतिवर्णन गरेका छन् । विभूति भन्नाले देश र जनताका लागि आफ्नो ज्यानको आहुति दिन सक्ने महान् व्यक्तिहरूलाई जनाउँछ । महाकाव्यकारले विभूति वर्णनमा राष्ट्र निर्माणको लागि पूर्ण रूपमा समर्पित महान् आत्माहरू पृथ्वीनारायण शाह, भीमसेन थापा, बलभद्र, अभिमानसिंह बस्न्यात, भक्ति थापा, गंगालाल, माथवरसिंह, सीता, बुद्ध, अरनिको आदिको महान् कार्यको कीर्ति विवरण प्रस्तुत गरेका छन् । यसमा राष्ट्रप्रेम र बलिदानको अमरगाथा उत्कीर्ण छ ।

यसरी विभूति वर्णनमा नेपालका राष्ट्रिय विभूतिहरूको वर्णन गरिएको छ ।

### ग) शाहवंश वर्णन

महाकाव्यकारले २८ श्लोकमा शाहवंश वर्णन गरेका छन्, जसमा २६ श्लोक शार्दूलविक्रीडित र बाँकी दुई श्लोक अनुष्टुप् छन्दमा रचिएको पाइन्छ । शाहवंश वर्णनमा राजाहरूले सयौँ वर्ष पार गरिसकेको उल्लेख पाइन्छ । राजाहरू चन्द्रवंशी भएको र यिनीहरूले सिन्धुमा बसोबास गरेको देखिनुका साथै यिनै चन्द्रवंशी आर्यहरू हिन्दु बनेका थिए । शाहवंशका पुर्खा चित्तौडबाट आएको र पछि चित्तौडमा मुसलमानी आक्रमण भई राज्यको स्वतन्त्र अस्तित्व समाप्त भएकोले कोही उज्जैनमा गई बसेको पाइन्छ । केही वर्षपछि यही राजवंशका भूपालले नेपालको रिडी र पछि भिरकोटमा बसोबास गरेको पाइन्छ । यी भूपालका दुई छोराहरू हरिहरसिंह र अजयसिंहले पहिलोपल्ट आएर पहाडी इलाकामा आ-आफ्नो स्वतन्त्रराज्यको स्थापना गरेका थिए । यी दुवै भाइहहरूले तात्कालिक भारत वर्षका शासकहरूले लिएसरह 'खान' पदवी धारण गरेका थिए । त्यसैले इतिहासमा यिनीहरू खाँचा खान र मिचा खान भनेर पनि चिनिएका छन् । कान्छा अजयसिंहको वंशमा उनी पछि  विचित्र खान, कुलमण्डन आदि भएका छन् । यी कुलमण्डनको पालादेखि नै राजवंशले आफ्नो नामका साथ 'शाह' उपाधि प्रयोग गर्न थालेको मानिन्छ । केही समयपछि जेठा खाँचा खानले भिरकोटमा आफ्नो राज्य कायम गरे भने कान्छा मिचा खानले कास्की र पल्लो नुवाकोटमा राज्य स्थापना गरेका थिए । कुलमण्डनको समयमा लम्जुङको राजगद्दी खाली भएकाले लम्जुङेहरूको अनुरोधमा कुलमण्डनका कान्छा छोरा यशोब्रह्म शाह लम्जुङका राजा बनाइएका थिए । यी यशोब्रह्म शाहका दुई  भाइ छोराहरूमध्ये जेठा नरहरि शाह लम्जुङका राजा बने भने कान्छा द्रव्यशाहले गोरखा विजय गरेर आफ्नो राज्य स्थापना गरेको उल्लेख पाइन्छ । त्यसपछि पुरन्दर शाह, छत्र शाह, राम शाह, कृष्ण शाह, पृथ्वीपति शाह र नरभूपाल शाह हुँदै शाहवंशको विस्तार भएको बुझिन्छ । नरभूपालका चारवटा रानीमध्ये माहिली रानी कौशल्यावतीको गर्भबाट वि.सं. १७७९ पौष २७ गते नेपालका वीरपुरुष पृथ्वीनारायण शाहको जन्म भएको थियो । उनले नेपालमा रहेका बाइसे

चौबिसे स-साना राज्यहरूमा भएका सेन मल्ल राजाहरूलाई हराएर नेपाललाई चारजात छत्तिस वर्णको साझा फूलबारीमा परिणत गर्दै पूर्वमा टिस्टा र पश्चिममा काँगडासम्म विस्तार गरेको पाइन्छ । त्यसैले यस्ता नेपाल सिर्जने वीरहरूको गाथा गाउनुपर्ने कुरा शाहवंश वर्णनमा उल्लेख गरी पहिलो बिसौनीको समापन गरिएको छ ।

## ४.५.१.२ दोस्रो बिसौनी

द्वितीय बिसौनीमा जम्मा ४७ श्लोक छन्, जसमा शिखरिणी ४, शार्दूलविक्रीडित ४१ र अनुष्टुप छन्द दुई श्लोक रहेका छन् । प्रथम बिसौनीमा नै कविले आफ्नो मातृभूमि नेपाललाई माया गर्ने, जोश र जाँगर भएका साहसी योद्धा पृथ्वी नारायण शाहको वर्णन गरेका छन् र दोस्रो बिसौनीमा पनि त्यसैलाई निरन्तरता दिएको पाइन्छ । चन्द्रमाको जस्तो मुहार र भर्खरै पलाएका साना शिशु तरुमुना झैँ भएका पृथ्वीनारायण शाहलाई गोरखनाथले तेरो पाउले कुल्चेको भू-भागमा तेरो अधिकार हुनेछ भन्ने आशीर्वाद दिएपछि उनले काठमाडौं लयागत, बाइसे चौबिसे सेन मल्लहरूमाथि विजय प्राप्त गरी सम्राट कहलाएको बुझिन्छ । पृथ्वीनारायण शाह सानै देखि चतुरा र जिद्दी स्वभाव भएका थिए । उनले मकवानपुरका राजा हेमकर्णकी छोरी इन्द्रकुमारीसँग विवाह गरेका थिए । उनले मकवानपुरका राजा हेमकर्णकी छोरी इन्द्रकुमारीसँग विवाह गरेका थिए । हेमकर्णले विवाहमा एकदन्ते हात्ती र नौलखा हार देने कबुल गरे तापनि पछि असहमति जनाएको कारणले गर्दा उनी दुलही छोडेर फर्केका थिए । फर्केपछि उनी काशी गएर काशीका राजाकी छोरी नरेन्द्रलक्ष्मीसँग बनारसमा गएर दोस्रो विवाह गरेका थिए । काशीबाट फर्केपछि उनलाई काठमाडौं, भक्तपुर र पाटनमाथि विजय गर्ने विचार आएको देखिन्छ । पृथ्वीनारायण शाह बीसवर्षको हुँदा उनका पिताको मृत्यु भएको र उनी राजगद्दीमा बस्दै गर्दा मकवानपुरका राजा हेमकर्णले इन्द्रकुमारीलाई लिनको लागि निमन्त्रणा पठाएको पाइन्छ । निम्तो पाएर पृथ्वीनारायण शाह इन्द्रकुमारीलाई लिन जाँदा त्यहाँ सेनाहरूले आफूहरूलाई सलामी नदिएको निहुँमा सेनालाई हत्या गर्ने आदेश दिएको देखिन्छ । सेनाहरूको हत्या भएपछि उनलाई मकवानपुरका सेनाहरू लगायत जेठान मिलेर लखेटेका थिए । उनी खाली हात घर

फर्केका थिए । त्यसपछि काठमाडौं, भक्तपुर र ललितपुर विजय गर्ने योजना बनाएर काजी कालुपाण्डेलाई साथमा लिएर लम्जुङसँग मितेरी लगाएर नुवाकोट माथि आक्रमण गरेको पाइन्छ । नुवाकोटमाथि उनले तेस्रोपटकमा विजय प्राप्त गरेका थिए । नुवाकोट पछि बेलकोट जिती लम्जुङ र तनहुँसँग मैत्री सम्बन्ध कायम गरेका थिए । राम्रो सफलता प्राप्त गर्ने क्रममा उनले कीर्तिपुर माथि हमला गरेका थिए, त्यहाँ कालुपाण्डेको मृत्यु भएको थियो । आफ्नो दाहिने हात गुमाएपछि पृथ्वीनारायण शाहले केही समय युद्ध नगर्ने विचार गरेको देखिन्छ । विश्रामको समयमा इन्द्रकुमारीका बिलौना सुनेर उनलाई लिन पठाएको पाइन्छ ।

तीन वर्षपछि पृथ्वीनारायण शाहले चौकोट र मकवानपुरमाथि विजय प्राप्त गरी अङ्ग्रेजहरूलाई हराएर नेपालको सिमान सिन्धुलीगढीसम्म विस्तार गरेको देखिन्छ । विजयप्राप्त गर्ने सन्दर्भमा उनले चोभार, धुलिखेल, फर्पिङ्ग र पनौतीमाथि आक्रमण गर्दा आफ्ना भाई सूरप्रताप शाहको आँखा फुटेको पाइन्छ । तैपनि उनले हार नखाई काठमाडौं, भक्तपुर र ललितपुरमाथि विजय प्राप्त गरेका थिए । शाहसी र पराक्रमी राजा भएकाले उनले बाइसे चौबिसे टुक्रामा विभजित स-साना राज्यलाई एउटै मालामा गाँसेर सिङ्गो राष्ट्र निर्माण गरेको पाइन्छ । यसरी देश निर्माणमा लाग्दा लाग्दै उनको मृत्यु वि.सं. १८३१ सालमा देवीघाटमा भएको उल्लेख गरिएको छ । पृथ्वीनारायण शाहको मृत्यु भएपछि उनका छोरा प्रतापसिंह शाह राजा भएको देखिन्छ । दुई वर्ष दश महिना शासन गरेपछि उनको मृत्यु भएको पाइन्छ । उनी पछि अढाई वर्षका राजा रणबहादुर शाह राजा भएका र उनको नायबी भएर राजेन्द्रलक्ष्मी र बहादुर शाहले कामकाज चलाएको पाइन्छ । यसरी दुवै देवर-भाउजू मिलेर काम गरे तापनि पछि यी दुईको आपसी मतभेदको कारण बहादुर शाह जेलमा परी जेलभित्र उनको मृत्यु भएको पाइन्छ ।

यसरी दरबारभित्रको आपसी कलहको प्रसङ्ग तृतीय बिसौनीमा सुरु हुने बताउँदै दोस्रो बिसौनी समापन गरिएको छ ।

### ४.५.१.३ तेस्रो बिसौनी

तेस्रो बिसौनीमा जम्मा ४५ श्लोक छन्, जसमा शिखरिणीका ६, शार्दूलविक्रीडितका ३७ र अनुष्टुप छन्दका दुई पद्य रहेको पाइन्छ ।

राजेन्द्रलक्ष्मी र बहादुर शाह बिचको आपसी कलह र योग्य भारदारहरू तितरबितर भएको मौका पारी चौबिसे राज्यहरूले संयुक्त रूपमा आक्रमण गर्ने विचार गरेको देखिन्छ । यस्तो जानकारी पाएपछि सेनापति बलभद्र, अमरसिंह थापा, दामोदर पाँडे आदिको नेतृत्वमा गोर्खाली सेना प्रतिकार गर्न गए तापनि सफलता प्राप्तगर्न नसकी आफ्ना धेरै सपूतहरूलाई गुमाउन पुगेको पाइन्छ । पृथ्वीनारायण शाह पराक्रमी, शूर र वीर भएपनि उनका भाइ दलमर्दन शाह आफू पनि राजा हुने इच्छा गरी उक्त राज्यलाई दुई भागमा बराबर अंश लगाउन आग्रह गरेको पाइन्छ । दरबारिया षड्यन्त्र अथवा देवर भाउजूबिचको कलह र खिचातानीले गर्दा दुवै जना पालैपालोसँग जेलमा परेको देखिन्छ । देवर-भाउजूको खिचातानीमा दरबारका षड्यन्त्रकारीहरूको महत्त्वपूर्ण भूमिका रहेको छ । यसै क्रममा बहादुर शाह भागेर बेतिया पुगेको अवस्थामा नै राजेन्द्रलक्ष्मीको मृत्यु भएको देखिन्छ । भाउजूको मृत्युपछि उनी नेपाल फर्केर पाल्पासँग सम्बन्ध गाँस्नको लागि पाल्पामा बिहे गरेका थिए । पाल्पासँग बलियो सम्बन्ध स्थापित गरिसकेपछि उनले रेसुङ्गा, प्युठान, जाजरकोट, दाङ, कास्कीकोट, जुम्ला, डोटी, अल्मोडा, श्रीनगर विजय गरी पूर्वमा टिस्टा, सिक्किम र उत्तर डिगर्चासम्म विस्तार गरेको पाइन्छ । यसैक्रममा भोट र तिब्बतमा विजय गर्ने लक्ष लिएर अगाडि बढ्दा तिब्बत र  भोटले चीनसँग शरण लिएर सेना मगाएकोले उनले सफलता प्राप्त गर्न नसकी उल्टै अमरसिंह र तुलारामजस्ता सच्चा साहसी नेतृत्वलाई गुमाउनु परेको बुझिन्छ । बाध्य भएर उनले वेत्रावतीको सन्धिमा हस्ताक्षर गर्नु परेको देखिन्छ । यस्तो सन्धि गरेको मौका पारी षड्यन्त्रकारीहरूले रणबहादुर शाहलाई बहादुर शाहको विरुद्धमा कुरा लगाएको पाइन्छ । रणबहादुर शाहले उक्त कुरा सुनी बहादुर शाहलाई ढुकुटी हिनामिना गरेको आरोप लगाई जेल हालेको र उनको मृत्यु जेलमा नै भएको देखिन्छ । राजेन्द्रलक्ष्मीको मृत्यु हुँदा रणबहादुर शाह राजकाज सम्हाल्न सक्ने भएका थिए । उनी विलासी स्वभावका थिए । त्यसैले उनले बहुविवाह गरेका थिए । जेठी रानी राजेश्वरीबाट सन्तान नभएपछि उनले दोस्रो विवाह सुवर्णप्रभासँग गरेका थिए भने तेस्रो विवाह कान्तिमतीसँग गरेका थिए । कान्तिमती विधुवा भएपनि रूपले र यौवनले धपक्कै बलेकी थिइन् । उनले आफूबाट जन्मिएको सन्तान राजा हुनुपर्ने शर्तमा रणबहादुर शाहसँग विवाह गरेको बुझिन्छ । कान्तिमतीलाई केही समयपछि नै क्यान्सर भएपछि रणबहादुर शाहले माहिली श्रीमतीको कोखबाट जन्मेका रणोद्योत शाहलाई राजा नबनाई कान्तिमतीबाट

जन्मिएका गीर्वाणयुद्धलाई राजा बनाएर रानीको उपचारको लागि काशीतिर प्रस्थान गरेको बुझिन्छ । यस्तो अवस्थामा राजेश्वरीले गीर्वाणयुद्धको नायब बनेर राज्यविस्तार गर्ने सोच राखेपनि दरबारिया षड्यन्त्रले गर्दा हेलम्बुमा निर्वासित जीवन बिताउनुपरेको देखिन्छ । दरबारीया षड्यन्त्र आफ्नो परिवार लगायत सम्पूर्ण भाइभारदार र सेनाहरूमा पनि आफ्नो-आफ्नो स्वार्थका लागि जे पनि गर्न तयार भएको देखिन्छ । दरवारको यस्तो स्थिति देखेर षड्यन्त्रकारीहरूले रणबहादुर शाहको भइ शेरबहादुरलाई राजा बनाइदिने आशा देखाएर उक्साएको पाइन्छ । यस्तो खबर रणबहादुर शाहले थहापाएपछि भाइलाई जेलमा हाल्ने आदेश दिए पनि शेरबहादुरले उल्टै रणबहादुर शाहलाई हत्या गरेको बुझिन्छ । रणबहादुर शाहको मृत्यु भएपछि राजेश्वरीलाई राजाको झुठो प्रेमपत्रको नाटक गरेर हेलम्बुबाट झिकाएर जबर्जस्ती सती जान लगाइएको बुझिन्छ । रणबहादुर शाह र राजेश्वरीको मृत्यु भएपछि भीमसेन थापाको उदय भएको देखिन्छ । उनी राष्ट्रप्रेमी र दूरदर्शी भएकोले राजाका पक्षमा रहेका थिए । उनले राजाको अन्त्यपछि उनके सपना पूरा गर्ने लक्ष लिएर पश्चिममा पाल्पा, अल्मोडा, गढवाल, यमुना र भोटसम्म विजय प्राप्त गरी काँगडा पुगे तर काँगडा र पंजाब एकजुट भएको हुँदा विजय गर्न धौ-धौ परेको देखिन्छ । भीमसेन थापासँग अमरसिंह, र भक्तिथापा जस्ता वीर योद्धाहरू भएपनि पाण्डेहरू अङ्ग्रेजसँग मिलेर भीमसेन थापा लगायत उनका विपक्षीहरूलाई सखाप पार्ने तालमेल गरेकाले अङ्ग्रेजसँगको लडाइँमा भक्तिथापा सहिद भएको पाइन्छ भने खलङ्गामाथि विजय गरेको देखिन्छ । गोरखा र भारत बिच मेलमिलाप थिएन । अङ्ग्रेज बलियो बनेको थियो । यही मौका पारेर अङ्ग्रेजले गोरखा माथि आक्रमण गर्ने योजना बनाएपछि भीमसेन थापा अङ्ग्रेजसँग सन्धि गर्न बाध्य हुनुपरेको देखिन्छ ।

यसरी आफू-आफूमा झगडा र सत्ता तानातानको दुस्मनीले गर्दा देशका वीरयोद्धाहरूले ज्यन गुमाउनुपरेको, देश अगाडि बढ्न नसकेको जानकारी दिएर तेस्रो बिसौनी समापन गरिएको पाइन्छ ।

### ४.५.१.४ चौथो बिसौनी

चौथो बिसौनीमा रहेका ५३ श्लोकमध्ये गीतिलयमा ४, मन्दक्रान्तामा ४, शिखरिणीमा २, अनुष्टुप् छन्दमा २ श्लोक रहेका छन् ।

चौथो बिसौनीमा संसारको सबभन्दा अग्लो चुचुरो सगरमाथा र कपाल जस्तै लामा-लामा झर्नाले सजिएको, नेपालमा भूकम्प, बाढी र पैह्रो आदिले क्षत विक्षत पारेजस्तै आपसमा दाजुभाइ फुट्दा विदेशी शक्तिले हस्तक्षेप गरेर नेपाली भू-भाग लुटेको, भेसभुसा र संस्कार लगेर छाडावाद, रोग र भोग दिएको, कुदिन लागेर दीनहीन भएको अवस्थाको चित्रण गरेको पाइन्छ ।

विश्वभरमा फूल झैँ फक्रिएको देशलाई दरबारिया झै-झगडा, सत्तालिप्सा, तँछाड-मछाड र कोभन्दा को कम भन्दै आ-आफ्नो शक्ति प्रदर्शन गर्दा हजारौँ वीर योद्धाहरूको ज्यान गएको, सफल नभए वीरहरूको मन ऐना जस्तै चकनाचुर भएर फुटेको देखिन्छ । हजारौँ वीरहरू सहिद भएपछि नेपालको हातहतियार र फौजहरूको सङ्ख्या घटेको मौका पारेर अङ्ग्रेजहरूले नालापानी, देउथल, अल्मोडा र सूर्यपुर जस्ता भू-भागहरू हस्तक्षेप गरेको र सोही लडाइँमा भक्ति थापा जस्ता वीरयोद्धाको ज्यान गएको पाइन्छ । सारा नेपाली सेना हताहत हुन पुगेका, नेपालका जमिन फिरङ्गीहरूले खोसेर कि सन्धिमा हस्ताक्षर गर कि लडाइँ लड भन्दै अङ्ग्रेजहरूले धम्क्याएको बुझिन्छ । यसै अवस्थामा राजा गीर्वाणयुद्धको मृत्यु भएको पाइन्छ । राजाको मृत्यु कालगतिले नभई भीमसेन थापाले विष खुवाएर गराएको भनी राजा राजेन्द्रलाई पाँडेहरूले आफ्नो गुटमा समर्थक बनाएको पाइन्छ । त्यतिमात्र नभई पाँडेहरूले आफूलाई प्रमुख भारदार बनाएर सुगौली सन्धिमा गुमेको राज्य फिर्ता लिन सकिने आश्वासन राजेन्द्रलाई दिलाएको देखिन्छ तर भीमसेन थापासँग पाँडेहरूको पुरानो शत्रुता भएको कारणले भीमसेन थापालाई बन्दी नबनाई कुनै काम गर्न नसकिने कुरा राजेन्द्रलाई बताएपछि भीमसेन थापालाई बन्दी बनाइएको देखिन्छ । त्यस्तै विष खुवाएको होइन भन्ने वैद्यहरूमध्ये कसैलाई फलाम तताएर गालामा डामिदिएको र कसैलाई छाला काढेर सर्वस्व हरण गरी मानवता विपरीत कु-कार्य पाँडेहरूले गरेको देखिन्छ ।

भीमसेन थापालाई जेलमा हालिसकेपछि धेरै यातना दिनुका साथै उनकी श्रीमतीलाई नाङ्गै सहर घुमाउने हल्ला चलाएको पाइन्छ । त्यतिमात्र नभई यस्तो खबर पाएपछि आफैँ मर्नेछ भन्ने मनसायले जेल भित्रै पाँडेहरूले खुकुरी पठाएको बुझिन्छ । भीमसेन थापा शूर,

वीर, पराक्रमी र साहसी व्यक्ति भएकाले उनका अगाडि जो कोहीले पनि लडाइँ गर्ने आँट गर्न सक्दैनथे । स्वाभिमानी देशभक्त भएकोले श्रीमतीको अपमान सहन नसकी जेलभित्रै उनले खुकुरीले घाँटी रेटेर आफ्नो हत्या गरेको बुझिन्छ । यस्तो वीभत्स हत्या भएपछि पनि उनको शरीरलाई टुक्राटुक्रा पारी बाटैभरि फाली टाउको अङ्ग्रेजहरूले लण्डनको म्युजियममा पुऱ्याएको भन्ने उल्लेख भएको देखिन्छ । यसरी भीमसेन थापाको मृत्यु भएपछि पाँडेहरूले राजालाई पहिला भने अनुसार कुनै काम गर्न नसकेको, उल्टै अङ्ग्रेजसँग मिलेको, अङ्ग्रेजहरूले सन्धि गराउन बाध्य पारेको आदि कारणले गर्दा भीमसेनको मृत्यु भएकोमा राजेन्द्रलाई पश्चात्ताप लागेको देखिन्छ । एकातिर भाइ-भारदारहरूको खिचातानी देखिन्छ भने अर्कोतिर जेठी र कान्छी रानीहरू बिचको गृह कलहले राजा दिक्दार भएको पाइन्छ । कान्छी रानी गगनसिंहसँग मिलेर माथवरसिंहको हत्या गर्ने षड्यन्त्र गरेकोले माथवरसिंहको पनि बिनाकारण हत्या हुने भयो भन्ने सङ्केत गर्दै बिसौनी समापन गरिएको पाइन्छ ।

### ४.५.५ पाँचौँ बिसौनी

पाँचौँ बिसौनीमा भएका ४६ श्लोकमध्ये शिखरिणीको १, शार्दूलविक्रीडितको ४३ र अनुष्टुप छन्दका २ श्लोक रहेका छन् ।

दरबारिया कलहले कतिपय सज्जन वीरहरूले सहादत प्राप्त गर्नुपरेको र कति देवता बनेको अनि कतिपय राक्षस बनेको देखिन्छ । राजेन्द्रका जेठी र कान्छी रानी बिचको गृहकलह चर्कंदै गएपछि जेठी रानी पाँडे समर्थक र कान्छी रानी थापा समर्थक भएको बुझिन्छ । जेठी रानी आफ्नो छोरा सुरेन्द्रलाई राजा बनाउन चाहन्थिन् भने कान्छी रानी आफ्नो छोरा रणेन्द्रलाई राजा बनाउने होडमा थिइन् । यस्तो अवस्थामा राजेन्द्र भने बडो समस्यामा परेको देखिन्छ । दुवै रानीको आपसी कलह बढ्दै गएपछि जेठी रानी एक्लै काशी जान भनी जाँदा हेटौँडामा पुगेपछि ज्वरो आएर उनको मृत्यु भएको पाइन्छ । जेठी रानीको मृत्युभएपछि कान्छी रानीले राजलाई आफ्नो बसमा पारी दरबारको सम्पूर्ण राजकाज उनको मातहतमा चल्ने भनी राजाबाट हुकुम भएको बुझिन्छ । अब रानी सर्वेसर्वा भएको हुँदा उनलाई पाँडेहरूबाट आफ्नो स्वार्थ पूरा नहुने देखेपछि भारतको सिमलामा बसिरहेका

माथवरसिंह थापालाई झिकाएको पाइन्छ । माथवरसिंह थापा काठमाडौं फर्कदैछन् भन्ने सुनेपछि कम्पनी सरकारले उनलाई रोक्न ३५/३६ हजार सेनाको नेतृत्व र वार्षिक १२ लाख तलब दिने प्रलोभन देखाएको पाइन्छ । यस्तो प्रलोभनमा नपरी शूर, वीर र इमानका माथवरसिंह काठमाडौं आएको बुझिन्छ । उनी काठमाडौं आएपछि रानीको आग्रहबाट प्रधानमन्त्री बनेको र आफ्नो वंशमाथि लागेको विषको मुद्दा फिर्ता गरी भीमसेन थापाको पालामा मारिएका वैद्यहरूको परिवारलाई न्याय दिलाएको पाइन्छ ।

माथवरसिंह सेनापतिबाट प्रधानमन्त्री बनाइएपछि केही समय शान्ति भए तापनि दरबारिया षड्यन्त्र, राजनीतिक दाउपेच र हत्याकाण्डले शान्तिलाई स्थायी हुन नदिएको देखिन्छ । माथवरसिंह थापा निकै शक्तिशाली भएपनि राजपरिवारका सदस्यका स्वार्थ पूरा गर्ने सामर्थ्य उनमा थिएन, किनभने उनीहरूको स्वार्थ परस्पर विरोधी भएको पाइन्छ । उनले दरबारका राजा, युवराज र राज्यलक्ष्मीको चित्त बुझाउन सकेनन् त्यसैले तीनैजना माथवर सिंहका विरोधी बन्न पुगेको बुझिन्छ । रानीको मुख्य स्वार्थ जेठी रानीका छोरा सुरेन्द्रको हत्या गरी आफ्नो छोरालाई राजा बनाउने थियो तर प्रधानमन्त्रीले परम्परा विरोधी, अनैतिक र अवैधानिक कार्य नगर्ने जानकारी दिएको हुनाले कान्छी रानी माथवरसिंहकी विरोधी भएकी देखिन्छिन् । युवराजका व्यवहारहरू उद्दण्ड किसिमको भएकाले माथवरसिंहले सुधार गर्न भनेको कारण उनी युवराजको दुस्मनी भएको र माथवरसिंहको सैनिक पुनर्गठन कार्यबाट राजा सन्तुष्ट नभएको कारण राजाको पनि विरोधी भएको बुझिन्छ । माथवरसिंहको साहसीपन, शूरता, वीरता र शक्तिशाली क्षमता देखेर तत्कालीन अङ्ग्रेज सरकार झस्केको देखिन्छ भने दरबारका उनका विरोधीहरूको पनि ओठतालु सुकेको देखिन्छ ।

माथवरसिंह यस्ता विशिष्ट व्यक्तित्व भए तापनि युवराज, राजा रानी लगायत चौतरिया, पाँडे र अंग्रेजहरूले उनलाई मार्ने षड्यन्त्र गरेको देखिन्छ । माथवरसिंह र जङ्गबहादुर राणा मामाभान्जा भए पनि पारिवारिक मनमुटावले गर्दा एक आपसमा वैमनस्य भएका कारण राजारानीले माथवरसिंहको हत्या गर्न सक्ने बलियो हतियार बनाएको देखिन्छ । यसरी हत्या गर्ने षड्यन्त्र रचेपछि रानी बिरामी भएको बहानामा भेट्न आउने खबर पठाएपछि माथवरसिंह बेलुका रानीलाई भेट्न आउने खबर पठाएपछि माथवरसिंह बेलुका रानीलाई भेट्न आएको मौका पारी गगनसिंह र जङ्गबहादुरले गोली हानेर माथवरसिंहको हत्या गरेको पाइन्छ । यस्ता माथवरसिंह, नयनसिंह, अमरसिंह जस्ता

वीरयोद्धाहरूको हत्या गरी नेपाललाई भयावह स्थितिमा पुऱ्याइएको उल्लेख गरिएको छ । माथवरसिंहको हत्या भएपछि फत्तेजङ सेनापति भएका, गगनसिंह र जङ्गबहादुर रानीका नजिकका भएपनि यिनीहरू बिच पनि एकले अर्कालाई मार्ने षड्यन्त्र भएको र गगनसिंहको हत्या गरेर कोतपर्वको चक्रव्यूह तयार गरिएको कुरा व्यक्त गर्दै पाँचौं बिसौनीको समापन गरिएको छ ।

## ४.५.१.६ छैठौं बिसौनी

छैठौं बिसौनीमा जम्मा ३६ श्लोक रहेको र त्यसभित्र शिखरिणीका १३, शार्दूलविक्रीडितका २१ र अनुष्टुप् छन्दका २ श्लोक समावेश गरिएको छ ।

पाँडे र थापा समूहका बिचको खिचातानी, इष्टइन्डिया कम्पनीको इसारामा गरिएको हत्याकाण्ड, जङ्गबहादुर र उनका उत्तरधिकारीहरूको अङ्ग्रेजसँगको साँठगाँठ र षड्यन्त्र, दरबारिया कुटिल जालमा परी बारम्बार सङ्कटको घेराबन्दी बनेर देशको राष्ट्रिय स्वाभिमान, सार्वभौमिकता गुम्दै गएको देखिन्छ । जङ्गबहादुर वीर, चतुर, परिस्थिति बुझेर समयसँगै बग्ने, शक्तिशाली र जस्तो सुकै खतरा काम गर्न पनि तयार हुने व्यक्ति भएको देखिन्छ । त्यसैले उनले नै गगनसिंहको हत्या गरेर राजा राजेन्द्रको मन जित्न सफल भएको देखिएको छ ।

गगनसिंह कान्छी रनीको प्रियपात्र भएकोले उनको हत्यारा पत्ता लगाउन कोतपर्वको आयोजना गरिएको थियो तर हत्यारा पत्तालगाउनुको सट्टा जङ्गबहादुरले आफ्ना विपक्षीहरूलाई सखाप पारेर प्रधानमन्त्री फत्तेजङ्गको पनि हत्या गरेको पाइन्छ । राजा राजेन्द्र आफ्नो ज्यान बचाउन अङ्ग्रेजको शरणमा पुगेका तर अङ्ग्रेजहरूले शरण नदिएपछि काशीतिर गएको देखिन्छ । राजा काशीमा गएर पनि सुख पाएका थिएनन् उनलाई जङ्गबहादुरले पक्रेर कैद गरे भने जेठी रानीका छोरा सुरेन्द्रलाई राजा बनाएका थिए । जङ्गबहादुरले राजपरिवारसँग सम्बन्ध कायम गर्न आफ्नी छोरीहरूको विवाह सुरेन्द्रसँग गरेका थिए । जङ्गबहादुर शक्तिशाली हुँदै आएपनि कान्छी रानीको इच्छा पूरा गर्न नसक्ने ठानी रानीले जङ्गबहादुरको हत्या गर्न भण्डारखालपर्वको रचना गरिन् र सारा भाइभारदारहरूलाई डाकिन् तर चतुर र साहसी जङ्गबहादुरले आफ्ना विपक्षीहरूलाई सखाप पारेर, राजा रानीलाई

देश निष्काशन गरिदिएको पाइन्छ । सुरेन्द्र राजा भएपछि जङ्गबहादुरले श्री ३ को लालमोहरको पद पाएका थिए र प्रधानमन्त्री श्री ३ महाराज समेत बनेको देखिन्छ । जङ्गबहादुरले आफू श्री ३ महाराज बनेपछि उक्त पद आफूपछि आफ्ना भाइहरू आफ्ना छोराहरू, नातिहरू र अन्त्यमा भतिजाहरूको क्रमशः पालो अउने नियम बनाएका थिए । यस्तो नियमलाई असन्तुष्ट पक्षले त्रुटिपूर्ण भनेपछि राणा परिवारमा झगडाको बीजारोपण भएको देखिन्छ ।

यसरी राजाहरूको सत्तालिप्साको खिचातानी दिनप्रतिदिन बढ्दै जाँदा सुरेन्द्रको मृत्यु भएको र उनी पछि त्रैलोक्य राजा भएको बुझिन्छ । राणाहरूको अत्याचार देखेपछि त्रैलोक्यले राणाहरूको नाश गरेर मात्रै श्रीपेच लगाउने प्रतिज्ञा गरेपनि अचानक उनको मृत्यु भएको देखिन्छ । राणा परिवारबाटै अनेकौं षड्यन्त्र गरी जङ्गबहादुर र रणोद्दिपको हत्या गरिएको र जङ्गबहादुरको सन्तानको विनाश गरी सर्वस्व हरण गरिएको बुझिन्छ । रणोद्दिप पछि वीरसमशेर श्री ३ महाराज र प्रधानमन्त्री भएको, पृथ्वीवीर विक्रम राजा भएको, पृथ्वीवीर विक्रम शाहले पन्जाबका राजपूत कन्यासँग बिहे गरेको बुझिन्छ । यसरी राजपरिवारदेखि राणासम्म नै पारिवारिक कलहले चरमरूप लिएको देखाएर छैठौं बिसौनी समापन गरिएको छ ।

## ४.५.१.७ सातौँ बिसौनी

सातौँ बिसौनीमा भएका ३३ श्लोकहरूमध्ये शिखरिणीका ३, शार्दूलविक्रीडितका २८ र अनुष्टुप छन्दका २ श्लोक रहेका छन् ।

रणोद्दिपको हत्या भएपछि वीरशमशेर र वीरशमशेर पछि देवशमशेर प्रधानमन्त्री बनेपनि चन्द्रशमशेर चतुर र साहसी भएकाले आफ्ना दाजु देवशमशेरलाई पदच्युत गरी आफू श्री ३ महाराज र प्रधानमन्त्री भएको देखिन्छ भने राजाहरूमा पृथ्वीवीरविक्रम शाहको मृत्युपछि त्रिभुवन राजा भएको पाइन्छ । त्रिभुवन राजा भएपनि चतुरा चन्द्रशमशेरले राजारानीबाट आफ्नो कार्यमा बाधा हुने ठानी आफ्ना सेनाहरूको रेखदेखमा विलासितामा भुलाएको देखिन्छ । उनको समयमा राजा प्रधानमन्त्रीको स्वीकृतिबिना दरबारभन्दा बाहिर

जान र अरू कसैसँग भेट गर्न पाउँदैनथ्यो । उनको विरुद्धमा लागेकालाई देशै निकाला गरिदिन्थे । चन्द्रशमशेरले २९ वर्ष लामो समय शासन गरेपछि उनको मृत्यु भएको र त्यसपछि क्रमशः भीमशमशेर जुद्ध समशेर प्रधानमन्त्री र श्री ३ महाराज भएको पाइन्छ । उनको समयमा नब्बे सालको भूकम्प गएर विभिन्न भू-भाग क्षतविक्षत भएको देखिन्छ ।

राणाहरू देशको उन्नति भएको र आफू भन्दा चलाख अरू भएको देख्न चाहँदैनथे । सोही समयमा कृष्णलाल सुब्बाले **मकैको खेती** नामक पुस्तक लेखेको र त्यसमा मकै खाने राता टाउके र काला टाउके हुन् भनी लेखिएको हुनाले राणाहरूले गलत अर्थ लगाएर उनलाई आजीवन जेल चलान गरिएको थियो ।

राणाहरू कसैलाई साक्षर देख्न र कुनै राम्रो काम गरेको हेर्न नचाहने, जन्मभूमि, माटो, हावा, पानी सबै आफ्नै निजी सम्पत्ति ठानेर हिटलर र कौरवको जस्तो व्यवहार गर्दथे । यसरी राणाहरूको चरम दानवीय रूप र अत्याचारका विरुद्धमा एकजुट भएर टंकप्रसाद आचार्य, दशरथ चन्द, गंगालाल, धर्मदत्त, शुक्रराज, जीवनराज, रामहरि शर्मा, गणेशमान, हरिकृष्ण, लक्ष्मीप्रसाद, कृष्णप्रसाद लगायत छयालिस जना शिक्षित युवाहरूले 'प्रजापरिषद्' नामक संस्था खोलेको पाइन्छ । प्रजापरिषद्को मुख्य उद्देश्य नेपालमा राणा शासनको अन्त्य गरी श्री ५ त्रिभुवनको नेतृत्वमा प्रजातान्त्रिक शासनको स्थापना गर्नु रहेको एक पर्चा छरेको देखिन्छ । उक्त पर्चामा राणाहरूको विरुद्धमा लड्न जनताहरूलाई अनुरोध गरिएको थियो । ती पर्चाहरू छापेर काठमाडौं उपत्यकका तीन वटै सहरमा फ्याँकिएका थिए । पर्चाको चर्चा सुनेपछि राणाहरूले पर्चा छाप्ने र फ्याँक्ने दुवैको पत्ता लगाउन आफ्ना गुप्तचरहरू खटाएका थिए । कुनै पत्तो नपाएपछि राणहरूले पत्ता लगाउनेलाई नगद रु. ५०००।- इनाम दिने घोषणा गरेका थिए । शत्रु खोज्न टाढा जानुपर्दैन भने झैं पैसाको लोभमा परी शुक्रराज शास्त्रीका भाइ वाक्पतिले सारा पोल खोलिदिएको पाइन्छ । पोल खोलेपछि राणाहरूले सङ्गठनमा समावेश भएका सबैलाई गिरफ्तार गरी कसुर अनुसारको सजाय सुनाएको देखिन्छ । राणाहरूले त्रिभुवनलाई पनि राजगद्दी त्याग्न धम्की दिएका थिए । उनीहरूका विरुद्धमा लाग्नेहरूलाई मृत्युदण्डको सजाय, टंकप्रसाद र रामहरिलाई टाटे मुण्डन गरेर जन्मकैद र गणेशमानलाई पनि सर्वस्व हरण गरेर जन्मकैद गरिएको पाइन्छ । त्यतिमात्र नभएर उनीहरूलाई चरम यातना दिई जातिच्युत गरी सुँगुरका पाठाहरू गलामा

झुन्ड्याइदिने भनी सहरभरि हल्ला फिँजाइएको देखिन्छ । यसरी राणाशासनको चरमोत्कर्ष रूपको वर्णन गर्दै सातौँ बिसौनीको समापन गरिएको छ ।

### ४.५.१.८ आठौँ बिसौनी

यस बिसौनीमा भएका ३३ श्लोकमध्ये शिखरिणीको १, शार्दूलविक्रीडितका ३० र अनुष्टुप् छन्दका २ श्लोक रहेका छन् । होमनाथ पौडेल 'हिमांशु'ले आठौँ, नवौँ र दशौँ बिसौनीमा सहिद शुक्रराज शास्त्रीको उत्सर्गको वर्णन गरेका छन् । नेपालमा राणाहरूको चकचकी र क्रूर शासन बढ्दै गएको अवस्थामा राष्ट्रवादी नेपालीहरू देश निकाला गरिएका थिए । शुक्रराज शास्त्रीका परिवार पनि बनासरमा निर्वासित जीवन बिताइरहेको अवस्थामा शुक्रराजको जन्म भएको पाइन्छ । प्रजातन्त्र प्राप्तिका लागि लड्ने वि.पी. लगायत हजारौँ युवाजत्थाहरू बनारसमा भएको समयमा शुक्रराज शास्त्रीका बाजे श्रीकण्ठराज र बुबा माधवराज जोशी पनि साथमा रहेको देखिन्छ । पछि नेपाल फर्केको र हजुरबुबाको मृत्यु नेपालमा नै भएको थियो । मरेका हजुरबुबालाई पनि राणाहरूले अपमान गरी लासलाई घिसारेर पुरै सहर घुमाएको, टाउको फुटाएर रगताम्मे पारेको, शरीरका छाला लत्किएर चोक्टा-चोक्टा पारेको, बुबालाई अरूसँग पानी नचल्ने बनाई जेलमा हालेको पाइन्छ । जेल जीवन बिताएको केही समयपछि जेलमुक्त गरी घरबास त्यागेर वीरगञ्जमा बस्नुपरेको, राणा शासनको चरमोत्कर्ष रूप हुँदा हुँदै पनि शुक्रराजले पन्जाबबाट स्नातक पढेर शास्त्री पास गरी प्रयागमा प्राध्यापन गराई राणाहरूको विरुद्धमा बेला बेलामा काठमाडौं आई जनतालाई सचेत गराएको देखिन्छ ।

शुक्रराजले पहिलाकी श्रीमतीको मृत्यु भएपछि प्रजातन्त्र स्थापना गरी सम्बन्ध बलियो बनाउनको लागि दोस्रो विवाह मेनकासँग गरेको पाइन्छ । उनले भारतमा रहँदा गान्धीसँग अहिंसाको पाठ सिकेको, राणहरूका विरुद्धमा बाह्रवटा पुस्तक लेखेको, काठमाडौंमा 'नागरिक सुधार समिति' नामक संस्था खोलेर इन्द्रचोकमा भाषण गरेको पाइन्छ । शुक्रराजका यस्ता कार्यहरू राणालाई नपचेपछि उनलाई जेल हालिएको, जेलमा हुँदा गर्भवती श्रीमतीले उपचार नपाउँदा मृत्यु भएको, सारा पुस्तकहरू जलाइदिएको उल्लेख गर्दै आठौँ बिसौनी समापन गरिएको छ ।

### ४.५.१.९ नवौँ बिसौनी

नवौँ बिसौनीमा भएको ३३ श्लोकमध्ये शिखरिणीका ५, शार्दूलविक्रीडितका २६ र अनुष्टुप छन्दका २ पद्य रहेका छन् । शुक्रराज शास्त्रीको भाषण र उनका कार्यहरूको पोल खोलेपछि राणाहरूले उनलाई हत्कडी र नेल लगाएर जेलतिर लैजाँदा हजारौँ जनताहरू पछि लागेका र शुक्रराजले सबैलाई सान्त्वना दिएको पाइन्छ । जेलमा उनलाई निर्मम यातना दिइएको, कोर्रा हान्दै माफी माग्न लगाइएको बुझिन्छ । जतिसुकै यातना दिएपनि, मार्ने धम्की दिएपनि त्यसको वास्ता नगरी राणाहरूको अगाडि माफी नमाग्ने अठोट गरेको देखिन्छ ।

यसरी शुक्रराजले जुन तरिकाले मर्नु परेपनि राणाहरूका अगाडि आफू हाँसीहाँसी मर्न तयार भएको उल्लेख गरी नवौँ बिसौनी समापन गरिएको छ ।

### ४.५.१० दशौँ बिसौनी

यस बिसौनीमा शिखरिणीका २, शार्दूलविक्रीडितका ३० र अनुष्टुप छन्दका २ गरी जम्मा ३४ श्लोक रहेका छन् ।

राणाहरूले जे-जस्ता यातना दिएपनि माफी माग्न शुक्रराज तयार नभएपछि झुन्ड्याएर मार्ने योजना बनाएको देखिन्छ । यस्तो खबर सुनेपछि सारा नेपाली जनतामा अन्धरकारले छोपे जस्तै भएको पाइन्छ । ठूला माछाले साना माछालाई, बलियोले कमजोरलाई र बलौटे माटोमा दुध खन्याए जस्तै राणाहरूले पनि नेपाली जनतालाई सोसिरहेका र दमन गरिरहेका थिए । आधा रातमा शुक्रराजलाई जेलबाट निकालेर गाडीमा राखी अन्तिम इच्छा के छ भन्दै मेरो अन्तिम इच्छा माफी माग्ने नभई आफ्नो घाँटीमा आफैँ डोरी लगाएर मर्ने छ भनेको सुनी राणाहरू आश्चर्यले चकित भएको देखिन्छ ।

शुक्रराज मृत्युदेखि डराउने मान्छे नभएकाले मर्नुभन्दा अगाडि आफ्नो मातृभूमिलाई ढोग गरी, नदीमा स्नान गरी, गीता पाठ गर्दै आफ्नो घाँटीमा आफैँ डोरी लगाएर सहिद भएको पाइन्छ । शुक्रराजको मृत्युभएपछि राणाहरूले उनको छातीमा 'युवाहरूलाई भड्काएकोले सजाय गरियो' भन्ने लेखी छाडेका, पचलीमा सिमलको रुखमा शुक्रराजको लास देखेर जनता त्रसित भएका, सारा जनता शोकाकुल भएका चौरासी गरेका पिताको मन रुवाएको, हजारौँ नेपाली चेलीहरूको सिँदुर पुछिएको, हजारौँ आमा, बाबाहरू, जहान

परिवार, छोराछोरी टुहुरा भएका देखाइएको छ । यसरी राणाहरूले आफू विरुद्ध लाग्ने सबै जनतालाई यातना दिएर वीभत्स रूपमा हत्या गरेको, मनवीय रूप हटाएर दानवीय रूप प्रस्तुत गरेको देखिन्छ । राष्ट्रवादी वीर जनतालाई हत्या गरेको शुक्रराजलाई पहिलो सहिद बनाई दोस्रो सहिद धर्मभक्तलाई बनाउने योजना गरेको बताउँदै एघारौँ बिसौनीमा धर्मभक्तको बाल्यकालको वर्णन गरिने सङ्केत गर्दै दशौँ बिसौनीको समापन गरिएको छ ।

## ४.५.११ एघारौँ बिसौनी

यस बिसौनीमा भएका ३५ श्लोकमध्ये शिखरिणी छन्दका २, शार्दूलविक्रीडित छन्दका ३१ र अनुष्टुप् छन्दका २ श्लोक रहेका छन् ।

यस बिसौनीको आरम्भ धर्मभक्त काजी सरदार खलकका हुन् भने बाजे भागवत ठूला भक्त र बाबा सुब्बा थिए भन्ने प्रसङ्गबाट भएको पाइन्छ । राणाहरूले पढेलेखेका र उनका विरुद्धमा लागेका सबैलाई देशनिकाला गरेका थिए । तीमध्ये उनको परिवार पनि एक थियो । चन्द्रशमशेरले हजुरबुबाको हत्या गरी बाबाको जागिर खोसी सम्पूर्ण सम्पत्ति खोसेर देश निकाला गरेका थिए । उक्त समयमा धर्मभक्त सातवर्षका भएकाले काठमाडौंमा कखरा मात्रै पढेका थिए । देश निकाला भएपछि उनीहरू कलकत्ताबाट आसाम पुगेको र कालिङ्पोङ्मा उनले पढाइ सुरु गरेको देखिन्छ । कालिङ्पोङ्मा उनका साथीहरू धनीका छोराछेरी भएकाले धर्मभक्तलाई गरिब भनी छिःछिः र दुर्दुर गर्ने, बाटोमा लुकेर छेक्ने, कुट्ने गरेकाले त्यहाँ पढाइ छोडी व्यायाम पाठशालामा भर्ना भएको पाइन्छ । व्यायाम सिकेपछि उनी हट्टाकट्टा भएको देखी उनका साथीहरू तर्सिएका, दरबारमा उनका बाबा हुर्किएको हुनाले राणाहरू साथीको नाताले समय-समयमा भेट्न आउने गरेको पाइन्छ । धर्मभक्तले म्याट्रिक पास गरी बङ्गालमा इन्टर पढ्दा प्रथम भएर पहलमान च्याम्पिन घोषित भएका देखिन्छन् । बिस्तारै राणाहरूले आफूमाथि गरेको अन्याय र अत्याचारको महसुस हुँदै आएपछि तिनका विरुद्धमा भारत प्रान्तका नेता सत्यनारायणसँग भेटी राष्ट्रिय काङ्ग्रेसमा आबद्ध भई नेपालका हरेक कुरामा चासो राखी काम गरेको देखिन्छ ।

जुद्ध शमशेरले धर्मभक्तको व्यायामको चर्चा सुनेर नेपाल फर्काएपछि काठमाडौंमा व्यायामशाला खोली राणाहरूलाई पनि तालिम दिएको, बिस्तारै राणाहरूको विरुद्धमा त्रिभुवनसँग मिली राणा शासनको अन्त्यको लागि सक्रिय रहेको देखिन्छ । व्यायाम सिकाउने क्रममा जर्मनको एउटा टिम नेपालमा आउँदा धर्मभक्तले प्रदर्शन गरेको जिम्नास्टिक

खेलबाट प्रभावित भई स्वाबासी पाई जुद्धशमशेरले समेत पुरस्कृत गरेको पाइन्छ । यी विविध कार्यले गर्दा उनी राणाहरूका विश्वासका पात्र बने पनि प्रजातन्त्र प्राप्तिका लागि राणाहरूका विरुद्धमा पर्चा छपाइ बाँड्ने गरेको कुरा उल्लेख गरी एघारौँ बिसौनी समापन गरिएको छ ।

### ४.५.१.१२ बाह्रौँ बिसौनी

बाह्रौँ बिसौनीमा भएका ३४ पद्यमध्ये शिखरिणी छन्दका २, शार्दूलविक्रीडित छन्दका ३० र अनुष्टुप् छन्दका २ श्लोक रहेका छन् ।

यस बिसौनीको प्रारम्भ धर्मभक्तले व्यायाम पाठशालाबाट राणाहरूको विश्वासको पात्र बन्दा त्रिभुवनसँग भेट भएको, नारायणहिटी दरबारका जङ्गल्याण्ड, फूलका बगैँचाहरू, ह्याप्पी कटेज लगायत त्यहाँ भएका सम्पूर्ण वस्तुको अवलोकन गरेको वर्णनबाट भएको पाइन्छ । राजा त्रिभुवन र धर्मभक्तका कुराहरूमा दशरथ चन्द, गंगालाल, टंकप्रसाद, जीवनराज, रामहरिको सहभागितामा राणाशसनको पतन गराएर प्रजातन्त्रको स्थापना गर्ने वाचा गरेको पाइन्छ । बाचा अनुसार राणाहरूको विरुद्धमा पर्चा छर्दै र प्रजापरिषद्को गठन गरेको कुरा वाक्पतिद्वारा राणाहरूले थाहापाएपछि राणाहरूले पक्रेर जेलमा हाली आफ्ना विरुद्धमा लाग्ने युवाहरूको नाम बताउन लगाएको बुझिन्छ । धर्मभक्तले जे-जस्तो सजाय भोग्नु परेपनि गोप्यता भङ्ग नगर्ने वाचा गरेकाले राणासामु नभनी बाल्टीको पानीमा भिजाएर कोर्रा र घुस्सा हान्दै पिटेर रगताम्मै पारी सिस्नु र पानी लगाई चुरोटका ठुटाले पोले पनि नबताएको बुझिन्छ । यसरी राणाहरूले धर्मभक्तलाई धेरै सास्ती दिएर शुक्रराज शास्त्रीलाई जस्तै माफी माग्न लगाएको पाइन्छ ।

धर्मभक्तको मुखबाट माफी नमाग्ने जबाफ पाएपछि राणाहरूले उनका घरपरिवार र नातागोतालाई अनेकौँ धम्की दिएर माफी माग्न लगाउनू भन्ने आदेश दिएका थिए । राणाहरूले देश र जनताको भलाइका लागि लड्ने युवाहरूको हत्या गर्नुका साथै घरपरिवारको बिचल्ली पारेर रजाइँ गरेको पाइन्छ । धर्मभक्तलाई माफी मगाउन नसक्ने स्थिति देखेपछि राणाहरूले दोस्रो सहिद बनाउने जानकारी दिँदै बाह्रौँ बिसौनी समापन गरिएको छ ।

### ४.५.१.१३ तेह्रौँ बिसौनी

यस बिसौनीमा भएका ३४ श्लोकमध्ये शिखरिणीका ५, शार्दूलविक्रीडितका २७ र अनुष्टुप छन्दका २ श्लोक रहेका छन् । यस बिसौनीको प्रारम्भ अत्याचारी राणाहरूले धर्मभक्तका सकारात्मक पक्षलाई नहेरी नकारात्मक पक्षलाई मात्र केलाएको बयानबाट भएको देखिन्छ । श्रीमतीको मृत्युपछि टुहुरी भएकी छोरी रेणु आफ्नो मृत्युपछि अनाथ हुने कुराले पिरोलेर मनमा अनेक तर्कवितर्क चलिरहेको अवस्थामा माघ महिनाको निस्पट्ट अँध्यारोमा सेनाहरूले बन्दुक र पिस्तोल भिरेर उठ्-उठ् भनी पाता कसेर बाहिर निकाली टुँडीखेल, घण्टाघर, कमल पोखरी, भैरवथान हुँदै धोबिनी नदी तरेर सिमलको रुखमुनि पुगेपछि गाडी रोकिएको घटनाको बयान गरिएको छ । सेनाहरूले गाडी रोकेपछि गाडीबाट ओराली पूर्व तयारी गरेर राखिएको काँचो ईंटाको पर्खाल र सिमलको रूखमा डोरीको सुर्केनी बनाएर राखिएको देखेपछि धर्मभक्तको मनमा शुक्रराजको हत्या गरेको, आफूले बङ्गाली मुलुकमा विजयी भएर नेपालको शिर ठाडो गरेको आदि गुणहरू स्वार्थी राणाहरूले बिर्सेर आफ्नो हत्या गर्ने निर्णयमा पुगेको कुराको याद आएको बयान गरिएको छ ।

धर्मभक्तले आफ्नो अन्तिम इच्छा राणा शासनको अन्त्य गर्ने हो भन्ने निडर भावना व्यक्त गरेपछि राणाका भरौटेहरूले घाँटीमा डोरी लगाएर ईंटाको पर्खालबाट धकेलिदिए पनि एकै पटकमा उनको मृत्यु नभई तीनपटकसम्म उक्त कार्य दोहोऱ्याई वीभत्स तरिकाले उनको हत्या गरेको पाइन्छ । हत्या पछि छातीमा अनेक थरीका आरोप लेखी टाँसिदिए पनि उनको परिवार नेपालबाहिर रहेको हुनाले उनको लास बेवारिसे अवस्थामा रहेको पाइन्छ । नेपालमा शुक्रराजपछि दोस्रा सहिद धर्मभक्त र तेस्रा सहिद दशरथ हुने, दशरथका बाबा जागिरे भएका, आमाको मृत्यु भएको र नेपाललाई राणा शासनबाट मुक्त बनाउने योजना गर्दा गर्दै उनलाई पनि राणाहरूले पक्रिएको उल्लेख गर्दै तेह्रौँ बिसौनी समापन गरिएको छ ।

### ४.५.१.१४ चौधौँ बिसौनी

चौधौँ बिसौनीम भएका ४० श्लोकमध्ये शिखरिणी छन्दका २ श्लोक, शार्दूलविक्रीडितका ३६ र अनुष्टुप छन्दका २ श्लोक रहेका छन् । राणाहरू सर्वेसर्वा हुँदै गएर

नियम कानुन सबै आफ्ना हातमा लिएर जनतालाई दमन गरिहेको अवस्थामा दशरथका परिवार पनि बिदेसिनुपरेको र नेपालमा फर्कने अवसर पाएपछि नेपाल फर्केको देखिन्छ । तेह्र वर्षको हुँदा उनकी आमाको मृत्यु भएको र बाबा जागिरको क्रममा नेपालगञ्जबाट सुर्खेत गएको बुझिन्छ । आमाको दुधको मूल्य चुकाउने उद्देश्य लिएर जनता र देशको हितका लागि काम गर्ने चाहना अनुसार आल्मोडामा आठ कक्षामा पढ्दा पढ्दै आन्दोलनमा भाग लिएर जेलमा परेको पाइन्छ । जेलमा रहँदा 'जेल तो है ससुराल' जस्ता गीतहरू लेखेको र जेलबाट छुटेपछि बनारसबाट इन्टर पास गरी काठमाडौंको त्रिचन्द्रमा पढेको देखिन्छ । नब्बे सालको भूकम्पले गर्दा बाबाको पनि मृत्यु भएपछि प्रजातन्त्र प्राप्तिको लागि टंकप्रसाद, धर्मभक्त, रामहरि, जीवनराज, गंगालाल जस्ता वीरहरूसँग सम्पर्क गर्दै प्रजापरिषद्को गठन, पर्चा छर्ने जस्ता काममा अगाडि बढेको पाइन्छ । दशरथको हार्दिकता, निडर, देशप्रेमी जस्ता गुणहरूले गर्दा रुद्र शमशेरकी छोरी जुलिया र उनी बिचको प्रेम गाढा बनी विवाहको लागि समर्थन समेत भएको पाइन्छ । दशरथ र जुलियाको सन्दर्भ चारैतिर फैलिएको, भूकम्पमा परी बाबाको मृत्यु भएपछि किरिया सकेर जागिरको लागि भौंतारिँदै बारामा पुगी अखबारको काम गरेको, पढाइ र प्रेम बिचको अन्तर्द्वन्द्वमा प्रजातन्त्र प्राप्तिको बाटो रोजी नेपाल र भारतमा रहेर विभिन्न काम गरेको बुझिन्छ । धर्मभक्तले पटनाबाट निस्कने साप्ताहिक **जनता** प्रत्रिका छपाएर बाँड्ने, कलकत्ताबाट प्रकाशित हुने **एड्भान्स** पत्रिका छपाउने, टंकप्रसाद नब्बे सालको चुनावमा अध्यक्ष भएपछि चुनावको प्रचारप्रसार गर्ने जस्ता काममा लागेको
देखिन्छ ।

यी कुराहरू राणाहरूले थाहा पाएपछि सबैलाई एकाएक गरी पक्रने क्रममा दशरथ चन्दलाई पनि पकनाजोल नजिकै मामाघरमा हुँदा पक्रिएको र आफ्नो गोप्य पोल नखोलेपछि कोर्राले पिट्दै, चिम्टाले मासु लुछेर, सिस्नु-पानी र नुनचुक लगाएको बुझिन्छ । जति यातना दिएपनि माफी नमाग्ने बरु देश र जनताका लागि सहिद बन्ने अठोट लिएपछि राणाहरूले मृत्युदण्डको सजाय सुनाएका थिए । यस्तो सुन्दा पनि उनले जेलभित्रबाटै राणाहरूको चर्को विरोध गरेका थिए । दशरथ चन्द जेलमा परेको थाहा पाएपछि जुलिया साह्रै चिन्तित भएकी देखिन्छिन् । जुलियाले आफूलाई प्रेमको चिनोको रूपमा दिएको पछ्यौरी हेर्दै दशरथ मेरो

तिमीबाहेक अरू कोही पनि नभएकोले गर्दा मेरो हत्या गर्दा तिमी नै मेरो निम्ति रुनु है भन्ने उल्लेख गर्दै चौधौँ बिसौनी समापन गरिएको छ ।

### ४.५.१.१५ पन्ध्रौँ बिसौनी

यस बिसौनीमा भएका ३३ श्लोकमध्ये शिखरिणी छन्दका २, शार्दूलविक्रीडित छन्दका २९ अनुष्टुप छन्दका २ श्लोक रहेका छन् । राणाहरूले सोझा नेपाली जनताको बाँच्न पाउने अधिकार हरण गरी सामन्ती प्रथा लागू गरी सम्पूर्ण सम्पत्ति लुटेको पाइन्छ । देशको मुक्तिको लागि लडेका कैयौँ वीर योद्धाहरूको हत्या गरी दशरथ चन्दलाई पनि मृत्युदण्डको सजाय सुनाएर जेलमा अनेकौँ अमानवीय यातनाहरू दिएको पाइन्छ । मर्ने पक्का भएपनि दशरथ चन्दका साथीहरू जेलमा आएपनि उनकी प्रेमिका उनीभन्दा टाढा रहेकाले भेट्न नआएकोमा ज्यादै विह्वल भएको पाइन्छ भने आफ्नो प्राणभन्दा प्यारो दशरथचन्दको मृत्युदण्डको सजायको खबर सुनेपछि जुलिया पनि प्रेममा पागल भएर भौँतारिएकी देखिन्छिन् ।

राणाहरूले बृद्धा, बालक, प्रेमी प्रेमिका, अशक्त, नारी केही नभनी विभिन्न किसिमका हत्याकाण्ड र लुटपाट मच्चाउँदै आफू शक्तिशाली बन्दै आएको पाइन्छ । जुलिया र दशरथ बिच आत्मिक प्रेम भएको र दशरथको हत्या हुने भएपनि उक्त प्रेम भताभुङ्ग भएर प्रेम र बिछोडको होस गुमेको उल्लेख गर्दै पन्ध्रौँ बिसौनी समापन गरिएको छ ।

### ४.५.१.१६ सोह्रौँ बिसौनी

यस बिसौनीमा भएका ४२ श्लोकहरूमध्ये शार्दूलविक्रीडित छन्दका ३७, शिखरिणी छन्दका ३ र अनुष्टुप छन्दका २ श्लोक रहेका छन् ।

दशरथ र जुलिया बिचको प्रेम कान्तिपुरमा सुरु भएर भर्खर-भर्खर अङ्कुराउन थालिरहेको अवस्थामा राणाहरूको सत्तामा पुग्ने होडबाजीले गर्दा जुलियाका परिवारलाई सत्ताबाट च्युत गरी बासै उठाएर पाल्पामा बस्नु परेका कारणले उनीहरू बिचको प्रेम बिछोडमा परिवर्तन भएको देखिन्छ । दशरथ जेलमा पर्नु, जुलिया पाल्पामा हुनुले पनि मनमा जुतिसुकै प्रेम भए तापनि शरीर भने टाढा रहेको देखिन्छ ।

उनीहरूको प्रेम विवाहमा परिणत हुने पक्का भए पनि राणाहरूको आपसी कलह, राष्ट्रप्रेमी, वीरयोद्धाहरूलाई पक्रिने, दशरथ जेलमा पर्नु आदि कारणले गर्दा उनीहरूको प्रेम बिचमै असफल भएको पाइन्छ । राणाहरूको ए, बी, सी गरी गरिएको विभाजनले गर्दा गेहेन्द्र शमशेर, फत्तेजङ्ग लगायतले ज्यान गुमाउनु परेको, अङ्ग्रेजी बोल्न नआए पनि एस एस मात्रै भनी खानेकुराको नाम समेत थाहा नभएको, आफ्नो बस्त्र फुस्केर फोटो खिच्दा पनि थाहा नपाए पनि राणाहरूको वैदेशिक भ्रमण सफल भएको पाइन्छ ।

राणाहरूमा बुद्धि, मानवीय गुण, पढेलेखेका केही नभएपनि बल र घमण्डले चुलिएका देखिन्छन् । राणाहरूबिच एक आपसमा भएको खिचातानी, विश्वासघात, भूकम्पको कारण देखाई ढुकुटीको दुरूपयोग गरिनु, सोझासाझा जनताले अपमान सहनु पर्ने, देश र जनताको हितको लागि काम गर्नेलाई हत्या गर्ने, यातना दिने जस्ता अमानवीय व्यवहारले गर्दा जुलिया र दशरथ बिचको प्रेम कल्पनामा परिणत भएको उल्लेख गर्दै सोह्रौँ बिसौनी समापन गरिएको छ ।

## ४.५.१.१७ सत्रौँ बिसौनी

सत्रौँ बिसौनीमा भएका ४० श्लोकमध्ये शिखरिणी छन्दको १, शार्दूलविक्रीडित छन्दका ३७ र अनुष्टुप छन्दका २ रहेका छन् ।

जुलिया र दशरथ बिच प्रेमविवाह हुन लागेको समयमा जुलियाका पिता रुद्र शमशेरको अपमान गरेर सर्वस्व हरण गरी पाल्पा धपाइएको पाइन्छ । त्यस समयमा लक्ष्मीनरसिंह कान्तिपुरका राजाले अरूको बलमा राजकाज गरेको देखिन्छ । राणाहरूको परिवारमा भीममल्ल विद्वान्, पौरखी, वीरयोद्धा र राजभक्त भएकाले देश विस्तारको काममा लागेर काठमाडौंसम्म आफ्नो सीमा विस्तार गरेको पाइन्छ । बिस्तारै उनको चर्चा हुँदै गएपछि पाटन र भक्तपुरका राजाहरूमा हाहाकार परेको बुझिन्छ । भीममल्लको साहस देखेर उनलाई पनि अनेक आरोप लगाई लक्ष्मीनरसिंहले मार्ने षड्यन्त्र गरेको बुझिन्छ । काठमाडौंको पूर्वी भाग विजय गरी फर्केपछि स्याबासी पाउने आशाले राजा लक्ष्मीनरसिंह मल्लकहाँ पुगेका काजी भीममल्ललाई उल्टै आफ्नै राज्य हडप्न लाग्यो भन्ने ठानी हत्या गर्न लगाएको पाइन्छ ।

ज्यानै अर्पण गरेर देश सेवागर्ने भीममल्लको यस्तो अवस्था देखेर सबै जनता आत्तिएको देखिन्छ । उनको हत्या भएपछि पनि राणाहरूले अनेकौं षड्यन्त्र गरी राजालाई बन्दी बनाएपछि राजालाई बल्ल निर्दोषको हत्या गर्न लगाएकोमा पश्चात्ताप लागेको पाइन्छ । यसरी देश र जनताको भलो गर्ने सम्पूर्ण वीर योद्धाहरूको वीभत्स हत्या गरी तिनको परिवारको बिचल्ली पार्ने, आफ्नो स्वार्थ पूरा गर्न जस्तो सुकै नीच काम गर्न पनि पछि नपर्ने मानवरूपी दानवहरूले जुलिया र दशरथको प्रेमलाई मसानघाट जस्तो उजाड बनाइदिएको पाइन्छ । जुलिया आफ्नो प्रेमी दशरथलाई गुमाउन पर्ने अवस्था देखेर प्रेमको पीडाले रातदिन तड्पिएर क्षयरोगको सिकार भई आफू पहिला मर्ने अठोट गरी, आफ्नो प्रेम मुमताज र शाहजहाँको जस्तै अमर रहने र दुवैको भेट पृथ्वीमा हुन नसके पनि स्वर्गमा अवश्य हुने उल्लेख गर्दै सत्रौँ बिसौनी समापन गरिएको छ ।

## ४.५.१.१८ अठारौँ बिसौनी

यसमा भएका ४२ श्लोकमध्ये शिखरिणी छन्दको १, शार्दूलविक्रीडितका ३९ र अनुष्टुप छन्दका २ श्लोक रहेका छन् । यस बिसौनीमा पनि दशरथ र जुलियाको प्रेम प्रसङ्गको वर्णन गरिएको पाइन्छ । दशरथसँग बिछोड र मृत्यु हुने खबर सुनेपछि रोग र शोकले व्याकुल भएकी जुलिया दशरथ देशका एक सच्चा व्यक्ति, राष्ट्रप्रेमी र कुशल नेतृत्व हुँदा पनि राणाहरूको आँखाको कसिङ्गर भई अकालमै ज्यान गुमाउनु पर्ने बाध्यता आइपरेको देखेर चिन्तित भएको देखिन्छ ।

आफ्नो विवाह परम्पराअनुसार नभए तापनि जुलियाले आफ्नो तनमनमा दशरथलाई पतिको रूपमा स्वीकार गरिसकेको देखिन्छ । सपना र विपनामा पनि दशरथको नाम जपिरहेकी जुलियाले दशरथको हत्या हुनुअगाडि आफू मर्ने बाचा गरेको बुझिन्छ । जुलियाको पछ्यौरीलाई प्रेमिकाको चिनोको रूपमा लिएका दशरथ पनि जुलियाबिना छट्पटाइरहेको र जुलियाबाहेक आफ्नो भन्ने अरू कोही नभएको महसुस गरेको देखिन्छ । सपना र विपनामा जति छट्पटाए पनि दुवैको सुखद मिलन स्वर्गमा हुने कुरा उल्लेख गरिएको छ । जेलमा रहँदा शुक्रराजले गंगालाललई आफ्नी प्रेमिका जस्तै नजिकको मित्रको रूपमा पाएको, गंगालालको जन्म रामेछापमा भएको, सुरुमा सुधार समितिमा आबद्ध भई गणेशमानकै साथमा प्रजा परिषद्मा सहभागी भएको उल्लेख गर्दै अठारौँ बिसौनी समापन गरिएको छ ।

## ४.५.१.१९ उन्नाइसौँ बिसौनी

यस बिसौनीमा भएका ३६ श्लोकमध्ये शिखरिणी छन्दका ३, शार्दूलविक्रीडित छन्दका ३१ र अनुष्टुप छन्दको १ श्लोक रहेका छन् । राणाहरूले हुकुमी शासन, बलात्कार, हत्या जस्ता व्यवहारहरू गरी जनतालाई मुठीका माखा जस्तै मुख बन्द गराएको थाहापाएपछि गंगालाल, दशरथ, केदारथनाथ आदि तरुणहरूले देश सबैको साझा हो, यसमा सबैको समान अधिकार हुन्छ र आफ्नो देशलाई आफैँले बनाउनुपर्छ भन्दै अगाडि बढेको पाइन्छ ।

गंगालालको जन्म काठमाडौँको भोटेबहालमा भएको, पिता हाकिम भएकाले सबैले सम्मान गरेको, बाबा र आमा जोडी ढुकुरको जोडी जस्तै देखिएको, पूर्णिमाको दिनमा जन्मिएकाले पूर्णलाल भन्ने नाम राखे पनि उनी गंगालालको नामले प्रसिद्ध भएको पाइन्छ । उनको अक्षरारम्भ काठमाडौँमा नै भए पनि दश वर्षको उमेरमा अङ्ग्रेजी पढ्नको लागि काकासँग कलकत्ता गएको बुझिन्छ ।

गंगालालले कलकत्तामा गएपछि अङ्ग्रेजहरूको विरोध र राणाहरूले गरेको अन्याय, अत्याचार, राणा शासनको अन्त्य गरी प्रजातन्त्र ल्याउनु पर्ने जस्ता कुराहरूको जानकारी पाएको बुझिन्छ । नेपाल फर्कने मौका पाएपछि दरबार स्कुलमा पाँच कक्षामा पढ्दा सधैँ प्रथम भएको, नाट्यविधामा भाग लिएर मर्चेन्ट-भेनिस, सेक्सपियर, कोलम्बस, अङ्ग्रेजी केटी आदिको अभिनय गरी थुप्रै पुरस्कार प्राप्त गरेको पाइन्छ । पढाइमा तीक्ष्ण बुद्धि भएका गंगालालले एस.एल.सी. मा प्रथम भएपछि त्रिचन्द्रमा इन्टर पढ्दा पढ्दै राणाहरूबाट जनताको अधिकार कसरी फिर्ता लिन सकिन्छ भन्ने क्रममा सिद्धिचरणको कविताबाट प्रभावित भई शुक्रराज र केदारमानसँग सम्बन्ध राखेको देखिन्छ । उनी राणाहरूको विरोध गरेमा बाबाको जागिर खोसिएर भाइबहिनी लगायत परिवारको बिचल्ली हुने कुरा थाहा हुँदा हुँदै पनि आमाको मृत्यु भएपछि बरखी बारेर भाइ-बहिनीलाई घरमा छोडी प्रजापरिषद्मा आबद्ध भएका थिए । प्रजातन्त्रप्रति आस्थावान् गंगालाल राणाहरूको विरोधी बनेपछि पक्रेर जेलमा हालिएको, जेलमा दशरथसँग भेट भएको, जति यातना दिँदा पनि माफी नमागेको कुरा उल्लेख गरी उन्नाइसौँ बिसौनी समापन गरिएको छ ।

## ४.५.२० बिसौँ बिसौनी

बिसौँ बिसौनीमा भएका ३४ श्लोकमध्ये शिखरिणी छन्दको १, शार्दूलविक्रीडित छन्दका ३१ र अनुष्टुप छन्दका २ श्लोक रहेका छन् । बिसौँ बिसौनीमा पनि गंगालालको वर्णन गरिएको पाइन्छ । प्रजा परिषद्को गठन गर्दा गंगालाल, धर्मभक्त, गणेशमान, शुक्रराज, रामहरी, टंकप्रसादसँगै रहेर राणाहरूलाई प्रजापरिषद्को बारेमा पोल नखोल्ने बाचा गरेको, पितालाई एउटा छोरो देश र जनताको लागि अर्पित भएँ भनी अरू साथीहरूसँग मिलेर पर्चा छर्दै हिँडेको, राणाहरूले थाहा पाएर पक्रने क्रममा आफ्नो घरपरिवार छोडेर जेल जानु परेको, जेलमा दशरथसँग भेट भएको, राणाहरूले सिस्नु र पानी लगाएर यातना दिएको पाइन्छ । जेल परेपछि घरपरिवारका सदस्यहरू आत्तिएका, पोल नखोलेपछि पोल खोल् भनी बन्दुकको टुटी, जुत्ता, बुट र कोर्राले पिटेर रगताम्य पारी छाला चर्चरी फुटेपनि पोल नखोलेको कारणले उनलाई धेरै यातना दिएको देखिन्छ । जतिसुकै यातना दिए पनि राणाहरूको केही नलागेपछि राणाहरूले घरपरिवारलाई माफी माग भन्न लगाएको पाइन्छ ।

पिँडुलामा कोर्राले हिर्काएर निलडाम हुनुका साथै मुखमा पनि पिट्दा मुख फुलेर चिन्नै नसक्ने हुँदा पनि माफी नमागेपछि राणाहरूले उनलाई हत्या गर्ने तयारी गरेको देखिन्छ । उनलाई हत्या गर्ने तयारी गरेपछि उनका आफन्तहरूलाई भेट्ने मौका दिएका थिए । आफ्ना सम्पूर्ण इष्टमित्रहरूसँग भेट गरी बाबाको माफी माग भन्ने सुझावलाई नमानी झुकेर शिरले ढोगेर जन्मेपछि एकपटक मर्नु पर्ने भएकाले राणाहरूसँग झुकेर बाँच्नुको अर्थ रहँदैन भन्दै देश र जनताको लागि मर्नु परे पनि हाँसी-हाँसी मर्ने कुरा व्यक्त गरिएको पाइन्छ । अन्तिम पटक भेट गर्न आउने गंगालालका आफन्तहरूले राणाहरूलई अनुरोध गरेपनि आफ्नो पोल नखोलेको र माफी पनि नमागेकोले हत्याको तयारी गर्नुपरेको कुरा राणाहरूले उल्लेख गरेका छन् । जति कष्ट सहनु परेपनि ढिलो वा चाँडो नेपालमा प्रजातन्त्रको स्थापना हुन्छ भन्ने विश्वास गंगालालमा भएको देखिन्छ ।

गंगालाल र दशरथ जेलभित्र कुराकानी गरेर बसिरहेको समयमा सिपाहीहरू आएर दुवैलाई गाडीमा राखेर दुवैलाई एउटै खम्बामा बाँधेर हत्या गर्ने सङ्केत गर्दै बिसौँ बिसौनीको समापन गरिएको छ ।

### ४.५.१.२१ एक्काइसौँ बिसौनी

यस बिसौनीमा भएका ३६ श्लोकमध्ये शिखरिणी छन्दको १, शार्दूलविक्रीडित छन्दका ३३ र अनुष्टुप छन्दका २ श्लोक रहेका छन् । गंगालाल र दशरथचन्द जेलभित्र कुराकानी गरेर बसिरहेको अवस्थामा प्रहरीले दुवैलाई गाडीमा राखी नयाँ सडक, वसन्तपुर हुँदै लगेपछि आफ्नो परिवारको बारेमा मनमा अनेकौँ कुरा खेलेको, गाडी क्षेत्रपाटी हुँदै विष्णुमतीको तिरमा रोकिन पुगेको देखिन्छ । गंगा, विष्णुमती र भद्रवतीको दोभानमा पुगेपछि शोभा भगवती नजिक खम्बामा डोरी बाँधेर राखिएको पाइन्छ । सोही खम्बामा गंगालाल र दशरथ दुवैलाई हात पछाडि लगेर डोरीले कसेर आँखामा पट्टी बाँधिएको देखिन्छ । दुवैलाई एउटै खम्बामा उत्तर र पश्चिमतिर फर्काई पोडेलाई रक्सी खुवाएर दुवैको पिँडौलामा हानी रगताम्मै पारेपछि मर्दको छोरा होस् भने छातीमा गोली हान् भनी वीरहरूले भनेको सुनेपछि पोडे डरले पछि हटेपछि जुद्धशमशेर आफैँले दुवैलाई छातीमा गोली हानेको देखिन्छ । त्यतिमात्र नभई गंगालालको आँखा फुटाएर वीभत्स तरिकाले हत्या गरी हत्याको आरोप भने पोडेलाई लगाएर ६ महिनासम्म जेलमा थुनेको पाइन्छ ।

हत्या गरेपछि विभिन्न किसिमका आरोपहरू लेखेर छातीमा टाँसिदिएका, राणाहरूले दुवैको हत्या वीभत्स तरिकाले गरेका हुनाले सारा नेपाली जनताले राणाहरूको सत्यानाश होस् भनी सराप दिएका थिए । यसरी राणाहरूले गंगालाल र दशरथलाई घुँडामा गोली हानी रगताम्मै पारेपछि मात्रै छातीमा गोली हानी अमानवीय ढङ्गले हत्या गरेको पाइन्छ । नेपालका चार सहिद शुक्रराज, धर्मभक्त, गंगालाल र दशरथलाई मारिसकेपछि राणाहरूको अन्त्यको लागि वि.पी.का पिता कृष्णप्रसाद कोइराला जागिर छोडी सङ्घर्षतिर लागेको सङ्केत गर्दै एक्काइसौँ बिसौनी समापन गरिएको छ ।

### ४.५.१.२२ बाइसौँ बिसौनी

यस बिसौनीमा भएका ४१ श्लोकमध्ये शिखरिणी छन्दको १, शार्दूलविक्रीडित छन्दका ३८ र अनुष्टुप छन्दका २ श्लोक रहेका छन् । राणाहरूले शुक्रराज, धर्मभक्त, दशरथ र गंगालाल जस्ता प्रजातन्त्रप्रेमी कलिला थुँगालाई वीभत्स रूपमा हत्या गरेपछि पद्म

शमशेरले पूर्णनारायणलाई पनि मर्नै पर्छ भनेको, कुलध्वज सुबेदारलाई पनि अङ्ग्रेजहरूले मुखमुखै लागेको भनी टुँडीखेलमा लगेर रुखमा झुन्ड्याएर हत्या गरेको पाइन्छ । राणाहरूले आफू भन्दा सानो जातसँग विवाह गर्ने व्यक्तिलाई जातबाट हटाएर जेल हाल्ने नियम बनाएकाले गोपी ब्राह्मणले च्यामिनीसँग यौन भोग गर्दा जातबाट हटाएर च्यामे बनाई जेल हालेका थिए । गोपी जेलमा पर्दा गणेशमानसँग भेट भएको र दुवै जेल तोडी भाग्ने विचार गर्दा गोपीले गाँजाको सुरमा सबै पोल खोलेपछि उनलाई पिटेर मारेका थिए ।

राणाहरूले सोझासाझा जनतालाई बोकालाई बगरेले मारेजस्तै गरी मारेपछि बाँचेका भारततिर लागेका थिए । भारतमा पनि राजा ब्रिटिससँग मिलेको हुँदा नेपालमा रहनेलाई नेपालमा र भारतमा रहनेलाई भारतमा थुनेको पाइन्छ । धरणीधर, वी.पी., डिल्लीरमण र धर्मभक्तका पिता थुनिनेहरूमध्येका थिए । वी.पी. जेलमा परेपछि उनका पिता कृष्णप्रसाद पनि जुद्धशमशेरको आँखाको कसिङ्गर भएकाले विराटनगरबाट समातेर ठूला नेता जेलमा नै सडेर मर्नुपर्छ भनी भद्रगोल जेलमा थुनेका थिए । दिसा, पिसाब आदिको दुर्गन्धले गर्दा तीन महिनापछि कृष्णप्रसाद कोइरालाको मृत्यु भएको थियो ।

दुराडाँडाको तल फाँटको वनमा कोइरालोको झाडी भएको र त्यही झाडी फाँडेर बस्ती बसालेको हुनाले कृष्णप्रसादको थर कोइराला रहन गएको पाइन्छ । केइराला परिवारको पुर्खा दामोदरहरू भएको र बसाइँ सराइँको क्रममा हेटौँडा, मकवानपुर हुँदै दुम्जा पुगेको देखिन्छ । उनको बुबाको विवाह राज्यलक्ष्मीसँग दुम्जामा भएको, रणेद्दीपको हत्याभएपछि जागिर छाडेर दुम्जामा आएर कालिदास, नारायण, साँहिला र कान्छा छोरा जन्माए पनि जेठा र माहिला जागिरमा गएका, साँहिला छोरा घर छोडेर हिँडेका थिए भने कान्छा छोरा कृष्णप्रसाद सानै उमेरका थिए । कृष्णप्रसाद सानै हुँदा बाबुको मृत्यु भएकाले उनलाई हुर्काउने, बढाउने र पढाउने जिम्मा आमालाई भएको देखिन्छ । कृष्णप्रसादकी पहिली श्रीमतीको मृत्युभएपछि दोस्रो विवाह दिव्यासँग भई ६ महिना खर्दारमा जागिर खाएर छोडी व्यापारतर्फ लागेको देखिन्छ । व्यापारको कामसँगै पूर्व मेचीदेखि पश्चिम महाकालीसम्म ठेक्कापट्टाको काम गरी प्रशस्त धन सम्पत्ति कमाएको देखिन्छ । चन्द्रशमशेरले देवशमशेरलाई पदच्युत गरी दरबारमा भोगविलासी जीवन बिनाउन थालेपछि कृष्णप्रसाद देश र जनताको लागि राणाहरूसँग लडेर प्रजातन्त्र स्थापना गर्नतर्फ प्रेरित भएका थिए ।

उक्त कुरा चन्द्रशमशेरले थाहा पाई उनलाई देशनिकाला गरिएको उल्लेख गरी बाइसौँ बिसौनी समापन गरिएको छ ।

### ४.५.१.२३ तेइसौँ बिसौनी

यस बिसौनीमा भएका ३७ पद्यहरूमध्ये शिखरिणी छन्दको १, शार्दूलविक्रीडित छन्दका ३४ र अनुष्टुप छन्दका २ श्लोक रहेका छन् ।

राणाहरूले बाबा, आमा, छोरा, बृद्ध, बालक, महिला आदि कसैप्रति पनि दया, माया र श्रद्धा गरेको देखिँदैन । आफ्नै परिवारमा पनि जसको बल छ त्यसले जे पनि गर्न सक्ने नियम कानून भएकाले चन्द्रशमशेर र मोशनशमशेर बिचका आदेश ठिक उल्टो भएको देखिन्छ । राणाहरूका यस्ता क्रियाकलापले गर्दा कृष्णप्रसादमा आफ्नो परिवारबाट अवरोध हुँदा हुँदै पनि क्रान्तिको भावना जागृत भएको पाइन्छ । राणाहरूले नेपाली जनतालाई मात्रै हत्या नगरी कृष्णप्रसादलाई अङ्ग्रेजी पढाउन आएका बङ्गाली गुरुको छोरालाई क्रान्तिको कुरा गरेको आरोप लगाएर हत्या गरेका थिए । कृष्णप्रसादले दिव्यासँग विवाह गरेपछि मातृका, वी.पी., केशव, तारिणी र गिरिजाको जन्म भएको थियो । कृष्णप्रसादलाई दिव्याले पनि साथ दिएकी थिइन् । त्यसैले उनले चन्द्रशमशेरकी पत्नीलाई महिलाले पनि देशको सुधार गर्नुपर्छ भन्ने पत्र पठाएको पाइन्छ । कृष्णप्रसादले पुराना कपडाबाट पार्सल बनाएको कुरा राजाहरूमा थाहा भएपछि देशद्रोहीको धन हो भनी सर्वस्वहरण गरेको पाइन्छ । बल्लबल्ल कमाएको सम्पत्ति राणाहरूले हरण गरेपछि कृष्णप्रसादको परिवारको बिचल्ली भई बनारसमा बास हुन पुगेको देखिन्छ । यसरी सर्वस्वहरण भएर बनारस गएपछि कृष्णप्रसादले **गोर्खाली** पत्रिकामा ‘स्वतन्त्र आन्दोलन’ लेख छापे भने धरणीधर कोइरालाले **नैवेद्य** कविता छापाएका थिए । कृष्णप्रसादले भाषण गर्दा सबैले माला लगाइदिएका थिए । घरमा खानेकुराको अभावले गर्दा चना मात्रै खाएर बस्नुपरेको, **गोर्खाली** पत्रिका बन्द भएको, बालबच्चाको औषधी उपचार गर्ने खर्च नभएको, बाबियो र खरका छाप्राहरू बनाएर महात्मा गान्धी र लेलिनसँग नजिक रहँदा त्यही झुपडी पनि कोशी नदीले बगाएर फेरि बनबास हुनु परेको वर्णन भएको पाइन्छ ।

यसरी गास, बास र कपास हराएपछि बेतियामा हुँदा चन्द्रशमशेरको मृत्युभएपछि भीमशमशेरको पालामा काठमाडौं फर्कने अवसर पाई विराटनगरमा गएर अस्पताल, उद्योग,

देवालय जस्ता भत्किएका वस्तुहरूको पुनर्निर्माण गरेको बुझिन्छ । भीमशमशेरपछि जुद्ध शमशेरको पालो आएपछि विभिन्न आरोप लगाई कृष्णप्रसादलाई काठमाडौंमा र बी.पी.लाई भारतको जेलमा राखिएको देखिन्छ। वी.पी. जेलमा साह्रै बिरामी भएपछि कृष्णप्रसादको मृत्यु काठमाडौंको जेलमा भएको सङ्केत गर्दै तेइसौँ बिसौनी समापन गरिएको छ।

## ४.५.१.२४ चौबिसौँ बिसौनी

यस बिसौनीमा भएका ४४ पद्यहरूमध्ये शिखरिणी छन्दको १, शार्दूलविक्रीडित छन्दका ४१ र अनुष्टुप छन्दका २ श्लोक रहेका छन् । कृष्णप्रसादले प्रजातन्त्रको समर्थनमा नेतृत्व लिएर हिँडेपछि अङ्ग्रेज र राणा दुवैको विरोधी भएकाले भारत छोड भनी आन्दोलन भएको, वी.पी. लाई समातेर भारतको जेलमा राखेपछि विराटनगरबाट कृष्णप्रसादलाई समातेर अस्वस्थ अवस्थामा टुँडिखेलमा अर्काको घर हड्पेर त्यहीँ बन्दी बनाएको, उनको हेरविचार गर्न तारिणी गएको, जेठा छोराको जागिर खोसिएको, भद्रगोल जेलमा रहँदा कृष्णप्रसादको स्वास्थ्य बिग्रिएको अवस्थामा वी.पी. को घाँटी फुटेर रगत बगेको खबर सुनेपछि जेलमा मूर्छा परेको, दिसा, पिसाब र भान्सा एउटै कोठामा भएपछि बाँच्नलाई सास्ती भएर मर्न आट्यो भनी वाग्मतीमा लैजाने आदेश दिएकोले दिव्यासँग भेट भई औषधी उपचार गरेपछि केही कम भई पुनः जेलमा लगेको देखिन्छ । यतिमात्र नभई राणाहरूले कृष्णप्रसादको परिवारलाई अझ दुःख दिएको पाइन्छ । जेलमा कसैसँग भेट्न नदिई धेरै सास्ती खप्नुपरेको हुँदा तीन महिनापछि उनको मृत्यु भएको, मृत्यु भएपछि पनि परिवारलाई लास लैजान नदिई ढुण्डीराजको निवेदनमा सैनिकहरूको निगरानीमा दाहसंस्कार गर्न लगाइएको देखिन्छ । बाबुको मृत्युपछि वी.पी. जेलबाट छुटी बाबाको किरिया सकेर पटनाबाट प्रकाशित कुने **सर्चलाईट** नामक पत्रिका छपाई राणाहरूको विरुद्धमा राष्ट्रिय काङ्ग्रेसको स्थापनामा जुटेको पाइन्छ ।

नेपालीहरूको एकतालाई देखेपछि जुद्धको हत्या र भोगविलासको सपना भताभुङ्ग भई बिरामीको नाटक गरी देहरादुन हुँदै बैंककमा रहँदा मृत्यु भएको र उनीपछि पद्म शमशेर श्री ३ महाराज बनेको बुझिन्छ । प्रजापरिषद्को सुरुवात गर्ने चार वीरहरू सहिद भएपछि त्यसको स्थापनामा टङ्कप्रसाद, रामहरि, गणेशमान मिलेर जेलभित्रै कुराकानी हुँदा गणेशमान जेलबाट हाम फालेर भागी मौलानमा पुगेको पाइन्छ । गणेशमान जेलबाट

बाहिरिएपछि कलकत्तामा गएर कृष्णप्रसाद भट्टराई, बालचन्द्र, डिल्लीरमणसँग मिली प्रजापरिषद् र काङ्ग्रेस दुवै मिलाएर राष्ट्रिय काङ्ग्रेस गठन गरी वी.पी. सभापति, धर्मभक्तका सम्पादक बनाउने क्रममा देवकोटा पनि सामेल भएका देखिन्छन् । राष्ट्रिय काङ्ग्रेस नेपाली जनताको घरघरमा पुगेपछि नेपाली काङ्ग्रेस बनेको, सहयोगको रूपमा राजाले पैसा दिएको, जनताले आ-आफ्नो तर्फबाट, औँठी, गहना, आदि चन्दा दिएर सहयोग गरी गिरिजाप्रसाद कोइराला मजदुरका नेता बनेको पाइन्छ । विराटनगरका जनता (मजदुर) ले एकजुट भएर नेपाली काङ्ग्रेसको साथ दिएपछि राणाहरूले वी.पी., तारिणी, गिरिजा, गोपालप्रसाद, गेहेन्द्र, मनमोहन, बालचन्द्र लगायत अन्य नेताहरूलाई पक्रिएर जेलमा हालेपछि विराटनगर मिलमा हड्ताल भएर ठप्प भएको थियो । सबै नेताहरू जेल परेपछि मजदुरहरूको नेतृत्व वी.पी. की आमा दिव्याले लिएर अगाडि बढ्दा बढ्दै राणाहरूले उनीहरूमाथि गोली बर्साएपछि कैयौँ मजदुर घायल भएका थिए भने कैयौँ मजदुर पक्रिएर जेलमा परेका थिए ।

राणाहरूले वी.पी. लाई थुनेपछि सारा जनता आक्रोशित भई आन्दोलन चर्किन पुगेको थियो । जनताको आक्रोशको डरमा पद्म शमशेरले जेलमा थुनेका सबै नेताहरूलाई छोडेर प्रजातन्त्रको स्थापना गराउने विश्वास दिलाएपछि सहिदहरूको आशामा टुसा पलाएको देखिन्छ । पद्मशमशेरले जनतालाई यस्ता झुट्टा आश्वासन दिलाउँदा पनि जनतामा केही राहत मिलेको देखिन्छ । वी.पी. जेलबाट छुटेपछि पद्मशमशेरले बाध्य भएर प्रजातन्त्र स्थापना गराउने विश्वास दिलाएको, राणाहरू बिचको आपसी कलहले गर्दा नै यो कार्य सम्भव भएको उल्लेख गर्दै चौबिसौँ बिसौनी समापन गरिएको छ ।

### ४.५.१.२५ पच्चिसौँ बिसौनी

यस बिसौनीभित्र भएका ४५ श्लोकमध्ये शिखरिणी छन्दका २, शार्दूलविक्रीडितका ४१ र अनुष्टप छन्दका २ श्लोक रहेका छन् । यस बिसौनीमा राणाभित्रको आपसी कलहको चर्चा गरिएको छ । राणाहरूमध्ये जसमा श्री ३ को पद रहन्थ्यो उसैले नीति नियम बनाउने, बल हुनेले नियम मिचेर आफू श्री ३ बन्ने क्रममा बालनरसिंहले शेरबहादुर र रणबहादुरको

हत्या गरी काजी पद प्राप्त गरेको, उनका पुत्र वीरनरसिंह र जङ्गबहादुरमध्ये जङ्गबहादुरका मामा माथवरसिंहको घरमा जन्मी, हुर्की पढेर जङ्गे नै बनेको, थापाको भरमा जागिर खाएपनि भीमसेनको पतन भएपछि उनीहरूको सर्वस्व गुम्नुका साथै जुवा खेल्दा ऋणमा डुबेपछि हात्ती पक्रने काम खोजी हिँडेको देखिन्छ । जङ्गबहादुरको पहिली पत्नीको मृत्यु भएपछि काठमाडौं फर्केर दोस्रो विवाह गरी विवाहबाट आएको दाइजोले ऋण तिरेपछि ससुराले जगिर लगाइदिएको र राजाले कप्तान पद दिएको पाइन्छ । कप्तान पद पाएपछि सर्वेसर्वा भएका जङ्गबहादुरले मामा माथवरसिंहको र गगनसिंहको हत्या गरी, कोतपर्व, भण्डारखाल पर्व र अलौपर्व जस्ता घटना घटाएर श्री ३ को रोल अरू भाइमा जान नदिन र आफू बलियो हुन यस्ता कु-कृत्य गरेका थिए । सत्ता बलियो बनाउने क्रममा जङ्गबहादुर युरोप भ्रमणमा गएपछि भाइहरूले दाजुको विरुद्धमा विद्रोह गर्ने योजना बनाएका थिए । गाईको मासु खाने देशमा गएर गाईको मासु खाएर जात फालेपछि श्री ३ बन्न अयोग्य हुने ठहर गरी हत्या गर्ने षड्यन्त्र भाइहरूले गरेको कुरा बमबहादुरद्वारा थाहा पाएपछि जङ्गबहादुरले बमबहादुरलाई श्री ३ बनाई अरूलाई पक्रन लगाएका थिए । बमबहादुरको मृत्यु भएपछि जङ्गबहादुरले राजाको अधिकारसमेत हरण गरी श्री ३ महाराज बनेका थिए । त्यति मात्र नभई जङ्गबहादुरले रोलक्रम बनाउँदा आफूपछि भाइहरू, भाइहरूपछि आफ्ना छोराहरू र आफ्ना छोराहरूपछि भाइहरूका छोराहरूको पालो आउने नियम बनाएका थिए । उक्त नियम सबैलाई मान्य नभएपछि आपसी कलह बढ्दै गएर सेतो बाघ भनेर जाल गरी जङ्गबहादुरको हत्या गरेको पाइन्छ । जङ्गबहादुरको मृत्युपछि रणोद्दीपलाई श्री ३ बनाई राजाले धीर शमशेरलाई सत्ता सम्हाल्ने घोषणा गरेपछि जङ्गबहादुरका भाइ भारदारहरूले धीर शमशेरको हत्या गरी राजाबाट अधिकार फिर्ता लिई जगत्जङ्गलाई प्रधानमन्त्री बनाउने योजना लिई धीर शमशेरले थाहा पाई विष खुवाएर त्रैलोक्यको मृत्यु गराएका थिए । त्यसै क्रममा जगतशमशेरको मृत्यु भएपछि धीर शमशेर कमाण्डर बन्दा राजा सुरेन्द्रको पनि मृत्यु भएपछि नरेन्द्र राजा भएपनि बालकै भएकाले धीरशमशेर आफैले राजकाज चलाएका थिए । यही समयमा धीरशमशेरले जङ्गबहादुरका सन्तानलाई सखाप पार्ने योजना बनाइरहँदा जङ्गबहादुले गगनसिंहको हत्या गरेको कुरा धीरसमशेरले थाहा पाएपछि आक्रोशित भई जङ्गबहादुरको सन्तानलाई रोलक्रमबाटै हटाइदिएको पाइन्छ । धीरशमशेर पछि वीरशमशेर

श्री ३ बनेको र जङ्गबहादुरको सन्तानलाई रोलक्रमबाट हटाएको कुराबाट रणेद्दीपलाई ग्लानि भई जगतजङ्गलाई नै रोल दिने योजना बनाउँदा वीरशमशेरले थाहा पाई रणोद्दीपको हत्या गर्ने योजना बनाई पिस्तोलले हानेर हत्या गरेका थिए ।

रणोद्दीपको हत्या भएपछि जङ्गबहादुरका परिवारमध्ये छोरा जगतजङ्ग र नाति युद्धप्रताप मारिए भने अरूलाई सर्वस्व हरण गरी देश निकाला गरिदिए । खड्ग शमशेरले पनि आफ्नो रोलक्रम नआउने देखी वीरशमशेरलाई मार्ने षड्यन्त्र गर्दा डोटी जानुपरेको थियो भने रणवीर जीतजङ्गले विद्रोह गरी पाल्पा, बुटवल, जलेश्वर र इलाम लुटपाट गरी बनारसमा बसेर वीरशमशेरलाई मार्ने षड्यन्त्र रचेका थिए । यस्तो खबर वीरशमशेरले थाहा पाएपछि नयाँ रोलक्रम बनाउने क्रममा उनको मृत्यु भएको थियो । वीरशमशेरपछि देवशमशेर श्री ३ बने पनि उनलई देशभक्त र प्रजातन्त्रप्रेमीको आरोपलगाई चन्द्रशमशेरले पदच्युत गरेका थिए । यसरी राणाहरूमा सत्ताको होडबाजी कायमै रहेको अवस्थामा चन्द्रशमशेरले उक्त रोलक्रमलाई ए.बी.सी. गरी वर्गीकरण गरेको देखिन्छ । चन्द्रशमशेरको मृत्यु भएपछि भीमशमशेर प्रधानमन्त्री भएर रोलक्रम परिवर्तन गरेको भएपनि राणाहरूमा चित्त नबुझी एक आपसमा काटाकाट र मारामार भएर फुटेपछि दरबारमा कलह सुरु भएको पाइन्छ । यसै अवस्थामा सारा नेपाली जनताले प्रजातन्त्र चाहेको, वी.पी. ले जेलमा नै भोक हड्ताल गरेको, महात्मागान्धीले वी.पी. लाई जेलबाट निकाल्न लगाएको, सम्पूर्ण जनता राणा विरोधी बनेर उर्लिएपछि बाध्य भएर मोहन शमशेरले वी.पी.लाई जेलबाट छाडिदिएको र पद्म शमशेरले प्रजातन्त्र स्थापना गर्ने विश्वास दिलाए पनि आलटाल गरेको, सुवर्ण र वी.पी. को काङ्ग्रेस पार्टी एउटै भई सङ्घर्ष झन् चर्किएको उल्लेख गर्दै पच्चिसौँ बिसौनी समापन गरिएको छ ।

### ४.५.१.२६ छब्बिसौँ बिसौनी

यस बिसौनीमा भएका ३६ पद्यहरूमध्ये शिखरिणी छन्दको १, शार्दूलविक्रीडित छन्दका ३३ र अनुष्टुप छन्दका २ श्लोक रहेका छन् । यस बिसौनीमा प्रजातान्त्रिक आन्दोलनको चर्चा गरिएको छ । प्रजातन्त्र प्राप्तिको लागि सम्पूर्ण प्रजातन्त्रप्रेमी भारतमा

गएर सम्पूर्ण योजनाहरू बनाएको र त्यसमा भारतका जनताले पनि सहयोग गरेको पाइन्छ भने भारतलाई अङ्ग्रेजले हडप्न लागेको समयमा नेपाली जनताले भारतीय जनतालाई सहयोग गरी अङ्ग्रेजलाई हटाएका थिए । पद्मशमशेरले २००७ साल साउन महिनामा जेलमा परेका नेताहरूलाई जेलमुक्त गरी जनताको अधिकार दिलाउने भन्ने कुरा मोहन शमशेरलाई सह्य नभई श्री ३ आफैँले लिने धम्की पाएपछि पद्मशमशेर डरले रक्तचाप बढेर बिरामी भएको पछि तपसी बन्ने नाटक गरी राजीनामा दिएर देशै नफर्कने गरी विदेश गएको पाइन्छ । पद्मशमशेरले राजीनामा दिएपछि श्री ३ को पद मोहन शमशेरले सम्हालेको समयमा सारा जनताको दबाबमा वी.पी. जेलमुक्त भएपनि मोहन शमशेरले काङ्ग्रेस अवैध हो भनी बन्द गराई भारतको सहयोग लिएर राज्य गरी जनतालाई अझै दमन गर्ने सोच गरेको बेलामा मोहन शमशेरलाई भारत सरकारले राजाहरूलाई सहयोग नगर्ने बताएपछि राजाहरूले अङ्ग्रेजको समर्थन पाएको देखिन्छ । मोहन शमशेरले पैसाले जनता किनेर, धन, बल र सैन्यले तर्साए पनि वी.पी., गणेशमान, केदारमान मिलेर सङ्घर्षका कार्यक्रम अगाडि बढाएको पाइन्छ । यो कुरा मोहन शमशेरलाई सह्य नभएपछि वी.पी. लाई दुर्गन्धित जेलमा हालेका थिए । भारतबाट र नेपाली जनताबाट वी.पी.लाई जेलबाट छुटाउन दबाब आएपछि वी.पी. जेलमुक्त भएपछि, नेपाली काङ्ग्रेसको गठन गरेको, राजासहित अन्य साथीहरूसँग मिली सङ्घर्षका कार्यक्रम अगाडि बढाउँदै बर्माबाट हतियार मगाएर विभिन्न किसिमका मोर्चा गठन गरेको सङ्केत गर्दै छब्बीसौँ बिसौनी समापन गरिएको छ ।

## ४.५.१.२७ सत्ताइसौँ बिसौनी

यस बिसौनीमा भएका ३६ श्लोकमध्ये शिखरिणी छन्दको १, शार्दूलविक्रीडित छन्दका ३३ र अनुष्टुप छन्दका २ श्लोक रहेका छन् । यस बिसौनीमा पूर्ण सङ्घर्ष र प्रजातन्त्र प्राप्तिको चर्चा गरिएको छ ।

बर्माबाट हातहतियार मगाएपछि नेताहरूबिच कामको बाँडफाँड भएको थियो भने राजा त्रिभुवन ज्ञानेन्द्रलाई राजा बनाई दिल्ली गएका थिए । देशैभरि नेपाली जनता जागेर थिरबम, वी.पी. र पुरनसिंहले नेतृत्व गरी वीरगञ्ज, धनुषा, विराटनगर हुँदै झापा पुग्ने क्रममा २००७ साल कात्तिक २६ गते वीरगञ्ज कब्जा गरेका थिए । उक्त समयमा पुलिसले

पिस्तोल हान्दा थिरबम सहिद भएपछि वी.पी. सेनानायक बनी विराटनगरमा लड्दा राणाहरूले समर्पण गर्छौं भनी जाल रचेर गोली चलाउँदा वी.पी. गोली छली बाँच्न सफल भएका थिए । जनताहरू राणाहरूको झुठो बाचा देखेर आक्रोशित भई राणाका अफिस कब्जा गरेका थिए । त्यसै गरी आक्रोशित जनताले नेपाली जन रेडियो खोलेर देशैभरि मुक्ति सेनाले जितेर प्रचारप्रसार गरी मुख्यमुख्य ठाउँ कब्जा गरेका थिए । काठमाडौं जनक्रान्तिले दनदनी दन्केको अवस्थामा आएका अङ्ग्रेजी दूतहरूलाई विमानस्थलमा घेरेर जनताले फर्काइदिएका थिए । राणाहरूले आन्दोलन चर्केपछि कर्फ्यू जारी गरेपनि क्रान्तिकारी जनताले कर्फ्यूको उल्लङ्घन गरी अगाडि बढ्ने क्रममा न्हुच्छे रत्न, देवमान र भोगमानको ज्यान गएको देखिन्छ । यसै क्रममा उदयपुरमा कृष्णप्रसाद भट्टराई र गिरीको नेतृत्व, कोशीमा कुलदीप, पूर्वमा लाक्पा छिरिङ, तनहूँमा धर्मध्वज, पाल्पामा भोलानाथ, दाङ र देउखुरीमा भरतमणीले विभिन्न ठाउँ कब्जा गर्ने क्रममा धेरैले ज्यान गुमाउनु परेको थियो । जनताको क्रान्तिबाट राणाहरू हार मानी भारतको नयाँ दिल्लीमा शरण माग्नु पुगी अङ्ग्रेजका राजा र जवाहरलाल नेहरूसँग बिन्ती गरेपछि वार्ताका लागि काङ्ग्रेसका नेता मातृकालाई लगिए पनि वार्ता सफल हुन नसकेको देखिन्छ । भारतमा ब्रिटिस र राणाहरू मिलेपछि हजारौँ जनता मरेका थिए । गणेशमान, वी.पी. लगायत सारा जनताले राणाहरूसँग सम्झौता नगर्ने स्वीकार गरी आन्दोलन जारी राखी सिंहदरबार कब्जा गरेका थिए । सिंहदरबार कब्जा गरेपछि जनताको क्रान्ति सफल भई २००७ साल फागुन ४ गते त्रिभुवन नेपाल फर्केर ७ गते राणाशासनको अन्त्य भई प्रजातन्त्रको घोषणा भएको जानकारी दिएको पाइन्छ । हजारौँ जनताको त्याग र बलिदानबाट प्राप्त प्रजातन्त्रलाई उचित सम्मानका साथ देश र जनताको हितमा समर्पित गरौँ भन्ने उल्लेख गर्दै सत्ताइसौँ बिसौनी समापन गरिएको छ ।

### ४.५.१.२८ निष्कर्ष

**विभूतिदर्पण** महाकाव्य पूर्वीय महाकाव्य सिद्धान्तमा आधारित भएर पनि यसमा शाहवंशीय इतिहास र राणाकालीन इतिहासको सत्याश्रित पद्यमय वर्णन गरिएको पाइन्छ । सत्ताइस बिसौनीमा विभक्त यस महाकाव्यमा प्रथम बिसौनीमा मङ्गलाचरण, विभूतिवर्णन र शाहवंश वर्णन प्रस्तुत गरिएको छ भने दोस्रो र तेस्रो बिसौनीमा पनि शाहवंशीय वर्णन गरिएको छ । चौथोमा भीमसेन थापा, पाँचौँमा माथवरसिंह थापाको वर्णन, छैटौँ-सातौँ बिसौनीमा दरबारिया षड्यन्त्र, राणाको अभ्युदयको ऐतिहासिकतालाई प्रस्तुत गरिएको छ ।

आठौंमा राणा शासनकालको चरम क्रूरता देखाउँदै राणा शाहीका विरोधमा शिक्षित युवाहरू प्रस्तुत भएको प्रसङ्गका साथै राणा शासनको समाप्ति र प्रजातन्त्रको प्राप्तिका लागि प्रथम सहिद शुक्रराज शास्त्रीको उत्सर्गको वर्णन गरिएको छ । नवौं र दशौं बिसौनी पनि उपर्युक्त वर्णनमै प्रस्तुत भएको छ । एघारौं, बाह्रौं र तेह्रौं बिसौनीमा सहिद धर्मभक्तको वीरगाथा र उत्सर्गको वर्णन छ भने चौधौं र पन्ध्रौं बिसौनीमा दशरथचन्दको जीवनी र व्यक्तित्वको वर्णन गरिएको छ । सोह्रौं, सत्रौं र अठारौं बिसौनीमा पनि दशरथ चन्दकै वर्णनका साथै उनकी प्रेमिका जुलिया र उनीहरूको प्रेमप्रसङ्ग प्रस्तुत गरिएको छ । उन्नाइसौं, बिसौं र एक्काइसौं बिसौनीमा सहिद गंगालालको वर्णन गरिएको छ । बाइसौं, तेइसौं र चौबिसौं बिसौनीमा कृष्णप्रसाद कोइराला तथा वी.पी. कोइरालाको वर्णन रहेको छ भने पच्चीसौं बिसौनीमा राणाभित्रको आपसी कलह, छब्बिसौंमा प्रजातान्त्रिक आन्दोलन, सत्ताइसौंमा पूर्ण सङ्घर्ष र प्रजातन्त्र प्राप्तिका घटनालाई शृङ्खलाबद्ध गरिएको छ ।

## ४.६ उपसंहार खण्ड

उपसंहार खण्डमा भएका १६ श्लोकमध्ये शिखरिणी छन्दको १ र शार्दूलविक्रीडित छन्दमा १५ श्लोक रहेका छन् । उपसंहार खण्ड कवि होमनाथ पौडेल 'हिमांशु' ले हजारौं जनताको त्याग र बलिदान प्राप्त भएको प्रजातन्त्रको संरक्षणका लागि आग्रह गर्दै राष्ट्रप्रतिको चिन्ता व्यक्त गरेका छन् । प्रजातन्त्रको उदयपछि राणा शासनका शिखरहरू ढलेको, धूलो मैलो पखालिने आशा लिए पनि नेताहरूले जनताले उपभोग गर्ने प्रत्येक वस्तुमा चर्को रूपमा कर लगाइदिएको देखिन्छ । जनता स्वतन्त्र भएपछि देशको उन्नति र प्रगति हुनुपर्नेमा उल्टै अनेकौं पार्टीहरू बनी पार्टी-पार्टी बिच कुर्सीको लडाइँ चलेको, छाडावादले प्रश्रय पाई धूर्तहरूको उत्साह बढ्दै गएको, सोझा सज्जनहरूको पतन भएको, धर्मप्रति आस्था कम हुँदै गएको देखिएको पाइन्छ । मानिस जन्मेपछि मर्नु नै पर्ने भएकाले राणाको जस्तो व्यवहार नगरी सबै नेपाली दाजुभाइ एकजुट भएर नेपालको उन्नति र प्रगति गर्नुपर्ने, सबै समान किसिमले बाँचून् र भोग गर्न पाऊन् भन्ने भावना व्यक्त गर्दै उपसंहार खण्ड समापन गरिएको छ ।

### ४.६.१ शीर्षक

शीर्षकले सम्पूर्ण कथावस्तुलाई समेट्न सक्ने गरी प्रतिनिधित्व गरेको हुन्छ । कुन काव्य कृतिमा कस्ता विषयवस्तुहरू समावेश गरिएको छ भन्ने कुराको जानकारी शीर्षकबाटै

प्रस्ट हुन्छ । **विभूतिदर्पण** महाकाव्यमा प्रजातन्त्रप्राप्तिका लागि सहादत प्राप्त गर्ने सम्पूर्ण वीर सहिदहरूका साथै राजर्षि जनक, महिमामयी सीता, महात्मा गौतमबुद्ध लगायतका सम्पूर्ण ऐतिहासिक विभूतिहरूको बयान गरिएकाले यस महाकाव्यको शीर्षक **विभूतिदर्पण** नामाङ्कन गरिएको छ । अतः यस महाकाव्यको शीर्षक उपयुक्त, सार्थक र औचित्यपूर्ण देखिन्छ ।

## ४.६.२ संरचना

संरचनाको अर्थ बनावट हुन्छ । महाकाव्यको संरचना सर्गबन्ध र आठबिसौनी भन्दा माथि हुनुपर्छ । त्यसै गरी आख्यानीकरण सशक्त, सघन, सुसङ्गठित हुनुपर्छ । संरचनालाई आन्तरिक र बाह्य गरी दुई भागमा विभाजन गरिन्छ । **विभूतिदर्पण** महाकाव्यको बाह्य संरचनालाई हेर्दा अगाडिको आवरणमा नेपालका विभूतिहरूको चित्र, नेपालको चित्र र हिमालको चित्रले सजिएको छ भने पछाडिको आवरणमा होमनाथ पौडेल 'हिमांशु' को परिचय फोटो सहित दिइएको छ ।

यसको आन्तरिक संरचनालाई सत्ताइस बिसौनीमा विभाजन गरिएको छ । अधिकांश बिसौनीको प्रारम्भ शिखरिणी छन्दबाट भएको छ । समापन प्रायः अनुष्टुप छन्दबाट, बिचमा पूरै शार्दूलविक्रीडित छन्द, केही मन्दाक्रान्ता छन्द र केही गीतिलयमा रचिएको छ । सुरुमै सहिद र विभूतिहरूप्रति महाकाव्य ग्रन्थ समर्पण गरिएको छ भने अन्तिम बिसौनी सत्ताइसपछि *उपसंहार* तथा *प्रेरणा दिने आमा जानु भो* क्षेपक कविता समाविष्ट गरिएको छ । त्यस्तै सुरुको आठ पृष्ठ र अन्तिमको सात पृष्ठमा राजाहरू, विभूतिहरू र विभिन्न राजनीतिज्ञहरूका फोटाहरूका साथै अन्तिम पृष्ठमा होमनाथ पौडेलका मातापिताको तस्वीर राखिएको छ ।[२३]

## ४.६.३ चरित्रचित्रण

महाकाव्यको महत्त्वपूर्ण तत्त्वका रूपमा चरित्र चित्रणलाई लिइन्छ । महाकाव्यमा प्रमुख चरित्रका साथै अन्य चरित्रहरू पनि समावेश हुन्छन् । पूर्वीय र पाश्चात्य साहित्य

---

[२३] गोविन्दराज विनोदी, *विभूतिदर्पण महाकाव्य एक दृष्टि,* **विभूतिदर्पण**, होमनाथ पौडेल 'हिमांशु', चितवन : चितवन साहित्य परिषद्, २०६२, पृ. ङ-छ ।

सिद्धान्तमा चरित्र चित्रणको महत्त्व उत्तिकै वर्णन गरिएको हुन्छ । पूर्वीय मान्यता अनुसार महाकाव्यको नायक धीरोदात्त, अनुकूल र गुणयुक्त हुनुपर्छ भन्ने मान्यता छ भने पाश्चात्य कथानकलाई बहन गर्न सानो खालको उच्च गुणयुक्त नायकको अपेक्षा गरिएको हुन्छ । पूर्वीय मान्यतामा त्यागी, कुलीन, सक्षम, रूपलावण्यले युक्त, उत्साही, दक्ष, अनुरक्त धीरवान् नायक प्रमुख नायक हुनुपर्नेमा जोड दिएको छ । चरित्रमा बहुनायक समेतको अपेक्षा रहेको हुन्छ । यस्तै परिवेशमा **विभूतिदर्पण** महाकाव्य रहेको छ । यस काव्यमा प्रमुख नायक दशरथचन्द र नायिका जुलिया हुन् भने अन्य सहायक पात्रहरूमा पृथ्वीनारायण शाह, प्रतापसिंह शाह, रणबहादुर शाह, राजेन्द्र वीरविक्रम, पृथ्वी वीरविक्रम शाह, त्रिभुवन वीरविक्रम शाह, गंगालाल, धर्मभक्त, शुक्रराज, रुद्रशमशेर, अमरसिंह, भीमसेन थापा, चन्द्रशमशेर, माथवरसिंह, कृष्णप्रसाद कोइराला, वी.पी., गणेशमान, जुद्धशमशेर, भीमशमशेर, डिल्लीरमण, धरणीधर आदि रहेका छन् भने प्रतिकूल पात्रका रूपमा राणाहरू रहेका छन् ।

**क) दशरथचन्द**

**विभूतिदर्पण** महाकाव्य ऐतिहासिक विषयवस्तुमा आधारित छ । **विभूतिदर्पण** महाकाव्यमा उल्लेख भए अनुसार **विभूतिदर्पण** महाकाव्यका प्रमुख नायक दशरथचन्द हुन् । विषयगत दृष्टिले ऐतिहासिक कथानक भएको **विभूतिदर्पण** महाकाव्यमा काव्यकारले नेपालका प्रमुख विभूतिहरूको प्रतिनिधित्व हुने गरी दशरथचन्दलाई प्रमुख नायक बनाएका छन् । यस महाकाव्यमा धीरोदात्त नायकका रूपमा दशरथचन्दलाई लिन सकिन्छ । दशरथचन्द यस महाकाव्यका प्रमुख प्रवृत्ति, अनुकूल भूमिका, गतिशील र वर्गीय जीवन चेतना भएका बद्ध चरित्रका पात्र देखिएका छन् ।

**ख) जुलिया**

जुलिया **विभूतिदर्पण** महाकाव्यकी प्रमुख नायिकाको रूपमा प्रस्तुत भएकी छिन् । दशरथचन्द र आफ्नो बिचमा विवाह नभएपनि तन, मनले प्रेम विवाह गरिसकेकी र घरपरिवारबाट समेत सहमति प्राप्त गरेकी जुलिया आफ्नो सर्वस्व

दशरथलाई ठान्ने प्रतिव्रता नायिकाको रूपमा चिनिएकी छिन् । दशरथको मृत्यु हुने खबर सुनेपछि खानपिन छाडेर प्रेममा विह्वल भई दशरथभन्दा अगाडि आफ्नो देह समाप्त गर्ने योजना बनाएकी जुलिया आबद्धलगायतका आधारमा बद्ध र कार्यका आधारमा अनुकूल र गतिशीलताका आधारमा स्थिर पात्र हुन् ।

**ग) अन्य पात्रहरू**

प्रस्तुत **विभूतिदर्पण** महाकाव्यमा प्रयोग भएका राणाहरू, राजपरिवारका सदस्यहरू, अमरसिंह, भीमसेन थापा आदि पात्रहरूले महाकाव्यको विषयवस्तुलाई अगाडि बढाउन सहयोगी भूमिका निर्वाह गरेकाले यिनीहरूलाई अन्य पात्र अन्तर्गत राखेर समष्टिमा यिनीहरूको भूमिकालाई नियाल्ने जमर्को गरिएको छ । आबद्धताका आधारमा बद्ध पात्रका रूपमा प्रस्तुत गर्दै आसन्नताका आधारमा मञ्चीय पात्रका रूपमा देखाइएका छन् । कार्यका रूपमा राणाहरू प्रतिकूल पात्रका रूपमा र अरू अनुकूल पात्रका रूपमा रहेका छन् । उपर्युक्त पात्रहरू सबै ऐतिहासिक पात्रहरू भएको हुँदा आसन्नताका आधारमा मञ्चीय बनाउनु कविको आफ्नै मौलिकता रहेको छ । काव्यकार पात्रहरूको चयन र काव्यीय शृङ्खलालाई समुचित र सु-व्यवस्थित बनाउनमा र साधारणीकरण गर्नमा सक्षम देखिन्छन् ।

यसरी **विभूतिदर्पण** महाकाव्यमा काव्यकारले विभिन्न गतिशील र स्थिर पात्रहरूको समुचित व्यवस्था गर्दै दशरथचन्द र जुलियाको प्रेम प्रणय चरित्रलाई चित्रण गरेका छन् ।

## ४.६.४ भावविधान

महाकाव्यमा भावविधानलाई मेरुदण्डको रूपमा लिइन्छ । महाकव्यमा भावको उचित संयोजन हुन सक्नुपर्दछ अनि मात्र महाकाव्य उत्कृष्ट हुन्छ । महाकाव्य एक आस्वाद्य विधा भएकाले यसमा अनुभूतिहरूले मानव मनमा स्थायी रूपले विद्यमान प्रेम, करुणा, शान्ति वा वैराग्य जस्ता मनोभावहरू उद्घाटित हुनुपर्छ । भावविधान अन्तर्गत पूर्वीय परम्परामा रसभाव तथा पश्चिमी परम्परामा त्रास र करुणाको विरेचन भाव पर्दछन् । भाव विधानले

काव्यमा व्यक्त भएको जीवन र जगत्को समग्रतालाई व्यक्त गर्दछ । जीवनजगत्लाई प्रस्तुत गर्दा वस्तुता र विचारलाई जति अँगाले पनि भाव पक्षलाई मुख्यरूपमा लिनुपर्ने हुन्छ । त्यसैले भाव विधान महाकाव्यको अनिवार्य घटक हो ।

प्रस्तुत महाकाव्यमा खास गरी राष्ट्रभक्तिको भाव, पीडाको भाव, साहसको भाव र सम्मानको भाव प्रस्ट रूपमा झल्केको पाइन्छ ।

**क) राष्ट्रभक्तिको भाव**

हाम्रो देश दिने सहीदहरूको यस्तै भयो दुर्दशा
यो नेपाल बँची रहोस् जुग जुगै हाँसी खुसी सर्वदा !

(उपसंहार, श्लोक १५)

माथिको श्लोकमा आफ्नो देश बचाउनुका लागि सहिदहरूले आफ्नो ज्यान समेत गुमाउनु परे तापनि युगौं युगसम्म आफ्नो देश बाँचिरहोस् भनि राष्ट्रभक्तिको भाव प्रकट गरिएको छ ।

**ख) पीडाको भाव**

नसाले सत्ताको जब अति ठूला जाल रचिए
कतै थापा मार्थे बल जफत पाण्डे बलि भए

(तेस्रो बिसौनी, श्लोक ६)

देश बचाउनको लागि धेरै वीरहरूले बली बन्नु परेको दुःखलाई व्यक्त गरिएको हुँदा उक्त श्लोकमा पीडाको भाव व्यक्त भएको पाइन्छ ।

**ग) साहसको भाव**

माफी माग्न हुँदैन वीरहरूले कैले नझुक्ने रती
बाँच्ने स्वार्थ लिएर झुक्छ जब क्वै धिक्कार्दछन् सन्तति ।

(चौधौं बिसौनी, श्लोक ३८)

उक्त श्लोकमा आफ्नो देश बचाउनको निम्ति शत्रुहरूका अगाडि नेपाली वीरहरूले माफी माग्न र झुक्न हुँदैन, यस्तो भएमा हाम्रा सन्ततिले हामीलाई धिक्कार्ने छन् भनी शत्रुहरूका अगाडि ढाल भएर बस्नुपर्छ भन्ने साहसको भाव प्रकट गरिएको छ ।

**घ) सम्मानको भाव**

प्रजातन्त्र निमित्त देह हुन गो सङ्घर्षमा आहुति
नेपाली सबले 'विभूति' मनले सम्झी गरौं आरती ।

(प्रथम बिसौनी, श्लोक २१)

उक्त श्लोकमा प्रजातन्त्र प्राप्तिका निमित्त सङ्घर्ष गरी सहादत प्राप्त गर्ने वीरसपूतहरूलाई मनले सधैं सम्झेर उनीहरूप्रति हार्दिक सम्मान व्यक्त गर्नुपर्ने कुरा उल्लेख गरिएको छ ।

## ४.६.६ उद्देश्य

महाकाव्यमा प्रस्तुत गर्न खोजिएको केन्द्रीय कथ्यलाई नै उद्देश्य भनिन्छ । मातृभूमि सबैका लागि प्राणभन्दा प्यारो हुन्छ । आफ्नो मातृभूमिलाई बचाउन र जनताको इच्छा अनुरूपको शासनसत्ता कायम गर्नको लागि जो कसैले पनि आफ्नो प्राणको आहुति दिन सक्नुपर्छ । होडबाजी र सत्ताको लुछाचुँडीले गर्दा देश सखाप हुन्छ । त्यसैले हामीले निःस्वार्थ भावनाले देश र जनताको सेवा गरेमा वीर सहिद जस्तै अमर बन्न सक्छौं भन्ने कुरा उल्लेख गर्दै १०४ वर्षे क्रूर जहानियाँ राणशासनको अन्त्य गरी प्रजातन्त्र प्राप्तिका लागि सहादत प्राप्त गर्ने वीरयोद्धाहरूप्रति सधैं भक्तिभाव राख्नुपर्ने र उनीहरूको त्याग र बलिदानलाई उचित रूपले सदुपयोग गर्नुपर्छ भन्ने मूल उद्देश्य **विभूतिदर्पण** महाकाव्यका पाइन्छ ।

## ४.६.६ भाषाशैली

साहित्यका जुनसुकै विधाका लागि पनि भाषाशैली अत्यावश्यकीय तत्त्व हो । महाकाव्यको भाषाशैली सरल, सहज र बोधगम्य हुनुपर्छ । **विभूतिदर्पण** महाकाव्यमा पौडेलले अत्यन्त सरल, सरस, बोधगम्य, कोमल र जनबोलीका परिचित शब्दहरूको प्रयोग गर्नुका साथै विशेषतः संस्कृतका तत्सम, तद्भव, अङ्ग्रेजी, प्राकृत र हिन्दी भाषाका शब्दको समेत प्रयोग गरेका छन् । भाषा प्रयोगका क्रममा वर्ण योजनाका तहमा विभिन्न किसिमका शब्दालङ्कार र अर्थालङ्कारको प्रयोग भएको देखिन्छ । कवि अन्त्यानुप्रासमा अनुरक्त देखिएका छन् । भाषिक पुनरावृत्ति गरेर भएपनि अन्त्यानुप्रासको पालना भएको पाइन्छ ।

## ४.६.७ स्थान, समय र परिवेश

काव्यमा भएको कथ्यतत्त्वलाई कलात्मक र प्रभावकारी बनाउनका लागि वातावरण अथवा परिवेशको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ । यस **विभूतिदर्पण** महाकाव्यमा चितौड, सिन्धुघाँटी, कन्नोज, भीर्कोट, नुवाकोट, पाखा, पर्वत, फाँट, पाल्पा, कास्की, गोरखा, लमजुङ, तनहुँ, मकवानपुर, काठमाडौं, ललितपुर र भक्तपुरका विभिन्न ठाउँहरू, विष्णुमती नदीको किनार, शोभा भगवती, पचलीको सुनसान ठाउँ, घन्टाघर, टुँडिखेल जस्तो अत्यासलाग्दो फराकिलो ठाउँ, त्रिशूली नदीको डरलाग्दो किनारका साथै भारतका विभिन्न ठाउँहरू, तिब्बत, सिक्किम, नालापानी र देउथलको युद्धभूमिका साथै वरपरका थुप्रै स्थलहरूको वर्णन गरिएको पाइन्छ ।

परिवेशका दृष्टिले व्यापक क्षेत्र ओगट्न सफल भएको **विभूतिदर्पण** महाकाव्यमा राणाहरूको क्रूरतापूर्ण व्यवहार, वीरयोद्धाहरूको वीभत्स हत्या, दुच्छर र स्वार्थी प्रवृत्ति, सत्ताको खिचातानी र होडबाजी, मध्यरात, बिहानीको समयमा र दिउँसोका साथै जेलभित्र, जेलबाहिर सबैको सामु र सुनसान एकान्त ठाउँमा वीरयोद्धाहरूमाथि गरिएको अमानवीय व्यवहार वर्णन, प्रजातन्त्र प्राप्तिका लागि विभिन्न ठाउँबाट गरिएका सङ्घर्षका कार्यक्रमहरू, वियोगजन्य समवेदनाहरू नितान्त पारिवारिक परिवेश, स्थान र समयको सेरोफेरोमा **विभूतिदर्पण** महाकाव्य केन्द्रित भएको पाइन्छ ।

## ४.६.८ छन्द र लय

छन्द र लयबिच अन्योन्याश्रित सम्बन्ध हुन्छ । मनभित्र उठेका भावहरूलाई लयपूर्ण ढङ्गमा गाउनका लागि छन्दको प्रयोग गरिन्छ । कवि छन्द पालनामा पूर्ण देखिन्छन् । **विभूतिदर्पण** महाकाव्यमा गीतिलयदेखि लिएर विभिन्न शास्त्रीय छन्दहरू शार्दूलविक्रीडित, शिखरिणी, मन्दाक्रान्ता र अनुष्टुप् छन्दको प्रयोग गरिएको छ । यीमध्ये शार्दूलविक्रीडित छन्दको प्रयोग सबैभन्दा बढी र अनुष्टुप् छन्दको कम प्रयोग भएको पाइन्छ ।

### क) शार्दूलविक्रीडित छन्द

यस छन्दको प्रत्येक पाउमा १९-१९ अक्षरहरू हुन्छन् । यो छन्द 'अतिधृति' भेद अन्तर्गत पर्दछ ।[२४] यस छन्दमा गणको स्थिति र क्रम तथा यति-विधान निम्नानुसार हुन्छ :

---

[२४] हेमाङ्गराज अधिकारी, **पूर्वीय समालोचना सिद्धान्त**, ललितपुर : साझा प्रकाशन, २०४३, पृ. १२९ ।

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| गण | म | स | ज | स | त | त | गु |
| गण चिन्ह | ऽऽऽ | ।।ऽ | ।ऽ। | ।।ऽ | ऽऽ। | ऽऽ। | ऽ |

यति विधान - बाह्रौं र उन्नाइसौं वर्णमा ।

उदाहरणको रूपमा केही पङ्तिलाई प्रस्तुत गरिएको छः

यो मेरो पटुकी छ साथ अहिले देला सहारा यहाँ
कस्दै कम्मरमा म बस्छु तपसी खाना म खान्थेँ कहाँ ।

(अठारौँ बिसौनी, दोस्रो श्लोक)

यसरी यस महाकाव्यमा शार्दूलविक्रीडित छन्दका जम्मा ८९४ वटा श्लोकहरू समावेश गरिएको छ ।

**ख) शिखरिणी छन्द**

शिखरिणी छन्दको प्रत्येक पाउमा १७-१७ वर्ण वा अक्षरहरू हुन्छन् । यो छन्द 'अन्येष्टि' भेद अन्तर्गत पर्दछ ।[२५] यस छन्दमा गणको स्थिति र क्रम तथा यति विधान निम्नअनुसार हुन्छ :

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| गण :- | य | म | न | स | भ | ल | गु |
| गण चिन्ह :- | ।ऽऽ | ऽऽऽ | ।।। | ।।ऽ | ऽ।। | । | ऽ |

यति विधान छैटौँ र तेह्रौं वर्णमा हुन्छ ।

यसका दुई चरण उदाहरणका रूपमा उल्लेख गरिएका छन् :-

थियो अङ्ग्रेजको बल बढिरहेको भुवनमा
डडेलो झैँ आयो मुलुकहरू निल्दै नजिकमा

(पहिलो बिसौनी, श्लोक ३)

यस महाकाव्यमा शिखरिणी छन्दका ७५ वटा श्लोकहरू रहेका छन् ।

**ग) अनुष्टुप छन्द**

अनुष्टुप छन्दको प्रत्येक पाउमा ८-८ वर्ण वा अक्षरहरू हुन्छन् । अन्य वार्णिक छन्दका तुलनामा यो छन्द अलि भिन्न किसिमको हुन्छ । यस छन्दको

[२५] पूर्ववत्, पृ. १३४ ।

पाउको पाँचौं वर्ण लघु र छैठौं वर्ण गुरु तथा दोस्रो र चौथो पाउमा सातौ वर्ण लघु र पहिलो र तेस्रो पाउको सातौं अक्षर गुरु हुन्छ ।[२६] **विभूतिदर्पण** महाकाव्यमा प्रयुक्त भएको अनुष्टुप् छन्दको एक नमुना प्रस्तुत गरिएको छ :

जेलमा गर्जिंदै सारा आत्मबल जुटाउँदै

योद्धाका मनको त्रास टाढा टाढा भगाउँदै ।

(चौधौं बिसौनी, श्लोक ३९)

यस महाकाव्यमा अनुष्टुप छन्दका ५४ वटा श्लोकहरू समायोजन गरिएको छ ।

### घ) मन्दाक्रान्ता छन्द

मन्दाक्रान्ता छन्दको प्रत्येक पाउमा १७-१७ वर्ण वा अक्षरहरू हुन्छन् ।[२७] यस छन्दमा गणको स्थिति र क्रम तथा यति विधान यस्तो हुन्छ :

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| गण :- | म | भ | न | त | त | गु | गु |
| यति विधान :- | ऽऽऽ | ऽ।। | ।।। | ऽऽऽ | ऽऽऽ | ऽ | ऽ |

यति विधान चौथो र छैटौं वर्णमा हुन्छ । यसको आधा श्लोक तल प्रस्तुत गरिएको छ :

मेरी आमा 'भुवन भरमा फूल झैं' फक्रिएकी

अग्लो माथा शिर वदनले घाम झुल्का चुमेकी

(चौथो बिसौनी, श्लोक ५)

यसरी **विभूतिदर्पण** महाकाव्यमा मन्दाक्रान्ता छन्दका ४ वटा श्लोकहरू समायोजन गरिएको छ ।

### ङ) गीतिलय

भाका हालेर गाउन मिल्ने लय गीतिलय हो ।[२८] काव्यकारले यस काव्यमा नेपाली लोकलयका रूपमा प्रसिद्ध झ्याउरे छन्दको पनि प्रयोग गरेका छन् । जस्तै :-

[२६] पूर्ववत्, पृ. १३६ ।
[२७] पूर्ववत्, पृ. १३५ ।

लक्षण :-  ३+२+३+२+३+३=१६

तीन र दुई तीन र दुई, तीन र तीनमा

अक्षर सोह्र झ्याउरे भाका बन्दछ छिनमा

गीतिलय अन्तर्गत झ्याउरे छन्दको उदाहरण तल प्रस्तुत गरिएको छ :

आमाको शिर सगरमाथा झर्ना हो कपाल

नेपाली सबै सन्तान हामी  घर यो नेपाल

(चौथो बिसौनी, श्लोक १)

यस महाकाव्यमा गीतिलयको प्रयोग जम्मा चार श्लोकमा गरिएको छ ।

## ४.६.१० रस संयोजन

कुनै पनि कृति पढ्दा वा नाटक हेर्दा पाठक वा दर्शकमा उत्पन्न हुने एक किसिमको आनन्द नै रस हो ।[२९] रसभावको प्रस्तुतिका सन्दर्भमा होमनाथ पौडेल 'हिमांशु' ले **विभूतिदर्पण** महाकाव्यमा विशेषतः वीर रसको बढी प्रयोग गरेका छन् । प्रथमतः काव्यारम्भ मङ्गलाचरणबाट नै गरेका छन् । यसमा नमस्कारात्मक, वस्तुनिर्देशात्मक र आशीर्वादात्मक मङ्गलाचरण लेखी कतै करुण रस र कतै वीररसको प्रयोग भएको छ । त्यसपछि **विभूतिवर्णन** र **शाहवंश** वर्णनमा पनि वीर रसको प्रयोग गरिएको छ । दोस्रो बिसौनीमा मातृभूमि नेपाललाई माया गर्ने, जोश र जाँगर भएका साहसी योद्धा पृथ्वीनारायण शाह र उनले गरेका कार्यहरूको वर्णन करुणरस र वीररसमा नै प्रस्तुत भएको पाइन्छ । वीररसको उदाहरण जस्तैः-

सुतेका हैन छोराको निँद खोली जगाउँदै

बाइसे चौबिसे राजा सेन मल्ल हराउँदै

देश निर्माणको निम्ति ज्यान बाजी लगाउँदै

अनेक जातका फूल गाँसी माला बनाउँदै ।

(पहिलो बिसौनी, श्लोक ५४)

---

[२८] पूर्ववत्, पृ. १३६ ।

[२९] पूर्ववत्, पृ. २७ ।

वीरसरको स्थायी भाव उत्साह[३०] हुन्छ । देश निर्माणको निमित्त सबै मिलेर बाइसे-चौबिसे राजाहरूलाई हराउँदै अघि बढ्ने प्रेरणा दिएको हुँदा उक्त श्लोकमा वीररसको प्रयोग भएको पाइन्छ ।

तेस्रो बिसौनीमा राजेन्द्रलक्ष्मी र रणबहादुर शाहबिचको आपसी कलह लगायत भाइभारदारहरू बिचको खिचातानी, अङ्ग्रेजसँगको सन्धि, राजेश्वरीको मृत्यु आदिको वर्णन गरिएकोले वीररस प्रधान भएपनि राजेश्वरीलाई झुठो खबर सुनाएर जबर्जस्ती चितामा जलाउँदा करुणरसको प्रस्तुति भएको छ । चौथो बिसौनीमा भीमसेन थापाको वर्णन र पाँचौ बिसौनीमा माथवरसिंहको वर्णन गरिएको हुँदा यी दुवै बिसौनीमा वीररस मुख्य रसको रूपमा र करुण रस सहायक रसका रूपमा प्रयोग भएको पाइन्छ । छैठौँ र सातौँ बिसौनीमा दरबारिया षड्यन्त्रले गर्दा दरबारमा भएका कोतपर्व, भण्डारखाल पर्व र अलौ पर्वजस्ता हत्याकाण्डको उल्लेख गरी राणाको अभ्युदयको ऐतिहासिकतालाई देखाइएको हुँदा यसमा पनि वीररस र करुण रसको प्रयोग भएको देखिन्छ ।

आठौँ, नवौँ र दशौँ बिसौनीमा राणा शासनकालको चरम क्रूरता देखाउँदै र राणाशासनको विरोधमा शिक्षित युवाहरू शुक्रराज, वि.पी., धर्मभक्त, गंगालाल आदिको प्रसङ्गका साथै राणाशासनको समाप्ति र प्रजातन्त्र प्राप्तिका लागि प्रथम सहिद शुक्रराज शास्त्रीको उत्सर्गको वर्णन गरिएको हुँदा वीर रसको प्रधानता र करुण रसको गौणता पाइन्छ शुक्रराज शास्त्रीलाई राणाहरूले घाँटीमा डोरी लगाई रुखमा झुन्ड्याएर मारेपछि अभिव्यक्त करुण रसको प्रयोग यसरी भएको पाइन्छ :

आफन्तैहरू ती बसेर नजिकै रोए कराए सब
हेरी टुल्टुल त्यो शरीर 'शव' मा साह्रै हुँदा विह्वल
को बोल्ने सबका फुटेन मनका बोली मनैमा रहे
झुन्डेको रुखमा गड्यो मुटु किला हेरेर रोईरहे ।

(दशौं बिसौनी, श्लोक २४)

करुण रसको स्थायी भाव शोक भएकोले शुक्रराजको हत्या भएपछि आफन्त जनहरूमा शोकको भाव उत्पन्न भएको देखिन्छ । एघारौँ, बाह्रौँ र तेह्रौँ बिसौनीमा सहिद धर्मभक्तको वीरगाथा र उत्सर्गको वर्णन गर्दा चौधौँ र पन्ध्रौँ बिसौनीमा **विभूतिदर्पण**

---

[३०] पूर्ववत्, पृ. ३९ ।

महाकाव्यका नायक मानिएका दशरथ चन्दको जीवनी र व्यक्तित्वको चर्चा वीर रस र करुणरसमा गरिएको छ भने सोह्रौं, सत्रौं र अठारौं बिसौनीमा दशरथ चन्दकै वर्णनका साथै उनकी प्रेमिका जुलिया र उनीहरूको प्रेमप्रसङ्गको बारेमा केन्द्रित रहेका हुँदा छिटफुट रूपमा वीररस र करुण रसको प्रयोग भए तापनि शृङ्गार रसको प्रस्तुति प्रमुख देखिन्छ । शृङ्गार रसलाई पनि सम्भोग र विप्रलम्भ शृङ्गार गरी दुई भागमा विभाजन गरिन्छ । प्रेम र प्रेमिका बिचको सम्बन्ध नजिक हुँदा सम्भोग शृङ्गार रस सम्पन्न हुन्छ भने बिछोड हुँदा विप्रलम्भ शृङ्गार रस सम्पन्न हुन्छ । **विभूतिदर्पण** महाकाव्यमा दशरथचन्द र जुलियाको प्रेमप्रसङ्गमा दुवै शृङ्गार रसको प्रयोग भए पनि सम्भोग शृङ्गार रसको प्रयोग कम र विप्रलम्भ शृङ्गार रसको प्रयोग बढी भएको पाइन्छ । विप्रलम्भ शृङ्गार रसको उदाहरण तल दिइएको छ :-

गए मेरा सारा सुख र खुसका दिन् अब गए
अँध्यारो भो-प्यारा सब दश दिशा नै बदलिए
न बाँच्ने आज्ञा भो न त पति बन्यौ हा दशरथै
म जन्मैं व्यर्थै भो निरजल सुकेको बगरझैं ।

(अठारौं बिसौनी, श्लोक १)

माथिको श्लोकमा शुक्रराज शास्त्री जेलमा पर्नुका साथै राणाहरूका हातबाट मरिने पक्का भएपछि सदाको लागि दशरथसँग बिछोड हुने भयो भनी जुलियाले बिछोड भएपछि चारैतिर अँध्यारो हुने र आफ्नो जन्म सफल नहुने कुरा व्यक्त गरिएको हुँदा उक्त श्लोकमा विप्रलम्भ शृङ्गार रसको प्रयोग भएको पाइन्छ । उन्नाइसौं, बीसौं र एक्काइसौं बिसौनीमा सहिद गंगालालको जीवनी, व्यक्तित्व र उनले गरेका कार्यहरूको वर्णनका साथै राजाहरूले उनलाई पनि निर्मम तरिकाले हत्या गरेको प्रसङ्गको उल्लेख गरेको हुँदा वीर रस र करुण रसको बाहुल्य देखिन्छ । करुण रसको एक श्लोक तल प्रस्तुत गरिएको छ :-

मारे निष्ठुर हातले सुजनका आँखा फुटाए बलै
गोलीले कलिलो शरीर फुलझैं चाल्नो बनाए सबै
मारेका शव ती किला सँगसँगै बाँधी रहेकै थिए
भोलीपल्ट पुरा दिनै भर तहीं राखी तमासा गरे ।

(एक्काइसौं बिसौनी, श्लोक २६)

करुण रसको स्थायी भाव शोक हो ।[३१] माथिका श्लोकमा राणाहरूले गङ्गालाल र दशरथलाई दुवैको आँखा फुटाली गोली हानेर पूरै शरीर चाल्नो जस्तो बनाई वीभत्स रूपले हत्या गरिएको हुँदा करुण रस सम्पन्न भएको पाइन्छ । बाइसौं, तेइसौं र चौबीसौं बिसौनीमा कृष्णप्रसाद कोइराला तथा वि.पी. कोइरालाले देश र जनताका हितका लागि गरेका साहसिक कार्यहरूको वर्णन गरिएको हुँदा वीररसको प्रयोग भएको पाइन्छ ।

## ४.६.११ अलङ्कार, बिम्ब र प्रतीक

**विभूतिदर्पण** महाकाव्यमा प्रजातन्त्र प्राप्तिका लागि सहादत प्राप्त गर्ने वीरयोद्धाहरूको प्रशंसा र उनीहरूप्रति हार्दिक सम्मानभाव व्यक्त गरिएको पाइन्छ । यो महाकाव्य ऐतिहासिक महाकाव्य भएकाले यसमा व्यापक रूपमा बिम्ब र प्रतीकको प्रयोग भएको पाइँदैन तापनि कमै मात्रामा कतैकतै प्राकृतिक बिम्ब र प्रतीकको उपयोग गरिएको देखिन्छ । जस्तै :-

हे डाँडापहरा तलाउ छहरा बेँसी बलैंसीहरू !
पाखा पर्वतका हिमाल तलका खोला र नालाहरू !
द्यौता मन्दिरका बहेर हिँडने हावा तथा छाल हे !
मेरो अन्तिमको पुकार सुन हे ! राणा-इजम् ढाल हे !

(एक्काइसौं बिसौनी, श्लोक २३)

काव्यकारले उक्त श्लोकमा दशरथ र गंगालाललाई राणाहरूले मार्ने क्रममा विभिन्न प्राकृतिक बिम्बहरूको प्रयोग गरी राणा शासनको अन्त्य गर्नुपर्ने भाव व्यक्त गरेका छन् ।

अलङ्कार काव्यको शोभा बढाउने तत्त्व हो ।[३२] ऐतिहासिक महाकाव्य भएको हुनाले अलङ्कारको प्रयोग प्रशस्त मात्रामा नगरे पनि पौडेलले **विभूतिदर्पण** महाकाव्यमा शब्दालङ्कार अन्तर्गतको वृत्त्यानुप्रास र अर्थालङ्कार अन्तर्गतको उपमा अलङ्कारको प्रयोग गरेको पाइन्छ । वृत्त्यानुप्रास अलङ्कारको उदाहरण तल प्रस्तुत गरिएको छ :-

भैँ वंशानु, मनोरथै, जय, भए जागत्र अर्का भए
भोजैराज भएर भूपती जया तेत्तीस राजा भए

---

[३१] पूर्ववत्, पृ. ३९ ।
[३२] पूर्ववत्, पृ. ४७ ।

यो राजै कुलमा भए उदय बम् औ फत्तसिंहै भए

छोरी सुन्दर ती हुँदा रुपवती मुस्लीमले झम्टिए ।

(पहिलो बिसौनी, श्लोक ३४)

एक वा अनेक व्यञ्जनहरू धेरै पटक दोहोरिएमा वृत्त्यानुप्रास हुन्छ ।[३३] उक्त श्लोकमा 'भ', 'ज', 'ए', 'ए', 'त', 'म' एक भन्दा बढी पटक दोहोरिएर प्रयोग भएकाले वृत्त्यानुप्रास अलङ्कार भएको हो । महाकाव्यमा कथावस्तुको वर्णन गर्ने क्रममा कविले उपमा नामक अर्थालङ्कारको पनि प्रयोग गरेको पाइन्छ । उपमा र उपमेयको सुन्दर सादृश्य उपमा अलङ्कार हो । यसमा चार अङ्ग हुन्छन् । उपमेय, उपमान, वाचकशब्द र साधारण धर्म । यी चार अङ्ग मध्ये उपमेयले नजिकको वस्तु, उपमानले टाढाको वस्तु, वाचक शब्दले उपमान र उपमेयको समता र साधारण धर्मले उपमान र उपमेय दुवैमा रहनसक्ने समान गुण धर्मलाई बुझाउँछन् ।[३४] जस्तै :-

उदाएझैं राम्रा गिरी शिखरमा चन्द्रवदना

पलाएका साना शिशु तरुमुना झैं सदनमा ।

(दोस्रो बिसौनी, श्लोक १)

माथिको श्लोकमा चन्द्रवदना र तरुमुना उपमान, राम्रा र साना साधारण धर्म र झैं वाचक शब्द रहेका छन् ।

## ४.६.१२ निष्कर्ष

सरल र सुललित पद्यात्मक शैलीमा रचिएको **विभूतिदर्पण** महाकाव्यमा शासकहरूको प्रशंसा गरिने ऐतिहासिक परम्परालाई तोडेर राणाकालीन निरङ्कुश तानासाही शासन सत्ताका विरुद्ध निर्भीक भएर आवाज बुलन्द पार्ने बलिदानी जनता र प्रजातन्त्रप्रेमी विभूतिहरूको गाथाको वर्णन गरिएको छ । पूर्वीय मान्यतालाई आत्मसात् गरेर लेखिएको उक्त महाकाव्य सत्ताइसौं बिसौनी समापन गरिएको छ । सुरुमा शिखरिणी छन्द, बिचमा शार्दूलविक्रीडित छन्द मन्दाक्रान्ता छन्द र अन्त्यमा अनुष्टुप छन्दको प्रयोगका साथै वीर पुरुषहरूको साहित्यिक कार्य, प्रेम-वियोग आदिको वर्णन हुनु, वीररस अङ्गी रस हुनु आदि

[३३] पूर्ववत्, पृ. २४ ।

[३४] पूर्ववत्, पृ. ५६-५७ ।

विशेषताले गर्दा यो काव्य महाकाव्यको कोटिमा पुगेको पान्इन्छ । यद्यपि यसमा बिम्ब र प्रतीकको त्यत्ति धेरै प्रयोग भएको नपाइए पनि कुनै कुनै श्लोकमा यसको प्रयोग भएको देखिन्छ । बिम्ब र प्रतीकको कम प्रयोग हुनुमा ऐतिहासिक महाकाव्य हुनु प्रमुख कारण हो । त्यसै गरी **विभूतिदर्पण** महाकाव्यमा शब्दालङ्कार र अर्थालङ्कारको प्रयोग भएको पाइन्छ ।

नेपालका राष्ट्रिय विभूतिलाई सङ्केत गर्दै नामाकरण गरिएको **विभूतिदर्पण** महाकाव्यमा नेपालको विगत लामो इतिहासलाई पद्य भाषामा प्रस्तुत गनुका साथै ओझेलमा परेका कतिपय महत्त्वपूर्ण घटना र व्यक्तिलाई उद्घाटित गरिएको पाइन्छ । मूलतः १०४ वर्षे क्रूर जहाँनिया राणाशासनको यथार्थ रूप देखाउँदै काव्यकारले प्रजातन्त्र प्राप्तिका लागि सहादत प्राप्त गर्ने वीर योद्धाहरूका प्रशंसा गाउँदै उनीहरूप्रति हर्दिक सम्मान भाव व्यक्त गरिएको छ भने सर्गादि र सर्गान्तमा गरिनु पर्ने छन्द परिवर्तनको समेत समुचित व्यवस्था गरेको पाइन्छ ।

# परिच्छेद : पाँच

# नेपाली महाकाव्य परम्परामा विभूतिदर्पण महाकाव्यको योगदान र मूल्याङ्कन

## परिच्छेद : पाँच

# नेपाली महाकाव्य परम्परामा विभूतिदर्पण महाकाव्यको योगदान र मूल्याङ्कन

## ५.१ विभूतिदर्पण महाकाव्य

यस महाकाव्यको कथावस्तु ऐतिहासिक रहेका पाइन्छ । मूलतः १०४ वर्षे क्रूर जहाँनिया राणाशासनको यथार्थरूप देखाउँदै प्रजातन्त्र प्राप्तिका लागि सहादत हुने वीर योद्धाहरूको प्रशंसा र उनीहरूप्रति सम्मानभाव व्यक्त गर्नुका साथै राणाहरूको क्रूरतापूर्ण व्यवहार, बर्बर राणाशासन र दुच्छर स्वार्थी शासकहरूको निन्दा गर्दै क्रान्तिकारी विचार, राष्ट्रप्रेमी, जातिप्रेमी एवम् मानवतावादी भावनालाई निर्वहन गरेको पाइन्छ । **विभूतिदर्पण** महाकाव्यमा राणाहरूको क्रूर व्यवहारको बदलामा वीर योद्धाहरूले गरेका साहसिक कार्यहरू व्यक्त हुँदा वीररसपूर्ण भएको, वीरयोद्धाहरूको वीभत्स रूपले हत्याहुँदा, यातना दिँदा करुण रसको प्रयोग भएको, हत्या भएपछि परिवारजनमा वैराग्यको भाव उत्पन्न हुँदा शान्त रस र जुलिया र दशरथचन्द बिच प्रेम हुँदा शृङ्गार रसको प्रयोग भएको पाइन्छ । बिम्ब, प्रतीक र अलङ्कारका दृष्टिले हेर्दा शब्दालङ्कार र अर्थालङ्कार दुवैको प्रयोग र बिम्ब प्रतीकको प्रयोग भने कम मात्रामा भएको पाइन्छ भने छन्दको हिसाबले हेर्दा गीतिलय, शिखरिणी, शार्दूलविक्रीडित, मन्दक्रान्ता र अनुष्टुप छन्दको प्रयोग गरिएको छ ।

## ५.२ विभूतिदर्पण महाकाव्यमा काव्यिक स्तर र कवित्व

**विभूतिदर्पण** विभूतिहरूको दर्पण भन्ने अर्थमा तत्पुरुष समासबाट यस महाकाव्यको नामाकरण भएको देखिन्छ । होमनाथ पौडेल 'हिमांशु' नेपाली साहित्यका ऐतिहासिक महाकाव्यकारका रूपमा देखापरेका छन् । पौडेल आफ्नो लेखनी कहिले नारीका वेदनाहरूमा,

कहिले समाजमा घटेका विकृति र विसङ्गतिका बारेमा त कहिले देशमा राणाहरूले गरेका अन्याय र अत्याचारका विरुद्धमा उठेका वीरयोद्धाहरूका बारेमा आफ्नो मनमा उठेका भावनाहरूलाई छन्दमा उतारेर आफ्नो प्रतिभा उजागर गर्न सफल भएका छन् ।

रस, गुण, अलङ्कार र छन्द आदिमा निपुण रहेका पौडेलको यो महाकाव्यको भाषाशैली सरल, सहज, मार्मिक र सजिलैसँग बुझ्न सकिने किसिमको पाइन्छ । यिनै विषयलाई हृदयङ्गम गर्दै होमनाथ पौडेल 'हिमांशु' को काव्यिक स्तर र कवित्वको चर्चा तल गरिएको छ ।

## ५.२.१ काव्यिक स्तर

पूर्वीय काव्य सिद्धान्तमा आधारित महाकाव्य भएकाले यसको स्तर निर्धारण पनि पूर्वीयकाव्य सिद्धान्तको आधारमा गरिनुपर्ने हुन्छ । महाकाव्य पूर्वीय परम्परामा सर्गबन्ध, छन्दोबद्ध, ऋतुवर्णन, यात्रावर्णन, युद्धवर्णन र धीरोदात्त नायकको अपेक्षा गरिएको हुन्छ । यस महाकाव्यमा सर्गबन्धको संयोजनका साथै अन्य सिद्धान्तको समेत समुचित व्यवस्था गरिएको पाइन्छ । नेपाली साहित्य महाकाव्यको विधामा कमजोर विधा नै हो । यसका उपासक र रचयिता पनि कमै रहेका छन् । यो महाकाव्य बाह्य एवम् आन्तरिक दुवै दृष्टिबाट हेर्दा स्तरमा पनि उच्च रहेको पाइन्छ । महाकाव्य सर्गबन्ध र त्यहाँ कुनै एक देवता वा धीरोदात्त नायक हुनुपर्छ भन्ने मान्यता अनुसार **विभूतिदर्पण** महाकाव्यमा पनि सर्गबन्धको समुचित व्यवस्था छ र नायक दशरथचन्दलाई मानिएको पाइन्छ ।

महाकाव्यको आरम्भ आशीर्वाद, नमस्कार वस्तुनिर्देश हुनुपर्ने मान्यतालाई यस महाकाव्यले अनुशरण गरेको पाइन्छ । कथावृत्तका आधारमा यो ऐतिहासिक महाकाव्य भएकाले इतिहास प्रसिद्ध कथावस्तुलाई महाकाव्यमा समावेश गरिएको छ । मानव चेतनशील प्राणी भएकाले अन्याय र अत्याचारको विरुद्धमा लड्न पाउनु उसको आफ्नो दायित्व पनि हो । मानिसले आफ्नो जीवन छँदै विवेकरूपी आँखा खोलेर मानव समुदायलाई केही न केही दिएर जानुपर्ने हुन्छ, भन्दै यस महाकाव्यमा राष्ट्रिय विभूतिहरूको प्रसङ्ग र वीर सहिदहरूको त्याग र समर्पणमाथि भएको पाशविक र वीभत्स हत्याकाण्डको घटनाक्रमको चर्चा गरी ऐतिहासिक महाकाव्यको स्तरमा उच्च रहेको पाइन्छ । महाकाव्यमा शृङ्गार, शान्त र वीररस कुनै एकरस अङ्गी रस र अन्य रसहरू सबै अङ्गसरका रूपमा रहनुपर्ने र नाटकमा

सबै सन्धिहरूको प्रयोग भएको हुनुपर्छ भन्ने पाइन्छ । मङ्गलाचरणलाई नाटकमा मङ्गलगान पनि भनिन्छ । यसबाट महाकाव्यको थालनी र फलागम भन्नाले फलप्राप्ति अथवा उद्देश्य सिद्धिसम्ममा विस्तारित भएको महाकाव्य आफ्नो लक्षणले युक्त हुन्छ भनिएको छ । यसरी हेर्दा **विभूतिदर्पण** महाकाव्यमा पनि माङ्गलिक गान ७ श्लोकमा व्यक्त गरिएको छ । मुखमा के विषयलाई लिएर महाकाव्य रचना हुन लागेको हो सो को सङ्केतपूर्ण रूपमा भएको प्रतिमुखमा वर्णन गरिएको विषयको विस्तार अगाडिको वर्णनीय विषयलाई समेत सङ्केत गरिएको हुन्छ । सो पनि प्रस्तुत **विभूतिदर्पण** महाकाव्यमा पूर्ण रूपमा पालना गरेको पाइन्छ । गर्भ कथा विस्तार र फल प्राप्तिको आशा पलाएर आउनुमा वीर योद्धाको त्याग र बलिदानबाट राणाशासकहरू डगमगाएको स्थितिबाट थाहा पाइन्छ । जस्तै :- जति यातना दिए पनि आफ्नो सङ्गठनका बारेमा पोल नखोल्नु, आफ्नो जीवनको समेत ख्याल नगर्नु, राणाहरूले राष्ट्रप्रेमी योद्धाहरूलाई सखाप पारे पनि सङ्घर्ष झन् चर्कँदै जानु आदिबाट प्रजातन्त्र प्राप्त हुने सङ्केत देखाउनुलाई गर्भ सन्धि भन्न सकिन्छ । विमर्शमा चाँहि पुनः राणाशासन नै रहिरहन्छ कि भन्ने शङ्का उपशङ्काहरू हुनु हो भने निर्वहणमा नाटक वा महाकाव्यको उपसंहारसम्म हुन्छ । फलागम यसको मुख्य विषय हो । काव्यमा भएको उद्देश्य पूरा गर्नु निर्वहण हो । यस **विभूतिदर्पण** महाकाव्यमा राणा शासनको अन्त्य भई प्रजातन्त्र प्राप्त भएपछि वास्तविक आनन्दानुभूति प्राप्त गरिएको छ । अन्याय र अत्याचारको अन्त्य भई सत्यको विजय हुनु अथवा राणाशासनको अन्त्य भई प्रजातन्त्रको स्थापना हुनु यस काव्यको निर्वहण हो । यसरी यस महाकाव्यमा महाकाव्यको नियमको पालना पूर्ण रूपमा भएको पाइन्छ । यस महाकाव्यको अङ्गी रस वीररस रहेको छ भने अन्य रसहरू अङ्गरसको रूपमा संयोजन गरी रस संयोजनमा परिपूर्णता देखिन्छ ।

## ५.२.२ कवित्व

कवि वास्तवमा द्रष्टा र स्रष्टा दुवै हो । पहिले ऊ तत्त्वहरूको दर्शन गर्छ । त्यसपछि तिनलाई धारण गर्छ र कल्पनाको सहायताले शब्दहरूमा व्यक्त गर्छ । निश्चय नै तत्त्वहरूको दर्शन गर्न सूक्ष्म दृष्टि चाहिन्छ तिनलाई ग्रहण गर्न तीव्र संवेदनशक्ति चाहिन्छ र वर्णन गर्न वा अभिव्यक्त गर्न विपुल शब्दहरूको ज्ञान चाहिन्छ । यसका लागि जीवन र जगत्को

गम्भीर अनुभव अपेक्षित हुन्छ । यसरी दिव्यदृष्टि, सौन्दर्य चेतना र सहज संवेदनीयताको आधारमा आफ्नो परिवेशबाट उपलब्ध अनुभूतिलाई सशक्त शब्दावलीमा अभिव्यक्ति गर्ने व्यक्तिलाई नै कवि भनिन्छ । नेपाली काव्य साहित्यमा उदीयमान कविका रूपमा स्थापित महाकाव्यकार होमनाथ पौडेल 'हिमांशु' भौतिकवादी क्रान्तिकारी चिन्तन भएका कवि हुन् । उनको **विभूतिदर्पण** महाकाव्य पूर्वीय मान्यताहरूको अनुशरण गरेर लेखिएको उत्कृष्ट ऐतिहासिक महाकाव्य हो । नेपालमा भएका राष्ट्रिय विभूतिहरूका साथै देश र जनताको उन्नति र प्रगतिका लागि आफ्नो प्राण समेत दिन तयार भएका वीर योद्धाहरूको क्रियाकलापको वर्णन र राणाहरूले सोझा जनतामाथि गरेका अमानवीय व्यवहारलाई वर्णन गर्द काव्यकारले तत्कालीन समयमा भएका सत्ताको होडबाजीको समेत चर्चा गरेका छन् । कहीँ प्रथम पुरुष र प्रायः तृतीय पुरुष दृष्टिबिन्दुको प्रयोग गरेर काव्यकारले वियोगान्त काव्यका रूपमा **विभूतिदर्पण** महाकाव्य रचेका छन् । कथावस्तु ऐतिहासिक भए पनि त्यसको परिवेश, वातावरण, भेषभूषा, भाषाशैली आदिको उचित संयोजन गरिएको छ । यस **विभूतिदर्पण** महाकाव्यमा मूल रूपमा कविनिवदवक्तृप्रौढोक्ति कथन पद्धति प्रयोग भएको पाइन्छ । त्यस्तै संवाद कम र बढी एकालाप र मनोवाद कथनकै प्रयोग गरिएको देखिन्छ । नेपाली साहित्यमा प्रचलित झ्याउरे छन्द (गीतिलय) र शास्त्रीय छन्दका साथै अलङ्कारहरूको पनि प्रयोग गरेको पाइन्छ । अन्त्यानुप्रास र वृत्त्यानुप्रास छन्दको पनि प्रयोग पूर्ण रूपमा गरिएकाले यो काव्य सङ्गीतमय भएको छ । काव्यमा छन्दहरू सल्बलाएका छन् । शास्त्रीय छन्दमा प्रचलित चारपाउको एक श्लोक हुने 'अतिधृति' भेद अन्तर्गतको शार्दूलविक्रीडित छन्ददेखि लिएर प्रत्येक पाउमा ८ अक्षर भएर सबै पाउको पाचौँ र छैटौँ अक्षर क्रमशः ह्रस्व र दीर्घ भई दोस्रो र चौथो पाउमा सातौँ अक्षर ह्रस्व हुने र अरू अक्षरहरू बेनियमसँग रहने अनुष्टुप छन्दसम्मको प्रयोग यस महाकाव्यमा गरिएको छ । ऐतिहासिक महाकाव्य भएकाले प्रशस्त मात्रामा बिम्ब र प्रतीकको प्रयोग नभएपनि कतै कतै प्राकृतिक बिम्ब र प्रतीकको प्रयोग भएको देखिन्छ । काव्यमा प्रयुक्त वीरयोद्धाहरूको प्रशंसा गरिने क्रममा हिन्दी, अंग्रेजी, संस्कृत र झर्रा शब्दहरूको पनि प्रयोग गरेको पाइन्छ । यसरी क्याबात्, कुर्वानी, बसरी, और, पौचिए, नृप, पुत्र, मार्ग, बन्धु, ह्याप्पी, पौण्ड, इन्टरपास, मिलिटरी पास, कमाण्डर, जिम्नास्टिक, कलास, एस्, एस्, एस्, टायम, व्यैजती, कुक्ले, फल्फुल, पैले आदि विविध शब्दहरूको प्रयोग गरी पौडेलले **विभूतिदर्पण** महाकाव्यको भाषाशैलीमा मिठास ल्याएका छन् । त्यस्तै पुलुक्क, सुँक्क, परर, टन्टन्, झर्झर्, छिःछिः, दुर्दुर, लौ लौ, बढ्यो-बढ्यो

जस्ता अनुकरणात्मक शब्द र द्वित्वयुक्त शब्दहरूको प्रयोग गरी काव्यलाई सौन्दर्य प्रदान गरिएको छ । यसरी काव्यमा कवित्वको प्रयोग प्रचुर मात्रामा भएको पाइन्छ । पूर्वीय काव्य सिद्धान्त अनुसार प्रत्येक बिसौनीको अन्त्यमा छन्द परिवर्तन गर्दै आगामी बिसौनीको सूचना हुनुपर्ने भनिएकोमा पौडेलले **विभूतिदर्पण** महाकाव्यमा अक्षरशः पालना गरेको पाइन्छ ।

यसरी हेर्दा काव्यकारले आफ्नो कवित्वमा पूर्वीय मान्यतामा निखार ल्याएका छन् । छन्द प्रयोग, रस संयोजन, भाषिक प्रयोग, संरचना र उद्देश्य समेतको प्राप्तिमा काव्यकार सफल भएका देखिन्छन् । महाकाव्यमा हुनुपर्ने प्रौढ विचारका साथै आकर्षक वर्णनको समन्वयले यो महाकाव्य नेपाली साहित्यमा सफल महाकाव्यका रूपमा स्थापित भएको छ ।

## ५.३ विभूतिदर्पण महाकाव्यको उपलब्धि

**विभूतिदर्पण** महाकाव्यका उपलब्धिहरूको चर्चा गर्दा पूर्वीय काव्य सिद्धान्तलाई आधार बनाएर काव्यरचनाको परम्परा नेपाली महाकव्यमा प्राथमिक कालदेखि नै चल्दै आएको पाइन्छ । यसै आधारमा संरचित **विभूतिदर्पण** महाकाव्य पनि हो ।

महाकाव्यकार होमनाथ पौडेल 'हिमांशु' ले नेपाली साहित्यमा भएको महाकाव्यको अभावलाई पूरा गर्नमा महत्त्वपूर्ण महाकाव्य दिएर ऋण लगाएका छन् । पश्चिमी काव्य परम्परा निरन्तर बढी रहेको यस युगमा आफ्नो परम्परालाई निरन्तरता दिँदै काव्य सृजना गर्नु एक महत्त्वपूर्ण उपलब्धि हो । साहित्य भनेको समाजको दर्पण हो । तत्कालीन समाजको यथार्थ वर्णन तत्कालीन साहित्यले मात्र गर्न सक्छ । तत्कालीन राणा शासनको चित्रण गरेर रचना गरिएको यस महाकाव्यले तत्कालीन अवस्थाको यथार्थ विवरण भावी सन्ततिलाई दिने छ र त्यसको छाप पछिसम्म परिरहने छ । प्रायः शासकहरूको प्रशस्ति गाइने ऐतिहसिक परम्परालाई तोडेर राणाकालीन निरङ्कुश तानाशाही शासन सत्ताको विरुद्ध निर्भीक भएर प्रजातन्त्र प्प्तिका लागि शहादत प्राप्त गर्ने विभूतिहरूको वर्णन गर्दै ओझेलमा परेका कतिपय महत्त्वपूर्ण घटना र व्यक्तिलाई  उद्घाटित गरेर जनतासमक्ष प्रस्तुत यस महाकाव्यको अर्को महत्त्वपूर्ण उपलब्धि मानिन्छ ।

## ५.४ विभूतिदर्पण महाकाव्यका कमजोरीहरू

महाकाव्यीय गुणले युक्त भएर पनि मानवीय अवचेनत मनबाट यो त्रुटिपूर्ण छ भन्ने जान्दा जान्दै पनि व्यक्तिले मनवीय स्वभावका कारण त्रुटि गर्दछ भने महाकाव्य लेखन जस्तो

कार्यमा केही सीमितता हुनु स्वाभाविकै देखिन्छ । होमनाथ पौडेल 'हिमांशु' ले तीजका कोसेलीहरू लेखे तापनि उनको सबैभन्दा उन्नत विधा कविता विधा नै हो । ऐतिहासिक महाकाव्य लेखेर पौडेलले नेपाली इतिहास र वाङ्मयको फाँटमा महत्त्वपूर्ण योगदान दिएका छन् । सरल, सरस भाषाशैली, छन्द र रसको उचित प्रयोग पूर्वीय मान्यतामा आधारित भएर महाकाव्य सृजना गर्दा गर्दै पनि **विभूतिदर्पण** महाकाव्यका केही कमजोरीहरू पनि रहेका छन् ।

काव्यकारको महाकाव्यलाई हेर्दा प्रायजसो सबै श्लोकहरूमा शब्दहरूको पुनरुक्ति भएको देखिन्छ । महाकाव्यमा शब्द वा एकै वस्तुको वर्णनमा संज्ञालाई अलग-अलग पर्यायवाची शब्दको रूपमा प्रयोगमा ल्याउँदा सुन्दर देखिन्छ तर काव्यकारले त्यसरी प्रयोग नगरी एउटै शब्दले त्यही संज्ञाद्वारा वर्णन गरेको पाइन्छ । जस्तै :-

के देखेँ सपना अहो तर तिमी ज्यूँदै रहेछौ त्यता
मेरो यो सपना नहोस् विपना ठानेर रुन्छु मता
स्वप्ना झैँ दिन कल्पना र निँदमा स्वप्ना भयो जीवन
तिम्रै मात्र छ सम्झना र सपनाभित्रै बचेकी छु म ।

(अठारौँ बिसौनी, श्लोक ३१)

यसरी उपर्युक्त चारवटै श्लोकमा एउटै शब्द सपना पाँच पटकसम्म पुनरावृत्ति भएका छन्, जुन शब्दहरूले काव्यिक गुणलाई क्षय गरेको पाइन्छ । यसरी **विभूतिदर्पण** महाकाव्यमा पुनरुक्तिको दोष पाइन्छ ।

प्रस्तुत **विभूतिदर्पण** महाकाव्यमा देखा परेको अर्को दुर्बल पक्ष भनेको बिम्ब प्रतीकको प्रयोग व्यापक रूपमा नहुनु हो । काव्यकारले काव्यको थालनी मङ्गलाचरण, वस्तुनिर्देश, सर्गान्तमा छन्द परिवर्तन, शृङ्गार, वीर र शान्तमध्ये कुनै एक अङ्गी र अन्य सहायक रस हुनुपर्ने, सर्गान्तमा पूर्वबिसौनीको सङ्केत हुनुपर्ने आदि जस्ता नियमहरूलाई पालना गरे पनि कतै-कतै कम मात्रमा बिम्ब प्रतीकको गरेको पइन्छ । आख्यान विस्तारका क्रममा र घटनाका सुख दुःखात्मक, आरोह-अवरोहहरूमा प्रकृतिको व्यापक उपयोग गर्न सकिन्थ्यो तर प्रकृति बिम्बप्रति ध्यान नदिई घटनाकै विस्तार र कथ्य सम्प्रेषणमा अभिव्यक्तिलाई कुदाएको पाइन्छ । त्यसैगरी अलङ्कारको प्रयोग पनि कहीँ-कहीँ छिटपुट रूपमा प्रयोग भएको पाइन्छ । भाषा विचार विनिमयको साधनमात्र नभएर साहित्य र अन्य सिद्धान्तहरूको प्रतिपादनको

साधन पनि हो । यस महाकाव्यमा काव्यकार आलङ्कारिक भाषाको प्रयोग गर्न सकेका छैनन् । साथै यस महाकाव्यले अँगालेको उक्त आख्यान र विषयवस्तुका कुरा सिधा कथन-वर्णनका व्याख्या विश्लेषणका रूपमा नआई वक्रोक्तिका रूपमा वा बिम्ब र प्रतीक तथा उपमादि अलङ्कारको माध्यमबाट अभिव्यञ्जित भएका भए कवित्वका दृष्टिले पनि बेजोड र उत्कृष्ट हुने थियो । यसरी हेर्दा काव्यकारको कवित्वमा अझ निखार आउन बाँकी देखिएको छ । पूर्वीय काव्य मान्यतालाई अनुशरण गरेर लेखिएको उत्कृष्ट ऐतिहासिक महाकाव्य हुँदाहुँदै पनि काव्यगत गुणबाट विचलित हुनु यसका मुख्य कमजोरीहरू हुन् ।

## ५.५ विभूतिदर्पण महाकाव्यको योगदान

नेपाली साहित्यका क्षेत्रमा ऐतिहासिक कथावस्तुलाई समेटेर एउटा उत्कृष्ट महाकाव्य निर्माण गरी महाकाव्यको जगमा एउटा ईँटा थप्ने काम पौडेलले गरेका छन् । उनी अन्तर्मुखी कवि प्रतिभा हुन् । एकान्तमा बसी आफ्नो लेखनीलाई विश्राम नदिई अर्को काव्य सृजनामा व्यस्त देखिन्छन् । प्रस्तुत **विभूतिदर्पण** महाकाव्यमा उनले आख्यानात्मक शैलीको प्रयोग गरेका छन् । कुनै पनि महाकाव्यमा अपेक्षित मानिने आख्यान कथन, नाटकीकरणका सन्दर्भमा संवादात्मक, परिवेश परिवर्तन, चरित्र चित्रण आदि यिनका माध्यमबाट गरिने जीवन र जगत्को विराट् वर्णनका लागि विविध शैलीको अपेक्षा गरिन्छ । नाटकीय शैलीमा दृश्यात्मकताका साथ साथै विभिन्न पात्रहरूको व्यक्तित्वको कारण काव्यमा विचित्रता आउने भएकाले अरिस्टोटलले यस शैलीलाई जोडदिएको पाइन्छ । आत्मपरक अभिव्यञ्जना भएका बिसौनीहरूमा कवित्व उत्कृष्ट देखिएको छ । राष्ट्रका वीर सहिदहरूको जीवनी, व्यक्तित्व र उनीहरूले गरेका कर्यहरूको वर्णनलाई आख्यानको मूल विषय लिई परिवेश अनुकूल बनाएर लेखिएको **विभूतिदर्पण** महाकाव्य महाकाव्यिक तत्त्वहरूको प्रयोगका दृष्टिले एक सफल महाकाव्यको रूपमा देखापर्दछ । शास्त्रीय वर्णमात्रिक छन्द र झ्याउरे गीतिलयको सहज र स्वाभाविक प्रयोग, संयमित र नियन्त्रितभन्दा तीब्र भावाभिव्यक्ति, अनुकरणात्मक र द्वित्वयुक्त शब्दहरूको प्राबल्य, तीब्र अनुप्रासयोजना, उत्साह स्थायी भावयुक्त वीररसको उल्लेख्य उद्‌बोधन, क्रान्तिकारी र मावतावादी स्वर, आदर्शवादको पक्षधरता, सरल भाषाशैली, प्रेमप्रसङ्ग जस्ता विशेषताहरूले गर्दा **विभूतिदर्पण** महाकाव्यलाई नेपाली महाकाव्यको परम्परामा उत्कृष्ट आधुनिक महाकाव्यको स्थानमा पुऱ्याएको देखिन्छ ।

आकारप्रकारमा मात्र नभएर वर्ण्य वस्तुको विस्तृतता, उदात्त नायक तथा सह-नायकहरू, प्रजातन्त्र प्राप्तिको सङ्घर्ष आदिको समाहितिले काव्यलाई गहन बनाएको छ । त्यस्तै ऐतिहासिक विषयवस्तुको आधार पनि यस काव्यलाई महाकाव्यीय संज्ञालायक बनाउने एउटा महत्त्वपूर्ण तत्त्व हुन गएको पाइन्छ । यसरी मूलतः १०४ वर्षे क्रूर जहाँनिया राणा शासनको यथार्थ रूप, प्रजातन्त्र प्राप्तिका लागि सहादत हुने वीर-योद्धाहरूको प्रशंसा र सम्मान भाव, निरीह मानवताको हृदय-संवेद्य चित्र पद्यात्मक शैलीमा प्रभावकारी ढङ्गले प्रस्तुत गर्नुका साथै यस कृतिका माध्यमबाट ओभ्mेलमा परेका कतिपय महत्त्वपूर्ण घटना र व्यक्तिलाई उद्घाटित गरेर जनतासमक्ष प्रस्तुत गर्नु नै **विभूतिदर्पण** महाकाव्यको मुख्य योगदान रहन गएको पाइन्छ ।

## ५.६ निष्कर्ष

ऐतिहासिक कथनलाई मूल विषय बनाएर काव्य रचना गर्नु एउटा जटिल कार्य हो तापनि पौडेलले उक्त महाकाव्यलाई सरल र सरस भाषाशैलीको प्रयोग गरी पद्यात्मक शैलीमा मार्मिक किसिमले प्रस्तुत गरेका छन् । महाकाव्य आफैँमा एक महासागर हो । समाजमा खण्डन र मण्डन गर्ने व्यक्तिको कुनै कमी छैन । अगाडि प्रशंसा गर्दै पछाडिबाट पतन बनाउन सबै लागेका हुन्छन् । साहित्यले व्यक्तिलाई सजग बनाउँछ र चरित्र निर्माण गराउँछ । सभ्य समाजबाट असल कुरा पाइन्छ भने खराब समाजबाट नराम्रा आचरण र अभद्र व्यवहारहरू पाइन्छन् । धनी र ठूला ठालुहरूले सज्जनहरूलाई जहिले पनि दबाई राखेका हुन्छन् । सज्जनहरूले धनी र ठूला ठालुहरूको अमानवीय व्यवहारहरूको विरुद्ध लड्नुपर्छ भन्ने क्रन्तिकारी भाव यस महाकाव्यमा पाइन्छ । ध्वनि र व्यञ्जनाले भरिएको आलङ्कारिक महाकाव्य नभएपनि समाजलाई सही मार्गमा डोऱ्याउने काम यसले गरेको पाइन्छ । राणाशासन विरोधी स्वरलहर र प्रजातन्त्र प्राप्तिको घोषणा मूलभूत उद्देश्य रहे पनि ऐतिहासिक मियोमा काव्यात्मक मापदण्डहरू घुमिरहेको देख्न सकिन्छ । **विभूतिदर्पण** महाकाव्यमा वीरयोद्धाहरू देशभित्र र देशबाहिर रहेका अवस्थाका स्थल र तिनीहरूसँग सम्बन्धित घटनाका सारपूर्ण अभिव्यक्ति, राणाकालीन दमननीति, क्रान्तिकालीन विद्रोह, भौगोलिक यात्रा वृतान्त, सहिदकाण्ड आदिको सारपूर्ण अभिव्यक्ति प्रस्तुत गरिएको **विभूतिदर्पण** महाकाव्य एउटा उत्कृष्ट ऐतिहासिक महाकाव्यको रूपमा पाइन्छ ।

# परिच्छेद : छ

# उपसंहार तथा निष्कर्ष

# परिच्छेद : छ
# उपसंहार तथा निष्कर्ष

## ६.१ परिचय

होमनाथ पौडेल 'हिमांशु'को **विभूतिदर्पण** महाकाव्यको अध्ययन विश्लेषणका सन्दर्भमा महाकाव्यका पूर्वीय र पाश्चात्य सिद्धान्तलाई आधार मानिएको छ । उपसंहार तथा निष्कर्ष शीर्षकको यस अनुच्छेदमा प्रत्येक परिच्छेदको निष्कर्ष प्रस्तुत गरिएको छ ।

## ६.२ पहिलो परिच्छेदको निष्कर्ष

यस परिच्छेदमा शोधपरिचय, शोधप्रयोजन, शोधसमस्या, शोधकार्यको उद्देश्य, पूर्वकार्यको विवरण र समीक्षा, शोधको औचित्य, महत्त्व र उपयोगिता, शोधकार्यको क्षेत्र र सीमा, सामग्री सङ्कलन र शोधविधि, सैद्धान्तिक ढाँचा र शोधपत्रको रूपरेखा समेत उल्लेख गरिएको छ ।

## ६.३ दोस्रो परिच्छेदको निष्कर्ष

दोस्रो परिच्छेदमा होमनाथ पौडेल 'हिमांशु' को जीवनी व्यक्तित्व र कृतित्वको अध्ययनका साथै जीवनदर्शश, लेखन पृष्ठभूमि समावेश गरिएको छ । होमनाथ पौडेल 'हिमांशु' नेपाली साहित्यका उदीयमान कवि हुन् । उनले आफ्नो लेखन कार्य वि.सं. २०२२ सालमा *हामी विद्यार्थी* भन्ने फुटकर कविताबाट प्रारम्भ भएको पाइन्छ उनले कविता बाहेक **तीजका कोसेली** जस्ता तीज गीतसङ्ग्रहहरू पनि प्रकाशित गरेका छन् । तीमध्ये सबैभन्दा उन्नत विधा कविता विधा हो । उनी साहित्यिक संस्थामा रमाउने व्यक्ति हुन् । विभिन्न सङ्घ संस्था मा आबद्ध भएर पनि आफ्नो लेखनकार्यलाई निरन्तरता दिँदै आएका पौडेलका कृतिहरूमा **जनआन्दोलन २०४६** (तीजको लयमा), **तीजको कोसेली २०४८**, **तीजको कोसेली २०५१**, **तीजको कोसेली २०५२** र **विभूतिदर्पण** महाकाव्य २०६२ रहेका छन् ।

प्रस्तुत शोधपत्रको प्रतिपाद्य विषय महाकाव्यको कृतिपरक अध्ययन तथा विश्लेषण भएको र उक्त महाकाव्य २०६२ मा प्रकाशित भएको ऐतिहासिक महाकव्य हो । यसमा काव्यकारले विभिन्न छन्द, रस र अलङ्कारको प्रयोगका साथै छिटफुट रूपमा बिम्ब र प्रतीकहरूको पनि प्रयोग गरेका छन् । यसै आधारमा यहाँ यस महाकाव्यको विश्लेषण गरिएको छ ।

## ६.४ तेस्रो परिच्छेदको निष्कर्ष

यस परिच्छेदमा महाकाव्यको सैद्धान्तिक पृष्ठभूमि विकासक्रम, पूर्वीय मान्यता, पाश्चात्य मान्यता अन्य धारणाहरू, महाकाव्यको पूर्वीय र पाश्चात्य मान्यताको तुलनात्मक समीक्षा, होमनाथ पौडेल 'हिमांशु' को काव्ययात्रा, आधुनिक नेपाली महाकाव्यको इतिहासमा **विभूतिदर्पण** महाकाव्यको विश्लेषण गरिएको छ । महाकाव्यका सन्दर्भमा पूर्वीय एवम् पाश्चात्य अवधारणाहरूलाई तुलनात्मक रूपले अध्ययन गर्दा केही समानता र असमानता पाइन्छन् । महाकाव्यमा व्यक्तिको महान् अर्थलाई पूर्वीय विद्वान् भामहदेखि विश्वनाथ एवम् पाश्चात्य जगत्का अरस्तुले पनि समर्थन गरेका छन् । महाकाव्यमा आठ सर्गभन्दा बढी हुनुपर्ने, शृङ्गार शान्त र वीर रसमध्ये कुनै एक रस अङ्गी र अरू अङ्ग रस हुनुपर्ने, सर्गान्तमा छन्द परिवर्तन र पूर्व कथावस्तुको सङ्केत हुनुपर्ने, धीरोदात्त नायक, व्यापक परिवेशको वर्णन आदि मान्यता अनुसार **विभूतिदर्पण** महाकाव्यले ती नियमलाई पालना गरेको पाइन्छ । पाश्चात्य र पूर्वीय मान्यता अनुसार इतिहास प्रसिद्ध कथावस्तुमा दुवैको सहमत देखिन्छ । अरस्तुले त्रासदीलाई महत्त्व दिएका छन् भने विश्वनाथले नाट्य सन्धिलाई आवश्यक तत्त्व मानेका छन् । त्यसैगरी विपुलाकार आलङ्कारिक शैली, सुन्दर भाव गुम्फन जस्ता पक्षमा पनि पूर्व पश्चिम दुवै तिरका विचारहरूमा समानता पाइन्छ । यसरी महाकाव्यका सन्दर्भमा व्यक्त भएका पूर्व र पश्चिमका अवधारणाहरूले एक आपसमा समानता राखेको पाइन्छ । पूर्वीय महाकाव्य चिन्तन परम्परामा बहुछन्द प्रवाहलाई मान्यता दिएको पाइन्छ भने पाश्चात्य चिन्तन परम्परामा वीरनामक एक छन्दलाई मात्र मान्यता दिएको पाइन्छ । पूर्वीय चिन्तकहरू रसयुक्त पदावलीलाई बढी जोड दिन्छन् भने पश्चिममा रसको प्रसङ्ग नै भेटिँदैन । पूर्वीय धारणाको झुकाव भौतिकवाद तर्फ बढी देखिन्छ । अतः भामहदेखि

विशवनाथसम्मको संस्कृत परम्परा एवम् अरस्तुदेखि रल्फफक्ससम्मको महाकाव्य चिन्तनलाई समीकरण गर्दा महाकाव्यको परिभाषा यस्तो देखिन्छ- महाकाव्य मानव जीवन एवम् समाजमा विभिन्न विषयवस्तु एवम् उतारचढावलाई प्रस्तुत गर्ने, उच्च बृहत् कथानक भएको, सर्वगुण सम्पन्न नायक, पञ्च सन्धियुक्त, नवैरसको प्रयोग गरिएको, आलङ्कारिक, सर्गबन्ध एवम् छन्दोबद्ध बृहत् आकारको काव्यकृति हो, जसमा युग, जीवन, समाज र संस्कृतिका विविध पक्षहरू समेत प्रतिबिम्बित हुनुपर्छ र यसले शाश्वत् मूल्य र मान्यता बोकेको हुनुपर्छ ।

## ६.५ चौथो परिच्छेदको निष्कर्ष

प्रस्तुत शोधपत्रको चौथो परिच्छेदमा **विभूतिदर्पण** महाकाव्यको विस्तृत विश्लेषण प्रस्तुत गरिएको छ । त्यसभित्र महाकाव्यको प्रत्येक बिसौनीगत कथावस्तु, चरित्र चित्रण, संरचना, परिवेश, उद्देश्य, भाषाशैली, छन्दप्रयोग र रस संयोजन आदिको विश्लेषण प्रस्तुत गरिएको छ । सरल र सुललित पद्यात्मक शैलीमा रचिएको **विभूतिदर्पण** महाकाव्यमा शासकहरूको प्रशंसा गरिने ऐतिहासिक परम्परालाई तोडेर राणाकालीन निरङ्कुश तानाशाही शसन सत्ता विरुद्ध निर्भीक भएर आवाज बुलन्द पार्ने बलिदानी जनता र प्रजातन्त्रप्रेमी विभूतिहरूको गाथाको वर्णन गरिएको छ । पूर्वीय मान्यतालाई आत्मसात् गरेर लेखिएको उक्त महाकाव्यमा सत्ताइसौँ बिसौनी, उपसंहार खण्ड र *प्रेरणा दिने आमा जानुभो* लेखी समापन गरिएको छ । सुरुमा शिखरिणी छन्द, बिचमा शार्दूलविक्रीडित र अन्त्यमा अनुष्टुप छन्दको प्रयोग, वीर रस अङ्गी रस र अन्य सहायक रसको प्रयोग हुनु, शब्दालङ्कार र अर्थालङ्कारको प्रयोग र कतै-कतै बिम्ब र प्रतीकको प्रयोग गरिएका छ ।

## ६.६ पाँचौँ परिच्छेदको निष्कर्ष

पाँचौ परिच्छेदमा **विभूतिदर्पण** महाकाव्यको मूल्याङ्कन र योगदानको विश्लेषण गरिएको छ । ऐतिहासिक कथानकलाई मूल विषय बनाएर काव्य रचना गर्नु जटिल कार्य भएपनि पौडेलले उक्त महाकाव्य सरल र सरस भषामा पद्यात्मक शैलीमा प्रस्तुत गरेका छन् । ध्वनि र व्यञ्जनाले भरिएको आलङ्कारिक महाकाव्य नभए पनि समाजलाई सही मार्गमा डोऱ्याउने काम यसले गरेको पाइन्छ । राणाशासन विरोधी स्वरलहर र प्रजातन्त्र

प्राप्तिको एषणा मूलभूत उद्देश्य रहेर पनि ऐतिहासिक मियोमा काव्यात्मक मापदण्डहरू घुमिरहेको पाइन्छ । यस महाकाव्यमा वीरयोद्धाहरू देशभित्र र देशबाहिर रहेका अवस्थाका स्थल र तिनीहरूसँग सम्बन्धित घटनाका सारपूर्ण अभिव्यक्ति, राणाकालीन दमननीति, क्रान्तिकालीन विद्रोह, भौगोलिक यात्रा वृतान्त, सहिदकाण्ड आदिको वर्णन गरी ओझेलमा परेका कतिपय महत्त्वपूर्ण घटना र व्यक्तिलाई उद्घाटित गरेर जनता सामु प्रस्तुत गर्नु **विभूतिदर्पण** महाकाव्यको मुख्य योगदान रहेको छ ।

## ३.७ समग्र निष्कर्ष

समग्रमा भन्नुपर्दा ऐतिहासिक विषयवस्तुलाई समेटेर लेखिएको **विभूतिदर्पण** महाकाव्य महाकाव्यीय तत्त्वहरूको प्रयोग दृष्टिले एक सफल महाकाव्य हो । भाषिक प्रयोगमा केही कसरमसर भए पनि सबल ऐतिहासिक प्रख्यात कथावस्तु ऐतिहसिक प्रसिद्ध पात्रहरूको प्रयोग र कथावस्तु अनुकूलको परिवेश विधानले प्रस्तुत महाकाव्यको आख्यानात्मक प्रबन्ध विधानलाई सशक्त र सुसङ्गठित तुल्याएको पाइन्छ । अनुकरणात्मक र द्वित्व शब्दहरूको प्रयोग र अन्त्यानुप्रासको समुचित व्यवस्था रहेको छ । उत्साह स्थायी भाव भएको वीररसप्रधान काव्यमा शृङ्गार र करुण रसको पनि उल्लेख्य प्रयोग भएको छ ।

क्रान्तिकरी विचारका साथै राष्ट्रप्रेमी, जातिप्रेमी एवम् मानवतावादी भावना, सरल र सरस र पद्यात्मक भाषाशैलीको प्रयोग, वीर पुरुषहरूको साहसिक कार्य, प्रेम-वियोग आदिको वर्णन, ऐतिहासिक तथ्यहरूो उद्घाटन, प्रत्येक बिसौनीको आरम्भमा शिखरिणी छन्द र अन्त्यमा अनुष्टुप छन्दको संयोजन, बिच भागमा शार्दूलविक्रीडित छन्दको प्रयोग, मङ्गलाचरणबाट आरम्भ आदि विशेषताले गर्दा **विभूतिदर्पण** महाकाव्य महाकाव्यको कोटिमा पुग्न सफल भएको पाइन्छ ।

मूलतः १०४ वर्षे क्रूर जहानियाँ राणाशसनको यथार्थरूप देखाउँदै प्रजातन्त्र प्राप्तिका लागि सहादत प्राप्त गर्ने वीर योद्धाहरूप्रति प्रशंसा र हार्दिक सम्मान भाव व्यक्त गर्नुका साथै क्रूरतापूर्ण, बर्बर राणा शासन र दुच्छर स्वार्थी शासकहरूको निन्दा गर्दै निरीह मानवताको हृदय-संवेद्य चित्र सटीक रूपमा उतारेर तयार पारिएको **विभूतिदर्पण** महाकाव्य एउटा उत्कृष्ट ऐतिहासिक महाकाव्यको रूपमा रहेको छ ।

# सन्दर्भसामग्रीसूची

# सन्दर्भसामग्रीसूची

## क) पुस्तकसूची


अधिकारी, हेमाङ्गराज, **पूर्वीय समालोचना सिद्धान्त**, ललितपुर : साझा प्रकाशन, २०४३ ।

आचार्य कृष्णप्रसाद, **आधुनिक नेपाली महाकाव्य र खण्डकाव्य**, कीर्तिपुर : क्षितिज प्रकाशन, २०६४ ।

आनन्दवर्धन, **ध्वन्यालोक,** वाराणसी : चौखम्बा विद्या भवन, सन् १९६७ ।

उपाध्याय, केशवप्रसाद, **साहित्य प्रकाश**, ललितपुर : साझा प्रकाशन, २०६७ ।

काफ्ले, मणि, *विभूति दर्पणमा अर्पित शब्द तर्पण,* **विभूतिदर्पण**, होमनाथ पौडेल 'हिमांशु', चितवन : चितवन साहित्य परिषद्, २०६२ ।

खनाल, केदारनाथ, *प्रकाशकीय,* **विभूतिदर्पण**, होमनाथ पौडेल 'हिमांशु', चितवन : चितवन साहित्य परिषद्, २०६२ ।

खनाल, नारायणप्रसाद, **केही रहर केही ठहर**, नवलपरासी : त्रिवेणी साहित्य परिषद्, २०४९ ।

गिरी, मधुसूदन र रामनाथ ओझा, **शोध, सृजना तथा संस्कृत काव्यशास्त्र,** द्वितीय संस्करण, काठमाडौं : न्यू हीरा बुक्स इन्टरप्राइजेज, २०६० ।

गैरे, ईश्वरीप्रसाद, **आधुनिक नेपाली खण्डकाव्य र महाकाव्य**, काठमाडौं : अक्सफोर्ड इन्टरनेशनल पब्लिकेशन, २०६७ ।

गौतम, लक्ष्मणप्रसाद, **समकालीन नेपाली कविताको बिम्बपरक विश्लेषण**, ललितपुर : साझा प्रकाशन, २०६० ।

चापागाईं, नरेन्द्र, **नेपाली शब्दभण्डार**, विराटनगर : श्यामपुस्तक भण्डार, २०६६ ।

त्रिपाठी, वासुदेव र अन्य (सम्पा.), **नेपाली कविता** भाग-४, ललितपुर : साझा प्रकाशन, २०४८ ।

ढकाल, वेणीमाधव (टीका.), **काव्यदीपिका,** प्रस्तावना खण्ड, काठमाडौं : विद्यार्थी पुस्तक भण्डार, २०६७ ।

पौडेल, विष्णुप्रसाद, **संस्कृत काव्यशास्त्र**, काठमाडौं : भुँडीपुराण प्रकाशन, २०५७ ।

पौडेल, होमनाथ, **विभूतिदर्पण**, चितवन : चितवन साहित्य परिषद्, २०६२ ।

———————— **जन आन्दोलन**, २०४६ (तीजको लयमा) चितवन : पौडेल पुस्तक भण्डार, २०४६ ।

———————— **तीजको कोसेली**, चितवन : पौडेल पुस्तक भण्डार, २०४८ ।

———— **तीजको कोसेली**, चितवन : पौडेल पुस्तक भण्डार, २०५१ ।

———— **तीजको कोसेली**, चितवन : पौडेल पुस्तक भण्डार, २०५२ ।

भामह, **काव्यालङ्कार,** देवेन्द्रनाथ शर्मा (भाष्यकार), पटना : विहार राष्ट्रभाषा परिषद्, २०२२ ।

मिश्र, भगीरथ, **काव्यशास्त्र,** वाराणसी : विश्वविद्यालय प्रकाशन, २०४७ ।

लुईंटेल, तिलकप्रसाद (अनु.), **अग्निपुराण**, काठमाडौं : विद्यार्थी पुस्तक भण्डार, २०६८ ।

विनोदी, गोविन्दराज, *विभूतिदर्पण माथि एक दृष्टि,* **विभूतिदर्पण**, होमनाथ पौडेल 'हिमांशु', चितवन : चितवन साहित्य परिषद्, २०६२ ।

———— **छन्दविनोद**, चितवन : चितवन साहित्य परिषद्, २०५९ ।

विश्वनाथ, **साहित्यदर्पण,** सत्यव्रत सिंह (व्याख्याकार), वाराणसी : चौखम्बा विद्याभवन, सन् १९९७ ।

शर्मा, देवीप्रसाद, **आधुनिक नेपालको इतिहास**, काठमाडौ : रत्नपुस्तक भण्डार, २०४७ ।

शर्मा, मोहनराज र खगेन्द्रप्रसाद लुइटेल, **पूर्वीय र पाश्चात्य साहित्य सिद्धान्त,** काठमाडौं : विद्यार्थी पुस्तक भण्डार, २०६३ ।

सम, बालकृष्ण, **चिसोचुल्हो,** ललितपुर : साझा प्रकाशन, २०५६ ।

## ख) पत्रिकासूची

खनाल, नारायणप्रसाद, *गण्डकी अञ्चलका महाकविहरू,* **हाम्रो सिर्जना**, वर्ष ८, अङ्क १३, २०६९, पृ. ८-१४ ।

———— *चितवनका महाकाव्यहरू,* **चितवन महोत्सव स्मारिका**, चितवन : चितवन उद्योग वाणिज्य सङ्घ, २०६७ ।

## ग) शोधपत्रसूची

अधिकारी, अरुणविलास, **मुकुन्द आचार्यको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन**, (अप्रकाशित स्नातकोत्तर शोधपत्र), चितवन : त्रि.वि. नेपाली विभाग, वीरेन्द्र बहुमुखी क्याम्पस, २०५७ ।

काफ्ले, कृष्णकान्त, **गौरीवल्लभ महाकाव्यको अध्ययन तथा विश्लेषण**, (अप्रकाशित स्नातकोत्तर शोधपत्र), चितवन : त्रि.वि. नेपाली विभाग, वीरेन्द्र बहुमुखी क्याम्पस, २०६८ ।

पौडेल, सीतादेवी, **हरिहर सविताको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन**, (अप्रकाशित स्नातकोत्तर शोधपत्र), चितवन : त्रि.वि. नेपाली विभाग, वीरेन्द्र बहुमुखी क्याम्पस, २०६६ ।

# परिशिष्ट

## परिशिष्ट-१

## शोधनायक होमनाथ पौडेल 'हिमांशु'सँग लिइएको लिखित अन्तर्वार्ताको विवरण

१. पौडेलज्यू तपाईंको जन्मसाल र जन्मस्थानका बारेमा बताइदिनु हुन्छ कि ?

⇒ मेरो जन्म वि.सं. २००६ सालमा कास्की जिल्लाको सल्यान गैह्राथोक 'माथिघर' भन्ने ठाउँमा भएको हो ।

२. तपाईंको विवाह कहिले कोसित भयो र हाल सन्तान कति छन् ?

⇒ मेरो विवाह चितवन जिल्लाको पटिहानी गा.वि.स. निवासी नरनाथ अधिकारी र सरस्वती अधिकारीकी सुपुत्री लक्ष्मी अधिकारीसँग २०२५ सालमा भएको हो र मेरा सन्तानमा दुई छोरा र दुई छोरीहरू छन् ।

३. सानैदेखि तपाईं कसरी पढाइतिर आकर्षित हुनुभयो ?

⇒ मेरो परिवारमा आमाबाबा दुवै शिक्षित हुनुहुन्थ्यो । आमाले कविताहरू भन्नुहुन्थ्यो भने बाबाले दुर्गाकवच र चण्डी पढ्नुहुन्थ्यो । गाउँघरका सबैजना बेलुका खाना खाएपछि बत्ती बालेर मेरो घरमा पढ्न आउँथे । मेरो घरमा दाजु, काकाहरू र भान्दाजुले पढाउने काम गर्नुहुन्थ्यो र म पनि उहाँहरूको काखमा बसेर पढ्थेँ ।

४. तपाईंलाई पढेर पछि के बन्ने विचार थियो ?

⇒ मलाई सानैदेखि म्याथ पढ्न मन लाग्थ्यो त्यसैले अप्सनल म्याथ पढेर वैज्ञानिक बन्ने विचार थियो तर दश कक्षामा पढ्दा पढ्दै पारिवारिक जिम्मेवारी बहन गर्नुपरेकाले त्यो सपना पूरा हुन सकेन ।

५. भ्रमण गर्न कत्तिको रुचाउनु हुन्छ र अहिलेसम्म कहाँ-कहाँ भ्रमण गरिसक्नु भएको छ ?

⇒ मलाई भ्रमण गर्न मन लाग्छ । मैले नेपालका विभिन्न ठाउँहरूमध्ये मुक्तिनाथ, स्वर्गद्वारी, पोखरा, काठमाडौं, गोसाईंकुण्ड जस्ता महत्त्वपूर्ण ठाउँहरू र विदेशमा

भारतको उत्तर प्रदेश र दक्षिण प्रदेशका चारधाम, हरियाना, पंजाब, रामेश्वर, बाबाधाम, गङ्गासागर, बहराइन, बेलायत, लण्डन र अमेरिकाको टेक्सास, डल्लास, ओहायो, नायगराफल्स, इरीताल, डेल्टा, एटलान्ट जस्ता विभिन्न ठाउँहरूको भ्रमण गरेको छु ।

६. भ्रमणबाट प्रभावित भएर केही लेख्नुभएको छ कि ?

⇒ भ्रमणबाट प्रभावित भएर मैले 'अमेरिकी यात्रा', 'ओहायो न्यूओर्क', 'न्यू वृन्दावन' जस्ता शीर्षकमा कविताहरू लेखेको छु तर प्रकाशन भएको छैन ।

७. साहित्यका बारेमा यहाँको के-कस्तो विचार छ ?

⇒ मेरो विचारमा हाम्रो जीवन नै एउटा साहित्य हो । प्रकृतिले दिएका सम्पूर्ण वस्तुहरू साहित्य हो र साहित्यिक दृष्टिकोणबाट हेर्दा यो सारा ब्रह्माण्ड नै साहित्य हो ।

८. धर्म, कर्म र संस्कारप्रति तपाईंको कस्तो धारणा छ ?

⇒ धर्मबिना संसार चल्न सक्दैन । खाने, बस्ने, हिँड्ने सबै धर्म हो र कर्म भनेको हाम्रो कर्तव्य हो भने आ-आफ्नो संस्कार अनुसार हामी चल्न सक्नुपर्छ ।

९. तपाईंले कुनै राजनैतिक दलको सदस्य भएर काम गर्नु भएको छ ?

⇒ मैले २०२८ सालदेखि नै ने.वि. संघको सक्रिय सदस्य भएर काम गरेको हुँ तर हाल आएर मेरो शारीरिक अस्वस्थताको कारणले गर्दा सक्रिय रूपमा काम गर्न नसके पनि ने.वि. संघप्रति आस्थावान् छु ।

१०. जीवनसम्बन्धी तपाईंको धारणा कस्तो रहेको छ ?

⇒ जीवन एउटा सङ्घर्ष हो । यो सङ्घर्षलाई साहसपूर्ण र इमान्दारीपूर्वक बहन गर्दै जानुपर्छ ।